मूर्तिकार अवालेको आत्मवृत्तान्त बजारमा

ललितपुर, (नेस)

वरिष्ठ धातु मूर्तिकार राजेश अवालेको जीवनी समेटिएको 'अक्षरमा सात दशक कृम्हालेको चक: माटो र जीवन' नामक आत्मवृत्तान्त बजारमा आएको छ।

नानीहेरा शाक्यद्वारा लिखित सो पुस्तकको ललितपुरमा आयोजित एक समारोहकाबीच नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छाली र ललितपुर महानगरपालिकाका उपमेयर मञ्जली शाक्यलगायतले सो पुस्तकको लोकार्पण गर्नुभयो।

पुस्तकमा अवालेको बाल्यकाल युवावस्था, मूर्तिकला क्षेत्रमा स्थापित हुनका लागि गरिएका संघर्षका गाथाहरूलगायत विविध विषयलाई समेटिएको छ। ललितपुरको परम्परागत नेवा: समाजमा जन्मिएका अवालेले आफू जन्मिएको परिवेश, हर्किएको समाजबाट क्रमश: मूर्तिकारका रुपमा बदलिएको भन्ने विषयलाई सजीव तरिकाले पुस्तकमा उल्लेख गरिएको छ।

लेखनाथ साहित्य पुरस्कार कँडेललाई

नेपाल समाचारपत्र, काठमाडौं

लेखनाथ साहित्य प्रतिष्ठान नेपालले साहित्यकार घनश्याम कँडेललाई १४औं लेखनाथ जन्मजयन्तीको सन्दर्भमा एक कार्यक्रमको आयोजना गर्दै लेखनाथ साहित्य पुरस्कार प्रदान गरेको छ।

पुरस्कृत व्यक्तित्व घनश्याम कँडेललाई कार्यक्रमका प्रमुख अतिथि नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति गंगाप्रसाद उप्रेती र लेखनाथ साहित्य पुरस्कार अक्षय कोष सञ्चालक समितिका अध्यक्ष तथा प्रतिष्ठानका पूर्व अध्यक्ष डा. शुक्रराज अधिकारीले माला, दोसल्ला र सम्मानपत्रद्वारा सम्मान गर्नुभएको थियो।

कवि शिरोमणि लेखनाथ पौडेलकी कान्छी छोरी कुन्तीदेवी भट्टराईका छोरा विजयनाथ, विनयनाथ, छोरी प्रतिभा पाण्डे, सुधा खकुरेल, शशी शर्मालिगायतका परिवारजनले स्थापना

गरेको अक्षयकोषबाट आर्जित ब्याजबाट सो पुरस्कार प्रदान गरिँदै आइएको छ। उक्त पुरस्कारको राशि एक लाख रुपियाँ रहेको छ।

नेपाली शिक्षा परिषद्ले आयोजना गरेको सो कार्यक्रममा पुरस्कृत व्यक्तित्व र पुरस्काका बारेमा डा. अधिकारीले चर्चा गर्दै व्यक्तित्व निर्माण गर्न सहयोग पुऱ्याउने परिवारका सदस्यलाई पनि सम्मान गर्न आवश्यक रहेको धारणा राख्नुभयो।

समारोहका प्रमुख अतिथि उप्रेतीले प्रतिष्ठानले उपयुक्त तथा योग्य पात्रलाई पुरस्कार दिने निर्णय गरेको भन्दै पुरस्कारको सराहना गर्नुभयो। कार्यक्रम नेपाली शिक्षा परिषद्का अध्यक्ष रमा शर्माको अध्यक्षतामा सम्पन्न भएको थियो।

२०५४ सालमा स्थापना भएको लेखनाथ साहित्य प्रतिष्ठान नेपालले २०६८ सालदेखि वितरण हुँदै आएको सो पुरस्कारबाट नेपाली शिक्षा परिषद्, वासुदेव त्रिपाठी, मदनमणि दीक्षित, धर्मराज थापा, मोदनाथ प्रश्रित, मुकुन्द शरण, बालकृष्ण पोखरेल, जगमान गुरुङ, वैरागी काईला, गोपाल किल्जक, वसन्तकुमार शर्मा, सरुभक्त, चुडामणि बन्धु, दयाराम श्रेष्ठलगायतका स्रष्टाहरू सम्मानित भइसक्नुभएको छ।

साहित्यकार कँडेललाई महाकाव्यलगायतका कृति रचना गरी नेपाली साहित्यको उत्थानमा दशकौंदेखि सेवा पुऱ्याएबापत यो पुरस्कार प्रदान गरिएको बताइएको छ। उहाँ 'धृतराष्ट्र' महाकाव्यका पनि रचनाकार हुनुहुन्छ।

Tribhuwan University
Institute of Medicine
Birgunj Nursing Campus,
Birgunj, Parsa

Invitation for E-Bid

Notice No:- 01/2082/083
Date of publication: 2082/09/16

Birgunj Nursing Campus, Birgunj, Parsa invites electronic bids (1S1E) from duly eligible and qualified registered bidders for the construction works under National Competitive Bidding (NCB) for Contract No. BNC/PARSA/WORKS/NCB/01/2082/83. All further information and bid document can be inspected visiting the PPMO's website **www.bolpatra.gov.np/egp.**

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

वागमती प्रदेश, रसुवा जिल्लाको गोसाईकुण्ड गाउँपालिका वडा नम्बर १ र २ लाई प्रत्यक्ष प्रभावित पार्ने गरि श्री रसुवागढी हाईड्रोपावर कम्पनी लिमिटेडद्वारा प्रस्तावित रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. प्रसारण लाईन आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा राय सुझावको लागि आव्हान गरिएको सम्बन्धमा ।

सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०९/१७
नेपाल सम्वत् ११४६ पोहेलाख्य त्रयोदशी

प्रस्तावक श्री रसुवागढी हाईड्रोपावर कम्पनी लिमिटेडद्वारा निर्माणका लागि प्रस्तावित रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. प्रसारण लाईन आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन प्राप्त भएको छ ।

प्रस्तावित प्रसारण लाईनको टावर निर्माण तथा क्षेत्राधिकारका लागि ०.४८६ हे. (लामटाड राष्ट्रिय निकुञ्ज क्षेत्रमा रहेको निजी स्वामित्वको ०.१२६ हेक्टर र लामटाड राष्ट्रिय निकुञ्जको ०.३६० हेक्टर वन क्षेत्र) जग्गा प्रयोग गरिनेछ ।

आयोजना सम्बन्धमा विस्तृत विवरण देहाय अनुसार छ ।

आयोजनाका मुख्य विशेषताहरू:

क्र.सं.	विवरणहरू	विशेषताहरू
१	सामान्य विवरण:	
	आयोजनाको नाम	रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. प्रसारण लाईन
	प्रस्तावक	श्री रसुवागढी हाईड्रोपावर कम्पनी लिमिटेड
	प्रदेश	वागमती
	जिल्ला	रसुवा
	स्थानीय तह	गोसाईकुण्ड गाउँपालिका वडा नम्बर १ र २
	आयोजनाको प्रकार	विद्युत प्रसारण लाईन
	शुरुवाती बिन्दु	रसुवागढी जलविद्युत आयोजनाको टेकअफ यार्ड
	अन्तिम बिन्दु	चिलिमे हब सबस्टेशन
	अनुमानित लम्बाइ	२५० मिटर
	प्रसारण लाइनको प्रकार	१३२ के.भी.

अत: वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ को उपनियम (६) बमोजिम यस प्रतिवेदनमा राय-सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन पढ्न वा उतार गरी लैजान पाउने व्यवस्था रहेकाले श्री रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडद्वारा प्रस्तावित रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. प्रसारण लाईन आयोजना प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन देहाय बमोजिमका स्थानमा सार्वजनिक गरिएको र वन तथा वातावरण मन्त्रालयको web site: www.mofe.gov.np मा समेत सार्वजनिक गरिएको छ। प्रतिवेदनमा उपयुक्त रायसुझाव प्राप्त भएमा यस मन्त्रालयले उक्त प्रस्ताव कार्यान्वयनका लागि स्वीकृति दिने क्रममा त्यस्ता राय-सुझावहरुलाई समेत ध्यानमा राखिनेछ । उक्त प्रतिवेदन सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय-सुझाव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले सात (७) दिन भित्र आफ्नो राय सुझाव निम्न ठेगानामा पठाई दिन हुन यसै सूचनाद्वारा आव्हान गरिन्छ ।

रायसुझाव पठाउने ठेगाना:
वन तथा वातावरण मन्त्रालय
वातावरण प्रभाव अध्ययन शाखा
सिंहदरबार, काठमाडौं ।
फोन नं. ०१-४२११५६७, ४२११६३८ फ्याक्स नं. ०१-४२११८६८
Email: info@mofe.gov.np

मन्थली नगरपालिका
मन्थली अस्पताल
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८२/०९/१७

यस मन्थली अस्पतालको लागि आवश्यक औजार उपकरण खरिद गर्न मिति २०८२/०८/०२ प्रकाशित बोलपत्रको सूचना बमोजिम पेश हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्र न्यूनतम मूल्याकित सारभूतरुपमा प्रभावग्राही पाईएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृतिको लागि यो ७ (सात) दिने आसयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

तपसिल

सि.नं	सूचना नं.	खरिद कार्यको विवरण	स्पेशिफिकेसन	परिमाण	बोलपत्र दाताको नाम र ठेगाना	कबोल गरेको र कम भ्याट सहित
१	MH/RCH/GOODS/NCB/05/2082/083	PROCUREMENT AND SUPPLY OF HOSPITAL EQUIPMENTS	SBD मा उल्लेख भए बमोजिम	SBD मा उल्लेख भए बमोजिम	पैरवी कन्सल्ट प्रा.लि. बर्दिबास, महोत्तरी	१८,००,०९०/-

मेडिकल सुपरिटेन्डेन्ट

केराबारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
केराबारी, मोरङ
कोशी प्रदेश, नेपाल

सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति २०८२।०९।१७)

केराबारी गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण, २०८१ बमोजिम स्वीकृत दरबन्दी अन्तर्गत रिक्त रहेका देहायका पदमा खुला प्रतिस्पर्धाद्वारा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकले विज्ञापित पदको निर्धारित म्याद भित्र आवश्यक कागजात सहित केराबारी गाउँपालिकाको कार्यालयमा निवेदन दिनहुन अनुरोध छ ।

तपसिल

विज्ञापन नं.	पद	तह	सेवा	समूह	माग संख्या	विज्ञापन आह्वान गरिएको कार्यालय/ शाखा	दरखास्त दिने अन्तिम मिति	दरखास्त दस्तुर	कैफियत
०६/२०८२/८३	अ.न.मी	४	स्थानीय स्वास्थ्य	नर्सिङ समूह, मिडवाइफ्री नर्सिङ उपसमूह	२	पाटी स्वास्थ्य चौकी, केराबारी - १, मोरङ सिंहदेवी स्वास्थ्य चौकी, केराबारी - २, मोरङ	२०८२।१०।१३	रु.८००।-	दोस्रो पटक प्रकाशित
०८/२०८२/८३	इन्जिनियर	७	स्थानीय इन्जिनियरिङ्ग	सिभिल समूह, जनरल उपसमूह	१	केराबारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय	२०८२।१०।०१	रु.१२००।-	प्रथम पटक प्रकाशित

नोट : विज्ञापन सम्बन्धी विस्तृत सूचना केराबारी गाउँपालिकाको वेभसाइट (https://kerabarimun.gov.np/) मा प्रकाशन गरिएको छ ।

संयोजक
छनौट तथा सिफारिस समिति
केराबारी गाउँपालिका

बेलबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ
कोशी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: २०८२/०९/१७ (1st January, 2026)

बेलबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८२/०७/३० गते राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित आह्वान सम्बन्धी सूचना मार्फत आह्वान गरिएको तपशिलको ठेक्कामा दाखिला भएका बोलपत्रहरु मध्ये सारभूत रुपमा प्रभावग्राही सबैभन्दा न्युनतम बोलअंक कबोल गर्ने तपसिल बमोजिमको बोलपत्र स्वीकृतका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्रमा भाग लिने सम्पूर्ण बोलपत्रदाताहरुलाई स्वीकृतको आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल

क्रस	ठेक्का नं	कार्यको विवरण	बोलपत्रदाताको नाम	बोलपत्रदाताले कबोल रकम (मु.अ.कर बाहेक)	कैफियत
१	BM/MOR/G/NCB-7-2082/083	Supply and Delivery of fully automated BIOCHEMISTRY analyzer (Diatron-P500) machine reagent and Chemical for Belbari Mun Hospital	श्री वि. आर. एस. बायोटेक प्रा.लि	४५,३३,८४८।२६	
२	BM/MOR/G/NCB-5-2082/083	Supply and delivery of Reagents and Chemicals for Fully Automated CLIA Analyzers (Maglumi X3), Belbari Mun Hospital	श्री आतिशा हेल्थ केयर प्रा.लि	५६,६७,१७५।५०	

प्रमुख प्रशासकीय अधिकृत

रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. विद्युत प्रसारण लाईन आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन

बागमती प्रदेश, रसुवा जिल्ला, गोसाँइकुण्ड गाउँपालिका वडा नं. १ र २

<u>प्रतिवेदन पेश गरिएको निकायः</u>

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

सिंहदरवार, काठमाडौं

<u>मार्फतः</u>

नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

विद्युत विकास विभाग, सानोगौचरण, काठमाडौं

<u>प्रस्तावकः</u>

रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड

महाराजगञ्ज, काठमाडौं, नेपाल

पौष २०८१

कार्यकारी सारांश

१.परिचयः

प्रस्तावित रसुवागढी जलविद्युत आयोजना १३२ के.भी. डबल सर्किट विद्युत प्रसारण लाईन (२५० मि.) को प्रस्तावक रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड हो। चिलिमे जलविद्युत कम्पनी लिमिटेडको सहायक कम्पनीका रूपमा रहेको रसुवागढी जलविद्युत् कम्पनी लिमिटेड सन् २०११ को अगष्टबाट पब्लिक कम्पनीका रूपमा रहेको छ।

१.१ प्रस्तावकको नाम र ठेगानाः

नामः रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड
ठेगानाः कपन मार्ग-३, महाराजगञ्ज काठमाडौं, नेपाल
टेलिफोनः +९७७-१-४३७१७४४, ४३७१७९४
इमेलः info@rghpcl.com.np
वेब साइटः www.rghpcl.com.np

१.२ परामर्शदाताको नाम र ठेगानाः

नामः ग्रीन हेराल्ड कन्सल्टेन्सी प्रा.लि.
ठेगानाः वानेश्वर, काठमाडौं नेपाल
टेलिफोनः +९७७-१-४४१९४६९
इमेलः greenherald5@gmail.com

१.३ प्रस्तावको विवरणः

रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. डबल सर्किट विद्युत प्रसारण लाईन बागमती प्रदेश, रसुवा जिल्लाको गोसाँइकुण्ड गाउँपालिका वडा नं. १ र २ तथा आमाछोदिङमो गाउँपालिका वडा नं. ४ र ५ मा अवस्थित रहेको छ। रसुवागढी १११ मे.वा. जलविद्युत आयोजनाको १३२ के.भी. डबल सर्किट विद्युत प्रसारण लाईनको कुल लम्बाइ १० कि.मि. मध्ये ९.७५ कि.मि. विद्युत प्रसारण लाइन खण्ड स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण बमोजिम निर्माण कार्य भैरहेको छ। स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण बमोजिम निर्माण कार्य भैरहेको खण्डमा टावरहरू निर्माण कार्य समाप्त भएको र तार तान्ने कार्य जारी रहेको छ।

रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. डबल सर्किट विद्युत प्रसारण लाइन मार्ग अन्तर्गत टावर नं २ नजिक २०७२ सालको भुकम्प पछि पहिरो तथा ढुङ्गा खस्ने भएको र उक्त स्थलमा टावर निर्माण गर्न नसकिने साथै मोनो टावर पनि निर्माण गर्न नसकिने अवस्था भएको कारणले आयोजनाको टावर नं २ लाई स्थानान्तरण गरि लामटाङ राष्ट्रिय निकुञ्ज भित्रको स्थानीयको निजी जग्गामा निर्माण गर्नुपर्ने देखिएको

छ। टावर नं.२ लाई स्थानान्तरण गर्दा भोटेकोशी नदी पार गर्नु पर्ने भएकाले आयोजनाको टेकअफयार्डबाट, टावर नं. १ देखि टावर नं.२ हुँदै टावर नं.३ सम्म २५० मिटर विद्युत प्रसारण लाइन खण्ड मध्ये २०० मि. लामटाङ राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र पर्ने तथा बाकि ५० मि. लाईन खण्ड निजी जग्गामा पर्ने देखिन्छ। थप अध्ययन गर्नुपर्ने प्रसारण लाइन खण्डले गोसाँइकुण्ड गाउँपालिका वडा नं १ र २ लाई प्रभावित गरेको छ। हालको अध्ययनले रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. डबल सर्किट प्रसारण लाईनको स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनलाई यस प्रतिवेदनको अभिन्न अंग मान्दै २५० मिटर प्रसारण लाइन खण्ड परिवर्तनले गर्दा पर्ने थप वातावरणीय प्रभाव तथा अभिवृद्धिकरण, न्यूनीकरणका उपायहरू पहिचान गरि वातावरणीय व्यवस्थापन योजना सहित वातावरणीय अनुगमन कार्ययोजना निर्माण गरि प्रस्तुत गरेको छ।

हाल, थप अध्ययन (२५० मि.) गर्नुपर्ने रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. डबल सर्किट विद्युत प्रसारण लाईन खण्डको मार्गाधिकार बिचबाट दुबैतर्फ ९/९ मिटर गरी १८ मिटरको हुनेछ र सो खण्डमा यस आयोजनाले १ वटा टावर निर्माण गर्नेछ। उक्त टावरको उचाइ ४९ मिटर रहेको छ भने टावर स्पान २५० मिटर र भूँई देखी बिजुलीको तार सम्मको दुरी कम्तिमा ७ मिटरको हुनेछ। उक्त विद्युत प्रसारण लाइन खण्डले भोटेकोशी नदीलाई २ स्थानमा नदी वार-पार गर्नेछ।

पुर्व स्विकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा क्षेत्राधिकार, टावर फाउण्डेशन र अस्थायी शिविरहरू निर्माणका लागि कुल १८.१९ हे. जग्गा आवश्यक पर्ने देखिएको छ। रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको परिवर्तित विद्युत प्रसारण लाइन (१३२ के.भी.) को २५० मि. लम्बाइका लागि क्षेत्राधिकार भित्र कुल ०.४५० हे. जग्गा आवश्यक पर्ने देखिएको छ। आवश्यक जग्गा मध्ये लामटाङ राष्ट्रिय निकुञ्ज अन्तर्गतको ०.३६० हे. जग्गा र ०.१२६ हे. लामटाङ राष्ट्रिय निकुञ्ज भित्रको स्थानीय व्यक्तिको निजी जग्गा पर्दछ। रसुवागढी (भोटेकोशी-त्रिशुली) १३२ के.भी. प्रसारण लाइनको लम्बाइ कुल १० कि.मि. मा परिवर्तन नभएकाले पूर्व स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा दिएको जग्गाको परिमाण र हाल परिवर्तित प्रसारण लाईन खण्डको जग्गाको कुल परिणाममा परिवर्तन भएको छैन्।

२.वातावरणीय प्रभाव मूल्याङ्कनको कानुनी औचित्यः

वातावरण संरक्षण नियमावली, २०७७ को अनुसूची ३ (क) १२ बमोजिम राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष क्षेत्र भित्र कुनै पनि प्रस्ताव कार्यान्वयन गर्नुपूर्व वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नुपर्ने कानुनी प्रावधान रहेको छ। प्रस्तावित विद्युत प्रसारण लाइन आयोजनाको टेकअफयार्डबाट, टावर नं. १ देखि प्रस्तावित टावर नं. २ हुँदै ३ सम्मको २५० मिटर विद्युत प्रसारण लाइन खण्ड मध्ये २०० मि. लामटाङ राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र पर्ने भएकोले प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन गरिएको

हो। प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्नका लागि वन तथा वातावरण मन्त्रालयले मिति २०७८/१०/२३ मा सहमति प्रदान गरिएको थियो।

३.अध्ययन विधिः

प्रस्तावित आयोजनाको वातावरणीय अध्ययन गर्दा मुख्यगरी वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ र वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत कार्यसूची तथा क्षेत्र निर्धारण प्रतिवेदनले निर्देश गरे बमोजिम गरिएको छ। त्यसबाहेक यस आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदनको अध्ययन, रसुवागढी जलविद्युत आयोजनाको १३२ के.भी. प्रसारण लाइनको स्वीकृत अद्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, २०७६ लाई पनि यस वातावरणीय प्रभाव मूल्याङ्कनको अभिन्न अंग मानिएको छ।
अध्ययन टोलीद्वारा २०८०/१/११ देखि २०८०/१/१३ सम्म स्थलगत अध्ययन, अवलोकन गरी विद्यमान भौतिक, जैविक तथा सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणीय तथ्याङ्क सङ्कलन गरिएको थियो। वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ को उपनियम (१) बमोजिम प्रस्ताव कार्यान्वयनबाट प्रभावित गोसाँइकुण्ड गाउँपालिका टिमुरेमा प्रस्तावको बारेमा मिति २०८०/१/१० मा उपनियम (२) बमोजिम स्थानीय समुदाय, र स्थानीय तहका प्रतिनिधिको सहभागितामा सार्वजनिक सुनुवाईको आयोजना गरी रायसुझाव सङ्कलन गरिएको थियो।

यसरी सङ्कलन गरिएका तथ्याङ्कहरुलाई राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५० अनुसार प्रभावहरुको विश्लेषण गरी वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार पारिएको थियो।

४.आयोजनासँग सम्बन्धित कानुनी व्यवस्थाको पुनरावलोकनः

रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. विद्युत प्रसारण लाईन आयोजनाको स्वीकृत अध्यावधिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लिखित रहेका कानूनी दस्तावेजहरू बाहेक हाल थप नयाँ प्रचलित कानूनहरू पुनरावलोकन गरि पुनरावलोकन गरिएका कानुनी दस्तावेजहरू मुल प्रतिवेदनको यस खण्डमा विस्तृत रूपले उल्लेख गरेको छ।

५. विद्यमान वातावरणीय अवस्थाः

५.१ भौतिक वातावरणः

रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. विद्युत प्रसारण लाईन आयोजनाको परिवर्तित प्रसारण लाइन खण्ड अन्तर्गतको २५० मि. विद्युत प्रसारण लाईन आयोजना समुन्द्र सतहबाट १६४४ मि. देखि १६५७ मि. सम्मको उचाइको बिचमा अवस्थित रहेको छ। नदीको दुबै तर्फ ठाडो पहाड रहेका छन्। प्रस्तावित आयोजना higher

Himalayan zone अन्तर्गत पर्दछ। प्रस्तावित टावर निर्माण क्षेत्रमा gneiss/quartzite चट्टान पाइएका छन।

५.२ जैविक वातावरणः

जैविक वातावरणसँग सम्बन्धित तथ्याङ्कहरू स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन बमोजिम नै रहेका छन। आयोजनाको परिवर्तित खण्ड २५० मि. निर्माणले थप रूखहरू हटाउनु पर्ने देखिदैन ।

५.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणः

रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. परिवर्तित प्रसारण लाइन खण्ड अन्तर्गतको २५० मि. विद्युत प्रसारण लाईन आयोजना रसुवा जिल्लामा अवस्थित छ। राष्ट्रिय जनगणना २०७८ अनुसार आयोजना कार्यान्वयन हुने रसुवा जिल्लाको कुल जनसंख्या ४५,५५४ मध्ये पुरुषको जनसंख्या २२,८५९ र महिलाको जनसंख्या २२,६९५ छ। त्यसैगरी, प्रभावित गाउँपालिकाको कुल जनसंख्या ७,७८८ रहेको छ जसमध्ये पुरुषको जनसंख्या ३,९७३ र महिलाको जनसंख्या ३,८१५ रहेको छ। गोसाइँकुण्ड गाउँपालिकामा कुल घरधुरी २,०३८ रहेको छन्।

आयोजना प्रभावित गाउँपालिकामा तामाङ जाति सबैभन्दा बढी रहेका छन्। गोसाँइकुण्ड गाउँपालिकामा सबैभन्दा बढी ६,२८१ (८०.६४%) तामाङ जाति रहेका छन्। त्यसपछि क्रमशः घले, ब्राम्हण, नेवार आदि जातजाति रहेका छन्। परिवर्तित प्रसारण लाइन खण्डले कुल ३ घरधुरी प्रभावित गर्ने देखिन्छ।

६.विकल्प विश्लेषण

रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अध्ययनले आयोजना सञ्चालन नै नहुँदाको स्थिति, आयोजनाको प्रकार, वन क्षेत्रको प्रयोग, आयोजनाको डिजाइन, स्थल, प्रविधि र सञ्चालन विधि, समय तालिका, प्रयोग गरिने कच्चा पदार्थको विकल्पहरूमा अध्ययन गरी विश्लेषण गरिएको थियो। हाल आएर उक्त प्रसारण लाइनको टावर नं. १ देखि टावर नं. ३ सम्मको २५० मिटर विद्युत प्रसारण खण्ड मध्ये २०० मि. राष्ट्रिय निकुञ्ज क्षेत्रमा लानु पर्ने देखिएको छ। यस खण्डका लागि पनि आयोजनाले हालको टावर निर्माण स्थल भन्दा १०० मि. माथिबाट अध्ययन गरेको थियो तर उक्त स्थानबाट तार तान्दा दुई टावरबिचको दूरी बढी हुने र sagging को समस्या हुने तथा सडक क्रस गर्ने भएकाले हालको मार्ग चयन गरिएको हो।

७ प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावः

प्रस्तावित आयोजनाको पूर्व स्वीकृत अध्यवधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा मुख्यगरी सिप विकास तालिम, वृक्षारोपण कार्यक्रम, भुउपयोगमा पर्ने प्रभाव, भुक्षय तथा भुस्खलन, जल, वायु तथा माटो प्रदूषण, मक तथा स्पोइल उत्सर्जन, ठोस फोहरमैला उत्सर्जन, कोरोना इफेक्ट, वन्यजन्तुमा पर्ने प्रभाव, पेसागत सुरक्षा र स्वास्थ्य, निजी जग्गा अधिग्रहण जस्ता प्रभावहरू पहिचान गरेको छ।

परिवर्तित प्रसारण लाइनको टावर नं. १ देखि टावर नं. ३ सम्मको २५० मिटर विद्युत प्रसारण खण्डको कार्यान्वयनले पर्ने मुख्य प्रभावहरूमा भौतिक वातावरण अन्तर्गत भूक्षय तथा पहिरोबाट टावर ढल्दा पर्ने प्रभाव रहेको छ। त्यस्तै जैविक वातावरण अन्तर्गत लामटाङ राष्ट्रिय निकुञ्जको जैविक विविधतामा पर्ने प्रभाव, लामटाङ राष्ट्रिय निकुञ्जसँग गर्नुपर्ने समन्वय, चराहरुमा हुने इलेक्ट्रोक्युसनको प्रभाव र विद्युत प्रसारण लाइनमा हुने फल्टका कारणले वनजंगलमा आगलागीबाट पर्ने प्रभाव रहेका छन्। सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण अन्तर्गत कामदारहरूको पेसागत सुरक्षा र स्वास्थ्य र टिमुरे स्थित तातोपानी कुण्डमा पर्ने प्रभाव रहेका छन्।

८ अनुकूल प्रभाव अभिवृद्धिकरण तथा प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरु

प्रस्तावित आयोजनाको पूर्व स्वीकृत अध्यवधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले अनुकूल प्रभाव अभिवृद्धिकरणका लागि सिप अभिवृद्धिका लागि तालिम कार्यक्रम, वृक्षारोपण कार्यक्रम, सामुदायिक वन उपभोक्ता समुहलाई सहयोग,स्थानीय सेवा सुविधामा सहयोग गरिने जस्ता अभिवृद्धिकरणका उपाय सुझाएको छ। यस कार्यका लागि ने.रू ४५,००,०००/- छुट्याएको छ। त्यसैगरि प्रतिकूल प्रभाव न्यूनीकरणका लागि ग्याबियन र म्यासनरी वाल निर्माणका सँगै वृक्षारोपण (बायोइन्जिनियरिङ) गरि भूस्खलन न्यूनीकरण गरिने, निर्माण/क्याम्प स्थलमा उत्पादित सबै ठोस फोहोर सङ्कलन गरी यसको विशेषता अनुसार पुनः प्रयोग, पुनःचक्रण, आदि गर्नका लागि वर्गीकरण गरिने तथा ठोस फोहरमैलाको व्यवस्थापन गरिने, सुरक्षा सम्बन्धी सचेतना निर्माण कार्यक्रमहरू गरिने, प्रत्येक क्षति भएको बिरुवाको १:२५ का दरले बिरुवा रोप्ने र पाँच वर्षसम्म हेरचाह गर्ने) गरि कुल ३२२५ (१२९*२५) बिरुवाका रोपिण गरिने, चराहरूको उडानमा हुने प्रभाव न्यूनीकरणका लागि कलर बलहरू राखिने, वन्यजन्तुलाई टावर चढन् रोक्नका लागि टावरको तलको आधा भागमा काँटेदार तार राखिने, विद्युतिय प्रसारण लाईनमा तारहरु सर्किट भई आगलागीबाट जोगिन सर्किट ब्रेकर तथा सर्ज अरिसटर राखिने, अधिग्रहण गरिने कुल निजी जग्गाको मुआब्जा दिइने तथा बालीनालीको क्षति हुनसक्ने सम्भावनाबारे बालीनाली मालिकलाई पूर्व सूचना दिइनेछ र यस्तो क्षति भएमा जिल्ला कृषि कार्यालयको मापदण्ड अनुसार क्षति भएको बालीनालीको क्षतिपूर्ति सुनिश्चित गरिने, निर्माण कार्यमा संलग्न सबै श्रमिकलाई सुरक्षा उपकरणहरू जस्तै बुट, पञ्जा, हेलमेट र मास्क प्रदान

गरिने जस्ता न्यूनीकरणका उपायहरू सुझाएको छ। यस कार्यका लागि ने.रू. ४,७२,२४,०३१.०० छुट्याएको छ।

परिवर्तित २५० मि. प्रसारण लाइन खण्डका लागि वातावरण संरक्षण नियमावली, २०७७ बमोजिमको ढाचाँमा वातावरणीय व्यवस्थापन योजना तयार पारिएको छ । यस योजनामा के गर्ने, कहाँ गर्ने, कसरी गर्ने, कहिले गर्ने, कसले गर्ने, अनुमानित बजेट, मानव संसाधन, आवश्यक समय र अनुगमन जिम्मेवारी सहितको अनुकुलन प्रभाव अभिवृद्धिकरणका उपायहरू तथा प्रतिकुल प्रभाव न्यूनीकरणका उपायहरू समावेश छन्। वातावरणीय व्यवस्थापन योजना मूल प्रतिवेदनको व्यवस्थापन योजनामा निर्माण अवधि र सञ्चालन अवधि अलग-अलग म्याट्रिक्स ढाँचामा समावेश गरेको छ ।

प्रस्तावित आयोजना कार्यान्वयनले पर्ने प्रतिकूल प्रभाव न्यूनीकरणको लागि भूक्षय तथा पहिरोबाट जोगिनको लागि बायोइन्जिनियरिङ् (गेबियन/ब्रेस्ट वाल सँग बृक्षारोपण) गरिने छ। जैविक विविधतामा पर्ने प्रभाव कम गर्नको लागि जैविक विविधता संरक्षण सम्बन्धी कार्यक्रम गर्ने, आयोजना निर्माण तथा सञ्चालन अविधमा लामटाङ राष्ट्रिय निकुञ्जसँग समन्वय गर्ने लगायतका क्रियाकलापहरू गरिने छन्। त्यसबाहेक, चट्याङबाट बच्नको लागि भूयोजन तथा करेन्टबाट बच्नको लागि इन्सुलेटर जडान गरिने छ। चराहरूमा हुने इलेक्ट्रोक्यूसन हटाउनको लागि इन्सुलेटर र क्रसआर्मको विचमा दूरी कायम गरिने छ जसले गर्दा चराहरूले उक्त स्थानमा बस्दा हुन सक्ने इलेक्ट्रोक्यूसन कम हुन सक्छ। चराहरू तारमा ठोकिनबाट जोगाउनको लागि लाइन मार्कर (Color ball) राखिने छ जसले गर्दा चराहरूले तारलाई टाढैबाट देख्न सक्ने छन् र ठोकिनु भन्दा अगाडि नै आफ्नो मार्ग परिवर्तन गर्न सक्ने छन्। त्यस्तै, वन्यजन्तु करेन्ट लाग्नबाट जोगाउनको लागि टावर (pylon) लाई काँडे तारले (Anticlimbing structure) बेरिने छ। आयोजना निर्माण कार्यमा बालबालिका लाई श्रममा नलगाउने गरि निर्माण व्यवसायी सम्झौता पत्रमा उल्लेख गरिने छ। कामदारहरूको व्यवसायजन्य सुरक्षाका लागि व्यक्तिगत सुरक्षाका सामग्री प्रदान गरिने छन्। यस कार्यका लागि निर्माण अवधिमा ने.रू. ८,०७,६००/- र सञ्चालन अवधिमा ने.रू. २,००,०००/- छुट्याएको छ।

९ वातावरणीय अनुगमनः

वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ मा उल्लेख भए अनुसार वातावरणीय अनुगमनका लागि सम्बन्धित निकाय वा मन्त्रालय वा विभाग जिम्मेवार हुनेछ। यस प्रस्तावका लागि ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, लामटाङ राष्ट्रिय निकुञ्ज, वातावरण विभागले अनुगमन गर्नेछ। प्रस्तावक आफैले पनि कुनै न कुनै सूचक अनुगमन गर्नेछ जसले गर्दा कुनै प्रतिकूल प्रभावलाई तुरुन्तै हटाउन वा न्यून गर्न सकिने छ। साथै, वातावरण संरक्षण ऐन २०७७ को दफा ३९ (२) बमोजिम प्रदेश सरकार वा स्थानीय तह तथा मातहतका निकायले पनि मापदण्डको कार्यान्वयन भए

नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछ। वातावरण संरक्षण नियमावली, २०७७ (१) अनुसार प्रस्तावकले प्रस्तावको निर्माण तथा सञ्चालन गर्ने अवधिमा सोबाट वातावरणमा परेको प्रभावको विषयमा प्रत्येक छ महिनामा स्वःअनुगमन गरी सोको प्रतिवेदन सम्बन्धित निकाय वा विभागमा पेश गर्नेछ।

१०.वातावरणीय परीक्षणः

प्रस्तावित आयोजनाको वातावरणीय परीक्षण वन तथा वातावरण मन्त्रालयले प्रस्तावको कार्यान्वयन सुरु गरी सेवा वा वस्तु उत्पादन वा वितरण शुरु गरेको दुई वर्ष भुक्तान भएको मितिले छ महिना भित्र गर्नेछ।

११.निष्कर्षः

रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. विद्युत प्रसारण लाईन आयोजनाको स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले पहिचान गरेका प्रभावहरू तथा अनुकूलन प्रभाव अभिवृद्धि र प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरू यस परिवर्तित २५० मि. प्रसारण लाइन खण्डको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनले पनि अवलम्बन गर्ने साथै थप पहिचान गरिएका प्रभावहरू र तिनलाई न्यूनीकरण गर्न सुझाएका उपायहरू अवलम्बन गरी आयोजना कार्यान्वयनले पर्ने प्रभावहरूलाई स्वीकारयोग्य तहसम्म पुऱ्याउने सकिन्छ।

प्रस्तावित परिवर्तित २५० मि. प्रसारण लाइन खण्डको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनले निर्माणका तथा सञ्चालनका अवधिमा पहिचान गरिएका वातावरणीय प्रभावहरु र तिनका न्यूनीकरणका उपायहरु अवलम्बन गर्न प्रस्तावक प्रतिबद्ध रहेको छ ।

Executive Summary

The proponent of the proposed Rasuwagadhi (Bhotekoshi-Trisuli) hydropower project's double circuit 132 kV transmission line (250 m segment) is Rasuwagadhi Hydropower Company Limited which is a subsidiary company of Chilime Hydropower Company Limited, has been a public company since August 2011.

1.1 Name and Address of the Proponent:

Name: Rasuwagadhi Hydropower Company Limited
Address: Kapan Marg-3, Maharajgunj, Kathmandu, Nepal.
Telephone: 977-1-4371744, 4371794
Email: info@rghpcl.com.np
Web: www.rghpcl.com.np

1.2 Name and Address of the Consultancy:

Name: Green Herald Consultancy Pvt. Ltd.

Address: Baneswor, Kathmandu, Nepal.

Telephone: 977-1-4419469

Email: greenherald5@gmail.com

1.3 Description of Proposal:

The proposed 132 kV double circuit transmission line project of Rasuwagadhi (Bhotekoshi-Trisuli) hydropower project is located in Gosaikund Rural Municipality ward and Amachhodigmo Rural Municipality ward no. of Rasuwa district.

Among the total 10 km length of the transmission line, 9.75 km transmission line is being constructed according to the approved updated initial Environmental Examination. Among the 250 m. 200 m transmission line section falls within the Lamtang National Park so EIA study has been conducted. The transmission line segment that needs further study is located in Gosaikund Rural Municipality ward no. 1 & 2.

This report is considered as an integral part of approved updated initial Environmental Examination, the additional environmental impact caused by the change of the 250-meter transmission. The right of way of present 250 m section is 18 m (9/9 m on either side from center of transmission line). The height of tower is 49 m and ground clearance is minimum 7 meters. The transmission line section crossed the Bhotekoshi River at two places.

The previously approved updated initial environmental impact assessment report indicates that a total of 18.19 hectares of land is required for the construction of the project, tower foundations, and temporary camps. For the realigned power transmission line (132 kV) of the Rasuwagadhi (Bhotekoshi/Trishuli) Hydroelectric Project, a total of 0.450 hectares of land is required within the right of way for the 250-meter length of the transmission line. Among the required land, 0.360 hectares fall under the Langtang National Park, and 0.126 hectares fall under the private land of local individuals within the Langtang National Park. Since the length of the Rasuwagadhi (Bhotekoshi-Trishuli) 132 kV transmission line remains unchanged at 10 km, there has been no change in the total land area required for the modified transmission line section compared to the land area mentioned in the previously approved updated initial environmental impact assessment report.

2. Legal Rationality of Environmental Impact Assessment:

According to Schedule 3 (A) 12 of Environment Protection Rules, 2077, there is a legal provision to prepare an environmental impact assessment report before implementing any proposal within the national park, wildlife reserve, hunting reserve area.

Tower No. 2 of the proposed transmission line project is located in private land within lamtang National Park and 200-meter transmission line section from Take-of-yard (Tower No. 1 to Tower No. 3) falls within Lamtang National Park therefore Environmental Impact assessment have been conducted.

The Ministry of Forests and Environment gave consent on 23/10/2078 to study the environmental impact assessment of the proposed project.

3. Methodology:

The environmental study of the proposed project was conducted mainly as directed by the Environmental Protection Act, 2076 and the Environmental Protection Regulations, 2077 and the approved Terms of reference and scoping document by the Ministry of Forests and Environment. Apart from that, review of feasibility study report of this project, 132 kV transmission lines of Rasuwagadhi hydropower projects, the transmission line's approved updated Intial Environmental Environmental Report, 2019 were also considered as an integral part of this Environmental Impact Assessment.

The study team visited the site from 2080/1/11 to 2080/1/13 for the collection of existing physical, biological and social, economic and cultural environmental.

According to sub-rule (1) of Rule 6 of Environment Protection Rules, 2077 a public hearing was organized in Gosaikunda rural municipality at Timure with the participation of the local community and representatives of the local level in accordance with sub-rule (2) on date 2080/1/10 and opinions were collected. The collected data then were analysed according to the National Environmental Impact Assessment Guideline, 2050.

4. Review of Legal documents:

In addition to the legal documents mentioned in the approved updated initial environmental examination report of Rasuwagadhi (Bhotekoshi-Trisuli) 132 kV transmission line, the new prevailing laws are mentioned in detail in this section of the main report.

5. Existing Environmental Condition:

5.1 Physical Environment:

The realigned 250 m section of Rasuwagadhi (Bhotekoshi-Trisuli) 132 kV transmission line project is located in elevation range from 1644 m to 1657 m. above sea level. Steep hills are present in the both side of the Bhotekoshi River. The proposed project falls under the Higher Himalayan zone. Gneiss/quartzite rocks are found in the proposed tower construction area.

5.2 Biological Environment:

The data related to the biological environment are according to the approved Initial environmental Examination report. There is no need to cut down trees due to the change in the project's route.

5.3 Socio-economic and Cultural Environment:

According to the National Census 2078, total population of Rasuwa district is 45,554 inwhich male and female population comprises 22,859 and 22,695 respectively. Total households lie in project affected Gosaikund rural municipality is 2,038 and the total population of the affected rural municipality is 7,788 of which the male population is 3,973 and the female population is 3,815.

The Tamang caste is dominant in the project affected rural municipality. Tamang (80.64%) is inhabitat in the Gosaikunda rural municipality followed by Ghales, Brahmins, Newars, etc.

6. Alternative analysis:

The approved updated Intial Environmental Examination of Rasuwagadhi (Bhotekoshi-Trisuli) 132 kV Transmission line have been analyzed on situation of non operation of project, type of project, project design, technology and operation method, time schedule, raw materials to be used. it has been observed that out of the 250-meter electricity transmission section from Tower No. 1 to Tower No. 3 of the transmission line, 200 meters fall within the national park area. For this section, the project had studied alternative location 100 meters upstream than the current tower construction site. However, this alternative location was found to have issues such as an increased distance between towers, leading to sagging problems, as well as the need to cross a road. Therefore, the current route has been selected.

7. Impact on Environment during implementation of the proposal

The previously approved updated initial environmental impact assessment report for the proposed project identifies the impacts:like as skill development training, tree plantation programs, land use impacts, soil erosion and landslides, water, air, and soil pollution, noise and spoil emissions, solid waste generation, corona effects, impacts on wildlife, occupational safety and health, and the acquisition of private land.

The main impacts due to realignment of the Rasuwagadhi (Bhotekoshi-Trisuli) 132 kV transmission line are landslide and soil erosion. Impact on biodiversity, electrocution of birds, wild animals and forest fire are impact on biological environment. Similarly, issues of occupational safety and health of workers and impact on Timure tatopani kund are under socio-economic and cultural environment.

8. Measures to enhance the beneficial impact and mitigate the adverse impact

The previously approved updated initial environmental impact assessment report for the proposed project suggests various mitigation measures to enhance positive impacts and mitigate the adverse impacts. To enhance positive impacts, the report recommends skill development training programs, tree plantation programs, support to community forest user groups, and assistance with local service facilities. A budget of NPR 45,000,000 has been allocated for these activities. For mitigating adverse effects, the following measures have been suggested; Construction of gabion and masonry walls, along with bioengineering (tree plantation) to reduce landslides, Collection and segration of all solid waste generated at construction/camp sites, to be reused, recycled, etc., with proper solid waste management, Awareness programs related to safety, Planting 3,225 saplings (at a 1:25 ratio for each cut plant) and providing care for them for five years, Placement of

color balls to minimize impacts on bird flight.Installation of barbed wire on the lower half of the towers to prevent wildlife from climbing the towers, Installation of circuit breakers and surge arresters on the electrical transmission lines to prevent fire hazards, Compensation for the private land to be acquired, and prior notice to the owners of crops that may be affected. Compensation for crop damage will be ensured according to the standards of the District Agricultural Office,Provision of safety equipment, such as boots, gloves, helmets, and masks, to all workers involved in construction. A budget of NPR 47,224,031.00 has been allocated for these mitigation measures.

An environmental management plan has been prepared for realigned segment of transmission line in accordance with the Environmental Protection Rules, 2077. This plan includes what to do, where to do it, how to do it, when to do it, who will do it, estimated budget, human resources, required time and monitoring responsibilities, measures to increase beneficial impact and measures to mitigate adverse impact. A detail of Environment Management Plan is mentioned in this section of main report. The EMP has been prepared both in construction and operation phase separartly in the matrix form.
Bio-engineering (plantation with gabion/breast wall) will be done to prevent erosion and landslides in order to minimize the adverse effects of the proposed project implementation. In order to reduce the impact on biological diversity, activities related to biodiversity conservation, coordinating with Lamtang National Park during the project construction and operation period will be carried out.

Apart from that, insulators will be installed to avoid current and earthing will be done to avoid lightning. To eliminate electrocution to birds, a distance will be maintained between the insulator and the crossarm, so that the electrocution that can occur when the birds sit in that place can be reduced. A line marker (Color ball) will be placed to avoid hitting the wire so that the birds can see the wire from a distance and can change their path before it is hit.

The tower (pylon) will be wrapped with barbed wire (Anticlimbing structure) to prevent wildlife from getting electrocuted. Personal protective equipment will be provided for the occupational safety of workers.

9. Environmental Monitoring Plan:

As per the Environment Protection Act, 2076 and Environment Protection Rules, 2077, the concerned ministry or department or concerned authority will be responsible for the environmental monitoring. The Ministry of Forests and Environment, Ministry of Energy, Water Resources and Irrigation and Department of Environment will monitor this proposal. The project proponent will also monitor some of the indicators so that any adverse effects can be removed or minimized immediately.

According to EPR 2077, Rule 45 (1) the proponent will conduct monitoring in every six months to identify the impact of the project on the environment during the construction and operation of the project and accordingly the monitoring report will submit to the concerned authority or department. According to EPA 2076, Article 39 (2), the provincial government or local government may also monitor and inspect the implementation of the standards.

10. Environmental Auditing Plan:

The Ministry of Forests and Environment shall conduct the Environmental Auditing within six months after completion of two years of the commencement of production or distribution of the service or goods from the proposed project.

11. Conclusion:

The impact identified and proposed enhancement and mitigation measures mentioned in the updated IEE report will also be adopted in this EIA report. The additional Impact caused due to realignation of 250 m segments of the Rasuwagadhi (Bhotekoshi-Trisuli) 132 kV Transmission line and corresponding mitigation measures proposed brings to acceptable level. The proponent is committed to adopt mitigation measures proposed in the report.

प्रतिवेदनमा प्रयोग गरिएका छोटकरी शब्दहरू (Acronyms and Abbreviations)

CITES	Convention on Internatonal Trade on Endandered Species of Wild Fauna and Flora
ICIMOD	International Centre for Integrated Mountain Development
IUCN	International Union for Nature Conservation
LC	Least Concern
NT	Near Threaned
P	Protected
PM	Particulate Matter
TSP	Total Suspended Particle
VU	Vulnerable
ऊ.ज.सिं म.	ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय
कि. ग्रा.	किलोग्राम
कि. मि.	किलोमिटर
के. जी.	किलोग्राम
के. भी.	किलोभोल्ट
क्यू. मि.	क्यूबिक मिटर
नं.	नम्बर
मि. मि.	मिलिमिटर
मि.	मिटर
मे. वा.	मेगावाट
वि. वि. वि.	विद्युत विकास विभाग
से.	सेल्सियस
हे.	हेक्टर

विषयसूची

कार्यकारी सारांश ..... **i**

Executive Summary ..... **viii**

प्रतिवेदनमा प्रयोग गरिएका छोटकरी शब्दहरू (Acronyms and Abbreviations) ..... **xiii**

विषयसूची ..... **xiv**

तालिका सूची ..... **xix**

नक्सा सूची ..... **xxi**

अनुसूचीहरुः ..... **xxii**

परिच्छेद-१ प्रतिवेदन तयार गर्ने व्यक्तिको वा संस्थाको नाम र ठेगानाः **१**

१.१ प्रस्तावकको पूरा नाम, ठेगाना, ईमेल र टेलिफोन नं. **१**

१.१.१ प्रस्तावकको नाम र ठेगाना १

१.१.२ परामर्शदाताको नाम र ठेगानाः १

१.२ वातावरणीय प्रभाव मूल्याङ्कनको कानूनी औचित्यः **१**

१.३ वातावरणीय प्रभाव मूल्याङ्कननको उद्देश्यः **२**

१.४ अध्ययनको सीमाः **२**

१.५ अध्ययन टोलीः **२**

परिच्छेद-२ प्रस्तावको परिचयः **४**

२.१ भूमिकाः **४**

२.२ प्रस्ताव कार्यान्वयनको उद्देश्यः **५**

२.३ प्रस्तावको आवश्यकता र औचित्यताः **५**

२.४ प्रस्तावको विवरणः **५**

२.४.१ प्रस्तावको अवस्थितिः ५

२.५ आयोजना सम्म पहुँचः **७**

२.६ प्रस्तावका संरचनागत अवयवः **७**

२.७ आयोजना सम्बन्धी क्रियाकलापः **११**

२.७.१ निर्माणपूर्वः ११

२.७.२ निर्माण अवधिः ११

२.७.३ सञ्चालन अवधिः १२

२.८ आयोजनाका लागि आवश्यक निर्माण सामग्रीः १२
२.९ प्रयोग हुने ऊर्जा किसिम, स्रोत, खपत हुने परिमाणः १२
२.९.१ आवश्यक जनशक्तिः १२
२.९.२ पूर्व स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा प्रस्तावित आवश्यक जग्गाः १३
२.९.३ हाल परिवर्तित २५० मि. प्रसारण लाईनका लागि आवश्यक जग्गाः १३
२.१० निर्माण तालिका १४
२.११ आयोजनाका सहायक संरचनाहरुः १५
२.११.१ आवास क्षेत्रः १५
२.११.२ निर्माण सामग्री भण्डारण स्थलः १५
२.११.३ बिग्रन व्यवस्थापन स्थलः १५
परिच्छेद-३ प्रतिवेदन तयार गर्दा अपनाइएको विधिः १६
३.१ सन्दर्भ सामग्रीको पुनरावलोकनः १६
३.२ प्रस्तावको प्रभाव क्षेत्र निर्धारण (प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव क्षेत्र):..... १६
३.२.१ आयोजनाको प्रभाव क्षेत्र निर्धारणः १६
३.२.२ आयोजना प्रभावित घरपरिवार १७
३.३ स्थलगत अध्ययनः १७
३.३.१ भौतिक वातावरणः १७
३.३.२ जैविक वातावरणः १७
३.३.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणः १८
३.४ सार्वजनिक सुनुवाईः १८
३.५ सार्वजनिक सूचना तथा सूचना सम्प्रेषणः १८
३.६ सिफारिस पत्र सङ्कलनः १९
३.७ तथ्याङ्क विश्लेषण १९
३.७.१ भौतिक वातावरणः १९
३.७.२ जैविक वातावरणः १९
३.७.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणः १९

३.८ वातावरणीय प्रभावहरूको पहिचान, आँकलन तथा प्रभावको मूल्याङ्कन विधिः १९
३.९ वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन लेखन..... २०
परिच्छेद-४ प्रस्तावसँग सम्बन्धित नीति, कानुन तथा मापदण्डः..... २१
परिच्छेद-५ विद्यमान वातावरणीय अवस्थाः ३२
५.१ भौतिक वातावरणः ३२
५.१.१ भू-धरातलिय अवस्थाः ३२
५.१.२ भू-उपयोगको अवस्थाः ३२
५.१.३ हावापानी, तापक्रम र वर्षाः ३३
५.१.४ भूगर्भः..... ३३
५.१.५ भूक्षय तथा पहिरोः ३६
५.१.६ वायुको गुणस्तर सम्बन्धी तथ्याङ्कः..... ३६
५.१.७ ध्वनिको गुणस्तर सम्बन्धी तथ्याङ्कः..... ३६
५.२ जैविक वातावरणः..... ३७
५.२.१ वनस्पतिः..... ३७
५.२.२ गैरकाष्ठ वनस्पति/NTFPs:..... ३७
५.२.३ कृषि जैविक विविधताः ३८
५.२.४ वन्यजन्तुः..... ३८
५.३ सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणः ४०
५.३.१ आयोजना प्रभावित जिल्ला तथा गाउँपालिकाको जनसाङ्ख्यिक विवरणः..... ४०
५.३.२ आयोजना प्रभावित परिवारको सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण. ४५
परिच्छेद-६ प्रस्तावको विकल्प विश्लेषण..... ४८
६.१ डिजाइनः..... ४८
६.२ वैकल्पिक मार्गः ४८
६.३ आयोजना क्षेत्रः..... ४८
६.४ प्रविधि, निर्माण प्रक्रिया, समय, कच्चा पदार्थको विकल्पः ४९
६.५ वातावरणीय व्यवस्थापन योजनाः ४९
६.६ आयोजनाको विकल्पः..... ४९
परिच्छेद-७ प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव तथा संरक्षणका उपाय..... ५०

७.१ पूर्व स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा पहिचान गरिएका वातावरणीय प्रभावः ५०

७.१.१ भौतिक वातावरणः ५०

७.१.२ जैविक वातावरणः ५५

७.१.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण ५९

७.२ प्रस्तावित आयोजनाको २५० मि. लाइन मार्ग परिवर्तन हुँदा पहिचान गरिएका प्रभावहरू ६५

७.२.१ निर्माण अवधिः ६५

७.२.२ सञ्चालन अवधिः ६७

परिच्छेद-८ अनुकूल प्रभाव अधिकतम अभिवृद्धि गर्ने तथा प्रतिकूल प्रभाव न्यून गर्ने उपायः ७३

८.१ अनुकूल प्रभाव अभिवृद्धिकरणका उपायः ७३

८.१.१ सिप अभिवृद्धिका लागि तालिम कार्यक्रमः ७३

८.१.२ वृक्षारोपण कार्यक्रमः ७३

८.१.३ सामुदायिक वन उपभोक्ता समुहलाई सहयोगः ७४

८.१.४ स्थानीय सेवा सुविधामा सहयोगः ७४

८.१.५ अनुकूल प्रभाव अभिवृद्धिका लागि लागत ७४

८.२ प्रतिकूल प्रभाव न्यूनीकरणका उपायः ७५

८.२.१ भौतिक वातावरणः ७५

८.२.२ जैविक वातावरणः ७९

८.२.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणः ८१

८.२.४ वातावरणीय न्यूनीकरण लागतको सारांशः ८५

८.३ रसुवागढि जलविद्युत आयोजनाको १३२ के.भी.प्रसारण लाईनको २५० मि.खण्ड परिवर्तनबाट पर्ने प्रभावको न्यूनीकरणका उपायः ८६

८.४ संस्थागत सामाजिक उत्तरदायित्व (CSR) क्रियाकलापः ८९

परिच्छेद-९ वातावरणीय अनुगमन योजना ९८

९.१ आधाररेखा अनुगमनः ९८
९.२ प्रभाव अनुगमनः ९८
९.३ नियमपालना अनुगमनः ९८
९.४ वातावरणीय अनुगमनका सूचकहरुः ९८
९.५ अनुगमन गर्ने निकायः ९९
९.६ अनुगमन विधिः ९९
९.७ अनुगमनका लागि समय तालिकाः १००
परिच्छेद-१० वातावरणीय परीक्षण १०८
१०.१ वातावरणीय परीक्षण १०८
१०.२ वातावरणीय परीक्षणमा संलग्न हुने पक्ष १०८
१०.३ वातावरणीय परीक्षणको प्रकार : १०८
१०.४ वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचाः १०८
परिच्छेद-११ निष्कर्षः ८३

तालिका सूची

तालिकाः १-१ अध्ययनमा संलग्न विज्ञहरु ३
तालिकाः २-१ आयोजना स्थल पहुँच सम्बन्धी विवरण ७
तालिकाः २-२ आयोजनाको मुख्य विशेषता ८
तालिकाः २-३ आवश्यक निर्माण समाग्री र परिमाण १२
तालिकाः २-४ आवश्यक जनशक्तिको वर्गीकरण १२
तालिकाः २-५ पूर्व स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा प्रस्तावित जग्गाको विवरण १३
तालिकाः २-६ आयोजनालाई आवश्यक पर्ने जग्गाको क्षेत्रफल र प्रकार १४
तालिकाः २-७ प्रसारण लाईनको निर्माण तालिका १४
तालिकाः ३-१ प्रभावको तह आँकलन गर्ने आधार २०
तालिकाः ५-१ प्रस्तावित विद्युत प्रसारण लाईनको क्षेत्राधिकार भित्रको भू–उपयोग सम्बन्धी विवरण. ३२
तालिकाः ५-२ पूर्व स्वीकृत अध्ययन स्थलको र हाल प्रस्तावित स्थलको भौगर्भिक विवरण ३५
तालिकाः ५-३ आयोजना क्षेत्रको वायुको गुणस्तर सम्बन्धी विवरण ३६
तालिकाः ५-४ आयोजना क्षेत्रको ध्वनि सम्बन्धी तथ्याङ्क ३७
तालिकाः ५-५ प्रस्तावित विद्युत प्रसारण लाईन वरपर पाइने वनस्पतिको सूची ३७
तालिकाः ५-६ आयोजना क्षेत्र वरपर पाइने जनावरहरुको सूची ३८
तालिकाः ५-७ आयोजना वरपर पाइएका पंछिको सूची ३९
तालिकाः ५-८ आयोजना प्रभावित जिल्लाको जनसांख्यिक विवरण ४०
तालिकाः ५-९ आयोजना प्रभावित गाउँपालिकाको जनसांख्यिक विवरण ४०
तालिकाः ५-१० आयोजना प्रभावित गाउँपालिकाको जातजाति सम्बन्धी विवरण ४१
तालिकाः ५-११ आयोजना प्रभावित गाउँपालिकाको भाषागत विवरण ४१
तालिकाः ५-१२ आयोजना प्रभावित गाउँपालिकाको पेसागत विवरण ४२
तालिकाः ५-१३ आयोजना प्रभावित परिवारको विवरण ४५
तालिकाः ५-१४ प्रभावित घरधुरी तथा जनसाँख्यिक विवरण ४६
तालिकाः ५-१५ उमेर समुह अनुसार जनसाँख्यिक विवरण ४६
तालिकाः ५-१६ आयोजना प्रभावित घरधुरीको शैक्षिक विवरण ४६
तालिकाः ७-१ भु-उपयोगमा हुने परिवर्तन ५१
तालिकाः ७-२ भौतिक वातावरणीय प्रभाव विश्लेषणको म्याट्रिक्स ५४
तालिकाः ७-३ आयोजनाले प्रयोग गर्ने वन क्षेत्रको जग्गाको विवरण ५५
तालिकाः ७-४ प्रस्तावित आयोजना निर्माण गर्दा हटाउनु पर्ने रूखहरूको संख्या र् प्रजाति ५६
तालिकाः ७-५ जैविक वातावरणीय प्रभाव विश्लेषणको म्याट्रिक्स ५८
तालिकाः ७-६ क्षेत्राधिकारमा हुने खडा बालीनालीको क्षतिको विवरण ६०
तालिकाः ७-७ सामाजिक, आर्थिक तथा सांस्कृतिक प्रभाव विश्लेषणको म्याट्रिक्स ६२

तालिकाः ७-८ वातावरणीय प्रभाव विष्लेषणको म्याट्रिक्स ७०
तालिकाः ८-१ सिप अभिवृद्धि सम्बन्धी तालिमको विवरण ७३
तालिकाः ८-२ अनुकूल प्रभाव अभिवृद्धिका लागि अनुमानित लागतको सारांश ७४
तालिकाः ८-३ क्षतिपुरक वृक्षारोपण कार्यक्रमका लागि अनुमानित लागत ७९
तालिकाः ८-४ वातावरणीय न्यूनीकरण लागतको सारांश ८५
तालिकाः ८-५ सार्वजनिक सुनुवाइमा सरोकारवालाले उठाएका सवालहरू ८७
तालिकाः ८-६ वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन सहमतिका शर्तहरू ८७
तालिकाः ८-७ निर्माण अवधिको वातावरणीय व्यवस्थापन योजना ९०
तालिकाः ८-८ सञ्चालन अवधिको वातावरणीय व्यवस्थापन योजना ९५
तालिकाः ९-१ वातावरणीय अनुगमन योजना १०१
तालिकाः १०-१ वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचा १०९
तालिकाः १०-२ वातावरणीय परीक्षणको लागि चेकलिष्ट ११०

नक्सा सूची

नक्सा २-१ प्रस्तावित प्रसारण लाईन आयोजनाको अवस्थिति ६
नक्सा २-२ प्रस्तावित जलविद्युत प्रसारण लाईन मार्गको गुगल इमेज..... ७
नक्सा ५-१ प्रस्तावित विद्युत प्रसारण लाईन आयोजनाको भूउपयोग सम्बन्धी विवरण..... ३३
नक्सा ५-२ प्रस्तावित विद्युत प्रसारण लाईन आयोजना क्षेत्रको भौगर्भिक नक्सा..... ३४
नक्सा ५-३ रसुवागढी जलविद्युत आयोजनाको १३२ के.भी विद्युत प्रसारण लाइन मार्गमा रहेका पहिरो सम्बन्धी नक्सा (स्रोतः ICIMOD, २०१९)..... ३५
नक्सा ५-४ प्रस्तावित आयोजना नजिक रहेको तातोपानी कुण्ड..... ४३
नक्सा ५-५ प्रस्तावित विद्युत प्रसारण लाईन मार्ग नजिक पर्ने मुख्य बस्तीहरु..... ४४

अनुसूचीहरुः

अनुसूची १	स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण
अनूसूची २	स्वीकृत कार्यसूची
अनूसूची ३	अनुमति पत्र/सैद्धान्तिक सहमति पत्र/अध्ययन सहमति पत्र
अनुसूची ४	क्याडेस्ट्रल म्याप
अनूचूची ५	नेपाल उडड्यन प्राधिकरणको रायसूझाव सम्बन्धमा
अनूसूची ६	सार्वजनिक सूनुवाई सम्बन्धी पत्र
अनुसूची ७	सार्वजनिक सुचना टास तथा मुचूल्का
अनूसूची ८	सार्वजनिक सूचना
अनुसूची ९	सिफारिस पत्र
अनुसूची १०	चेकलिष्ट/प्रश्नावली
अनुसूची ११	अध्ययन टोलीको बायोडाटा
अनूसुची १२	स्वघोषणा पत्र
अनुसूची १३	आयोजना क्षेत्रमा खिचिएका तस्बीर

परिच्छेद-१ प्रतिवेदन तयार गर्ने व्यक्तिको वा संस्थाको नाम र ठेगानाः

१.१ प्रस्तावकको पूरा नाम, ठेगाना, ईमेल र टेलिफोन नं.

प्रस्तावित रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजना १३२ के.भी. डबल सर्किट विद्युत प्रसारण लाईन (२५० मि.) को प्रस्तावक रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड हो। चिलिमे जलविद्युत कम्पनी लिमिटेडको सहायक कम्पनीका रूपमा रहेको रसुवागढी जलविद्युत् कम्पनी लिमिटेड सन् २०११ को अगष्टबाट पब्लिक कम्पनीका रूपमा रहेको छ।

१.१.१ प्रस्तावकको नाम र ठेगाना

नामः रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड
ठेगानाः कपन मार्ग–३, महाराजगञ्ज काठमाडौं, नेपाल
टेलिफोनः +९७७–१–४३७१७४४, ४३७१७९४
इमेलः info@rghpcl.com.np
वेब साइटः www.rghpcl.com.np

१.१.२ परामर्शदाताको नाम र ठेगानाः

नामः ग्रीन हेराल्ड कन्सल्टेन्सी प्रा. लि.
ठेगानाः वानेश्वर, काठमाडौं नेपाल
टेलिफोनः +९७७–१–४४१९४६९
इमेलः greenherald5@gmail.com

१.२ वातावरणीय प्रभाव मूल्याङ्कनको कानूनी औचित्यः

वातावरण संरक्षण नियमावली, २०७७ को अनुसूची ३ (क) १२ बमोजिम राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष क्षेत्र भित्र कुनै पनि प्रस्ताव कार्यान्वयन गर्नुपूर्व वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नुपर्ने कानुनी प्रावधान रहेको छ। प्रस्तावित विद्युत प्रसारण लाइन आयोजनाको टेकअफयार्डबाट, टावर नं. १ देखि प्रस्तावित टावर नं. २ हुँदै ३ सम्मको २५० मिटर विद्युत प्रसारण लाइन खण्ड मध्ये २०० मि. लामटाङ राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र पर्ने भएकोले प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन गरिएको हो।

त्यसैगरि, वन तथा वातावरण मन्त्रालयबाट मिति २०७९/११/१६ गते स्वीकृत कार्यसूची तथा क्षेत्र निर्धारण बमोजिम प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन गरिएको हो। प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्नका लागि वन तथा वातावरण मन्त्रालयले मिति २०७८/१०/२३ मा सहमति प्रदान गरिएको थियो। वातावरणीय अध्ययनका लागि सहमति पत्र **अनुसूची-३** मा राखिएको छ।

यद्यपि, यस आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन ऊर्जा मन्त्रालयबाट मिति २०७२/०७/१८ मा स्वीकृत भएको थियो साथै सोको अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन पनि ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयबाट मिति २०७६/०२/०६ मा स्वीकृत भएको थियो।

१.३ वातावरणीय प्रभाव मूल्याङ्कननको उद्देश्यः

वातावरणीय प्रभाव मूल्याङ्कनको मुख्य उद्देश्य प्रस्तावित विकास निर्माण आयोजनालाई वातावरणमैत्री तथा दिगोविकास गर्नु हो। यस अध्ययनको अन्य उद्देश्यहरू निम्न बमोजिम रहेका छन्;

- प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको विद्यमान भौतिक, जैविक र सामाजिक–आर्थिक तथा सांस्कृतिक वातावरणीय तथ्याङ्कहरु सङ्कलन गर्नु।
- आयोजना कार्यान्वयन हुँदा पर्ने सम्भावित असरहरुको आँकलन तथा विश्लेषण गर्नु।
- सकारात्मक प्रभावहरु अभिवृद्धि तथा नकारात्मक प्रभावहरु न्यूनीकरणका उपायहरु प्रस्तुत गर्नु।
- प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा स्थानीय जनता, सरोकारवाला निकाय तथा अन्य संघ, संस्थाहरुलाई प्रस्ताव सम्बन्धी जानकारी दिन सार्वजनिक सुनुवाई गरी त्यस सम्बन्धी रायसुझाव सङ्कलन गर्नु।
- वातावरणीय व्यवस्थापन, अनुगमन कार्ययोजना, वातावरणीय परीक्षण योजना तयार गर्नु।

१.४ अध्ययनको सीमाः

प्रस्तावित आयोजनाको अध्ययनको सीमा भित्र रसुवागढी जलविद्युत आयोजनाको टेकअफ यार्ड (टावर नं. १) बाट टावर नं ३ सम्म २५० मिटर लम्बाइको विद्युत प्रसारण लाइन खण्डको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन रहेको छ। त्यसबाहेकको ९.७५ कि. मि. विद्युत प्रसारण लाइन खण्ड स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण बमोजिम निर्माण कार्य भैरहेको छ।

१.५ अध्ययन टोलीः

प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनमा **तालिकाः १-१** मा दिइए बमोजिमका विज्ञको संग्लनतामा प्रतिवेदन तयार पारिएको छ ।

तालिकाः १-१ अध्ययनमा संलग्न विज्ञहरु

नाम र पद	शैक्षिक योग्यता	अध्ययन क्षेत्र	IEE/EIA मा संलग्न सङ्ख्या
मातृका प्रशाद जोशी (टोली प्रमुख)	वातावरण विज्ञानमा स्नातकोत्तर	वातावरण क्षेत्र	IEE १५ वटा र EIA ५ वटा
टिका राज कैनी (टोली सदस्य)	सामाजशास्त्रमा स्नातकोत्तर	सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण	IEE ३ वटा र EIA १ वटा
जय राज मिश्र (टोली सदस्य)	वन विज्ञानमा स्नातकोत्तर	जैविक वातावरण	IEE ४ वटा र EIA ८ वटा
हरेन्द्र राज कलौनी (टोली सदस्य)	जियोटेक इन्जिनियरिङमा स्नातकोत्तर	जियोटेक क्षेत्र	IEE २ वटा र EIA ३ वटा
ओजश्वी बहादुर लाखे (टोली सदस्य)	इलेक्ट्रिकल इन्जिनियरिङमा स्नातकोत्तर	इलेक्ट्रिक क्षेत्र	IEE २ वटा र EIA ३ वटा

परिच्छेद-२ प्रस्तावको परिचयः

२.१ भूमिकाः

रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. डबल सर्किट विद्युत प्रसारण लाईन बागमती प्रदेश, रसुवा जिल्लाको गोसाँइकुण्ड गाउँपालिका वडा नं.१ र २ तथा आमाछोदिङमो गाउँपालिका वडा नं. ४ र ५ मा अवस्थित रहेको छ। रसुवागढी १११ मे.वा. जलविद्युत आयोजनाको कुल लम्बाइ १० कि.मि. मध्ये ९.७५ कि.मि. विद्युत प्रसारण लाइन खण्ड स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण बमोजिम निर्माण कार्य भैरहेको छ। स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण बमोजिम निर्माण कार्य भैरहेको खण्डमा टावरहरू निर्माण कार्य समाप्त भएको र तार तान्ने कार्य जारी रहेको छ।

रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. डबल सर्किट विद्युत प्रसारण लाइन मार्ग अन्तर्गत टावर नं २ नजिक २०७२ सालको भूकम्प पछि पहिरो तथा ढुङ्गा खस्ने भएको र उक्त स्थलमा टावर निर्माण गर्न नसकिने साथै मोनो टावर पनि निर्माण गर्न नसकिने अवस्था भएको कारणले आयोजनाको टावर नं २ लाई स्थानान्तरण गरि लामटाङ राष्ट्रिय निकुञ्ज भित्रको स्थानीयको निजी जग्गामा निर्माण गर्नुपर्ने देखिएको छ। टावर नं. २ लाई स्थानान्तरण गर्दा भोटेकोशी नदी पार गर्नुपर्ने भएकाले आयोजनाको टेकअफयार्डबाट, टावर नं.१ देखि टावर नं ३ सम्म २५० मिटर विद्युत प्रसारण लाइन खण्ड लामटाङ राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र पर्ने भएकोले थप अध्ययन गर्नुपर्ने देखिएको छ। थप अध्ययन गर्नुपर्ने प्रसारण लाइन खण्डले गोसाँइकुण्ड गाउँपालिका वडा नं १ र २ लाई प्रभावित गरेको छ। हालको अध्ययनले रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. डबल सर्किट प्रसारण लाईनको स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण **(अनुसूची-१)** प्रतिवेदनलाई यस प्रतिवेदनको अभिन्न अंग मान्दै २५० मिटर प्रसारण लाइन खण्ड परिवर्तनले गर्दा पर्ने थप वातावरणीय प्रभाव तथा अभिवृद्धिकरण, न्यूनीकरणका उपायहरू पहिचान गरि वातावरणीय व्यवस्थापन योजना सहित वातावरणीय अनुगमन कार्ययोजना निर्माण गरि प्रस्तुत गरेको छ।

हाल, थप अध्ययन (२५० मि.) गर्नुपर्ने रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. डबल सर्किट विद्युत प्रसारण लाईन खण्डको मार्गाधिकार बिचबाट दुबैतर्फ ९/९ मिटर गरी १८ मिटरको हुनेछ। यस आयोजनाले १ वटा टावर निर्माण गर्नेछ। टावरको उचाइ ४९ मिटर रहेको छ भने टावर स्पान २५० मिटर र भूँई देखी बिजुलीको तार सम्मको दूरी कम्तिमा ७ मिटरको हुनेछ। यस विद्युत प्रसारण लाइन खण्डले भोटेकोशी नदीलाई २ स्थानमा नदी वार-पार गरेको छ।

प्रस्तावित विद्युत प्रसारण लाईन आयोजनाको निर्माण अनुमतिपत्र (अनुमतिपत्र संख्याः **वि.वि.वि. ०७३/७४, वि.प्र. ७६**) श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय अन्तर्गतको विद्युत विकास

विभाग द्वारा रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडलाई मिति २०७३/०८/२२ मा प्रदान गरिएको हो। उक्त अनुमतिपत्रको वहाल रहने मिति २०९८/०८/१६ सम्म रहेको छ। त्यसैगरि, श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले मिति २०७८/०६/०८ को निर्णय अनुसार रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. डबल सर्किट प्रसारण लाईनको थप अध्ययनका लागि सैद्धान्तिक सहमति प्रदान गरेको थियो। विद्युत प्रसारण अनुमति पत्र तथा सैद्धान्तिक सहमति प्रदान **अनुसूची-३** मा राखिएको छ।

२.२ प्रस्ताव कार्यान्वयनको उद्देश्यः

प्रस्तावित आयोजनाको मुख्य उद्देश्य रसुवागढी (१११ मे.वा.) जलविद्युत आयोजनाबाट उत्पादन हुने विद्युतलाई १३२ के.भी. डबल सर्किट लाईन मार्फत चिलिमे हब सबस्टेशनमा लगेर राष्ट्रिय प्रसारण लाईनमा जोड्नु रहेको छ।

२.३ प्रस्तावको आवश्यकता र औचित्यताः

प्रस्तावित प्रसारण लाईनले रसुवागढी जलविद्युत आयोजनाबाट उत्पादित १११ मे.वा. जलविद्युत ऊर्जालाई राष्ट्रिय प्रसारण लाईनमा जोडेर विद्युतिय ऊर्जा थप गर्न मद्दत गर्ने भएकोले प्रस्तावित विद्युत प्रसारण लाईन आयोजना निर्माण गर्न आवश्यक देखिन्छ।

२.४ प्रस्तावको विवरणः

२.४.१ प्रस्तावको अवस्थितिः

प्रस्तावित रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. डबल सर्किट विद्युत प्रसारण लाइन आयोजना बागमती प्रदेश, रसुवा जिल्लाको गोसाँइकुण्ड गाउँपालिका वडा नं. १ र २ तथा आमाछोदिङमो गाउँपालिका वडा नं. ४ र ५ मा अवस्थित भएता पनि थप अध्ययन गर्नुपर्ने प्रसारण लाइन खण्ड गोसाँइकुण्ड गाउँपालिका वडा नं १ र २ मा अवस्थित छ। प्रस्तावित रसुवागढी (भोटेकोशी–त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. जलविद्युत प्रसारण लाइन मार्गको टावर नं १ पछि भोटेकोशी नदी वार-पार गरी टावर नं २ लामटाङ राष्ट्रिय निकुञ्जको निजी जग्गामा निर्माण गरी पुनः पुरानै मार्गमा जोडिने भएकोले करिब २५० मिटर जलविद्युत प्रसारण लाइन मार्ग मात्र परिवर्तन भएको छ। प्रस्तावित निर्माणस्थलको नजिकमा हाल अन्य कुनै जलविद्युत आयोजनाको प्रसारण लाइन निर्माण वा निर्माणाधिन वा प्रस्ताव भएको छैन। प्रस्तावको अवस्थिति **नक्सा २-१** र **नक्सा २-२** मा दिइएको छ ।



नक्सा २-१ प्रस्तावित प्रसारण लाईन आयोजनाको अवस्थिति

स्रोतः नेपाल सरकार, सर्भे विभाग, १९९०



नक्सा २-२ प्रस्तावित जलविद्युत प्रसारण लाईन मार्गको गुगल इमेज

स्रोतः गुगल म्याप, २०८०

२.५ आयोजना सम्म पहुँचः

प्रस्तावित आयोजना पहुँचका लागि काठमाडौंबाट १६७ कि. मि. दूरी रहेको छ। स्थानीय सडकबाट प्रस्तावित टावर नं. २ निर्माण स्थल हाल सडक विभाग अन्तर्गत निर्माणाधिन गल्छि-त्रिशुली-मैलुङ-स्याफ्रुबेसी-रसुवागढी सडकसँगै जोडिएको टावर निर्माण स्थल २०० मिटर दूरीमा रहेको र टावर नं २ निर्माण स्थलसम्म पहुँचका लागि स्थानीय ग्रेभल सडक रहेको छ। आयोजना पहुँचको विस्तृत विवरण **तालिकाः २-१** मा दिइएको छ।

तालिकाः २-१ आयोजना स्थल पहुँच सम्बन्धी विवरण

स्थान	राजमार्गहरु	दूरी (किलोमिटर)
काठमाडौं देखि त्रिशुली	काठमाडौं–त्रिशुली	७८
त्रिशुली देखि स्याफ्रुवेशी	पासाङ्ल्हामु	७२
स्याफ्रुवेशी–रसुवागढी	गल्छि-त्रिशुली-मैलुङ स्याफ्रुबेसी-रसुवागढी	१७
टेकअफ यार्ड-प्रस्तावित टावर	स्थानीय सडक	०.२
कुल		**१६७.२**

२.६ प्रस्तावका संरचनागत अवयवः

प्रस्तावित आयोजनाको परिवर्तित मार्गको मुख्य विशेषता **तालिकाः २-२** बमोजिम रहेको छ।

तालिकाः २-२ आयोजनाको मुख्य विशेषता

अवयवहरु	विशेषताहरु					
	स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण			वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन		
आयोजनाको नाम	रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. विद्युत प्रसारण लाईन आयोजना			रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. विद्युत प्रसारण लाईन आयोजना		
प्रसारण लाईनको क्षमता	१३२ के.भी.			१३२ के. भी.		
प्रसारण लाइनको लम्बाइ	१० कि. मि.			२५० मि. (परिवर्तन भएको खण्ड) परिवर्तित भएको प्रसारण-(AP1-AP2-AP3)-२८°१४' १९.२९" N, ८५°२१' २८.४०" E देखि २८°१४' १४.४४" N, ८५°२१' ३२.७०"E		
आयोजनाको भौगोलिक अवस्थिति	**प्रदेश**	**जिल्ला**	**गा.पा./वडा नं.**	**प्रदेश**	**जिल्ला**	**गा.पा./वडा नं.**
	बागमती	रसुवा	गोसाँइकुण्ड-१ साविक (थुमन गा.वि.स.) र आमाछोदिङ्मो-४ र ५ साविक (चिलिमे गा.वि.स.)	बागमती	रसुवा	गोसाँइकुण्ड-१ र २(दालफेदी)
शुरु स्थान	रसुवागढी जलविद्युत आयोजनाको टेकअफ यार्ड			रसुवागढी जलविद्युत आयोजनाको टेकअफ यार्ड		
अन्त्य स्थान	चिलिमे हब सबस्टेशन			गोसाँइकुण्ड-१ स्थित टावर नं.३		
सिस्टम नोमिनल भोल्टेज	१३२ के.भी.			१३२ के.भी.		

अवयवहरु		विशेषताहरु	
		स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण	वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन
सिस्टम मेक्सिमम भोल्टेज		१४५ के.भी.	१४५ के.भी.
सिस्टम नोमिनल फ्रिक्वन्सी		५० हर्ज	५० हर्ज
सर्किट		डबल	डबल
क्षेत्राधिकार (RoW)		१८ मि.	१८ मि.
कुल टावरको संख्या		३२	परिवर्तित टावर संख्या-१ २८°१४' १४.४४" N, ८५°२१' ३२.७०" E
सस्पेन्सन टावरको संख्या		छैन	छैन
मुख्य नदी क्रसिङ		चिलिमे खोला	भोटेकोशी नदी
कृषि सडक क्रसिङ्ग		छैन	छैन
पैदल मार्ग क्रसिङ्ग		१०	छैन
प्रसारण लाईन क्रसिङ्ग		छैन	छैन
क्षेत्राधिकार भित्र पर्ने भौतिक पूर्वाधार		छैन	छैन
प्रसारण लाईन नजिक पर्ने गाउँबस्ती		दालफेदी, थुमन, पुजन, मेन्दो	दालफेदी
क्लियरेन्स	न्युनतम	७ मि. ६५° से.	७ मि. ६५° से.
	पेडेस्ट्रियन	७ मि.	७ मि.
	रेसिडेन्सियल	७ मि.	७ मि.
	सडक तथा गल्ली	८ मि.	८ मि.
	राजमार्ग	८ मि.	८ मि.
	मेटल/ रुफ्ड ब्युल्डिङ्ग	५ मि.	५ मि.
	पावर लाईन	३.५ मि.	३.५ मि.
	टेलिकमुनिकेसन	३.५ मि.	३.५ मि.

अवयवहरु		विशेषताहरु	
		स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण	वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन
	लाईन		
	फेज स्पेसिङ्ग	३.७५ मि.	३.७५ मि.
टावरको उचाइ		३० मि.	४९ मि.
फाउन्डेसन क्षेत्रफल		औसत १०*१० मिटर प्रत्येक टावर फाउन्डेसन	१९*१९ मिटर टावर फाउन्डेसन
टावरको न्यूनतम स्पान		१५९ मि.	१५९ मि.
टावरको अधिकतम स्पान		५३० मि.	५३० मि.
		कन्डक्टर स्पेसिफिकेसनः	
कन्डक्टरको आकार		३२६.१ वर्ग मि.मि.	३२६.१ वर्ग मि.मि.
कन्डक्टरको प्रकार		ACSR (Bear)	ACSR (Bear)
कन्डक्टरको व्यास		२३.४५ मि.मि.	२३.४५ मि.मि.
अल्टिमेट स्ट्रेन्थ		११३४० कि. ग्रा.	११३४० कि. ग्रा.
मोडुलस अफ इलास्टिसिटी		८२०० कि. ग्रा. वर्ग मि.मि.	८२०० कि. ग्रा. वर्ग मि.मि.
कोफिसेन्ट अफ लिनियर इक्सपान्सन		१७.८*१०$^{-६}$	१७.८*१०$^{-६}$
स्टेन्डर मास अफ कन्डक्टर		१२१४ कि. ग्रा. प्रति किलोमिटर	१२१४ कि. ग्रा. प्रति किलोमिटर
Electrical D.C. resistance at 20 ^{o}C (ohm/km)		०.१०९३	०.१०९३
Standard unjointed length on reel (m)		२०००	२०००
Every day stress (N/ mm^2)		६०	६०
		डिजाइन डाटाः	
		तापक्रमः	
Maximum ambient temperature ^{o}C		४५	४५
Minimum ambient temperature ^{o}C		०	०
Maximum temperature of		८०	८०

अवयवहरु	विशेषताहरु	
	स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण	वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन
conductor °C		
Everyday temperature of conductor °C	३२	३२
	वाइण्ड लोडः	
Wind pressure on the whole projected area of conductors kg/m^2	७५	७५
Wind pressure on the whole projected area of steel angle members kg/m^2	१२१	१२१
Wind pressure on 1.71 times projected area of steel angle face of structure kg/m^2	२०७	२०७
ओ.पि.जि.डब्लु (OPGW)		
Coefficient of thermal expansion (per °C)	१०९.४८*१०$^{-६}$	१०९.४८*१०$^{-६}$
Cable Weight (Kg/km)	४८७	४८७
Breaking Load (kN)	८६.६	८६.६
Outer Diameter (mm)	११.४	११.४

स्रोतः रसुवागढी जलविद्युत प्रसारण लाईन आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन, २०१८

२.७ आयोजना सम्बन्धी क्रियाकलापः

प्रस्ताव कार्यान्वयनको दौरान निम्न बमोजिमका क्रियाकलापहरु अवलम्बन गरिने छन्;

२.७.१ निर्माणपूर्वः

प्रस्तावित आयोजनाले निर्माणपूर्व सरोकारवाला निकायबाट स्वीकृति प्राप्त गर्ने, ग्राउण्ड क्लियरेन्स, जग्गा प्राप्ति आदि क्रियाकलापहरु गर्नेछ।

२.७.२ निर्माण अवधिः

निर्माण समयमा गरिने क्रियाकलापहरुमा निर्माण सामग्रीहरुको ढुवानी, भण्डारण, टावर फाउन्डेसन तथा टावर निर्माण, तार तान्ने काम गर्ने आदि कार्य गरिने छन्। तार तान्ने कार्य आवश्यकता अनुसार म्यानुअल्ली, वेन्च मेसिन र पुलर मेसिनको प्रयोग गरि गरिने छ।

२.७.३ सञ्चालन अवधिः

प्रस्तावित आयोजनाले सञ्चालन अवधिमा नियमित मर्मत सम्भार तथा क्षेत्राधिकार क्लियरेन्सको कार्य गर्नेछ।

२.८ आयोजनाका लागि आवश्यक निर्माण सामग्रीः

प्रस्तावित आयोजनाको परिवर्तित २५० मि. प्रसारण लाइन खण्डको निर्माण गर्नको लागि आवश्यक निर्माण सामग्री, तिनको परिमाण र स्रोत **तालिकाः २-३** मा प्रस्तुत गरिएको छ;

तालिकाः २-३ आवश्यक निर्माण समाग्री र परिमाण

क्र.सं.	सामग्री	एकाइ	परिमाण	स्रोत
१	एग्रिगेट्स	क्यू. मि.	५०	आयोजनाको क्रसर
२	बालुवा	क्यू. मि.	२५	आयोजनाको क्रसर
३	सिमेन्ट	बोरा	४६८	नवलपरासी
४	फलाम छड	टन	४.४५	नवलपरासी
५	स्टिल	टन	१८.७२	भारत
६	कन्डक्टर	के. जी.	१८२१	विराटनगर
७	इन्सुलेटर	वटा	२४	भारत

स्रोतः रसुवागढी जलविद्युत प्रसारण लाईन आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन, २०७९

२.९ प्रयोग हुने ऊर्जा किसिम, स्रोत, खपत हुने परिमाणः

प्रस्तावित आयोजना निर्माण सम्पन्न गर्नका लागि ३० के.भी.ए. क्षमताको मोबाइल डिजेल जेनेरेटर प्रयोग गरिने छ।

२.९.१ आवश्यक जनशक्तिः

आयोजना निर्माणका लागि कुल ६६ मेनमन्थ कामदारहरु आवश्यक पर्ने देखिन्छ। आयोजनाका लागि ३ मेनमन्थ दक्ष, २६ मेनमन्थ अर्धदक्ष र ३६ मेनमन्थ अदक्ष जनशक्तिको आवश्यकता पर्नेछ। आयोजना सञ्चालन चरणमा २ जना कामदारहरू मर्मत तथा संभारका लागि नियुक्ति गर्नेछ । निर्माण चरणमा आवश्यक जनशक्तिको विवरण **तालिकाः २-४** मा प्रस्तुत गरिए बमोजिम रहेको छ।

तालिकाः २-४ आवश्यक जनशक्तिको वर्गीकरण

क्र.सं.	आवश्यक जनशक्तिको	
	वर्गीकरण	मेनमन्थ
१	दक्ष	३
२	अर्ददक्ष	२६
४	अदक्ष	३६

स्रोतः रसुवागढी जलविद्युत प्रसारण लाईन आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन, २०७९

२.९.२ पूर्व स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा प्रस्तावित आवश्यक जग्गाः

पुर्व स्विकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा क्षेत्राधिकार, टावर फाउण्डेशन र अस्थायी शिविरहरू निर्माणका लागि कुल १८.१९ हे. जग्गा आवश्यक पर्ने देखिएको छ। आवश्यक जग्गा सम्बन्धी विवरण **तालिकाः २-५** मा दिइएको छ।

तालिकाः २-५ पूर्व स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा प्रस्तावित जग्गाको विवरण

क्र.सं.	आवश्यक जग्गा	स्थायी (हेक्टर)	अस्थायी (हेक्टर)	प्रतिबन्ध (हेक्टर)	कुल (हेक्टर)
१	सरकारी वन क्षेत्रमा ५ वटा टावरको फाउण्डेशन @ १०० वर्ग मि./फाउण्डेशन	०.०५	०	०	०.०५
२	कृषिवादी भूमि क्षेत्रमा १० वटा टावरको फाउण्डेशन @ १०० वर्ग मि./फाउण्डेशन	०.१०	०	०	०.१०
३	अन्य प्रयोगमा प्रयोग नभएको बारी भूमि क्षेत्रमा १७ वटा टावर @ १०० वर्ग मि./फाउण्डेशन	०.१७	०	०	०.१७
४	सरकारी वन क्षेत्रमा १८ म चौडा ROW मा भूमि प्रयोग प्रतिबन्ध	०	०	१.६८८	१.६८८
५	कृषिवादी भूमि क्षेत्रमा १८ म चौडा ROW मा भूमि प्रयोग प्रतिबन्ध	०	०	६.१३१	६.१३१
६	बारी भूमिमा १८ म चौडा ROW मा भूमि प्रयोग प्रतिबन्ध	०	०	९.९०१	९.९०१
कुल		०.३२	०	१७.७२	१८.०४
७	अस्थायी प्रयोगको लागि भाडामा लिइएको भूमि शिविर र सामग्री भण्डारणका लागि	०	०.१५	०	०.१५
कुल		**०.३२**	**०.१५**	**१७.७२**	**१८.१९**

स्रोतः अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, २०७६

२.९.३ हाल परिवर्तित २५० मि. प्रसारण लाईनका लागि आवश्यक जग्गाः

रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको परिवर्तित विद्युत प्रसारण लाइन (१३२ के.भी.) को क्षेत्राधिकार १८ मि. कायम भए अनुसार २५० मि. लम्बाइको प्रसारण लाईनका लागि क्षेत्राधिकार भित्र कुल ०.४५० हे. जग्गा आवश्यक पर्ने देखिएको छ। आवश्यक जग्गा मध्ये लामटाङ राष्ट्रिय निकुञ्ज अन्तर्गतको ०.३६० हे. जग्गा प्रस्तावित आयोजनाको क्षेत्राधिकार भित्र तथा ०.०९० हे. लामटाङ राष्ट्रिय निकुञ्ज भित्रको स्थानीय व्यक्तिको निजी

जग्गा पर्दछ। त्यैसैगरि, टावर निर्माणका लागि ०.०३६ हे. राष्ट्रिय निकुञ्जभित्रको स्थानीय व्यक्तिको निजी जग्गा रहेको छ। उक्त जग्गा भौगोलिक हिसाबले ला.रा.नि. भित्र तथा कानुनी हिसाबले बाहिर पर्दछ। त्यस बाहेक निर्माण सामग्री भण्डारण तथा निर्माण शिविरको लागि स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन बमोजिम हुनेछ। रसुवागढी (भोटेकोशी-त्रिशुली) १३२ के.भी. प्रसारण लाइनको लम्बाइ कुल १० कि.मि. मा परिवर्तन नभएकाले पूर्व स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा दिएको जग्गाको परिमाण र हाल परिवर्तित प्रसारण लाईन खण्डको जग्गाको कुल परिणाममा परिवर्तन भएको छैन्। परिवर्तित विद्युत प्रसारण लाइन खण्डको लागि आवश्यक जग्गाको क्षेत्रफल र प्रकार **तालिकाः २-६** मा प्रस्तुत गरिए बमोजिम रहेको छ।

तालिकाः २-६ आयोजनालाई आवश्यक पर्ने जग्गाको क्षेत्रफल र प्रकार

आयोजनाको अवयवहरु	जग्गाको प्रकार (हे.) मा		कुल जग्गा (हे.)
	लामटाङ रा.नि.क्षेत्र		
	लामटाङ रा. नि. को वन क्षेत्र	निजी	
क्षेत्राधिकार	०.३६०	०.०९०	०.४५०
टावर निर्माणका लागि	०	०.०३६	०.०३६

स्रोतः रसुवागढी जलविद्युत प्रसारण लाईन आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन, २०७९

२.१० निर्माण तालिका

रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको परिवर्तित विद्युत प्रसारण लाइन आयोजना निर्माण सम्पन्न गर्नका लागि तीन चरणमा कार्य गरिने छ जस अन्तर्गत जग्गा प्राप्ती, सहायक संरचनाहरु निर्माण, सिभिल वर्क्स अन्तर्गत फाउन्डेसन निर्माण कार्य, टावर संरचना निर्माण कार्य र तारहरु तान्ने कार्य पर्दछन्। यस आयोजना निर्माण गर्न जम्मा ४२ दिन समय लाग्ने अनुमान गरिएको छ।

तालिकाः २-७ प्रसारण लाईनको निर्माण तालिका

क्र.सं.	निर्माण सम्बन्धि अवयवहरु	हप्ता					
		१	२	३	४	५	६
१	ठेक्का प्रकृया	■	■				
२	टावरको जग निर्माण तथा टावर निर्माण			■	■	■	
३	मार्गाधिकार खाली गर्नु					■	
४	तार तान्ने					■	■
५	विद्युत प्रवाह परिक्षण						■

स्रोतः रसुवागढी जलविद्युत प्रसारण लाईन आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन, २०७९

२.११ आयोजनाका सहायक संरचनाहरुः

२.११.१ आवास क्षेत्रः

निर्माण कार्यको स्थलगत निरिक्षण तथा अनुगमन गर्न प्रस्तावकले रसुवागढी जलविद्युत आयोजनाले हाल प्रयोगमा रहेको टिमुरे स्थित कार्यालय भवन नै प्रयोग गर्नेछ। प्रस्तावित आयोजना निर्माण गर्न ठेकेदार कम्पनीले आवश्यक पर्ने आवासको लागि स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन बमोजिम हुनेछ। सो क्षेत्रमा उत्सर्जन हुने फोहरमैला जैविक र अजैविक फोहर अलग-अलग सङ्कलन गरि जैविक फोहरको मल बनाएर आयोजनाको आवासमा निर्माण गरिएको बगैचामा प्रयोग गरिने छ भने अजैविक फोहोरमैला लाई 3R (कम प्रयोगिय, पुनः प्रयोग र पुर्न चक्रिय) गरि गरिने छ। आयोजना क्षेत्रमा ठोस फोहरमैला जलाउन प्रतिबन्ध गरिने छ।

२.११.२ निर्माण सामग्री भण्डारण स्थलः

निर्माण सामग्री भण्डारणको लागि स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन बमोजिम हुनेछ।

२.११.३ बिग्रन व्यवस्थापन स्थलः

प्रस्तावित आयोजनाको परिवर्तित टावर निर्माण गर्दा कुल ३१५ घनमिटर मक उत्सर्जन हुने देखिन्छ। उत्सर्जित मकलाई टावरको फाउन्डेसन पुर्नभरणका लागि प्रयोग गरिने छ। उक्त टावरबाट उत्सर्जन हुने मकले लामटाङ रा.नि. मा असर नपर्ने गरि गरिने छ।

परिच्छेद-३ प्रतिवेदन तयार गर्दा अपनाइएको विधिः

३.१ सन्दर्भ सामग्रीको पुनरावलोकनः

यस अध्ययन अन्तर्गत आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदनको अध्ययन, वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत कार्यसूची तथा क्षेत्र निर्धारण प्रतिवेदन, प्रस्ताव क्षेत्रको भूबनोट, भू-उपयोग आदिसँग सम्बन्धित नक्साको अध्ययन, गोसाँइकुण्ड गाउँपालिका वस्तुगत विवरण, २०७७ को अध्ययन, रसुवागढी जलविद्युत आयोजनाको १३२ के.भी. प्रसारण लाइनको स्वीकृत अद्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, २०७६, राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण, २०७८, लामटाङ राष्ट्रिय निकुञ्ज मध्यवर्ति व्यवस्थापन योजना, २०७७/७८–८१/८२, जल तथा मौसम सम्बन्धी तथ्याङ्कका लागि जल तथा मौसम पूर्वानुमान माहाशाखाबाट प्रकाशित तथ्याङ्कको अध्ययनका साथै स्वीकृत अद्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, २०७६, मा उल्लेख गरिएका कानूनी दस्तावेज बाहेक पनि प्रस्तावसँग आर्कषित हुने हाल प्रचलनमा रहेका थप कानुनहरूको पुनरावलोकन गरिएको थियो, त्यस्तै स्थलगत अध्ययनको लागि आवश्यक चेकलिष्ट पनि निर्माण गरिएको थिए।

३.२ प्रस्तावको प्रभाव क्षेत्र निर्धारण (प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव क्षेत्र):

३.२.१ आयोजनाको प्रभाव क्षेत्र निर्धारणः

आयोजनाले कार्यान्वयनबाट पर्ने प्रभावहरुको अध्ययनको लागि आयोजना क्षेत्रलाई प्रत्यक्ष प्रभाव क्षेत्र र अप्रत्यक्ष प्रभाव क्षेत्रमा विभाजन गरिएको थियो।

३.२.१.१ प्रत्यक्ष प्रभाव क्षेत्रः

प्रत्यक्ष प्रभाव क्षेत्र रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. विद्युत प्रसारण लाईनको टावर नं १ देखि टावर ३ सम्मको परिवर्तित २५० मि. खण्डको क्षेत्राधिकार १८ मि. वरिपिरको (Buffer Boundary) क्षेत्रलाई निर्धारण गरिएको छ। यस क्षेत्रमा आयोजना निर्माणका कारणले वातावरणीय अवयवहरुमा प्रत्यक्ष रुपमा प्रभाव पर्नेछ।

३.२.१.२ अप्रत्यक्ष प्रभाव क्षेत्रः

रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको परिवर्तित २५० मि. खण्डको विद्युत प्रसारण लाइन निर्माण हुने गोसाँइकुण्ड गाउँपालिका वडा नं १ र २ लाई अप्रत्यक्ष प्रभाव क्षेत्रमा निर्धारण गरिएको छ यस क्षेत्रमा प्रस्तावित आयोजना निर्माण गर्दा अप्रत्यक्ष (spillover) प्रभाव पर्नेछ।

३.२.२ आयोजना प्रभावित घरपरिवार

प्रस्तावित आयोजनाले अधिग्रहण गरेको कारण आवासीय संरचना गुमाउने वा आफ्नो जग्गा गुमाउने घर परिवारलाई PAF अन्तर्गत वर्गिकृत गरिएको छ। ।

३.२.२.१ आयोजना अतिप्रभावित घरपरिवार (SPAF)

५० प्रतिशत भन्दा बढी सम्पत्ति वा स्थायी निवास अधिग्रहण गरेको कुनै पनि परिवारलाई अति प्रभावित परिवार भनि वर्गीकरण गरिएको छ। आयोजनाका गतिविधिले विस्थापित घरपरिवार पनि यस समूह अन्तर्गत पर्दछ। प्रस्तावित आयोजनामा अति प्रभावित घरपरिवार रहेका छैनन्।

३.२.२.२ आयोजना प्रभावित घरपरिवार (PAF)

प्रस्तावित आयोजनाले अधिग्रहण गरेको कारण आवासीय संरचना गुमाउने वा आफ्नो कुल जग्गाको ५० प्रतिशत भन्दा कम जग्गा गुमाउने घर परिवारलाई आयोजना प्रभावित घरपरिवार अन्तर्गत वर्गिकृत गरिएको छ। प्रस्तावित आयोजनामा ३ घरपरिवार प्रत्यक्ष प्रभावित घरपरिवारमा वर्गीकृत गरिएका छन्।

३.३ स्थलगत अध्ययनः

यस अन्तर्गत विषयगत विज्ञको टोलीले प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा मिति २०८०/१/११ देखि २०८०/१/१३ सम्म स्थलगत भ्रमण गरी आवश्यक भौतिक, जैविक र सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणीय तथ्याङ्कहरु सङ्कलन गरेका थिए।

३.३.१ भौतिक वातावरणः

प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको प्रत्यक्ष अवलोकन गरि विद्यमान अवस्थामा रहेका भुक्षय तथा पहिरोको अवस्था पहिचान गरिएको थियो। त्यस्तै आयोजना क्षेत्रको भू-उपयोग, गुगल नक्साको अध्ययन गरिएको छ। आयोजना क्षेत्रको वायुको गुणस्तर Air Visual Pro मार्फत २४ घण्टाको मापन गरिएको थियो air visual pro real time monitoring यन्त्र हो। त्यसैगरि, sound level meter प्रयोग गरि Equivalent Sound Level निकालिएको थियो।

३.३.२ जैविक वातावरणः

जैविक वातावरण अन्तर्गत वनको किसिम, वनस्पतिको प्रकार तथा प्रजाति सम्बन्धी तथ्याङ्क सङ्कलन Walkthrough Survey द्वारा गरिएको थियो। वन्यजन्तु तथा प्रजाति र तिनको वासस्थान र विचरणको अवस्था सम्बन्धी तथ्याङ्कका लागि आयोजना क्षेत्रमा Walkthrough Survey, प्रत्यक्ष अवलोकन, Photography को माध्यमबाट गरिएको थियो। मुख्य जानकार व्यक्तिसँग अन्तर्वार्ता, लाङ्टाङ राष्ट्रिय निकुञ्ज कार्यालयबाट तथ्याङ्क सङ्कलन गरिएको थियो।

३.३.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणः

सामाजिक, आर्थिक र सांस्कृतिक वातावरण सम्बन्धी तथ्याङ्कहरु सङ्कलन गर्दा सहभागिता मूलक प्रत्यक्ष अवलोकन गरी प्रभावित क्षेत्रको विद्यालय, स्वास्थ्य चौकी, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदा र खानेपानी तथा सिंचाइ, कृषि सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ।

आयोजना प्रभावित परिवार सम्बन्धी विवरण सङ्कलन गर्दा केडेस्ट्रल मेप (Cadastral Map) तयार गरी आयोजनाले अधिग्रहण गर्ने जग्गा निर्धारण गरिएको थियो। प्रत्यक्ष प्रभावित घरधूरीहरूको घरधूरी सर्वेक्षण गरि सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणीय विवरण सङ्कलन गरिएको थियो।

३.४ सार्वजनिक सुनुवाईः

वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ को उपनियम (१) बमोजिम प्रस्ताव कार्यान्वयनबाट प्रभावित गोसाँइकुण्ड गाउँपालिका टिमुरेमा प्रस्तावको बारेमा मिति २०८०/०१/१० मा उपनियम (२) बमोजिम स्थानीय समुदाय, र स्थानीय तहका प्रतिनिधिको सहभागितामा सार्वजनिक सुनुवाईको आयोजना गरी रायसुझाव सङ्कलन गरिएको थियो। उपनियम (४) बमोजिम सार्वजनिक सुनुवाई गर्ने प्रयोजनका लागि सार्वजनिक सुनुवाईको मिति, समय, स्थान र आयोजनाको सम्बन्धमा प्रचार प्रसार गर्नका लागि मिति २०८०/०१/०६ राष्ट्रिय दैनिक स्थानीय पत्रिकामा सूचना प्रकाशन गरिएको थियो। सूचनाको प्रतिलिपि **अनुसूची ६** मा समावेस गरिएको छ।

३.५ सार्वजनिक सूचना तथा सूचना सम्प्रेषणः

वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ उपनियम (२) बमोजिम प्रस्ताव कार्यान्वयन हुने स्थानीय तह तथा त्यस क्षेत्रमा रहेका सम्बन्धित सरोकारवाला निकाय, व्यक्ति वा संस्थालाई सो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको सम्बन्धमा सात दिन भित्र लिखत रायसुझाव उपलब्ध गराउन अनुसूची–९ बमोजिमको ढाँचामा प्रभावित क्षेत्रको स्थानीय तहको कार्यालय, सो क्षेत्रमा रहेको शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा सार्वजनिक स्थलमा सूचना टाँस गरी मुचुल्का तयार गरिएको थियो र उपनियम (३) बमोजिम सोही सूचना मिति २०८०/१०/८ मा आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशित गरिएको थियो। सूचना टाँस भएको मितिले सात दिनको म्याद भित्र कुनै पनि रायसूझाव प्राप्त हुन सकेन। सूचनाको प्रतिलिपि **अनुसूची ८** मा र मूचुल्का सम्बन्धीका सम्पूर्ण कागजात **अनुसूची ७** मा समावेश गरिएको छ।

३.६ सिफारिस पत्र सङ्कलनः

वातावरण संरक्षण नियमावली २०७७ को नियम ८ को उपनियम (९) र (१०) सँग सम्बन्धित अनुसूची-१४ बमोजिमको ढाँचामा प्रस्ताव कार्यान्वयन हुने गोसाँइकुण्ड गाउँपालिका बाट सिफारिस पत्र सङ्कलन गरिएको छ। उक्त सिफारिस पत्रलाई **अनुसूची ९** मा राखिएको छ। त्यसैगरि, सम्बन्धित विषयगत कार्यालय लामटाङ राष्ट्रिय निकुञ्जमा १५ दिनभित्र रायसुझाव सहित सिफारिस उपलब्ध गराउन निवेदन दिएको थियो। सो निवेदनको कार्यालय प्रति पनि **अनुसूची ९** मा समावेश गरिएको छ।

३.७ तथ्याङ्क विश्लेषण

३.७.१ भौतिक वातावरणः

आयोजना क्षेत्रमा रहेको भू-उपयोग, धरातलिय अवस्था, भौगर्भिक अवस्था आदिको लागि नक्साको माध्यमबाट विश्लेषण गरिएको थियो। वायुको गुणस्तर र ध्वनिको गुणस्तरका लागि वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ र ध्वनिको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ सँग तुलना गरि विश्लेषण गरिएको थियो।

३.७.२ जैविक वातावरणः

नेपाल सरकारको संरक्षित वन्यजन्तु तथा वनस्पति सम्बन्धी सूची, अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघको रातो किताबको सूची र संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्टिय व्यापार नियन्त्रण सम्बन्धी महासन्धिका परिशिष्टहरूमा समावेश गरिएका वन्यजन्तु तथा वनस्पति बमोजिम लोपोन्मुख, संकटापन्न आदि वर्गमा राखिएका वन्यजन्तु तथा वनस्पतिहरूको संरक्षणको विश्लेषण गरिएकोछ।

३.७.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणः

सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणका तथ्याङ्कलाई पनि परिणात्मक तथा वर्णनात्मक रूपमा विश्लेषण गरि आयोजना क्षेत्रको सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणको अवस्था चित्रण गरिएको छ। ती तथ्याङ्कलाई सरल तरिकाले प्रस्तुत गर्न चार्ट र ग्राफ प्रयोग गरिएको छ।

३.८ वातावरणीय प्रभावहरूको पहिचान, आँकलन तथा प्रभावको मूल्याङ्कन विधिः

प्रस्तावबाट वातावरणमा पर्न सक्ने प्रभावको परिमाण, सीमा र समयावधि राष्ट्रिय वातावरणीय प्रभावको मूल्यांङ्कन निर्देशिका, २०५० मा उल्लेख भए अनुसार वर्गीकरण गरिएको छ। तलको तालिकामा प्रभावको तह तथा उल्लेखनीयता आँकलन गर्ने आधार उल्लेख गरिएको छ।

तालिकाः ३-१ प्रभावको तह आँकलन गर्ने आधार

परिमाण	मान	सिमा	मान	अवधि	मान	प्रकार
उच्च	६०	क्षेत्रिय	६०	दीर्घकालीन	२०	प्रत्यक्ष
मध्यम	२०	स्थानीय	२०	मध्यकालीन	१०	अप्रत्यक्ष
न्यून	१०	स्थान निर्दिष्ट	१०	अल्पकालीन	०५	

स्रोतः राष्ट्रिय वातावरणीय प्रभावको मूल्याङ्कन निर्देशिका, २०५०

यसरी प्रभावको परिमाण, सीमा, समयावधिहरूको मान जोड्दा आउने मान अनुसार प्रभावको महत्त्व निक्यौंल गरिएको छ। उक्त मानहरूको अधिकतम योग १४० र न्यूनतम २५ हुन आउछ।

जम्मा मान	प्रभावको महत्त्व	कैफियत
<४५	न्यून	
४५–७५	मध्यम	
>७५	उच्च	

३.९ वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन लेखन

वातावरण संरक्षण नियमावली २०७७ को अनुसूची १२ बमोजिमको ढाँचामा प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गरिएको छ।

परिच्छेद-४ प्रस्तावसँग सम्बन्धित नीति, कानुन तथा मापदण्डः

रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. विद्युत प्रसारण लाईन आयोजनाको स्वीकृत अध्यावधिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लिखित रहेका कानूनी दस्तावेजहरू बाहेक हाल थप नयाँ प्रचलित कानूनहरू पुनरावलोकन गरि पुनरावलोकन गरिएका कानुनी दस्तावेजहरू तल प्रस्तुत गरिएका छन्;

पुनरावलोकन गरिएका कानूनी दस्तावेजः	सम्बन्धित दफा, खण्ड, बुँदा	सम्बन्धित विवरण
आवधिक योजनाः		
पन्ध्रौं योजना, (२०७६/७७-२०८०/८१)	खण्ड ८.१	जलविद्युतको विकास गरी ऊर्जा सुरक्षा सुनिश्चित गर्ने लक्ष्य लिएको छ।
राष्ट्रिय जल योजना, २०५९-२०६४	खण्ड ७	जलस्रोतको ५ बर्षे, १५ बर्षे र २५ बर्षे जल उपयोग सम्बन्धी रणनीति समावेश गरेको छ।
नीतिः		
फोहोरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९	बुँदा नं. ८ को ८.१, ८.२, ८.३ र ८.४	घरेलु तथा औद्योगिक र सेवा क्षेत्रबाट उत्पादन हुने फोहोरमैलाको व्यवस्थापन सम्बन्धी कानून तथा मापदण्डलाई मार्गदर्शन गर्नु, वातावरणीय प्रदूषण र जनस्वास्थ्यमा पर्ने नकारात्मक प्रभाव न्यूनीकरण, संघीय एकाइको भूमिका र फोहोरमैलाको व्यवस्थापनमा नविनतम प्रविधिको प्रयोग गर्ने व्यवस्था गरेको छ।
लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७८		जातिय, भेगिय एवम् लैंगिक भेदभाव मुक्त एवम् न्यायपूर्ण समतामूलक समाजको निर्माण गर्ने दीर्घकालीन सोच राखी यस नीति निर्माण गरिएको छ ।
राष्ट्रिय वातावरण नीति, २०७६	बुँदा ६ र बुँदा ८	प्रदूषण नियन्त्रण, फोहरमैला व्यवस्थापन र हरियाली प्रवर्द्धन, र न्यूनीकरण सम्बन्धी नीति रहेका छन्।

राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६	बुँदा नं. ७ र ८	सुरक्षित तथा स्वस्थ्य वातावरणमा काम गर्न पाउने श्रमिकको अधिकार सुनिश्चित एवं उत्पादकत्व अभिवृद्धि गर्ने र व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको मापदण्ड र उपायहरूको अवलम्बन एवम् अभ्यास गर्दै सुरक्षित कार्यस्थल सुनिश्चित गर्ने ।
राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६	बुँदा ८.७.४ र ७.३	स्वच्छ ऊर्जा स्रोतका रुपमा जलविद्युत उत्पादनमा प्राथमिकताका दिई जलविद्युत उत्पादन गरी हरितगृह ग्याँस न्यून गर्ने कुरा उल्लेख छ।
राष्ट्रिय भूमि नीति, २०७५	खण्ड ३.३.५	पर्यावरणीय विविधता कायम राखी जमिनमा परिरहेको प्रतिकूल प्रभाव नियन्त्रणमा जोड दिने कुरा उल्लेख गरिएको छ।
राष्ट्रिय वन निति, २०७५	खण्ड ८.१ र ८.४	राष्ट्रिय प्राथमिकता प्राप्त र राष्ट्रिय गौरवका आयोजना सञ्चालन गर्न वन क्षेत्र प्रयोग, वृक्षारोपण र वनको पुर्नस्थापना सम्बन्धी कुरा।
राष्ट्रिय सिमसार नीति, २०६९	बुँदा ४	सिमसार क्षेत्रमा भएका जैविक विविधता संरक्षण गरी बुद्धिमत्तापूर्ण प्रयोगमा जोड दिएको छ।
जलविद्युत विकास नीति,२०५८	बुँदा ५.८ र बुँदा ६.१.१	यस नीतिमा जलविद्युत आयोजनाको सञ्चालनबाट हुन सक्ने प्रतिकूल वातावरणीय प्रभाव न्यूनीकरण गर्नको साथै विस्थापित परिवारहरुको उचित पुनर्स्थापना गर्नुपर्ने कुरा, प्रसारण लाइनहरू, वितरण लाइनहरूले पर्ने प्रत्यक्ष प्रभावहरू वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख गर्नु पर्ने कुरा छ।
राष्ट्रिय जलस्रोत रणनीति, २०५८		यसमा खासगरी जलउत्पन्न प्रकोप नियन्त्रण, जलाधार तथा जलचर व्यवस्थापन रणनीति तयार गरेको छ।

कृषि जैविक विविधता नीति, २०६३	मूलनीतिको प्रकरण ४	कृषि जैविक विविधतालाई संरक्षण, संवर्द्धन र दिगो उपयोग गरी कृषिको समुचित विकास एवं खाद्य तथा पोषण सुरक्षा सुदृढ गर्ने। कृषकको परम्परागत ज्ञान, सिप, खोज, प्रविधि, उपयोग र अभ्यासहरुको हक हितको संरक्षण एवं संवर्द्धन गर्ने। कृषि आनुवंशिक स्रोत तथा पदार्थको पहुँच र उपयोगबाट श्रृजित अवसर र लाभहरुको समन्यायिक एवम् न्यायिक वितरण प्रणालीको व्यवस्था मिलाउने। दीर्घकालीन रुपमा कृषि जैविक विविधताको संरक्षण एवम् संवर्द्धन गरी पर्यावरणीय सन्तुलन अभिवृद्धि गर्नमा योगदान पुऱ्याउने।
ऐनः		
तथ्याङ्क ऐन, २०७९	दफा ८ को उपदफा २ दफा १०	यस ऐनमा आन्तरिक प्रयोजनका लागि तथ्याङ्क संकलन वा प्रकाशन गर्न र प्राज्ञिक वा निजी अध्ययन अनुसन्धानका लागि तथ्याङ्क संकलन गर्न अनुमति लिनु पर्ने छैन। कुनै पनि व्यक्ति, परिवार तथा संस्थाको गोपनियता सम्बन्धी हक रहने छ साथै सो सम्बन्धी सूचनाहरू सरकारी काममा बाहेक सार्वजनिक गरिने छैन् ।
वातावरण संरक्षण ऐन, २०७६	दफा ३ को उपदफा २, उपदफा ४, दफा ४ दफा ५, दफा ६, दफा ११, दफा १२ र दफा ३५	यस ऐनमा वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदन स्वीकृतिको लागि पेश गरिने निकाय, सार्वजनिक सुनुवाई, क्षेत्रनिर्धारण तथा कार्यसूची सम्बन्धी व्यवस्था गरेको छ। मापदण्ड एवं गुणस्तर कायम, पूरक वातावरणीय प्रभाव मूल्याङ्कन, वातावरणीय परीक्षण, जरिबाना सम्बन्धी व्यवस्था गरेको छ।
वन ऐन, २०७६	दफा ४२ र दफा ४४	यस ऐनमा वन क्षेत्रको जग्गा उपयोग र वातावरणीय सेवाको व्यवस्थापन सम्बन्धी कुरा उल्लेख गरेको छ।

भू–उपयोग ऐन, २०७६	दफा ४, दफा ८, दफा १० र दफा २५	यस ऐनमा भूउपयोग क्षेत्रको वर्गीकरण, भूउपयोग परिवर्तन गर्न नहुने, जग्गाको खण्डीकरण नियन्त्रण, सजाय सम्बन्धी व्यवस्था गरेको छ।
संघ, प्रदेश र स्थानीय तह अन्तरसम्बन्ध ऐन, २०७६	दफा १६, १७ र १८	राष्ट्रिय समन्वय परिषदको गठन र काम, कर्तव्य र अधिकार, प्रदेश समन्वय परिषदको गठन र काम, कर्तव्य र अधिकार र जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ।
उपभोक्ता संरक्षण ऐन, २०७५	परिच्छेद २ र ३ अन्तर्गतका दफाहरु	उपभोक्तालाई गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने अधिकार सुनिश्चितता गरेको छ।
खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५	दफा ३, ५, १२, १३, १६ र २०	यस ऐनमा प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी अधिकार तथा खाद्य सुरक्षाको अधिकार, लक्षित घरपरिवारको पहिचान, खाद्य सम्प्रभुताको अधिकार, कृषि पेसाको संरक्षण र किसानको जीवनस्तरको प्रवर्द्धन, स्थानीय कृषि बाली तथा पशुजन्य उत्पादनको प्रवर्द्धन र उचित क्षतिपूर्तीको सम्बन्धी व्यवस्था रहेको छ।
बालबालिका सम्बन्धी ऐन, २०७५	दफा ६६, दफा ३ देखि १५ सम्म	यस ऐनले बालबालिका विरद्धको कसुर सम्बन्धी व्यवस्था गरेको छ साथै बालबालिकाको अधिकार सम्बन्धी व्यवस्था गरेको छ।
मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४	दफा ३२, ५२,१५१,१५२ र १५९	फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन, दायरी, कारबाही, सुनुवाई र किनारा तथा सोसँग सम्बन्धित अन्य कार्यविधि र त्यस्ता मुद्दामा भएको फैसला कार्यन्वयन सम्बन्धी व्याख्या गरिएको छ।
योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४	दफा ४ र दफा १०	यस ऐनमा रोजगारदाताले श्रमिकको योगदानयोग्य रकम जम्मा गर्नु पर्ने तथा सामाजिक सुरक्षा योजना सञ्चालन गर्ने सम्बन्धी कुरा उल्लेख गरेको छ।

विद्युत नियमन आयोग ऐन, २०७४	दफा ३, दफा १३ र दफा १९	यस ऐनमा आयोगको स्थापना, महशुल निर्धारण गर्ने तथा खरिद विक्रीको नियमन, जरिबाना सम्बन्धी व्यवस्था रहेको छ।
मुलुकी संहिता ऐन, २०७४	दफा ३३ र ३४ र दफा ३५ र ३६	यस संहितामा अपराधिक षडयन्त्र तथा कसूर सम्बन्धी, दुरुत्साहन र मतियार नहुने सम्बन्धी व्यवस्था छ।
अन्तर-सरकारी वित्त व्यवस्था ऐन, २०७४	दफा ७	प्राकृतिक स्रोतको रोयल्टी बाडफाँडको व्यवस्था गरेको छ।जस अनुसार ५०% नेपाल सरकार २५% प्रदेश सरकार र २५% स्थानीय तहलाई वितरण हुने व्यवस्था छ।
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४	दफा ३ देखि १८ सम्म	यस ऐनमा मुख्यतयाः विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि राज्यका बिभिन्न तहगत संरचनाहरुको गठन तथा काम, कर्तव्य र अधिकारको बारेमा व्यवस्था गरेको छ ।
संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्टिय व्यापार नियन्त्रण ऐन, २०७३	दफा ३ र ११	यस ऐनको दफा ३ मा दुर्लभ, लोपोन्मुख वन्यजन्तु वा वनस्पति वा सो को नमुनाको कारोबार वा व्यापार गर्न वा गराउन नहुने कुरा उल्लेख छ।दफा ११ मा वन्यजन्तु तथा वनस्पतिको अस्तित्व उपर जोखिम हुन नहुने कुरा उल्लेख छ।यो ऐन नेपाल पक्ष भएको संकटापन्न वन्यजन्तु तथा वनस्पतिको प्रजातिको अन्तर्राष्टिय व्यापार सम्बन्धी महासन्धि कार्यान्वयन गर्न बनेको हो।जस अनुसार दुर्लभ वन्यजन्तु तथा वनस्पति महासन्धिको अनुसूची-१, लोपोन्मुख वन्यजन्तु तथा वनस्पति अनुसूची-२ र संरक्षित वन्यजन्तु तथा वनस्पति अनुसूची-३ बमोजिमका रहेका छन्।
फोहरमैला व्यवस्थापन ऐन, २०६८	दफा ३, दफा १०, दफा २०, दफा २१ र दफा २२	यस ऐनमा फोहरमैला व्यवस्थापन तह, फोहरमैला व्यवस्थापन प्रकृया, प्रदूषण नियन्त्रण सम्बन्धी, फोहरमैला अनुगमन र वातावरणीय क्षेत्र सम्बन्धी व्यवस्था छ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐन, २०२९	दफा ४ र ५	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षभित्र बन्देज तथा निषिद्ध कार्याका बारेमा उल्लेख गरिएको छ।
जलचर संरक्षण ऐन, २०१७	दफा ३, दफा ४, दफा ५, दफा ८ र १०	यस ऐनमा जलचर समाव्ने तथा मार्ने तरिकाको प्रतिबन्ध, विष प्रयोग तथा दण्ड सजाय र जरिबाना सम्बन्धी कुरा उल्लेख छ।
नियमावलीः		
वन नियमावली, २०७९	परिष्छेद-१२; नियम ८७-१०३	यस नियमावलीमा विकास आयोजनालाई राष्ट्रिय वनक्षेत्र प्रयोग गर्न दिने सम्बन्धी व्यवस्था उल्लेख छ; जसमा राष्ट्रिय वनक्षेत्र नपर्ने गरी विकास आयोजना तर्जुमा गर्ने, नेपाल सारकारको स्वीकृति लिने, जग्गा प्राप्ति सहजीकरण समिति सम्बन्धी व्यवस्था, क्षति न्यूनीकरणका उपाय आदि रहेका छन्। साथै आयोजनाको सम्भाव्यता अध्ययन वा वातावरणीय अध्ययन गर्दा डिभिजन वन कार्यालयसँग समन्वय गर्नुपर्ने कुरा उल्लेख छ।
वातावरण संरक्षण नियमावली, २०७७	नियम ३, नियम ४, नियम ५, नियम ६, नियम ११	यस नियमावलीमा वातावरणीय अध्ययन गर्नुपर्ने प्रस्ताव अन्तर्गत अनुसूची-१, अनुसूची-२, अनुसूची-३ सँग सम्बन्धित प्रस्तावहरु, क्षेत्र निर्धारण, कार्यसूची, सार्वजनिक सुनुवाई, पूरक वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी व्यवस्था रहेको छ।
संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६	नियम ३ को उप नियम १ र नियम ४ खण्ड (क)	दुर्लभ वा लोपोन्मुख वन्यजन्तु वा वनस्पति वा सो को नमुना खरिद बिक्री गर्न, अध्ययन, अनुसन्धान, परीक्षण, तालिम, प्रदर्शनी, संरक्षण शिक्षा, जैविक स्रोत संरक्षण वा अन्य शैक्षिक प्रयोजनमा उपयोग गर्नका लागि अनुसूची ४ बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने ।

उपभोक्ता संरक्षण नियमावली, २०७६	नियम २४ (२) र नियम ३४ (२)	यस नियमावली अन्तर्गत निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा अपनाउनु पर्ने कार्यविधिको उपनियम (१) बमोजिम सूचना दिएपछि निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्नुपर्ने वस्तु वा सेवा सँग सम्बन्धित उद्योग, गोदाम, व्यापारिक परीसर, घर कम्पाउण्ड, ढूवानीको साधन वा अन्य कुनै ठाउँमा प्रवेस गरी निरीक्षण जाँचबुझ वा खानतलासी गर्न वा सम्बन्धित व्यक्तिसँग तत्सम्बन्धी कुनै कागजात वा विवरण माग गर्न सक्नेछ । सुपथ मुल्यमा खाद्य वस्तु वा सेवा उपलब्ध गराउने सम्बन्धी नेपाल सरकारले ऐनको दफा १९ बमोजिम निर्धारण गरेको अत्यावश्यक खाद्य वस्तु वा सेवाको सुची अनुसारका वस्तुको बिक्री वितरणका लागि मन्त्रालयले सार्वजनिक संस्थान वा निजी क्षेत्रसँग समन्वय गरेर आवश्यक स्थान र संख्यामा सुपथ मुल्यमा पसल वा सार्वजनिक वितरण केन्द्र सञ्चालन गर्ने व्यवस्था मिलाउन सक्नेछ । प्रदेश सरकार वा स्थानीय तहले अत्यावश्यक खाद्य वस्तु वा सेवाको सहज बिक्री वितरणकव लागि स्थानीय व्यवसायिसँग समन्वय गरी आवश्यक स्थान र संख्यामा सुपथ मुल्यमा पसल वा सार्वजनिक वितरण केन्द्र सञ्चालन गर्ने व्यवस्था मिलाउन सक्नेछ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६	नियम ९ को उपनियम (१)	सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले विपदका घटना हुन नदीन उल्लेख्य भूमिका निर्वाह गर्ने र प्राधिकरणले दिएको निर्देशन पालना गर्ने। प्राधिकरणले तोके बमोजिम विपद् न्यूनिकरणको उपायहरू जडान गर्ने र विपद् पछि व्यवसाय निरन्तरताको योजना बनाउने जस्ता कार्य गर्ने।
श्रम नियमावली, २०७५	नियम ४, नियम ७ देखि १५, नियम ३४ देखि ५३	रोजगार सम्झौता गर्दा खुलाउनु पर्ने विवरण, विदेशी नागरिक काममा लगाउन आवश्यक पर्ने इजाजत र श्रम स्वीकृति र श्रमिकको सुरक्षा र स्वास्थ्य सम्बन्धी प्रावधान रहेको छ।
मुलुकी देवानी कार्यविधि नियमावली, २०७५	नियम ३	अधिकार सम्बन्धी व्यवस्था ऐनको दफा २२ बमोजिम कुनै तल्लो र माथिल्लो तलको दुवै अदालतमा मुद्दा दायर भए तल्लो तहको अदालतले सो मुद्दा खारेज गरी माथिल्लो अदालतलाई जानकारी दिनु पर्दछ ।
योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५	नियम ९ र १७	सामाजिक सुरक्षा योजना सञ्चालन र रोजगारदाताको दायत्वको बारेमा उल्लेख छ।
विद्युत नियमन आयोग नियमावली, २०७५		यस नियमावलीले विद्युत खिरद बिक्री दर निर्धारण गर्दा प्रयोग गर्न सकिने प्रणाली र आधारको बारेमा उल्लेख गरेको छ।
फोहरमैला व्यवस्थापन नियमावली, २०७०	नियम ३, ४ र ५	फोहरमैलालाई पृथकीकरण गर्ने, हानिकारक वा रसायनिक फोहरमैलालाई व्यवस्थापनको बारेमा उल्लेख छ।

मध्यवर्ति क्षेत्र व्यवस्थापन नियमावली, २०५२	नियम ३, ७, ८, १० र १७	यस नियमावलीका सम्बन्धित नियमहरूमा मध्यवार्ति क्षेत्र तोक्ने अधिकार, उपभोक्ता समितिको गठन सम्बन्धमा तथा काम, कर्तव्य र अधिकार र मध्यवर्ति क्षेत्रभित्र निषेधित गरिएका कार्यहरूका बारेमा उल्लेख गरेको छ।
हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६	नियम १२, १५ र ३०	निकुञ्जभित्र अनुसन्धानको कार्यगर्दा पूर्व स्वीकृति लिनुपर्ने, फोहरमैला फाल्न नहुने र कुनै निर्माण कार्य गर्दा स्वीकृति लिनुपर्ने।
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०	नियम ३, ४ र २२	निकुञ्ज वा आरक्ष क्षेत्रभित्र गर्न सकिने सेवाको सम्बन्धमा र संनियमित प्राकृतिक आरक्षमा प्रवेशको सम्बन्धमा र नमूना सङ्कलन गर्न वा वन्यजन्तु र पंक्षीहरु पक्रन वा शिकार गर्न इजाजत लिनुपर्ने कुरा उल्लेख रहेको छ ।
निर्देशिका/कार्यविधि/कार्यनीतिः		
संरक्षित क्षेत्रमा पूर्वाधार निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८०	दफा ३, ४,६, ९, १८ र अनुसूची-५	संरक्षित क्षेत्र नपर्ने गरि आयोजना तर्जुमा गर्नुपर्ने, संरक्षति क्षेत्रको जग्गा प्रयोग, जग्गा उपलब्ध गराउनु पर्ने, क्षतिपूरक वृक्षारोपण, विद्युत उत्पादन क्षमता अनुसार उच्च सुख्खा मौसम अवधिभर न्यूनतम छोड्नु पर्ने जल प्रवाहको प्रतिशत उल्लेख गरेको छ ।

वन्यजन्तु मैत्री पूर्वाधार निर्माण निर्देशिका, २०७८	परिच्छेद-३, दफा ८	दफा ७ बमोजिम तयार भई प्रचलित कानुन बमोजिम स्वीकृत भएको विस्तृत आयोजना प्रतिवेदन स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम सम्बन्धित निकाय वा प्रवर्द्धकले सो प्रतिवेदनको तोकिएको स्थान तथा डिजाइनमा वन्यजन्तुमैत्री संरचना निर्माण गर्नुपर्ने, पूर्वाधार तथा वन्यजन्तुमैत्री संरचना निर्माण तथा विस्तार गर्दा वनक्षेत्रको प्रयोग र सो बापतको जग्गा सट्टाभर्ना सम्बन्धी व्यवस्था वन सम्बन्धी सङ्घीय कानून बमोजिम, पूर्वाधार तथा वन्यजन्तुमैत्री संरचना निर्माण गर्दा गर्न नहुने कार्य, निर्माण शुरु भएका वा निर्माण भइसकेका पूर्वाधारमा वन्यजन्तुमैत्री संरचना बनाउने र रेखदेख तथा मर्मत सम्भार सम्बन्धी कुरा उल्लेख गरेको छ।
विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५		यस निर्देशिकाले विद्युत उत्पादन, प्रसारण र वितरणको सर्वेक्षण अनुमतिपत्रको प्राप्ति, संसोधन, नवीकरण एवं रद्द वा स्थगन गर्ने प्रकृयाहरुलाई विस्तृत रुपमा उल्लेख गरेको छ।
सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७५	खण्ड ३, १०, १६	यस कार्यविधिले सामजिक सुरक्षा अन्तर्गत योजना र योगदानकर्ताले पाउने सेवासुविधाको बारेमा उल्लेख गरेको छ।
वन उत्पादन संकलन, विक्री र वितरण निर्देशिका, २०७३	परिच्छेद–२, ३	छपान, कटान, सङ्कलन इजाजत सम्बन्धी व्यवस्था र रुख कटान, मुछान, ढुवानी तथा घाटगद्दी सम्बन्धी व्यवस्था उल्लेख छ।
मध्यवर्ति क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६	बुँदा २४	मध्यवर्ति क्षेत्रमा अन्य आयोजना सञ्चालन गर्दा कानुन बमोजिम गर्नुपर्ने समन्वय र सम्पर्क तथा लिनुपर्ने सहमतिका कुरा उल्लेख छन्।
मापदण्डः		

वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९		यसले वायुको गुणस्तर सम्बन्धी बिभिन्न आधारभूत सूचकहरु तोकेको छ।
ध्वनिको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९		यसले बिभिन्न क्षेत्रको लागि दिवा र रात्रि समयको लागि ध्वनिको सीमा तोकेको छ।
डिजेल जेनेरेटरबाट निश्काशन भई हावामा जाने धुँवा सम्बन्धी मापदण्ड, २०६९		यसले डिजेल जेनेरेटरबाट निष्काशन भई हावामा जाने धुवाँ सम्बन्धी मापदण्ड तोकेको छ।
नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९		यसले बिभिन्न किसिमका सवारी साधनबाट निष्कने धुवाँको गुणस्तर सम्बन्धी अधिकतम सीमा तोकेको छ।
राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२		यसले खानेपानीको बिभिन्न प्यारामिटरहरुको अधिकतम सीमा तोकेको छ।
अन्तर्राष्ट्रिय सन्धि, सम्झौताः		
जनजाति सम्बन्धी महासन्धि, १९८९	धारा ७, १२, १३, १४, १५ र १६	आदिवासी जनजातिको आत्मनिर्णयको अधिकारको बारेमा बोलेको छ। उनिहरुले परम्परागत रुपमा बस्दै आएको क्षेत्रमा उनिहरुकै अधिकार सुनिश्चितातामा जोड दिएको छ।

परिच्छेद-५ विद्यमान वातावरणीय अवस्थाः

५.१ भौतिक वातावरणः

५.१.१ भू-धरातलिय अवस्थाः

रसुवागढी (भोटेकोशी-त्रिशुली) १३२ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको परिवर्तित प्रसारण लाइन खण्ड अन्तर्गतको २५० मि. विद्युत प्रसारण लाईन आयोजना समुन्द्र सतहबाट १६४४ मि. देखि १६५७ मि. सम्मको उचाइको बिचमा अवस्थित रहेको छ। यस प्रसारण लाइन खण्डमा नदीको दूबै तर्फ ठाडो पहाडहरु रहेका छन। प्रस्तावित आयोजना क्षेत्र Higher Himalayan Zone अन्तर्गत पर्दछ।

५.१.२ भू-उपयोगको अवस्थाः

प्रस्तावित विद्युत प्रसारण लाईनको क्षेत्राधिकार भित्र निजी जग्गा, नदी तथा बगर क्षेत्र पर्दछ। प्रस्तावित २५० मि. लामो विद्युत प्रसारण लाईन आयोजनाको क्षेत्राधिकार भित्रको भू–उपयोग मध्ये २८% खेतीयोग्य जमिन र ७२% नदी क्षेत्र रहेको छ। भू–उपयोग सम्बन्धी विवरण **तालिकाः ५-१** मा प्रस्तुत गरिएको छ साथै भू–उपयोग सम्बन्धी नक्सा **नक्सा ५-१** मा दिइए बमोजिम रहेको छ।

तालिकाः ५-१ प्रस्तावित विद्युत प्रसारण लाईनको क्षेत्राधिकार भित्रको भू–उपयोग सम्बन्धी विवरण

आयोजनाको अवयवहरु	जग्गाको प्रकार (हे.) मा		कुल जग्गा (हे.)
	लामटाङ रा.नि.क्षेत्र		
	लामटाङ रा.नि.को वन क्षेत्र	निजी	
क्षेत्राधिकार	०.३६०	०.०९०	०.४५०
टावर निर्माणका लागि	०	०.०३६	०.०३६

स्रोतः रसुवागढी जलविद्युत प्रसारण लाईन आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन, २०१८



नक्सा ५-१ प्रस्तावित विद्युत प्रसारण लाईन आयोजनाको भूउपयोग सम्बन्धी विवरण
(स्रोतः बज्राचार्य, ICIMOD २०१९)

५.१.३ हावापानी, तापक्रम र वर्षाः

आयोजना क्षेत्रमा उपोष्ण किसिमको हावापानी रहेको छ। प्रस्ताव कार्यान्वयन हुने रसुवा जिल्लाको औसत अधिकतम तापक्रम २४° से. र औसत न्यूनतम तापक्रम क्रमशः ५° से. रहेको छ भने औसत वार्षिक वर्षा १८८४ मि. मि. रहेको छ। प्रस्तावित टावर समुद्र सतबाट १६४४ मि. उचाइमा रहेको छ। भोटेकोशी नदीको HFL भन्दा उक्त स्थल माथी रहेको छ।

५.१.४ भूगर्भः

प्रस्तावित आयोजना हायर हिमालयन जोनमा पर्दछ। प्रस्तावित टावर निर्माण तथा मार्गाधिकार क्षेत्रमा kyanite Schist, quartzite and magmatic gneiss चट्टान पाइएका छन्। आयोजनाको क्षेत्रिय भौगर्भिक नक्सा **नक्सा ५-२** मा दिइएको छ। पूर्व स्वीकृत प्रारम्भिक वातावरणीय

परीक्षण प्रतिवेदन र हाल प्रस्तावित टावर स्थलको भौगर्भिक विवरण **तालिकाः ५-२** मा दिइएको छ।



नक्सा ५-२ प्रस्तावित विद्युत प्रसारण लाईन आयोजना क्षेत्रको भौगर्भिक नक्सा

स्रोतः खानी तथा भूगर्भ विभाग, १९९६

रसुवागढी जलविद्युत आयोजना (१११ मे.वा.) को विद्युत प्रसारण लाइनको टावर निर्माण स्थल परिवर्तन गर्ने सम्बन्धी प्रतिवेदन, २०७७ को स्थलगत अध्ययन प्रतिवेदन अनुसार पूर्व

प्रस्तावित अलाईनमेन्ट अनुसार टावर नं.२ माथि भिरबाट ढुंगा खस्ने तथा कामदारको सुरक्षामा जोखिम रहेकाले भविष्यमा समेत टावर असुरक्षित हुने हुनाले सो टावरको स्थान परिवर्तन गरिएको छ।



नक्सा ५-३ रसुवागढी जलविद्युत आयोजनाको १३२ के.भी विद्युत प्रसारण लाइन मार्गमा रहेका पहिरो सम्बन्धी नक्सा (स्रोतः ICIMOD, 2019)

तालिकाः ५-२ पूर्व स्वीकृत अध्ययन स्थलको र हाल प्रस्तावित स्थलको भौगर्भिक विवरण

क्र.सं.	पूर्व स्वीकृत अध्याविधक प्रारम्भिक वातावरणीय परीक्षणमा भौगर्भिक विवरण				प्रस्तावित टावरको भौगर्भिक विवरण			
	माटो/चट्टान	पहाड को ढलान	Angle of Dip	Rock strike	माटो/चट्टान	पहाड को ढलान	Angle of Dip	Rock strike
१	Grey to dark grey clay loam mixed with rock fragments (phyllites)	४०°-५०°	Angle of dip is towards slope	Rock strike is towards the slope	Grey to dark grey clay loam mixed with rock fragments (phyllites/Schist)	२५°-३०°	Angle of dip is opposite slope	Rock strike is opposite to slope

स्रोतः रसुवागढी जलविद्युत प्रसारण लाईन आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन, २०१८

५.१.५ भूक्षय तथा पहिरोः

प्रस्तावित विद्युत प्रसारण लाईन मार्ग भिरालो भुबनोट भएको ठाउँ भएर जान्छ। भिरालो भुबनोट भएको ठाउँमा पहिरो जाने सम्भावना रहन्छ। प्रस्तावित विद्युत प्रसारण लाईन आयोजनाको परिवर्तित टावर निर्माण हुने स्थल (टावर नं. २) मा हाल पहिरो गएको छैन।

५.१.६ वायुको गुणस्तर सम्बन्धी तथ्याङ्कः

प्रस्तावित विद्युत प्रसारण लाईन ग्रामिण क्षेत्रमा पर्दछ। प्रस्तावित आयोजना कार्यान्वयन हुने क्षेत्रमा उद्योग तथा कलकारखानाहरु रहेका छैन तसर्थ वायु प्रदूषण नभएको देखिन्छ। यद्यपी सवारी साधनको सञ्चालनले गर्दा स्थानीय सडक क्षेत्र वरपर धूलोका कणहरु उड्ने गरेको छ। आयोजना कार्यान्वयन हुने बस्तीको वायु सम्बन्धी तथ्याङ्क **तालिकाः ५-३** मा प्रस्तुत गरिएको छ ।

तालिकाः ५-३ आयोजना क्षेत्रको वायुको गुणस्तर सम्बन्धी विवरण

मिति	स्थान	विवरण			
		PM २.५ माइक्रोग्राम/ क्युबिक मिटर	वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९	PM १० माइक्रोग्राम/ क्युबिक मिटर	वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९
२०७९/११/१७	थुमन	२७	४०	८३	१२०
२०७९/११/१८	टिमुरे	३४	४०	८१	१२०

स्रोतः स्थलगत अध्ययन, २०७९

आयोजना क्षेत्रमा मापन गरिएको वायुको गुणस्तर वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ ले तोकेको सीमा भित्र रहेको पाइयो।

५.१.७ ध्वनिको गुणस्तर सम्बन्धी तथ्याङ्कः

प्रस्तावित आयोजना कार्यान्वयन क्षेत्रमा ध्वनिको मुख्य स्रोत सवारी साधन रहेका छन। सवारी साधन आवागमनको अवधिमा ध्वनि प्रदूषण हुने गर्दछ। आयोजना क्षेत्रको ध्वनि सम्बन्धी तथ्याङ्क **तालिकाः ५-४** मा प्रस्तुत गरेको छ । आयोजना क्षेत्रमा मापन गरिएको ध्वनिको तह ध्वनिको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ (मिश्रित आवास क्षेत्र दिवा) ले तोकेको सीमा भित्र रहेको पाइयो।

तालिकाः ५-४ आयोजना क्षेत्रको ध्वनि सम्बन्धी तथ्याङ्क

मिति	स्थान	विवरण	ध्वनिको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ (मिश्रित आवास क्षेत्र दिवा)
		ध्वनिको स्तर (dB)	
२०७८/११/१७	थुमन	४६	६३
२०७८/११/१८	टिमुरे	५१	

स्रोतः स्थलगत अध्ययन, २०७९

५.२ जैविक वातावरणः

५.२.१ वनस्पतिः

प्रस्तावित आयोजना वरपर क्षेत्र वरपर उपोष्ण हावापानीमा पाइने वनस्पतिहरु पाइन्छन। प्रस्तावित विद्युत प्रसारण लाईन थुमन सामुदायिक वन र लामटाङ राष्ट्रिय निकुञ्जमा पर्दछ। सामुदायिक वन सामुदायिक वन उपभोक्ता समुहले व्यवस्थापन गरेको छ। प्रस्तावित विद्युत प्रसारण लाईन खण्ड वरपर पाइने वनस्पतिहरुमा सल्ला, उत्तिस, गुँरास आदि रहेका छन्। त्यस्तै ऐसेलु, चुत्रो, टिम्मुर आदि यस क्षेत्रमा रहेका बुट्यानहरु हुन। आयोजना वरपर पाइने वनस्पतिहरुको सूची **तालिकाः ५-५** मा दिइएको छ ।

तालिकाः ५-५ प्रस्तावित विद्युत प्रसारण लाईन वरपर पाइने वनस्पतिको सूची

क्र.सं.	स्थानीय नाम	वैज्ञानिक नाम	CITES	IUCN	नेपाल सरकार
रुख प्रजातिः					
१	खोटे सल्ला	*Pinus roxburghii*		LC	
२	लालिगुराँस	*Rhododendron arboreum*		LC	
३	उत्तिस	*Alnus nepalensis*		LC	
४	चुलेसी	*Melastoma malabathricum*		LC	
५	पैंयु	*Prunus cerasoides*		LC	
बुट्यानः					
१	टिमुर	*Zanthoxylum nepalense*		LC	
२	चुत्रो	*Berberis aristata*		LC	
३	कालो ऐसेलु	*Rubus niverus*		LC	

स्रोतः स्थलगत अध्ययन, २०७९ तथा अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, २०७६

५.२.२ गैरकाष्ठ वनस्पति/NTFPs:

प्रस्तावित आयोजना क्षेत्रमा पाइने NTFPs हरुमा टिमुर *(Zanthoxylum nepalense),* ऐसेलु *(Rubus ellipticus),* चुत्रो *(Berberis aristata)* आदि रहेका छन्।

५.२.३ कृषि जैविक विविधताः

आयोजना क्षेत्रमा परम्परागत किसिमले कृषि गरेको पाइन्छ। यस क्षेत्रमा मुख्य उत्पादन गरिने अन्नबालीहरूमा मकै, कोदो, गहुँ, जौ आदि रहेका छन्। त्यसैगरी आलु तथा हरियो सागपात पनि उत्पादन गरिन्छ।

५.२.४ वन्यजन्तुः

५.२.४.१ स्तनधारी जनावरः

प्रस्तावित विद्युत प्रसारण लाईन आयोजना क्षेत्रमा साधारणतयाः देखा पर्ने जनावरहरुमा बदेल, रतुवा मृग, घोरल, स्याल, रातो बादर, लंगुर आदि रहेका छन्। यद्यपी, प्रस्तावित आयोजना क्षेत्रलाई नै वासस्थान बनाएर विचरण गर्ने वन्यजन्तु यस क्षेत्रमा रहेका छैनन। आयोजना क्षेत्र रेकर्ड गरिएका स्तनधारी जनावरहरुको सूची **तालिकाः ५-६** मा प्रस्तुत गरिएको छ ।

तालिकाः ५-६ आयोजना क्षेत्र वरपर पाइने जनावरहरुको सूची

स्थानीय नाम	वैज्ञानिक नाम	CITES	IUCN	नेपाल सरकार
घोरल	*Naemorhedus goral*	I	NT	
थार	*Capricornis sumatraensis*		VU	
कालो भालु	*Ursus thibetanus*		VU	
चरीबाघ	*Felis bengalensis*		LC	
हिमाली धर्के लोखर्के	*Tamiops macclellandii*		LC	
चितुवा	*Panthera pardus*		VU	
लंगुर	*Semnopithecus schistaceus*	I	LC	
रातो बादर	*Macaca mulatta*		LC	
रतुवा मृग	*Muntiacus muntjak*	I	LC	
बदेल	*Sus scrofa*		LC	
स्याल	*Canis aureus*	III	LC	

स्रोतः IUCN red data book 2022, CITES checklist, 2022 तथा अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, २०७६

VU-Vulnerable, LC-Least Concern and NT- Near Threaten, P-Protected

५.२.४.२ पंछिः

प्रस्ताव क्षेत्र वरपर कालिज, न्याउली, सुगा, ढुक्कुर, कल्चौडे, मलेवा, काग, कोइली, जुरेली, भंगेरा, मैना आदि चराहरू रेकर्ड गरिएका छन्। आयोजना क्षेत्रमा बसाइसराइ गरि आउने चराको migratory route पर्ने देखिदैन। आयोजना वरपर देखिएका चराहरुको विस्तृत विवरण **तालिकाः ५-७** मा दिइएको छ ।

तालिकाः ५-७ आयोजना वरपर पाइएका पंछिको सूची

स्थानीय नाम	वैज्ञानिक नाम	CITES	IUCN	नेपाल सरकार	Migratory status
कालिज	*Lophura leucomelanos*	III			
न्याउली	*Megalaima virens*		LC		AM
सुगा	*Psittacula krameri*				
भंगेरा	*Passer domesticus*				
काग	*Corvus splendens*		LC		
ढुकुर	*Streptopelia orientalis*		LC		FM
कल्चौडे	*Myophonus caeruleus*		LC		AM
कोइली	*Cuculus canorus*		LC		FM
जुरेली	*Pycnonotus leucogenys*		LC		AM
मलेवा	*Columba rupestris*		LC		
मैना	*Acridotheres tristis*		LC		

स्रोतः IUCN red data book 2022, CITES checklist, 2022 तथा अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, २०७६

CITES: Convention on International Trade of Endangered Species; II: Appendix-II; III: Appendix-III, and LC-Least Concern, (AM) (Altitudinal Migrant); (FM) (Full Migrant).

५.२.४.३ उभयचर तथा सरिसृपः

आयोजना वरपर प्रायः देखिने सरीसृप तथा उभयचरहरुमा हिमाली भ्यागुतो, हिमाली पथ्थर छटुवा, हर्रेउ सर्प, आन्धो सर्प आदि रहेका छन्।

५.२.४.४ जैविक विविधताः

लाङटाङ राष्ट्रिय निकुञ्ज १९७६ सालमा स्थापना भएको हो। यस राष्ट्रिय निकुञ्जको कुल क्षेत्रफल १७१० वर्ग कि.मि. रहेको छ। यस राष्ट्रिय निकुञ्जमा बिभिन्न १०४३ प्रजातिका वनस्पतिहरु पाइन्छन जसमध्ये २१ प्रजातिका वनस्पति रैथाने (Endemic) रहेका छन। त्यसैगरि, लाङटाङ राष्ट्रिय निकुञ्ज भित्र ४६ प्रजातिका स्तनधारी जनावर पाइन्छन जसमध्ये ८ प्रजातिका जनावर राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐन, २०२९ को अनुसूची १ मा समावेस भएका संरक्षित प्रजाति हुन। लाङटाङ राष्ट्रिय निकुञ्ज चरा प्रजातिको लागि पनि महत्वपूर्ण वासस्थान रहेको छ। यहाँ ३८० प्रजातिका चरा पाइन्छन। डाँफे र मुनाल नेपाल सरकारको संरक्षण सूचीमा रहेका चराहरु हुन भने १२ प्रजातिका चरा Globally Threatened को सूचीमा रहेका छन। लाङटाङ राष्ट्रिय निकुञ्ज भित्र ४ प्रजातिका उभयचर तथा सरिसृप र ४० प्रजातिका माछा अभिलेख गरेको छ। (लाङटङ राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ति क्षेत्र व्यवस्थापन योजना, २०७७/७८-२०८१/८२)। प्रस्तावित आयोजनाको टावर नं.२ निर्माण स्थलमा कुनै पनि रैथाने (Endemic) वनस्पति अभिलेख गरिएन।

५.३ सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणः

५.३.१ आयोजना प्रभावित जिल्ला तथा गाउँपालिकाको जनसाङ्ख्यिक विवरणः

५.३.१.१ आयोजना प्रभावित जिल्लाः

रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. परिवर्तित प्रसारण लाइन खण्ड अन्तर्गतको २५० मि. विद्युत प्रसारण लाईन आयोजना रसुवा जिल्लामा अवस्थित छ। राष्ट्रिय जनगणना २०७८ अनुसार आयोजना कार्यान्वयन हुने रसुवा जिल्लाको कुल जनसंख्या ४५,५५४ मध्ये पुरुषको जनसंख्या २२,८५९ र महिलाको जनसंख्या २२,६९५ छ। आयोजना कार्यान्वयन हुने रसुवा जिल्लाको जनसाङ्ख्यिक विवरण **तालिकाः ५-८** मा प्रस्तुत गरिएको छ ।

तालिकाः ५-८ आयोजना प्रभावित जिल्लाको जनसांख्यिक विवरण

जनसंख्या			औसत घरधुरी आकार	लैङ्गिक अनुपात
कुल जनसंख्या	पुरुष	महिला		
४५,५५४	२२,८५९	२२,६९५	३.८५	९०.५०
%	५०.१८	४९.८१		

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण, २०७८

५.३.१.२ आयोजना प्रभावित गाँउपालिका/वडाको जनसाङ्ख्यिक विवरणः

५.३.१.३ जनसंख्याः

रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. परिवर्तित प्रसारण लाइन खण्ड अन्तर्गतको २५० मि. विद्युत प्रसारण लाईन आयोजना गोसाइँकुण्ड गाउँपालिकामा पर्दछ। प्रभावित गाउँपालिकाको कुल जनसंख्या ७,७८८ रहेको छ जसमध्ये पुरुषको जनसंख्या ३,९७३ र महिलाको जनसंख्या ३,८१५ रहेको छ। गोसाइँकुण्ड गाउँपालिकामा कुल घरधुरी २,०३८ रहेको छन्। प्रभावित गाँउपालिका तथा वडाहरूको जनसाङ्ख्यिक विवरण **तालिकाः ५-९** मा दिइएको छ ।

तालिकाः ५-९ आयोजना प्रभावित गाउँपालिकाको जनसांख्यिक विवरण

गोसाँइकुण्ड गा.पा.	जनसंख्या	पुरुष	महिला	घरधुरी	औसत घरधुरी आकार
	७,७८८	३,९७३	३,८१५	२,०३८	३.८२
%		५१	४९		
वडा नं.१	८२६	४२०	४०६	२८३	२.९२
%		५०.८४	४९.१५		
वडा नं.२	५५०	२९३	२५७	१६३	३.३७
%		५३.२७	४६.७२		

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण, २०७८

५.३.१.४ जातजातिको विवरणः

आयोजना प्रभावित गाउँपालिकामा तामाङ जाति सबैभन्दा बढी रहेका छन्। गोसाँइकुण्ड गाउँपालिकामा सबैभन्दा बढी ६,२८१ (८०.६४%) तामाङ जाति रहेका छन्। त्यसपछि क्रमशः घले, ब्राम्हण, नेवार आदि जातजाति रहेका छन्। जातजाति सम्बन्धी विवरण **तालिकाः ५-१०** मा प्रस्तुत गरिएको छ।

तालिकाः ५-१० आयोजना प्रभावित गाउँपालिकाको जातजाति सम्बन्धी विवरण

क्र.स.	जातजाति	जनसंख्या	प्रतिशत
१	तामाङ	६,२८१	८०.६४
२	नेवार	१५६	२
३	घले	५४३	७.९७
४	मगर	७३	०.९३
५	गुरुङ	५४	०.६९
६	सेर्पा	७४	०.९५
७	राइ	१०	०.१२
८	लिम्बु	१२	०.१५
९	थारू	११	०.१४
१०	सुनुवार	१२	०.१५
११	कलवार	१५	०.१९
१२	परियार	२३	०.२९
१३	ब्राम्हण	१६६	२.१३
१४	क्षेत्री	९०	१.१५
१५	ठकुरी	१२	०.१५
१६	अन्य	६७	०.८६

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण, २०७८

५.३.१.५ भाषागत जनसंख्याको विवरणः

गोसाँइकुण्ड गाउँपालिकामा तामाङ भाषा बोल्ने मानिसहरु सबैभन्दा बढी रहेको छ। आयोजना प्रभावित गाउँपालिकाको भाषागत विवरण **तालिकाः ५-११** मा प्रस्तुत गरिएको छ।

तालिकाः ५-११ आयोजना प्रभावित गाउँपालिकाको भाषागत विवरण

क्र.स.	भाषा	जनसंख्या
१	तामाङ	५,७०५
२	नेवारी	५७
३	नेपाली	६४८
४	मैथली	३४

क्र.स.	भाषा	जनसंख्या
५	तिबेतन	७९४
६	भोजपुरी	३२
७	गुरुङ	३६
८	सेर्पा	३१९
९	राई	१०
१०	घले	३१९
११	अन्य	३३

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय जनसंख्या तथा घरधुरी सर्वेक्षण, २०७८

५.३.१.६ आयोजना क्षेत्रमा रहेका धार्मिक समुदायः

आयोजना प्रभावित क्षेत्रमा बौद्ध धर्म मान्ने समुदाय सबैभन्दा बढी रहेका छन्। त्यसबाहेक हिन्दु र इसाई धर्मका अनुयायी पनि रहेका छन्।

५.३.१.७ पेसाः

आयोजना प्रभावित गोसाँइकुण्ड गाउँपालिकामा सबैभन्दा बढी कृषि पेसामा आबद्ध रहेका जनसंख्या छन। त्यस बाहेक जागिर, वैदेशिक रोजगार, व्यापार-व्यवसाय आदि यस क्षेत्रमा गरिने पेसाहरु हुन।

तालिकाः ५-१२ आयोजना प्रभावित गाउँपालिकाको पेसागत विवरण

पेसा	जनसंख्या
	गोसाँइकुण्ड गा. पा. (%)
कृषि	६०
सरकारी जागिर	४
व्यापार-व्यवसाय	५
वैदेशिक रोजगारी	५.५
मजदुरी	२२

स्रोतः गोसाँइकुण्ड गाउँपालिका पार्श्वचित्र, २०७७

५.३.१.८ स्वास्थ्य तथा सरसफाइः

यस क्षेत्रका समुदायमा मुख्यगरी श्वाशप्रश्वास सम्बन्धी रोग, छाला सम्बन्धी रोग, दम तथा मुटु सम्बन्धी रोग, झाडापखाला, कब्जियत, निमोनिया, आङ खस्ने, आँखा सम्बन्धी रोगहरु देखिने गरेका छन्। कुल घरधुरी मध्ये ८६.२% घरधुरीमा चर्पीको सुविधा रहेको छ। औसतमा ८४.७% ले साबुन पानीले हात धुने बानीको अवस्था रहेको छ। (स्रोतः गोसाँइकुण्ड गाउँपालिका पार्श्वचित्र, २०७७)।

५.३.१.९ खानेपानीः

प्रस्तावित आयोजना प्रभावित क्षेत्रमा ९७.९% घरधूरीले पाइपद्वारा वितरित धाराको पानी प्रयोग गर्ने गरेका छन्।

५.३.१.१० ऊर्जाः

आयोजना क्षेत्रमा अधिकांश घरधुरीले खाना पकाउनका लागि दाउरा प्रयोग गर्ने गरेका छन भने पसल तथा होटल व्यवसायजन्य स्थलमा ग्याँसको प्रयोग गर्ने गरिन्छ। त्यसैगरी उज्यालोका लागि नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय प्रसारण लाईनको बिजुली प्रयोग गरिएको छ।

५.३.१.११ ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरुः

आयोजना प्रभावित क्षेत्रमा बिभिन्न कुण्ड र तातोपानीहरु रहेका छन्। आयोजना क्षेत्रका धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरुमा पार्वती कुण्ड, जागेश्वर कुण्ड, नोजे कुण्ड, गोप्पो कुण्ड, सोमदाङ, पुरानो तातोपानी र तातोपानी रहेका छन्। (स्रोतः गोसाँइकुण्ड गाउँपालिका पार्श्वचित्र, २०७७)।प्रस्तावित जलविद्युत प्रसारण लाइनको टावर नं २ बाट ३७५ मिटरको माथिल्लो क्षेत्रमा टिमुरे तातोपानी रहेको छ। आयोजना निर्माण गर्दा उक्त तातोपानी लाई कुनै पनि किसिमको प्रभाव नपर्ने देखिन्छ। उक्त तातोपानीको अवस्तिति लाई **नक्सा ५-४** मा देखाइएको छ।

नक्सा ५-४ प्रस्तावित आयोजना नजिक रहेको तातोपानी कुण्ड

५.३.१.१२ प्रमुख चाडवाड र समारोहः

यस क्षेत्रमा मनाइने प्रमुख चाडवाडमा ग्याल्पो ल्होसार, सोनाम ल्होसार, दशै, तिहार, माघे संक्रान्ति आदि रहेको छ। यसका सथै यहाँका मानिसहरु समय समयमा गुम्बामा जम्मा भएर नाँचगान गरी रमाइलो गर्ने गर्दछन।

५.३.१.१३ आयोजना नजिकका मुख्य बस्तीहरुः

प्रस्तावित आयोजना मार्ग नजिक पर्ने मुख्य बस्तीहरुमा थुमन, गेल्जुङ र चिलिमे रहेका छन। प्रस्तावित प्रसारण लाइन पर्ने बस्तीहरू ५०० मि. देखि २ कि.मि. सम्म टाढा रहेका छन्। बस्ती सम्बन्धी नक्सा **नक्सा ५-५** मा दिइएको छ।



नक्सा ५-५ प्रस्तावित विद्युत प्रसारण लाईन मार्ग नजिक पर्ने मुख्य बस्तीहरु

(स्रोतः बज्राचार्य, ICIMOD २०१९।)

५.३.१.१४ यातायात पूर्वाधारः

आयोजना क्षेत्रमा सडक पूर्वाधारको विकास रेहेको छ। आयोजना क्षेत्रबाट काठमाडौंसम्म बस सेवाहरु उपलब्ध रहेका छन्।

५.३.१.१५ सञ्चार

आयोजना प्रभावित क्षेत्रमा नेपाल टेलिकमको लेन्डलाईन तथा मोबाइल सेवा, एनसेल, स्काइ आदिबाट सञ्चालित मोबाइल सेवा उपलब्ध छन्। त्यसै गरी अन्य सञ्चारका साधनमा टेलिभिजन तथा रेडियो पनि रहेका छन्।

५.३.२ आयोजना प्रभावित परिवारको सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण

यस खण्डले आयोजना प्रभावित परिवारहरूलाई समेटेको छ। यस अध्ययनमा घरधुरी सर्वेक्षण गरि तथ्याङ्कहरू सङ्कलन गरिएको थियो। आयोजना प्रभावित परिवारको जनसाँख्यिकिय विवरण विस्तृत रूपले तल दिइएको छ।

५.३.२.१ आयोजना प्रभावित कित्ता र परिवार

क्याडेसट्रेल सर्भेद्वारा आयोजना प्रभावित कित्ता पहिचान गरिएको थियो र घरधुरी सर्वेक्षण गरि प्रभावित घर परिवार पहिचान गरिएको थियो। परिवर्तित १ टावर निर्माणले गर्दा कुल ५ कित्ता प्रभावित हुने देखिन्छन। उक्त कित्ता मध्ये २ कित्ता टावर निर्माणबाट प्रभावित हुने देखिन्छन भने ३ कित्ता मार्गाधिकारका कारणले प्रभावित हुने देखन्छन्। प्रस्तावित आयोजना निर्माणले कुल २ घरधुरी टावर निर्माणले र ३ घरधुरी मार्गाधिकारका कारणले प्रभावित हुने देखिन्छन्। प्रस्तावित आयोजना प्रभावित घरधुरीको विवरण **तालिकाः ५-१३** मा दिइएको छ।

तालिकाः ५-१३ आयोजना प्रभावित परिवारको विवरण

क्र.सं.	जिल्ला	कुल प्रभावित घरपरिवार			सर्भेक्षण गरिएका घरपरिवार		
		टावर	मार्गाधिकार	कुल घरपरिवार	टावर	मार्गाधिकार	कुल घरपरिवार
१	रसुवा	२	३	३	२	३	३

स्रोतः घरधुरी सर्वेक्षण, २०८०

५.३.२.२ आयोजना प्रभावित घरपरिवारको जनसाँख्यिक विवरण

प्रस्तावित आयोजना कार्यान्वयनले टावर तथा मार्गाधिकारबाट ३ घरधुरी प्रभावित हुने देखिएको छ। प्रभावित हुने कुल ३ घरधुरीमा, घरधुरी सर्वेक्षण बाट प्राप्त कुल जनसंख्या १३ रहेको छ। जसमध्ये महिलाको संख्या ७ र पुरूषको संख्या ६ रहेको छ। प्रभावित घरपरिवारको जनसाँख्यिक विवरण **तालिकाः ५-१४** मा प्रस्तुत गरिएको छ ।

आयोजनाले टावर निर्माण तथा क्षेत्राधिकारका लागि कुल ०.०९ हे. निजी जग्गा अधिग्रहण गर्ने छ। यो जग्गा कुल जमिनको ०.६६% हुन्छ। आयोजनाले अधिग्रहण गर्ने जग्गाको विवरण अनुसूची ४ मा समावेस गरेको छ। अधिग्रहण गरिने जग्गा पुरूषको स्वामित्वमा रहेको छ।

तालिकाः ५-१४ प्रभावित घरधुरी तथा जनसाँख्यिक विवरण

क्र.सं.	जिल्ला	संरचना	सर्वेक्षण घरधूरी	कुल जनसंख्या	कुल महिला	कुल पुरुष	औसत परिवार संख्या
१	रसुवा	टावर/मार्गाधिकार	३	१३	७	६	४.३३

स्रोतः घरधुरी सर्वेक्षण, २०८०

५.३.२.३ उमेर समुह अनुसार जनसाँख्यिक विवरण

सर्वेक्षण गरिएका ३ घरधूरीमा सकृय उमेर समुह (१६ देखि ६०) को जनसंख्या ३८ प्रतिशत रहेको छ । उमेर समुह अनुसारको जनसंख्याको विवरण **तालिकाः ५-१५** मा प्रस्तुत गरिएको छ ।

तालिकाः ५-१५ उमेर समुह अनुसार जनसाँख्यिक विवरण

क्र.सं.	संरचना	उमेर समुह					कुल
		०-४	५-१५	१६-४५	४६-६०	६०+	
१	टावर/मार्गाधिकार	२	३	५	२	१	१३
प्रतिशत		३८		५४		८	१००

स्रोतः घरधुरी सर्वेक्षण, २०८०

५.३.२.४ जातजाति

आयोजना प्रभावित कुल जनसंख्या तामाङ जातिका रहेका छन्।

५.३.२.५ धर्म

आयोजना प्रभावित सम्पूर्ण घरधुरीले बौद्ध धर्म मान्ने गरेको पाइयो।

५.३.२.६ शैक्षिक विवरण

आयोजना प्रभावित मध्ये ५-१५ उमेर समुह वा सो भन्दा माथिको कुल प्रभावित जनसंख्या साक्षर रहेका पाइयो। आयोजना प्रभावित घरधुरीको शैक्षिक विवरण **तालिकाः ५-१६** मा दिइएको छ ।

तालिकाः ५-१६ आयोजना प्रभावित घरधुरीको शैक्षिक विवरण

क्र.सं.	जिल्ला	शैक्षिक विवरण	पुरुष	महिला	जम्मा	प्रतिशत
१	रसुवा	१-८ कक्षा सम्म	३	२	५	३८
२		९-१२ कक्षा सम्म	२	५	७	५४
३		साक्षर	१	०	१	८

स्रोतः घरधुरी सर्वेक्षण, २०८०

५.३.२.७ पेसा

आयोजना प्रभावित जनसंख्या मध्ये सकृय उमेर समूहका ८५% व्यक्ति कृषि पेसामा संलग्न रहेको पाइयो।

५.३.२.८ इन्धन तथा ऊर्जा

आयोजना प्रभावित सम्पूर्ण घरधुरीमा खान पकाउनका लागि दाउरा तथा उज्यालोका लागि राष्ट्रिय प्रसारण लाइको विद्युत प्रयोग गरेको पाइयो।

५.३.२.९ खानेपानीको स्रोत

आयोजना प्रभावित सम्पूर्ण घरधुरीमा खानेपानीका लागि पाइपद्वारा वितरण गरेको मुहानको पानी प्रयोग गर्ने गरेको पाइयो।

५.३.२.१० स्वास्थ्य तथा सरसफाई

आयोजना प्रभावित घरधुरीमा सरसफाइ सम्बन्धी सचेतना रहेको पाइयो। आयोजना प्रभावित सम्पूर्ण घरधुरीमा शौचालय रहेको छ।

परिच्छेद-६ प्रस्तावको विकल्प विश्लेषण

रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अध्ययनले आयोजना सञ्चालन नै नहुँदाको स्थिति, आयोजनाको प्रकार, वन क्षेत्रको प्रयोग, आयोजनाको डिजाइन, स्थल, प्रविधि र सञ्चालन विधि, समय तालिका, प्रयोग गरिने कच्चा पदार्थको विकल्पहरूमा अध्ययन गरी विश्लेषण गरिएको थियो। पूर्व स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले गरेको वैकल्पिक विश्लेषण तलका उपशिर्षकमा प्रस्तुत गरिएको छ;

६.१ डिजाइनः

सामान्यतया, कन्डक्टरको प्रकार, टावरको संरचनाको प्रकार आदि बाहेक प्रसारण लाइन आयोजनाको डिजाइन प्रकार अन्य डिजाइन विकल्पसँग समान प्रकृतिको हुन्छ । त्यसैले चयन गरिएको डिजाइन विकल्प अन्य डिजाइन विकल्पहरूको तुलनामा वातावरणीय दृष्टिकोणले उपयुक्त रहने गर्दछ किनकि यसले प्रसारण लाइन डिजाइनका लागि आवश्यक सबै सुरक्षा पक्षहरू समेटेको हुन्छ।

६.२ वैकल्पिक मार्गः

मार्गको चयन गर्दा न्यूनतम क्षति सुनिश्चित गर्दै अधिकतम लाभ वृद्धि गर्न प्राथमिकता दिनु पर्छ। मार्गको चयनका लागि विभिन्न मापदण्डहरू जस्तै भौतिक स्रोतहरूको न्यूनतम व्यवधान, बस्ती क्षेत्रबाट टाढा रहनु, भौगोलिक अवस्था आदि विचार गरिएका छन्। प्रस्तावित मार्ग, यस प्रकार, विद्युतगृह र प्रस्तावित हबलाई जडान गर्नका लागि सबैभन्दा उत्तम वैकल्पिक मार्ग हो, जसले वन क्षेत्रको क्षति, बस्ती क्षेत्रको क्षति, र छोटो दूरीजस्ता तत्वहरूको समावेश गरिएको छ।

६.३ आयोजना क्षेत्रः

प्रस्तावित मार्गको पहिचान गर्नु अघि, विभिन्न वैकल्पिक मार्गहरूको विश्लेषण पर्यावरणीय दृष्टिकोणबाट, साथै प्रसारण लाईनको निर्माणका लागि आवश्यक कुल लगानीको दृष्टिकोणबाट सर्वेक्षण गरिएको थियो। विद्युतगृह र आपूर्ति केन्द्रलाई जडान गर्ने प्रसारण लाइन मार्गहरूले दुई बुँदाहरूलाई कम्तिमा सिधा र छोटो मार्गमा जडान गर्ने दृष्टिकोण अपनाएका छन्। यस मार्गको उद्देश्य रसुवागढी जलविद्युत आयोजनाबाट उत्पादित १११ के.भी. ऊर्जा राष्ट्रिय ग्रिडमा पठाउने हो। त्यसैले प्रस्तावित मार्गको वन क्षेत्र, बस्ती, भूस्थिरता आदि जस्ता स्थानहरूको विचार गर्दै चयन गरिएको छ।

६.४ प्रविधि, निर्माण प्रक्रिया, समय, कच्चा पदार्थको विकल्पः

प्रस्तावित प्रसारण लाइन रसुवा जिल्लामा अवस्थित छ। स्थानीय जनतालाई रोजगारीमा प्राथमिकता दिने कुरालाई ध्यानमा राख्दै, आयोजनाले निर्माण र सञ्चालनको क्रममा अधिकतम स्थानीय श्रमशक्ति प्रयोग गर्ने निर्णय गरेको छ। जसले भारी मेशिनरी उपकरणहरूको प्रयोगलाई न्यूनतम बनाउछ र आयोजनाको सामाजिक दिगोपना अधिकतम गर्दछ। खडा बालीनाली क्षति कम गर्न, विशेषगरी तार तान्दा, सुक्खा मौसममा तार तान्ने कार्य प्रस्ताव गरिएको छ। तर, टावर प्याड र टावर संरचना निर्माण गर्दा कृषि मौसममा पनि ध्यान दिइनेछ। सामान्यतः निर्माण सामग्री जस्तै बालुवा र गिट्टीको परिमाण थोरै मात्र आवश्यक भएकाले, आयोजनाले स्थानीय स्रोतहरूलाई प्रयोग गर्ने छ। जसका लागि नजिकका क्षेत्रहरूबाट श्रमद्वारा प्राप्त गर्ने व्यवस्था गरिएको छ। पंक्षीहरूको ठक्कर र हवाईजहाजको उडान मार्गमा कुनै पनि अवरोधबाट बच्नका लागि, टावरहरूमा कलर बलहरू राखिने छ।

६.५ वातावरणीय व्यवस्थापन योजनाः

प्रस्तावित आयोजनाको पर्यावरण व्यवस्थापन दृष्टिकोणले आयोजनाको पर्यावरणीय र सामाजिक दिगोपना हासिल गर्नका लागि सरोकारवालाहरू बिच सहमति निर्माणमा जोड दिएको छ । जसका लागि निरन्तर परामर्श प्रक्रियाको प्रयोग गरिनेछ। यस्ता अभ्यासले जनतालाई के हुन लागेको छ, कहाँ र कहिले, भन्ने कुरा बुझ्न मद्दत गर्नेछ र स्रोत र उपयोगिताहरूको सुरक्षा गर्नका लागि समुदायहरूसँग अघि नै सहमति प्राप्त गर्न सक्षम बनाउनेछ। अन्य आयोजनाहरूमा प्राप्त अनुभवले देखाएको छ कि यस दृष्टिकोणले निवारण उपायहरू र निगरानीको कार्यान्वयनमा समान रूपले फाइदाजनक हुनेछ।

६.६ आयोजनाको विकल्पः

प्रसारण लाइन आयोजनाहरू विद्युतगृह र आपूर्ति केन्द्रहरूको आवश्यकता द्वारा मार्गदर्शित हुन्छन्। प्रस्तावको प्रमुख उद्देश्य १११ मेगावाटको क्षमतामा उत्पादन गरिएको रसुवागढी १११ मे.वा. जलविद्युत ऊर्जा राष्ट्रिय ग्रिडमा जोडनु हो। यस सन्दर्भमा, प्रस्तावित प्रसारण लाइन निर्माणको विकल्प देखिदैन। हाल आएर पूर्व स्वीकृत प्रतिवेदनले समावेस गरेको विद्युत प्रसारण लाईनको टावर नं. १ देखि टावर नं. ३ सम्मको २५० मिटर विद्युत प्रसारण खण्डमा २०७२ सालको भुकम्प पछि पहिरो जाने क्रम बढेको र पहिरोको कारणले सो खण्डको मार्ग परिवर्तन गरि राष्ट्रिय निकुञ्ज क्षेत्रमा लानु पर्ने देखिएको छ। यस खण्डका लागि पनि आयोजनाले हालको टावर निर्माण स्थल भन्दा १०० मि. माथिबाट अध्ययन गरेको थियो तर उक्त स्थानबाट तार तान्दा दुई टावरबिचको दूरी बढी हुने र sagging को समस्या हुने तथा सडक क्रस गर्ने भएकाले हालको मार्ग चयन गरिएको हो। प्रस्तावित मार्ग वन, वन्यजन्तु, वनस्पति, स्थानीय वातावरण र प्राकृतिक सौन्दर्यता साथै सो क्षेत्रको आर्थिक, सामाजिक, धार्मिक र पुरातात्विक महत्वका सम्पदामा आयोजना निर्माण कार्यबाट कम भन्दा कम प्रभाव पर्ने विकल्पको अध्ययन गरिएको छ।

परिच्छेद-७ प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव तथा संरक्षणका उपाय

रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. विद्युत प्रसारण लाईनको स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, २०७६ मा पहिचान गरिएका वातावरणीय प्रभावहरूलाई यस प्रतिवेदनको अभिन्न अंग मान्दै २५० मिटर प्रसारण लाइन खण्ड परिवर्तनले गर्दा पर्ने थप वातावरणीय प्रभावहरूलाई आयोजना निर्माण र सञ्चालन अवधिमा भौतिक, जैविक, सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणका बिभिन्न अवयवहरूमा पहिचान गरिएका प्रभावहरूलाई तह, प्रभावको अवधि, प्रकार, परिमाण र सीमालाई आधार मानेर निर्धारण गरिएको छ।

७.१ पूर्व स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा पहिचान गरिएका वातावरणीय प्रभावः

पूर्व स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, २०७६ मा पहिचान गरिएका वातावरणीय प्रभावहरू निम्न बमोजिम रहेका छन;

७.१.१ भौतिक वातावरणः

७.१.१.१ निर्माण अवधिः

प्रतिकूल प्रभावः

क) भू-उपयोगमा परिवर्तनः

भू-उपयोगमा परिवर्तन प्रस्तावित आयोजना कार्यान्वयनबाट पर्ने प्रभाव हो। प्रस्तावित आयोजना कार्यान्वयन गर्दा दुई किसिमबाट भू-उपयोगमा परिवर्तन हुने देखिन्छ। यसमा टावर प्याडहरूको निर्माण गर्दा भू-उपयोगमा परिवर्तन हुने देखिन्छ। टावर निर्माणले स्थायी रूपमा भू-उपयोगमा परिवर्तन हुनेछ। प्रसारण लाइनको क्षेत्राधिकारले गर्दा पनि भू-उपयोगमा परिवर्तन हुनेछ। यसमा प्रस्तावित प्रसारण लाइन क्षेत्राधिकारमा भौतिक संरचना निर्माण गर्न प्रतिबन्ध लागाइने भएकाले प्रभाव पर्ने देखिन्छ। टावर प्याडले निर्माणबाट कुल ०.३२ हेक्टर भू-उपयोगमा परिवर्तन हुनेछ, जसमा वन क्षेत्रको जग्गा ०.५ हेक्टर, खेतीयोग्य भूमि ०.०१ हेक्टर र अन्य भूमि ०.१७ हेक्टर रहेको छ।

त्यसैगरी, आयोजनाको क्षेत्राधिकार भित्र १७.७२ हेक्टर निजी जग्गा, ६.१३१ वन/सरकारी जग्गा, १.६८८ हे. अन्य (बंजर भूमि) र ९.९०१ हे. घास, बाझो र झाडी रहेको छ। यसरी, प्रस्तावित आयोजनाको क्षेत्राधिकारमा रहेका निजी जग्गामा भौतिक संरचना बनाउन रोक लगाइने छ। निर्माण अवधिका लागि शिविरहरूले अस्थायी भूमि ०.१५ हे. मा परिवर्तन ल्याउनेछ। निर्माण अवधि पूरा भएपछि यसलाई पूर्वावस्थामा फर्काइनेछ। **तालिकाः ७-१** ले भू-उपयोगमा हुने परिवर्तन सम्बन्धी विवरण विवरण देखाउछ।

तालिकाः ७-१ भु-उपयोगमा हुने परिवर्तन

क्र.सं.	जग्गाको प्रयोग	कुल भु-उपयोग (हेक्टरमा)
१	कृषि भूमि (टावर फाउन्डेशन)	०.१०
२	वन भूमि (टावर फाउन्डेशन)	०.०५
३	अन्य भूमि (टावर फाउन्डेशन)	०.१७
४	वन भूमि (RoW)	१.६८८
कुल जग्गा		**२.००८**

भु–उपयोग परिवर्तनबाट पर्ने प्रभाव प्रत्यक्ष, स्थानीय, मध्यम, दीर्घकालीन अवधि र मध्यम महत्त्वको रहेको छ।

ख) भू-अस्थिरता र भुक्षयबाट पर्ने प्रभावः

प्रस्तावित आयोजनाको ३२ स्थानमा टावर फाउन्डेशन कार्य गरिनेछ। प्रत्येक स्थानमा लगभग १०० वर्ग मिटर भूमि क्षेत्रलाई प्रभावित गर्न सक्छ। यस बाहेक, वन र कृषि भूमिहरूमा क्षेत्राधिकारबाट रूखहरू हटाउन आवश्यक पर्नेछ। यी दुवै क्रियाकलापहरूले भूमि अस्थिरता र भुक्षय बढाउने सम्भावना राख्छ।

फाउन्डेशन निर्माण गर्दा लगभग ५० घन मिटर मक उत्खनन् हुनेछ। उत्खनन गरिएको मक ब्याकफिलिङ र फाउन्डेशन साइटको ल्यान्डस्केपिङमा प्रयोग गरिने छ। यदि मकलाई उचित रूपमा व्यवस्थापन गरियो भने, यस कार्यले भूमि स्थिरता र भुक्षयमा प्रभाव पार्ने देखिदैन। तथापि, क्षेत्राधिकार भित्रका वनस्पतिहरू हटाउँदा सो स्थानमा भूमि स्थिरता स्थिति घट्न सक्ने सम्भावना रहेको छ।

भूमि अस्थिरता र भूक्षयसँग सम्बन्धित प्रभाव प्रत्यक्ष, स्थान निर्दिष्ट, दीर्घकालीन, रहेको छ।

ग) पानीको गुणस्तरमा पर्ने प्रभावः

पानीको गुणस्तरमा पर्ने प्रभावहरू टावर निर्माण गर्दा माटो खन्ने क्रममा, तेल र ग्रीसको चुहावट सँग सम्बन्धित छन्। साथै, अस्थायी शिविरहरूमा उत्सर्जन हुने फोहोर र भण्डारण स्थल नजिकका पानीका स्रोतहरू (सतही र भुइँमाथिको पानी) लाई प्रदूषित गर्ने सम्भावना राख्दछन्। टावर प्याडहरूको स्थान दलदल), नदीको बाढी मैदानबाट टाढा र जमिन (खन्ने कार्य र श्रमिक र सामग्री भण्डारणका गतिविधिहरूको स्तर तुलनात्मक रूपमा धेरै सानो रहेकोछ, तर व्यवस्थापनको अभावले नजिकका पानीका स्रोतहरूमा पानी प्रदूषणको सम्भावना पुऱ्याउने सक्छ।

पानीको गुणस्तरसँग सम्बन्धित प्रभाव प्रत्यक्ष, स्थान निर्दष्ट, छोटो समयको, र न्यून महत्त्वको रहेको छ।

घ) वायुको गुणस्तरमा पर्ने प्रभावः

वायुको गुणस्तरमा ह्रासको सम्भावना राख्ने निर्माण गतिविधिहरूमा सवारी साधनहरूको आवागमन र टावर निर्माण गर्दा उत्सर्जन प्रयोग हुने धुँवा, र खाना पकाउने र घर तातो गर्ने कार्यहरूबाट हुने उत्सर्जन समावेश छन्। निर्माण गतिविधिहरूको प्रभाव, जुन वातावरणीय वायु प्रदूषणसँग सम्बन्धित छन्, सिमित प्रकृतिका रहेका छन र स्थान निर्दिष्ट छन्।

वायुको गुणस्तरसँग सम्बन्धित प्रभाव प्रत्यक्ष, स्थान निर्दष्ट, छोटो समयको, र न्यून महत्त्वको रहेको छ।

ङ) ध्वनि प्रदूषणको प्रभावः

निर्माण अवधिको प्रमुख ध्वनि उत्पादन गर्ने गतिविधिहरूमा सवारी साधनहरूको आवागमन, टावर फाउन्डेशन खन्ने कार्य र केबल स्ट्रिङ्ग सञ्चालनहरू समावेश छन्। यिनीहरूको प्रभाव सिमित प्रकृतिका, छोटो अवधिका, र स्थान निर्दिष्ट भएकाले, वृद्धि भएको ध्वनिको स्तरका कारण पर्ने प्रभावलाई प्रत्यक्ष, स्थान निर्दिष्ट, छोटो समयको र न्यून महत्त्वको रहेको छ।

च) मक उत्सर्जनका प्रभाव

प्रस्तावित आयोजनाको टावर फाउन्डेशन निर्माण गर्नका लागि ३२ वटा स्थानमा खन्ने कार्य गर्दा लगभग ५० घन मिटरसम्म मक उतपन्न हुनेछ। उत्सर्जन भएको मक ब्याकफिलिङ र टावर साइटको ल्यान्डस्केपिङका लागि पनि आवश्यक पर्नेछ। यद्यपि, उत्सर्जन भएको मकको उचित व्यवस्थापन नभएमा भूमि स्थिरता र भूक्षयसँग सम्बन्धित प्रभाव हुन सक्छ, जसले पानीको गुणस्तरमा गिरावट ल्याउन सक्छ।

मक उत्सर्जनबाट पर्ने प्रभावलाई प्रत्यक्ष, स्थान निर्दिष्ट, छोटो समयको, र न्यून महत्त्वको रहेको छ।

छ) ठोस तथा तरल फोहरमैला उत्सर्जनबाट पर्ने प्रभावः

कामदार शिविर र निर्माण स्थलबाट उत्पन्न भएका ठोस र तरल फोहोरहरूको उचित व्यवस्थापन नगरेमा आयोजना स्थलमा तथा वरपरका क्षेत्रहरूमा प्रदूषण हुनेछ। निर्माण स्थलमा र केबल स्ट्रिङ्ग सञ्चालनमा उत्पन्न हुने फोहोर सामग्रीहरूमा गैरजोखिमयुक्त ठोस र तरल फोहोरहरू समावेश छन्, जस्तै सामग्रीहरूको प्लास्टिक र्यापरहरू, सिमेन्ट प्याकेजिङका लागि प्लास्टिक वा झोलाहरू, फलामका तार र स्क्रयाप, प्रयोग गरिएको काठका फ्रेमहरू, बाँकी कङ्क्रिट, भाँचिएका वा पन्चर भएका कन्टेनरहरू, र कङ्क्रिट मिश्रणका क्रममा निष्किने फोहोर पानी आदि रहेका छन्। त्यस्तै, कामदार शिविरबाट उत्सर्जन हुने ठोस फोहोर र शौचालय फोहोरले शिविरको वरिपरि भूमि र पानी प्रदूषण निम्त्याउन सक्छ।

ठोस तथा तरल फोहरमैला उत्सर्जनबाट पर्ने प्रभावलाई प्रत्यक्ष, स्थान निर्दिष्ट, छोटो समयको, र न्यून महत्त्वको रहेको छ।

अनुकूल प्रभावः

क) भिरालो जमिनको स्थिरतामा अभिवृद्धिः

प्रस्तावित प्रसारण लाइन भिरालो भौगोलिक स्थानहरू भएर पनि गएको छ, टावर फाउन्डेशन क्षेत्रमामा पहिरो र भुमि अस्थिरता पनि रहेको छ। टावर फाउन्डेशन स्थलहरूलाई ढलान स्थिरता उपायहरूका लागि विशेष ध्यान दिन आवश्यक छ। आयोजनाले टावर फाउन्डेशनको सुरक्षा सुनिश्चित गर्न भुस्थिरतासँग सम्बन्धित क्रियाकलाप गर्ने हुँदा टावर निर्माण स्थलको ढलान सुरक्षामा अभिवृद्धि हुनेछ।

ख) भुक्षय नियन्त्रणः

निर्माण चरणमा, फाउन्डेशन कार्य र क्षेत्राधिकारका लागि विभिन्न वनस्पति हटाइनेछन्, जसले आयोजना स्थलमा भुक्षय जोखिम बढाउनेछ। त्यसैले, प्रसारण लाइन क्यारिडोर क्षेत्रहरूमा माटोको कटान नियन्त्रणका लागि विशेष व्यवस्थापन प्रयासहरू गर्नुपर्नेछ, जुन परियोजना क्षेत्रका लागि थप फाइदा हुनेछ।

७.१.१.२ सञ्चालन अवधिः

प्रतिकूल प्रभावः

क) ध्वनि प्रदूषणबाट पर्ने प्रभावः

प्रस्तावित प्रसारण लाईनले उत्पन्न गर्ने ध्वनि "कोरोना डिस्चार्ज" उत्पन्नहुन्छ । कोरोना डिस्चार्जबाट उत्पन्न हुने ध्वनि क्षेत्राधिकार अन्तर्गत ५० डिबिए सम्म पुग्न सक्छ र दुरीसँगै यो ध्वनि घटदै जान्छ। सामान्यतया, कंडक्टरहरूलाई कोरोना घटाउनको लागि डिजाइन गरिएको हुन्छ। यसका अलावा, टावरमा बारम्बार मर्मत कार्यले वरिपरिको क्षेत्रमा ध्वनि उत्पन्न गर्न सक्छ। विद्युत प्रसारण लाइनहरूमा सामान्यतया सुख्खा मौसममा कोरोना इफेक्ट कम हुन्छ।

कोरोना इफेक्टबाट पर्ने प्रभावलाई प्रत्यक्ष, स्थान निर्दिष्ट, दीर्घकालीन र न्यून महत्त्वको रहेको छ।

ख) वायुको गुणस्तरमा पर्ने प्रभावः

प्रस्तावित विद्युत प्रसारण लाइनको क्षेत्राधिकारमा कोरोना डिस्चार्जको कारणले ओजोन र नाइट्रोजन अक्साइडहरूको उत्सर्जन हुन सक्छ। ओजोन ग्याँस कंडक्टर लाइनहरूको सतह नजिक उत्पादन हुन्छ। कोरोना इफेक्ट प्रायः वर्षा मौसम वा हुस्सु लागेको अवस्थाहरूमा बढी हुने गर्दछ। उच्च भोल्टेज लाइनको कंडक्टरको वरिपरि हावाको आयोनीकरणबाट उत्पादन हुने ओजोन र नाइट्रोजन अक्साइडहरूको मात्र यति सानो हुन्छ कि यसले जमिनको सतहमा पुग्दा स्वास्थ्यमा उल्लेखनीय प्रभाव पार्ने देखिदैन।

कोरोना इफेक्टका कारणले वायु प्रदूषणको प्रभावलाई प्रत्यक्ष, स्थान निर्दिष्ट, दीर्घकालीन र न्यून महत्त्वको रहेको छ।

ग) इलेक्ट्रो-म्याग्नेटिक फिल्डले पर्ने प्रभावः

उच्च भोल्टेज प्रसारण लाइनले विद्युत र चुम्बकीय क्षेत्रहरू)EMS) उत्पादन गर्छन। इलेक्ट्रोम्याग्नेटिक प्रभावले टेलिकम्युनिकेसन, केबल जस्ता सेवाहरूलाई असर पुऱ्याउने सक्छ, जुन शक्ति लाइनको नजिक र समानान्तर चलिरहेका हुन्छन्। प्रसारण लाइनकाो १८ मीटर क्षेत्राधिकार र संरचनाहरूमा पर्याप्त लाइन क्लियरन्सको व्यवस्था हुने भएकाले इलेक्ट्रोम्याग्नेटिक क्षेत्रहरूको प्रभावको सम्भावना प्रत्यक्ष, स्थान निर्दिष्ट, दीर्घकालीन र न्यून महत्त्वको रहनेछ।

घ) भूस्थिरता र भुक्षयः

प्रस्तावित विद्युत प्रसारण लाइनको क्षेत्राधिकारबाट वनस्पति हटाउँदा सो क्षेत्रमा भूस्थिरता र भूक्षय हुन सक्छ। यसबाट उत्पन्न हुने प्रभावलाई प्रत्यक्ष, स्थान निर्दिष्ट, दीर्घकालीन, र न्यून महत्त्वको रहनेछ।

तालिकाः ७-२ भौतिक वातावरणीय प्रभाव विश्लेषणको म्याट्रिक्स

क्र. स.	प्रतिकूल प्रभाव	प्रकृति	परिमाण	सीमा	अवधि	उल्लेखनीयता
भौतिक वातावरण						
निर्माण अवधिः						
१	भु-उपयोगमा परिवर्तनबाट पर्ने प्रभाव	प्रत्यक्ष	मध्यम (२०)	स्थानीय (२०)	दीर्घकालीन (२०)	मध्यम महत्त्व (६०)
२	भुअस्थिरता र भुक्षयबाट पर्ने प्रभाव	प्रत्यक्ष	निम्न (१०)	स्थान निर्दिष्ट (१०)	दीर्घकालीन (२०)	न्यून महत्त्व (४०)
३	पानीको गुणस्तरमा पर्ने प्रभाव	प्रत्यक्ष	निम्न (१०)	स्थान निर्दिष्ट (१०)	अल्पकालिन (०५)	न्यून महत्त्व (२५)
४	वायुको गुणस्तरमा पर्ने प्रभाव	प्रत्यक्ष	निम्न (१०)	स्थान निर्दिष्ट (१०)	अल्पकालिन (०५)	न्यून महत्त्व (२५)
५	ध्वनिको गुणस्तरमा पर्ने प्रभाव	प्रत्यक्ष	निम्न (१०)	स्थान निर्दिष्ट (१०)	अल्पकालिन (०५)	न्यून महत्व (२५)
६	मक उत्सर्जनबाट पर्ने प्रभाव	प्रत्यक्ष	निम्न (१०)	स्थान निर्दिष्ट (१०)	अल्पकालिन (०५)	न्यून महत्त्व (२५)
७	ठोस तथा तरल फोहरमैलाबाट पर्ने	प्रत्यक्ष	निम्न (१०)	स्थान निर्दिष्ट (१०)	अल्पकालिन (०५)	न्यून महत्त्व (२५)

क्र. स.	प्रतिकूल प्रभाव	प्रकृति	परिमाण	सीमा	अवधि	उल्लेखनीयता
	प्रभाव					
सञ्चालन अवधिः						
१	ध्वनि प्रदूषणबाट पर्ने प्रभाव	प्रत्यक्ष	मध्यम (२०)	स्थान निर्दिष्ट (१०)	दीर्घकालीन (२०)	मध्यम महत्त्व (५०)
२	वायुको गुणस्तरमा पर्ने प्रभाव	प्रत्यक्ष	निम्न (१०)	स्थान निर्दिष्ट (१०)	दीर्घकालीन (२०)	न्यून महत्त्व (४०)
३	इलेक्ट्रोम्याग्नेटिक फिल्डको प्रभाव	प्रत्यक्ष	निम्न (१०)	स्थान निर्दिष्ट (१०)	दीर्घकालीन (२०)	न्यून महत्त्व (४०)
४	भुस्थिरता र भुक्षय	प्रत्यक्ष	निम्न (१०)	स्थान निर्दिष्ट (१०)	दीर्घकालीन (२०)	न्यून महत्त्व (४०)

७.१.२ जैविक वातावरणः

७.१.२.१ निर्माण अवधिः

क) वन क्षेत्र प्रयोगबाट पर्ने प्रभावः

प्रस्तावित विद्युत प्रसारण लाइन आयोजनाको AP1-AP4 खण्ड सुआले खर्क सामुदायिक वन भएर जान्छ। प्रस्तावित आयोजनाको अधिकांश विद्युत प्रसारण लाइन मार्ग कृषि भूमि, बाँझो भूमि र झाडीहरू भएर जान्छ ।

तालिकाः ७-३ आयोजनाले प्रयोग गर्ने वन क्षेत्रको जग्गाको विवरण

क्र.सं.	भू-उपयोग	क्षेत्रफल (हेक्टरमा)
१	वन क्षेत्र (टावर प्याड)	०.०५
२	वन क्षेत्र (क्षेत्राधिकार)	१.६६८
कुल		१.७१८

परिकल्पना गरिएको प्रभावलाई प्रत्यक्ष, निम्न, स्थानीय, दीर्घकालीन, र मध्यम महत्त्वको रूपमा रहनेछ।

ख) वन क्षेत्रबाट वनस्पति क्षतिबाट पर्ने प्रभावः

२०७४/०९/१४ गते वन विभाग र रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड बीच गरिएको सम्झौता अनुसार, प्रस्तावित ट्रान्समिशन लाइनको क्षेत्राधिकारबाट विभिन्न सामुदायिक वनहरूबाट कुल १२९ वटा रुख हटाइनेछ । आयोजनाले हटाउनु पर्ने रूखको संख्या र प्रजाति **तालिकाः ७-४** मा दिइएको छ।

तालिकाः ७-४ प्रस्तावित आयोजना निर्माण गर्दा हटाउनु पर्ने रूखहरूको संख्या र् प्रजाति

क्र.सं.	प्रजाति	हटाउनु पर्ने रूखहरूको संख्या
१	खोटे सल्लो	९४
२	उत्तिस	२४
३	अन्य	११
कुल		**१२९**

परिकल्पना गरिएको प्रभावलाई प्रत्यक्ष, निम्न, स्थानीय, दीर्घकालीन, र मध्यम महत्त्वको रूपमा रहनेछ।

ग) वन्यजन्तुमा पर्ने प्रभावः

प्रस्तावित विद्युत प्रसारण लाइन क्षेत्रको वन क्षेत्रमा मानव क्रियाकलाप तथा चरीचरण भएको हुँदा वन्यजन्तुको वासस्थानमा खलल पुगेको देखिन्छ। स्थानिय मानिसहरूको अनुसार, केही वन्यजन्तु प्रजातिहरू कहिलेकाहीं आहारका लागि वन क्षेत्रहरूमा आउने गरेको देखिन्छ। प्रस्तावित आयोजना निर्माण गर्दा वन क्षेत्रबाट रूखहरू हटाउँदा वन्यजन्तुको वासस्थानमा प्रभाव पर्ने देखिन्छ।

परिकल्पना गरिएको प्रभावलाई प्रत्यक्ष, निम्न, स्थानीय, दीर्घकालीन, र मध्यम महत्त्वको रूपमा रहनेछ।

घ) वन क्षेत्र खण्डीकरणले पर्ने प्रभावः

प्रस्तावित विद्युत प्रसारण लाईनको १० कि.मि. लम्बाइ मध्ये AP 1 र AP 4 बीचको वनक्षेत्र खण्डीकरण हुनेछ। यस क्षेत्रमा मानव क्रियाकलाप तथा चरीचरण कारणले वनमा खलल पुगेका कारणले वन्यजन्तुको जनसंख्या र जैविक विविधतामा कुनै दबाब पर्ने छैन।

परिकल्पना गरिएको प्रभाव प्रत्यक्ष, स्थानीय, दीर्घकालीन, न्यून महत्त्वको हुनेछ।

ङ) संरक्षित वन्यजन्तुमा पर्ने प्रभावः

प्रस्तावित विद्युत प्रसारण लाइनको क्षेत्राधिकारबाट हटाउनु पर्ने कुनै पनि वनस्पति प्रजातिहरू संरक्षित सुचिमा सुचिकृत छैनन्। आयोजना क्षेत्रमा ७ प्रजातिका संरक्षित वन्यजन्तु प्रजातिहरू छन्। यी सबै प्रजातिहरू स्तनधारी जनावरहरू हुन् र आहारका लागि उक्त क्षेत्रमा विचरण गर्ने गर्दछन। निर्माण अवधिमा, आहारको लागि निर्माण क्षेत्रमा आउने वन्यजन्तुहरूमा प्रभाव पर्न सक्नेछ।

परिकल्पना गरिएको प्रभाव प्रत्यक्ष, निम्न, स्थानीय, दीर्घकालीन, न्यून महत्त्वको हुनेछ।

७.१.२.२ सञ्चालन अवधिः

क) तारमा चराहरू ठोक्किने सम्भावनः

प्रस्तावित विद्युत प्रसारण लाइनको ओभरह्याङ्गिङ क्याबलहरूमा पक्षी प्रजातिहरूसँगको ठोक्किने सम्भावना हुन्छ। आहार र प्रजननका लागि पंछिहरू उड्दा यस्तो समस्या हुन सक्छ। टावरहरूमा डोरीले तानिएका क्याबलहरूले स्वतन्त्र रूपमा उड्ने पक्षीहरूलाई दुर्घटनाको जोखिम पुऱ्याउने सक्छ, जुन प्रायः घातक हुन सक्छ। यसका अतिरिक्त, वर्षा, कुहिरो, अन्धकार र अन्य कम दृश्यता अवस्थाहरूले ठक्करको जोखिमलाई बढाउन सक्छ। त्यस बाहेक, विद्युतीय करेन्टको जोखिम पनि महत्वपूर्ण हुन्छ। पंछिहरू विद्युत् पोल र क्याबलहरूमा बस्ने वा अडिने हुँदा सर्किटको कारण मृत्युलाई निम्त्याउँछन्

परिकल्पना गरिएको प्रभाव प्रत्यक्ष, मध्यम, स्थानीय, दीर्घकालीन, मध्यम महत्त्वको हुनेछ।

ख) वन्यजन्तुमा प्रभावः

आयोजना क्षेत्रका स्थानीय मानिसहरूको अनुसार, नजिकका सामुदायिक वन क्षेत्रमा कहिलेकाहीं वन्यजन्तु देखिने बताइन्छ। उच्च भोल्टेज विद्युत् लाइनहरूमा यदि वन्यजन्तुहरूले सम्पर्कमा आएमा उनीहरूलाई विद्युत् झट्काको उच्च जोखिममा हुन्छ। सामान्यतया रूखमा चढ्ने वन्यजन्तुहरूलाई यस प्रकारको प्रभाव पर्न सक्छ।

अनुमानित प्रभावहरू प्रत्यक्ष, मध्यम, स्थान निर्दिष्ट, दीर्घकालीनन, र मध्यम महत्त्वको हुनेछ।

ग) विद्युत प्रसारण लाइन मर्मत सम्भार/क्षेत्राधिकार क्लियरेन्सले वन क्षेत्रमा पर्ने प्रभावः

आयोजना क्षेत्रको क्षेत्राधिकार अन्तर्गत वनस्पतिको क्लियरेन्स सञ्चालन अवधिमा गरिने नियमित क्रियाकलाप हुनेछ। क्षेत्राधिकार क्लियरेन्सले वनस्पतिको पुनः उत्थानको क्षमतामा असर पुऱ्याउने सक्छ।

अनुमानित प्रभाव प्रत्यक्ष, मध्यम, स्थानीय, दीर्घकालीनन र मध्यम महत्त्वको हुनेछ।

घ) बाह्य प्रजातिको फैलिएर पर्ने प्रभावः

क्षेत्राधिकार क्लियरेनसले बाह्य प्रजातिहरूको अतिक्रमण हुन सक्छ। क्षेत्राधिकार क्लियरेन्स गर्दा वनस्पति हटाइन्छ र सो स्थानमा बाह्य प्रजातिको अतिक्रमण बढ्न सक्छ। बाह्य प्रजातिको अतिक्रमण बढेमा स्थानीय पारस्थितिकिय प्रणालीमा प्रभाव पर्नेछ।

अनुमानित प्रभाव प्रत्यक्ष, मध्यम, स्थानीय र दीर्घकालीन र मध्यम महत्त्वको हुनेछ।

ङ) विद्युतिय फल्टका कारणले वन क्षेत्रमा आगलागिको प्रभावः

विद्युत प्रसारण लाइनमा कुनै कारणले फल्ट हुन गई वन क्षेत्रमा आगलागी हुने सम्भावना रहन्छ। त्यसबाहेक सुख्खा मौसममा यदि चराहरूमा इलेक्ट्रोक्युसन भएर उक्त मृत चरामा

आगो लागेको खण्डमा सोबाट वनजंगलमा आगो सल्केर वनमा डढेलो फैलिन सक्छ। त्यसबाट वनक्षेत्र नोक्सान भई काठपातको नोक्सान हुनुका साथै वनस्रोतमा कमी, पारस्थितिकिय सेवामा कमी हुने देखिन्छ।

परिकल्पना गरिएको प्रभाव प्रत्यक्ष, मध्यम परिमाण, स्थानीय सीमा, दीर्घकालिन अवधिको र मध्यम महत्वपूर्ण प्रभाव रहेको छ।

तालिकाः ७-५ जैविक वातावरणीय प्रभाव विश्लेषणको म्याट्रिक्स

क्र.स.	प्रतिकूल प्रभाव	प्रकृति	परिमाण	सीमा	अवधि	उल्लेखनीयता
जैविक वातावरण						
निर्माण अवधिः						
१	वन क्षेत्र प्रयोगबाट पर्ने प्रभाव	प्रत्यक्ष	निम्न (१०)	स्थानीय (२०)	दीर्घकालीन (२०)	मध्यम महत्त्व (५०)
२	वन क्षेत्रबाट वनस्पति हटाउँदा पर्ने प्रभाव	प्रत्यक्ष	निम्न (१०)	स्थानीय (२०)	दीर्घकालीन (२०)	मध्यम महत्त्व (५०)
३	वन्यजन्तुमा पर्ने प्रभाव	प्रत्यक्ष	निम्न (१०)	स्थानीय (२०)	दीर्घकालीन (२०)	मध्यम महत्त्व (५०)
४	वन क्षेत्र खण्डीकरणबाट पर्ने प्रभाव	प्रत्यक्ष	निम्न (१०)	स्थानीय (२०)	दीर्घकालीन (२०)	मध्यम महत्त्व (५०)
५	संरक्षित वन्यजन्तुमा पर्ने प्रभाव	प्रत्यक्ष	निम्न (१०)	स्थानीय (२०)	दीर्घकालीन (२०)	मध्यम महत्त्व (५०)
सञ्चालन अवधिः						
१	तारमा चराहरू ठोक्किने सम्भावना	प्रत्यक्ष	मध्यम (२०)	स्थानीय (२०)	दीर्घकालीन (२०)	मध्यम महत्त्व (६०)
२	वन्यजन्तुमा पर्ने प्रभाव	प्रत्यक्ष	मध्यम (२०)	स्थानीय (२०)	दीर्घकालीन (२०)	मध्यम महत्त्व (६०)
३	क्षेत्राधिकार क्लियरेन्सले पर्ने प्रभाव	प्रत्यक्ष	मध्यम (२०)	स्थानीय (२०)	दीर्घकालीन (२०)	मध्यम महत्त्व

क्र.स.	प्रतिकूल प्रभाव	प्रकृति	परिमाण	सीमा	अवधि	उल्लेखनीयता
						(६०)
४	बाह्य प्रजाति फैलिएर पर्ने प्रभाव	प्रत्यक्ष	मध्यम (२०)	स्थानीय (२०)	दीर्घकालीन (२०)	मध्यम महत्त्व (६०)
५	विद्युतिय फल्टका कारण वन क्षेत्रमा आगलागिका प्रभाव	प्रत्यक्ष	मध्यम (२०)	स्थानीय (२०)	दीर्घकालीन (२०)	मध्यम महत्त्व (६०)

७.१.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण

७.१.३.१ निर्माण अवधिः

क) निजी जग्गा क्षति तथा भौतिक संरचना निर्माणमा रोकावटले पर्ने प्रभावः

प्रति घर परिवार को औसत जमिन १.५ हे. रहेको छ। औसतमा, प्रत्येक HH द्वारा टावर प्याड फाउन्डेसनको कारण स्थायी रूपमा गुमाइएको जमिन ०.०१ हेक्टर रहेको छ। हो, जुन कुल जमिनको ०.६६% हुन्छ। त्यस्तैगरी, जमिन प्रयोगमा प्रतिबन्ध करिब ५% हुने देखिएको। प्रस्तावित आयोजनाको क्षेत्राधिकारको जग्गा अधिग्रहण गर्दा सो क्षेत्रमा भविष्यमा आवास विकासका लागि रोकावट हुनेछ।

अनुमानित प्रभावलाई प्रत्यक्ष, मध्यम, स्थान निर्दिष्ट, दीर्घकालिक, र मध्यम महत्त्वको हुनेछ।

ख) विद्युतिय प्रसारण लाईनले पैदल मार्ग तथा सडकमा पर्ने प्रभावः

प्रस्तावित विद्युत प्रसारण लाइनले कुनै पनि सडकलाई पार गर्दैन। यस लाईनले १० ठाउँमा पैदलबाटो लाई क्रस गर्ने देखिन्छ। त्यसैगरि, प्रस्तावित प्रसारण लाइनले अन्य विद्युत् प्रसारण लाईन र दूरसंचार लाइनलाई पनि क्रस गर्दैन।

अनुमानित प्रभाव प्रत्यक्ष, निम्न, स्थान निर्दिष्ट, छोटो अवधिको र न्यून महत्त्वको हुनेछ।

ग) स्थानीय पूर्वाधारका सेवामा प्रभावः

प्रस्तावित विद्युत प्रसारण लाईन निर्माण कार्यमा ठूलो संख्यामा श्रमिकहरूको आगमन हुने देखिदैन। प्रस्तावित विद्युत प्रसारण लाईन थोरै संख्याले चरणबद्ध रूपमा कार्य गर्नेछन्। जसमा टावर फाउन्डेशन निर्माणबाट सुरु भइ टावरहरूको निर्माण र क्याबल तान्ने कार्य हुन्छ। निर्माण स्थलमा क्याम्पमा कुल श्रमिकहरूको संख्या २० भन्दा कम सीमित हुनेछ। क्याम्पहरू बस्तीहरूबाट टाढा स्थित भएका कारण बाहिरका श्रमिकहरूले पूर्वाधार सुविधामा पुऱ्याउने दबाब पनि कम हुने अपेक्षा गरिएको छ।

अनुमानित प्रभाव प्रत्यक्ष, निम्न, स्थान निर्दिष्ट, अल्पकालिन, र न्यून महत्त्वको हुनेछ।

घ) बालीनाली क्षतिबाट पर्ने प्रभावः

प्रस्तावित प्रसारण लाईन निर्माण क्षेत्रमा निर्माण कार्यले दुई प्रकारको कृषि बालीनालीको क्षति हुने देखिन्छ। पहिलो, क्षेत्राधिकारमा खडा कृषि बालीनालीहरू र दोस्रो टावर प्याड फाउन्डेशन साइटसम्म पहुँच गर्न र निर्माण चरणमा केबल तान्ने क्रममा हुने क्षति रहेको छ। सामान्यतया, प्रसारण लाइन निर्माण र केबल तान्ने कार्य सुक्खा मौसममा गरिनेछ। आयोजना निर्माणले हुने खडा बालीनालीको क्षतिको विवरण **तालिकाः ७-६** मा दिइएको छ।

तालिकाः ७-६ क्षेत्राधिकारमा हुने खडा बालीनालीको क्षतिको विवरण

क्र.सं.	बालीनाली	उत्पादन (मेट्रिक टन)	उत्पादन मुल्य
१	गहुँ	१.६७	३०१४३.००
२	मकै	४.१३	६६०९३.००
३	कोदो	०.१२	२०३२.००
४	आलु	१.१७	२०९९९.००
कुल			**११९२६७**

अनुमानित प्रभावलाई प्रत्यक्ष, मध्यम, स्थान निर्दिष्ट, दीर्घकालिक, र मध्यम महत्त्वको हुनेछ।

ङ) सामुदायिक वनमा प्रभावः

प्रस्तावित आयोजनाले १.७१८ हेक्टर सामुदायिक वन जग्गामा असर पुऱ्याउने देखिन्छ। यसले गर्दा सामुदायिक वनमा आश्रीत उपभोक्ताहरूलाई प्रत्यक्ष प्रभाव पर्ने देखिन्छ।

अनुमानित प्रभाव प्रत्यक्ष, निम्न, स्थान निर्दिष्ट, दीर्घकालिक, र मध्यम महत्त्वको हुनेछ।

च) पेसागत सुरक्षा र स्वास्थ्यमा पर्ने प्रभावः

आयोजना निर्माण अवधिमा कामदारहरुले बिभिन्न जोखिमका कामहरु जस्तै तार तान्ने, भिरालो ठाउँमा काम गर्नुपर्ने, बल्डिङ लगायतका काम गर्दा चोटपटक लाग्न सक्ने हुन सक्छ। जसले गर्दा कामदारहरुको स्वास्थ्य दुर्घटनामा पर्न सक्छ।

परिकल्पना गरिएको प्रभाव प्रत्यक्ष, न्यून परिमाण, स्थान निर्दिष्ट सीमा, अल्पकालीन अवधिको र न्यून महत्वपूर्ण प्रभाव रहेको छ।

छ) सामुदायि स्वास्थ्य र सरसफाईमा प्रभावः

बाहिरी क्षेत्रबाट आएका श्रमिकहरू र अन्य बस्तीहरूलाई आयोजना क्षेत्रको समुदायमा रोग सर्ने जोखिम हुने सम्भावना छ। बाहिरी श्रमिकहरूको अस्थायी क्याम्पहरू र निर्माण स्थलहरूमा सरसफाईमा कमीले समुदायको स्वास्थ्यमा प्रभाव पर्ने सम्भावना पनि रहेको छ।

अनुमानित जोखिम अप्रत्यक्ष, निम्न, स्थान निर्दिष्ट, छोटो अवधि र न्यून महत्त्वको हुनेछ।

ज) आदिवासी, जनजाति र लोपोन्मुख समुदायमा प्रभावः

प्रस्तावित आयोजना क्षेत्रमा तमाङ समुदाय बसोबास रहेकोछ। प्रस्तावित आयोजनाले सो समुदायको जग्गा अधिग्रहण गर्ने हुँदा अधिग्रहणले आदिवासी समुदायलाई असर पुऱ्याउने देखिन्छ। यसका अतिरिक्त, निर्माण कार्यका श्रमिकहरूले स्थानीय सांस्कृतिक र पारम्परिक अभ्यासहरूमा प्रभाव पार्ने सम्भावना छ। बाहिरबाट आएका मानिसहरूको सम्पर्कमा पर्ने कारण जातीय समूहहरूको परम्परागत जीवनशैली र संस्कृतिमा जोखिम पर्न सक्छ।

अनुमानित प्रभाव प्रत्यक्ष, मध्यम, स्थानीय र दीर्घकालिक र मध्यम महत्त्वकको हुनेछ।

झ) कानुन र व्यवस्थामा प्रभावः

आयोजना क्षेत्रमा बाहिरी श्रमिकहरूको उपस्थितिले स्थानीय समुदायमा विभिन्न तरिकाले भार थप्ने सम्भावना हुन्छ। यसमध्ये सुरक्षा पनि एक प्रमुख हो। त्यसबाहेक बाहिरी कामदारहरूले स्थानीयको रितीरीवाजमा पार्ने प्रभावले पनि स्थानीय कानुन र व्यवस्थामा प्रभाव पर्न सक्छ। **अनुमानित प्रभावहरू अप्रत्यक्ष, निम्न, स्थानीय, छोटो अवधिको र न्यून महत्त्वको हुनेछ।**

७.१.३.२ सञ्चालन अवधिः

क) क्षेत्राधिकार भित्रको जग्गाको मूल्यमा गिरावट

प्रसारण लाइनको निर्माणका कारण, क्षेत्राधिकार अन्तर्गतको जमिनको मूल्य घट्नेछ, किनकि यसमा पूर्वाधार निर्माण र बैंकिङ गतिविधिहरूको लागि प्रतिबन्ध लगाइनेछ। जमिनलाई केवल कृषि प्रयोजनका लागि मात्र प्रयोग गर्न अनुमति दिइनेछ।

अनुमानित प्रभाव प्रत्यक्ष, मध्यम, स्थान निर्दिष्ट र दीर्घकालिक र मध्यम महत्त्वको हुनेछ।

ख) विद्युतिय तथा चुम्बकिय क्षेत्रले जनस्वास्थ्यमा पर्ने प्रभावः

प्रस्तावित विद्युत प्रसारण लाईनबाट उत्सर्जित उच्च भोल्टेजका केबलहरूले निश्चित अवस्थामा जस्तै)क्षेत्राधिकार अन्तर्गत राखिएका धातुमा छोएर-साना माइक्रो (सक उत्पन्न गर्न सक्छ। यसैगरी, विद्युतीय चुम्बकीय क्षेत्र)EMF) ले RoW नजिकका समुदायहरूमा स्वास्थ्य प्रभाव पुऱ्याउने सम्भावना रहेको छ। यस प्रकारका समस्याहरू घरको विद्युतीय लाइनहरूसँग पनि सम्बन्धित छन्। EMF प्रभाव न्यूनीकरणका लागि सुरक्षा मापदण्डको लागि अन्तर्राष्ट्रिय रूपमा कुनै स्वीकार्य दिशानिर्देश छैन। चुम्बकीय क्षेत्रको प्रभाव उत्सर्जित केबलबाट टाढा गएर घट्ने भएकाले, केही देशहरूले EMF सुरक्षा मापदण्डको रूपमा फराकिलो RoW अपनाएका छन्। प्रस्तावित आयोजनाको लाइन प्रायः बस्तीहरूबाट टाढा रहेको क्षेत्रहरूमा जान्छ, त्यसैले समुदायको स्वास्थ्यमा चुम्बकीय क्षेत्रका प्रभावहरू नगण्य मानिन्छ।

अनुमानित प्रभावहरू प्रत्यक्ष, निम्न, स्थानीय, छोटो अवधिकको र न्यून महत्त्वकको हुनेछ।

ग) रेडियो, टेलिभिजन, टेलिफोन, मोबाइल रिसेप्शन र अन्य इलेक्ट्रिकल उपकरणहरूमा प्रभावहरूः

कोरोना र ग्याप डिस्चार्जका कारण विद्युत् चुम्बकीय हस्तक्षेप EMI हुन्छ। कोरोना डिस्चार्जबाट उत्सर्जित विद्युत् चुम्बकीय विकिरणले FM रेडियोहरूलाई प्रभावित पार्न सक्छ, भने ग्याप डिस्चार्जले रेडियो र टेलिभिजन रिसेप्सनलाई दुवैलाई असर पुऱ्याउन सक्छ। विद्युतीय डिस्चार्जले रेडियो र टेलिभिजन सिग्नलहरूमा हस्तक्षेप पुऱ्याउन आवृत्तिहरू प्रसारित गर्न सक्छ। यद्यपि, हस्तक्षेपको प्रभाव प्रसारण सिग्नलहरूको बल र गुणस्तर, स्रोतको रिसेप्टरको दूरी र प्रयोगमा रहेका रेडियो र टेलिभिजन प्रणालीको गुणस्तरमा निर्भर गर्दछ। **अनुमानित प्रभाव प्रत्यक्ष, मध्यम, स्थान निर्दिष्ट र दीर्घकालिक र मध्यम महत्त्वको हुनेछ।**

घ) पेसागत सुरक्षा र स्वास्थ्यमा पर्ने प्रभावः

ऊच्च भोल्टेज प्रसारण लाइनसँगको सम्पर्कले मर्मतसम्भारमा संलग्न हुने व्यक्तिको स्वास्थ्यमा जोखिम हुन सक्छ। उच्च भोल्टेज प्रणालीमा काम गर्दा विद्युत् झट्का र उच्च चुम्बकीय क्षेत्र EMF को प्रभाव पर्न सक्छ।

अनुमानित जोखिम प्रत्यक्ष, मध्यम, स्थान निर्दिष्ट, दीर्घकालिक र मध्यम महत्त्वकको हुनेछ।

ङ) प्रसारण लाइनको कारण स्थानीय क्षेत्रको सौन्दर्य र पर्यटनमा प्रभावहरूः

प्रसारण लाइनका कारण स्थानीय क्षेत्रको सौन्दर्य र पर्यटनमा विभिन्न प्रकारका प्रभावहरू पर्न सक्छन्, जसमाः प्राकृतिक दृश्यमा प्रभाव अन्तर्गत प्रसारण लाइनका उच्च टावरहरू र तिनीहरूको तारहरूको उपस्थिति स्थानीय प्राकृतिक दृश्य र सौन्दर्यमा अवरोध पुऱ्याउन सक्छ। यी संरचनाहरूले पहाड, जंगल, नदी वा अन्य प्राकृतिक दृश्यहरूको दृश्यतालाई कम गर्न सक्छन्, जसले पर्यटकको अनुभवलाई असर पुऱ्याउन सक्छ। यस्तो दृश्य प्रदूषणले पर्यटन क्षेत्रमा आकर्षण घटाउन सक्छ।

अनुमानित जोखिम प्रत्यक्ष, मध्यम, स्थान निर्दिष्ट, दीर्घकालिक र मध्यम महत्त्वकको हुनेछ।

तालिकाः ७-७ सामाजिक, आर्थिक तथा सांस्कृतिक प्रभाव विश्लेषणको म्याट्रिक्स

क्र.स.	प्रतिकूल प्रभाव	प्रकृति	परिमाण	सीमा	अवधि	उल्लेखनीयता
सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण						
निर्माण अवधिः						
१	निजी जग्गा क्षति तथा भौतिक संरचना निर्माणमा रोकावटले पर्ने	प्रत्यक्ष	मध्यम(२०)	स्थान निर्दिष्ट (१०)	दीर्घकालीन (२०)	मध्यम महत्त्व (५०)

क्र.स.	प्रतिकूल प्रभाव	प्रकृति	परिमाण	सीमा	अवधि	उल्लेखनीयता
	प्रभाव					
२	विद्युतिय प्रसारण लाईनले पैदल मार्ग तथा सडकमा पर्ने प्रभाव	प्रत्यक्ष	निम्न (१०)	स्थान निर्दिष्ट (१०)	अल्पकालीन (०५)	न्यून महत्त्व (२५)
३	स्थानीय पूर्वाधारका सेवामा प्रभाव	प्रत्यक्ष	निम्न (१०)	स्थान निर्दिष्ट (१०)	अल्पकालीन (०५)	न्यून महत्त्व (२५)
४	बालीनाली क्षतिबाट पर्ने प्रभाव	प्रत्यक्ष	मध्यम (२०)	स्थान निर्दिष्ट (१०)	दीर्घकालीन (२०)	मध्यम महत्त्व (५०)
५	सामुदायिक वनमा प्रभाव	प्रत्यक्ष	निम्न (१०)	स्थान निर्दिष्ट (१०)	अल्पकालीन (०५)	न्यून महत्त्व (२५)
६	पेसागत सुरक्षा र स्वास्थ्यमा पर्ने प्रभाव	प्रत्यक्ष	निम्न (१०)	स्थान निर्दिष्ट (१०)	अल्पकालीन (०५)	न्यून महत्त्व (२५)
७	सामुदायि स्वास्थ्य र सरसफाईमा प्रभाव	प्रत्यक्ष	निम्न (१०)	स्थान निर्दिष्ट (१०)	अल्पकालीन (०५)	न्यून महत्त्व (२५)
८	आदिवासी, जनजाति र लोपोन्मुख समुदायमा प्रभाव	प्रत्यक्ष	मध्यम (२०)	स्थानीय (२०)	दीर्घकालीन (२०)	मध्यम महत्त्व (६०)
९	कानुन र व्यवस्थामा प्रभाव	प्रत्यक्ष	निम्न (१०)	स्थान निर्दिष्ट (१०)	अल्पकालीन (०५)	न्यून महत्त्व (२५)
सञ्चालन अविधः						
१	क्षेत्राधिकार भित्रको जग्गाको मूल्यमा गिरावट	प्रत्यक्ष	मध्यम (२०)	स्थानीय (२०)	दीर्घकालीन (२०)	मध्यम महत्त्व (६०)

क्र.स.	प्रतिकूल प्रभाव	प्रकृति	परिमाण	सीमा	अवधि	उल्लेखनीयता
२	विद्युतिय तथा चुम्बकिय क्षेत्रले जनस्वास्थ्यमा पर्ने प्रभाव	प्रत्यक्ष	निम्न (१०)	स्थान निर्दिष्ट (१०)	दीर्घकालीन (२०)	न्यून महत्त्व (४०)
३	गरेडियो, टेलिभिजन, टेलिफोन, मोबाइल रिसेप्शन र अन्य इलेक्ट्रिकल उपकरणहरूमा प्रभाव	प्रत्यक्ष	मध्यम (२०)	स्थान निर्दिष्ट (१०)	दीर्घकालीन (२०)	मध्यम महत्त्व (५०)
४	पेसागत सुरक्षा र स्वास्थ्यमा पर्ने प्रभाव	प्रत्यक्ष	मध्यम (२०)	स्थान निर्दिष्ट (१०)	दीर्घकालीन (२०)	मध्यम महत्त्व (५०)
५	प्रसारण लाइनको कारण स्थानीय क्षेत्रको सौन्दर्य र पर्यटनमा प्रभाव	प्रत्यक्ष	मध्यम (२०)	स्थान निर्दिष्ट (१०)	दीर्घकालीन (२०)	मध्यम महत्त्व (५०)

अनुकूल प्रभावः

क) रोजगारीको अवसरः

प्रस्तावित आयोजना निर्माणले स्थानीय जनताले रोजगारीको अवसरहरू प्राप्त गरेर आफ्नो जीवनस्तरमा सुधार गर्नेछन्। प्रस्तावित आयोजना निर्माण कार्यहरूले टावरको जग निर्माण, केबल स्ट्रिङ र क्षेत्राधिकार क्लियरेन्स कार्यहरूका लागि दक्ष, अर्ध दक्ष र-अदक्ष श्रमिकहरूको आवश्यकता पर्नेछ भएकाले दक्ष श्रमिकहरू बाहेक, अन्य श्रमिकहरू स्थानीय क्षेत्रबाट नियुक्त गरिनेछन्। यसले निर्माण अवधिमा प्रसारण मार्गको आसपासका स्थानीय जनतालाई प्रत्यक्ष फाइदा पुग्नेछ।

ख) प्राविधिक सिपमा अभिवृद्धिः

आयोजनामा रोजगारमा लाग्ने व्यक्तिहरूलाई प्रसारण लाइन निर्माणका नयाँ सीप र प्रविधिहरूमा काम गर्दै प्रशिक्षण प्राप्त हुनेछ, जसले भविष्यमा अन्य क्षेत्रमा समान आयोजनाहरूमा रोजगारको अवसरका लागि थप फाइदा पुर्याउन सक्छ। माथिका अतिरिक्त, आयोजना निर्माण अवधिमा समुदायका सदस्यहरूलाई जीविका सीप विकासका लागि विशेष सीप प्रशिक्षण कार्यक्रमहरूको आयोजना गर्ने योजना बनाइएको छ।

७.२ प्रस्तावित आयोजनाको २५० मि. लाइन मार्ग परिवर्तन हुँदा पहिचान गरिएका प्रभावहरू

७.२.१ निर्माण अवधिः

७.२.१.१ भौतिक वातावरण

क) भूक्षय तथा पहिरोबाट पर्ने प्रभावः

प्रस्तावित विद्युत प्रसारण लाइन मार्गको परिवर्तित खण्ड २५० मि. भित्र हाल पहिरो देखिदैन।

परिकल्पना गरिएको प्रभाव प्रत्यक्ष, निम्न परिमाण, स्थान निर्दिष्ट सीमा, अल्पकालीन अवधिको न्यून महत्त्वपूर्ण रहेको छ।

ख) वायु/ध्वनि प्रदूषणबाट पर्ने प्रभावः

प्रस्तावित आयोजना निर्माण अवधिमा निर्माण सामग्री ढुवानी, निर्माण सामग्री लोडिङ्ग तथा अनलोडिङ्ग गर्दा र भान्साबाट निष्केको धुँवाले वायु/ध्वनि प्रदूषण हुने देखिन्छ। यस प्रकारको प्रदूषण स्थान निर्दिष्ट तथा छोटो अवधिको लागि मात्र हुने देखिन्छ।

परिकल्पना गरिएको प्रभाव प्रत्यक्ष, निम्न परिमाण, स्थान निर्दिष्ट सीमा, अल्पकालिन अवधिको र न्यून महत्वपूर्ण प्रभाव रहेको छ।

७.२.१.२ जैविक वातावरणः

क) मानव वन्यजन्तु द्वन्द्वको प्रभावः

प्रस्तावित आयोजना क्षेत्र लामटाङ राष्ट्रिय निकुञ्जबाट मात्र ५०० मिटरको दुरीमा रहेको छ। स्थानीयले रिपोर्ट गरे अनुसार आयोजना क्षेत्रमा कहिलेकाहि वन्यजन्तुहरु देखा पर्ने गरेका छनः्। आयोजना निर्माणका अवधिमा कामदारहरुको आवागमन बढ्नुका साथै स्थानीय जनतासँग पनि मानव वन्यजन्तु द्वन्द्व बढन सक्छ। यसरी मानव वन्यजन्तु बिचको द्वन्द्वले गर्दा चोटपटक तथा मानविय क्षति हुन सक्छ।

परिकल्पना गरिएको प्रभाव प्रत्यक्ष, निम्न परिमाण, स्थानीय सीमा ,अल्पकालिन अवधिको र न्यून महत्वपूर्ण प्रभाव रहेको छ।

ख) वन्यजन्तुको चोरिशिकारः

आयोजना निर्माण अवधिमा कामदारहरूको आवागमनमा वृद्धि हुने देखिन्छ साथै निर्माण कार्य भईरहदा सो क्षेत्रमा वन्यजन्तु तस्करहरूको गतिवीधि बढ्न सक्छ। यसरी वन्यजन्तुको चोरीशिकार हुने सम्भावना रहन सक्छ। कामदारहरू मासु तथा अन्य प्रयोजनका लागि वन्यजन्तुको शिकार गर्ने सम्भावना हुन्छ।

परिकल्पना गरिएको प्रभाव प्रत्यक्ष, निम्न परिमाण, स्थानीय सीमा, अल्पकालिन अवधिको र न्यून महत्त्वपूर्ण रहेको छ।

ग) लामटाङ राष्ट्रिय निकुञ्जको जैविक विविधतामा पर्ने प्रभावः

प्रस्तावित आयोजनाको एउटा टावर लामटाङ राष्ट्रिय निकुञ्ज भित्रको स्थानीयको निजी जग्गामा निर्माण गरिने साथै परिवर्तित प्रसारण लाइनको क्षेत्राधिकार भित्र लामटाङ राष्ट्रिय निकुञ्जको कुल ०.३६० हे. जग्गा पर्ने देखिन्छ। आयोजना कार्यान्वयनका लागि यस क्षेत्रबाट कुनै पनि वनस्पति हटाउनु पर्ने देखिदैन। साथै प्रस्तावित आयोजना कार्यान्वयनले लामटाङ राष्ट्रिय निकुञ्ज भित्र पाइने स्थानिक, संरक्षित वनस्पति तथा वन्यजन्तु मासिने सम्भावना पनि न्यून रहेको छ।

घ) लामटाङ राष्ट्रिय निकुञ्जसँग गर्नुपर्ने समन्वयः

परिवर्तित प्रसारण लाइनको क्षेत्राधिकार भित्र लामटाङ राष्ट्रिय निकुञ्जको कुल ०.३६० हे. जग्गा पर्ने देखिन्छ। उक्त जग्गा प्रसारण लाइनको क्षेत्राधिकार भित्र लामटाङ राष्ट्रिय निकुञ्जमा पर्ने भएकोले आयोजनाले उक्त क्षेत्रमा निर्माण कार्य गर्नुपूर्व लामटाङ राष्ट्रिय निकुञ्जसँग आवश्यक समन्वय गर्नुपर्ने हुन्छ।

ङ) लामटाङ राष्ट्रिय निकुञ्जको जग्गा भोगाधिकार सम्बन्धमाः

प्रस्तावित आयोजनाको परिवर्तित प्रसारण खण्ड T1 देखि T3 को बिचमा प्रसारण लाइनको क्षेत्राधिकार भित्र पर्ने ०.३६० हे. लामटाङ राष्ट्रिय निकुञ्जको जग्गाको भोगाधिकार प्राप्त गर्नुपर्ने हुन्छ।

७.२.१.३ सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरण

क) टिमुरे तातोपानी कुण्डमा पर्ने प्रभावः

प्रस्तावित आयोजनाको टावर नं २ भन्दा करिब ३७५ मिटर माथि टिमुरे तातोपानी कुण्ड रहेको छ। प्रस्तावित आयोजना निर्माणले उक्त तातोपानीमा कुनै पनि किसिमको असर पर्ने देखिदैन।

परिकल्पना गरिएको प्रभाव प्रत्यक्ष, निम्न परिमाण, स्थान निर्दिष्ट सीमा, अल्पकालिन अवधिको र न्यून महत्वपूर्ण प्रभाव रहेको छ।

ख) नीजि जग्गा अधिग्रहण, क्षति तथा क्षतिपूर्तिः

प्रस्तावित विद्युत प्रसारण लाईन निर्माणका कारणले ०.०३६ हे. निजी जग्गा स्थायी रूपमा अधिग्रहण गरिने छ भने क्षेत्राधिकार भित्र ०.०९० हे. निजी जग्गा पर्ने देखिएको छ ।

परिकल्पना गरिएको प्रभाव प्रत्यक्ष, मध्यम परिमाण, स्थान निर्दिष्ट सीमा, दीर्घकालिन अवधिको र मध्यम महत्वपूर्ण प्रभाव रहेको छ।

ग) कामदारको पेसागत सुरक्षा र स्वास्थ्यमा प्रभावः

आयोजना निर्माण अवधिमा कामदारहरुले बिभिन्न जोखिमका कामहरु जस्तै तार तान्ने, भिरालो ठाउँमा काम गर्नुपर्ने, बल्डिङ लगायतका काम गर्दा चोटपटक लाग्न सक्ने हुन सक्छ। जसले गर्दा कामदारहरुको स्वास्थ्य दुर्घटनामा पर्न सक्छ।

परिकल्पना गरिएको प्रभाव प्रत्यक्ष, न्यून परिमाण, स्थान निर्दिष्ट सीमा, अल्पकालीन अवधिको र न्यून महत्वपूर्ण प्रभाव रहेको छ।

घ) बालश्रमको प्रयोगबाट पर्ने प्रभावः

प्रस्तावित विद्युत प्रसारण लाईन निर्माणको समयमा बालबालिकालाई निर्माण कार्यमा प्रयोग गर्न सक्ने सम्भावना रहन सक्छ। आयोजना निर्माण कार्यमा बालबालिकाहरु काममा लगाएमा कानुन विपरित कार्य गरेको ठहरिन्छ।

परिकल्पना गरिएको प्रभाव प्रत्यक्ष, निम्न परिमाण, स्थान निर्दिष्ट सीमा, अल्पकालिन अवधिको र न्यून महत्वपूर्ण प्रभाव रहेको छ।

ङ) लैंगिक विभेदीकरणका प्रभावहरुः

आयोजना निर्माण कार्यमा महिला तथा पुरुष दुबै काम गर्ने भएकोले कार्यस्थलमा लैंगिक विभेद हुने सम्भावना रहन सक्छ। कामदारहरुको लैंगिक आधारमा ज्याला निर्धारण गर्ने सम्भावना पनि रहन सक्छ। त्यसका अतिरिक्त कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार हुने सम्भावना पनि रहन सक्छ।

परिकल्पना गरिएको प्रभाव प्रत्यक्ष, निम्न परिमाण, स्थानीय सीमा, अल्पकालिन अवधिको र न्यून महत्वपूर्ण प्रभाव रहेको छ।

७.२.२ सञ्चालन अवधिः

७.२.२.१ भौतिक वातावरणः

क) भूक्षय तथा पहिरोबाट टावर ढल्दा पर्ने प्रभावः

प्रस्तावित प्रसारण लाइन दुबै तर्फ ठाडो पहाडी भूभागमा भएकोले भिरालो स्थानमा पहिरो जान सक्ने सम्भावना रहन्छ। यदि टावर नजिक पहिरो गएमा संरचनामा क्षति भई विद्युत प्रसारणमा अवरोध हुने देखिन्छ।

परिकल्पना गरिएको प्रभाव प्रत्यक्ष, मध्यम परिमाण, स्थान निर्दिष्ट सीमा, अल्पकालीन अवधिको न्यून महत्त्वपूर्ण रहेको छ।

७.२.२.२ जैविक वातावरणः

क) प्रसारण लाईनको कारणले चराहरुमा हुने इलेक्ट्रोक्युसनको प्रभावः

विद्युत प्रसारण लाइनहरूको pylon हरूमा विद्युतिय करेन्टबाट चराहरूको मृत्यु हुन सक्छ यस लाई इलेक्ट्रोक्युसन भनिन्छ। इलेक्ट्रोक्युसन दुई तरिकाबाट हुन सक्छ जसमा दुई कन्डक्टरहरूको सम्पर्क वा कन्डक्टर वा मेटालिक संरचना सँग सम्पर्क भएर चराहरूमा इलेक्ट्रोक्युसन हुने गर्दछ। ठुलो आकारका चराहरू जस्तैः vultures, raptors, strokes आदि तथा Congregatory and Dispersive/gregarious species हरूमा इलेक्ट्रोक्यूसन हुने सम्भावना बढी रहन्छ। ठुलो आकारका चराहरू पखेटाको लम्बाइका कारणले सजिलै इलेक्ट्रोक्यूसन हुन्छ। त्यस्तै gregarious species का चराहरू प्रसारण लाइनहरूको pylon मा एकैचोटी धेरै संख्यामा बस्दा पनि इलेक्ट्रोक्यूसन हुने सम्भावना हुन्छ

विद्युत प्रसारण लाईनका कारण चराहरुमा इलेक्ट्रोक्युसन भई चराहरु मर्न सक्छन्। यसरी चराहरुमा इलेक्ट्रोक्युसनका कारणले चरा प्रजातिको जनसंख्या घटनुका साथै चरा प्रजातिमा प्रतिकूल प्रभाव पर्न सक्छ।

परिकल्पना गरिएको प्रभाव प्रत्यक्ष, मध्यम परिमाण, स्थानीय सीमा, दीर्घकालिन अवधिको र मध्यम महत्वपूर्ण प्रभाव रहेको छ।

ख) चराहरुको उडानमा अवरोधबाट पर्ने प्रभावः

विद्युत प्रसारण लाइन यसको प्रकृतिको कारणले चराहरुको उडानलाई परिवर्तन गरि अवरोध गर्दछ। विद्युत प्रसारण लाइनले चराहरूको उड्ने मार्ग परिवर्तन गरि बसाँइसराईको व्यवहारमा परिवर्तन गर्ने देखिन्छ। केही प्रजातिका चराहरूमा विद्युत प्रसारण लाईनलाई avoid गर्ने भएकाले विद्युत प्रसारण लाईन सञ्चालन भएको क्षेत्रमा सो प्रजातिका चराहरू नदेखिने हुन सक्छन। यद्यपी, प्रस्तावित परिवर्तन भएको २५० मि. खण्ड चराहरूको migratory route मा पर्दैन।

परिकल्पना गरिएको प्रभाव प्रत्यक्ष, मध्यम परिमाण, स्थानीय सीमा, दीर्घकालिन अवधिको र मध्यम महत्वपूर्ण प्रभाव रहेको छ।

ग) वन्यजन्तुलाई करेन्ट लाग्न सक्ने सम्भावना र सोबाट पर्ने प्रभावः

विद्युत प्रसारण लाइनमा मुख्यगरि arboreal वन्यजन्तु, साना स्तनधारी प्राणी, climbing reptiles आदिका लागि करेन्ट लाग्न सक्छ। जसबाट वन्यजन्तुको मृत्यू हुन सक्छ ।

परिकल्पना गरिएको प्रभाव प्रत्यक्ष, मध्यम परिमाण, स्थानीय सीमा, दीर्घकालिन अवधिको र मध्यम महत्वपूर्ण प्रभाव रहेको छ।

घ) विद्युत प्रसारण लाइनमा हुने फल्टका कारणले वनजंगलमा आगलागीबाट पर्ने प्रभावः

विद्युत प्रसारण लाइनमा कुनै कारणले फल्ट हुन गई वन क्षेत्रमा आगलागी हुने सम्भावना रहन्छ। त्यसबाहेक सुख्खा मौसममा यदि चराहरूमा इलेक्ट्रोक्युसन भएर उक्त मृत चरामा आगो लागेको खण्डमा सोबाट वनजंगलमा आगो सल्केर वनमा डढेलो फैलिन सक्छ। त्यसबाट वनक्षेत्र नोक्सान भई काठपातको नोक्सान हुनुका साथै वनस्रोतमा कमी, पारस्थितिकिय सेवामा कमी हुने देखिन्छ।

परिकल्पना गरिएको प्रभाव प्रत्यक्ष, मध्यम परिमाण, स्थानीय सीमा, दीर्घकालिन अवधिको र मध्यम महत्वपूर्ण प्रभाव रहेको छ।

७.२.२.३ सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणः

क) स्थानीय जनतालाई करेन्ट लाग्ने सम्भावना तथा दुर्घटनाः

प्रस्तावित विद्युत प्रसारण लाईन सञ्चालनका अवधिमा बिभिन्न कारणले (सर्ट सर्किट , विद्युत चुहावट, तारहरु चुडिएर) स्थानीय जनतालाई करेन्ट लाग्ने सम्भावना रहन्छ।

परिकल्पना गरिएको प्रभाव प्रत्यक्ष, मध्यम परिमाण, स्थानीय सीमा, दीर्घकालिन अवधिको र महत्वपूर्ण प्रभाव रहेको छ।

ख) स्थानीय परिदृश्य सौन्दर्यमा पर्ने प्रभावः

विद्युत प्रसारण लाइन निर्माणबाट तारहरुका कारणले प्राकृतिक परिदृश्य सौन्दर्यमा ह्रास हुने देखिन्छ । तारहरु बिभिन्न प्राकृतिक आकृतिहरु, नदी उपत्यकाहरु, वनजंगल आदिलाई पार गरेर निर्माण हुने हुँदा त्यस क्षेत्रको परिदृश्यमा परिवर्तन भई प्राकृतिक सौन्दर्यमा नकारात्मक प्रभाव पर्ने देखिन्छ ।

परिकल्पना गरिएको प्रभाव प्रत्यक्ष, मध्यम परिमाण, स्थानीय सीमा, दीर्घकालिन अवधिको र मध्यम महत्वपूर्ण प्रभाव रहेको छ।

तालिकाः ७-८ वातावरणीय प्रभाव विष्लेषणको म्याट्रिक्स

क्र. स.	प्रतिकूल प्रभाव	प्रकृति	परिमाण	सीमा	अवधि	उल्लेखनीयता
प्रतिकूल प्रभावः						
सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरण						
निर्माण अवधिः						
१	निजी जग्गा अधिग्रहणबाट पर्ने प्रभाव	प्रत्यक्ष	मध्यम (२०)	स्थान निर्दिष्ट (१०)	दीर्घकालीन (२०)	मध्यम महत्वपूर्ण (५०)
२	कामदारको पेसागत सुरक्षा र स्वास्थ्यमा प्रभाव	प्रत्यक्ष	निम्न (१०)	स्थानीय (२०)	अल्पकालिन (०५)	न्यून महत्व (३५)
३	टिमुरे तातोपानी कुण्डमा पर्ने प्रभाव	प्रत्यक्ष	निम्न (१०)	स्थानीय (२०)	अल्पकालिन (०५)	न्यून महत्व (३५)
४	लैगिंक विभेदबाट पर्ने प्रभाव	प्रत्यक्ष	निम्न (१०)	स्थानीय (२०)	अल्पकालिन (०५)	न्यून महत्व (३५)
५	बालश्रमको प्रयोगबाट पर्ने प्रभाव	प्रत्यक्ष	निम्न (१०)	स्थानीय (२०)	अल्पकालिन (०५)	न्यून महत्व (३५)
सञ्चालन अवधिः						
१	स्थानीय परिदृश्य सौन्दर्यमा पर्ने प्रभाव	प्रत्यक्ष	मध्यम (२०)	स्थानीय (२०)	दीर्घकालीन (२०)	मध्यम महत्वपूर्ण (६०)
२	स्थानीय जनतालाई करेन्ट लाग्ने सम्भावना तथा दुर्घटना	प्रत्यक्ष	मध्यम (२०)	स्थानीय (२०)	दीर्घकालीन (२०)	मध्यम महत्वपूर्ण (६०)

क्र. स.	प्रतिकूल प्रभाव	प्रकृति	परिमाण	सीमा	अवधि	उल्लेखनीयता
भौतिक वातावरणः						
निर्माण अवधिः						
१	वायुको गुणस्तरमा पर्ने प्रभाव	प्रत्यक्ष	निम्न (१०)	स्थानीय (२०)	अल्पकालिन (०५)	न्यून महत्वपूर्ण (३५)
२	ध्वनि र कम्पनबाट पर्ने प्रभाव	प्रत्यक्ष	निम्न (१०)	स्थानीय (२०)	अल्पकालिन (०५)	न्यून महत्वपूर्ण (३५)
३	भूक्षय तथा भुस्थिरता	प्रत्यक्ष	निम्न (१०)	स्थान निर्दिष्ट (१०)	अल्पकालिन (०५)	न्यून महत्वपूर्ण (२५)
सञ्चालन अवधिः						
१	भूक्षय तथा पहिरोबाट पर्ने प्रभाव	प्रत्यक्ष	निम्न (१०)	स्थान निर्दिष्ट (१०)	दीर्घकालिन (२०)	न्यून महत्वपूर्ण (४०)
जैविक वातावरणः						
निर्माण अवधिः						
१	वनक्षेत्रमा आगलागिले पर्ने प्रभाव	प्रत्यक्ष	निम्न (१०)	स्थानीय (२०)	अल्पकालिन (०५)	न्यून महत्वपूर्ण (३५)
२	लामटाङ राष्ट्रिय निकुञ्जको जैविक विविधतामा पर्ने प्रभाव	प्रत्यक्ष	निम्न (१०)	स्थानीय (२०)	अल्पकालिन (०५)	न्यून महत्वपूर्ण (३५)
३	मानव वन्यजन्तु द्वन्द्वको प्रभाव	प्रत्यक्ष	निम्न (१०)	स्थानीय (२०)	अल्पकालिन (०५)	न्यून महत्वपूर्ण (३५)

क्र. स.	प्रतिकूल प्रभाव	प्रकृति	परिमाण	सीमा	अवधि	उल्लेखनीयता
४	वन्यजन्तुको चोरिशिकार	प्रत्यक्ष	निम्न (१०)	स्थानीय (२०)	अल्पकालिन (०५)	न्यून महत्वपूर्ण (३५)
सञ्चालन अवधिः						
१	वन्यजन्तुमा करेन्ट लाग्न सक्ने सम्भावना	प्रत्यक्ष	निम्न (१०)	स्थान निर्दिष्ट (१०)	दीर्घकालीन (२०)	न्यून महत्वपूर्ण (४०)
२	प्रसारण लाईनको कारणले चराहरुमा हुने इलेक्ट्रोक्युसनबाट पर्ने प्रभाव	प्रत्यक्ष	मध्यम (२०)	स्थानीय (२०)	दीर्घकालीन (२०)	मध्यम महत्वपूर्ण (६०)
३	चराहरुको उडानमा अवरोधबाट पर्ने प्रभाव	प्रत्यक्ष	मध्यम (२०)	स्थानीय (२०)	दीर्घकालीन (२०)	मध्यम महत्वपूर्ण (६०)
४	करेन्ट शर्ट भई वनजंगलमा आगलागिबाट पर्ने प्रभाव	प्रत्यक्ष	मध्यम (२०)	स्थानीय (२०)	दीर्घकालीन (२०)	मध्यम महत्वपूर्ण (६०)

परिच्छेद-८ अनुकूल प्रभाव अधिकतम अभिवृद्धि गर्ने तथा प्रतिकूल प्रभाव न्यून गर्ने उपायः

प्रस्तावित विद्युत प्रसारण लाइनको पूर्व स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले सुझाएका अनुकूल प्रभाव अभिवृद्धि तथा प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरू तल दिइए बमोजिम छन्;

८.१ अनुकूल प्रभाव अभिवृद्धिकरणका उपायः

८.१.१ सिप अभिवृद्धिका लागि तालिम कार्यक्रमः

प्रस्तावित विद्युत प्रसारण लाईन निर्माण र मर्मतका लागि दक्ष र अर्धदक्ष मानव स्रोतको आवश्यकता पर्ने देखिन्छ। निर्माण कार्यमा अदक्ष श्रमिकहरूको पनि आवश्यकता पर्ने देखिन्छ। स्थानीय जनतालाई र आयोजना प्रभावित समुदायलाई अधिकतम रोजगार अवसर प्रदान गर्ने उद्देश्यले स्थानिय जनतालाई प्रसारण लाइन निर्माण र मर्मत कार्यमा सीप तालिम दिइनेछ। यसका अतिरिक्त, वेल्डिंग, वायरिङ, सिलाई आदि जस्ता अन्य क्षमता विकास सम्न्धी तालिमहरू पनि आयोजनाले दिनेछ। तालिमका अवसरहरू प्राथमिकताका साथ प्रत्यक्ष आयोजना प्रभावित परिवारलाई दिइने छन्। स्थानीय समुदायलाई सीप तालिम दिनका लागि ने.रू. १५,००,०००.०० छुट्याइएको छ। जुन अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षणमा ने.रू. ५००००.०० वृद्धि गरिएको छ। तालिम सम्बन्धी विवरण **तालिकाः ८-१** मा दिइएको छ।

तालिकाः ८-१ सिप अभिवृद्धि सम्बन्धी तालिमको विवरण

क्र.सं.	विवरण	तालिम लिने जनसंख्या			अवधि (महिना)	दर (ने.रू.)	अनुमानित बजेट
		पुरूष	महिला	कुल			
१	विल्डिङ्ग	१४	०	१४	१	२१०००	२९४०००
२	वायरिङ	५	५	१०	१.५	१५२००	१५२०००
३	मर्मत कार्य सम्बन्धी	१२	४	१६	१	२००००	३२०००
४	मेसनरी	७	६	१३	२	२६०००	३३८०००
५	गेबियन वायर निर्माण	८	३	११	२	२००००	२२००००
६	सिलाई सम्बन्धी	२	९	११	२	१६०००	१६७०००
कुल		४८	२७	७५			१५००००० /-

८.१.२ वृक्षारोपण कार्यक्रमः

प्रस्तावित आयोजना क्षेत्रको वन क्षेत्रमा वनस्पतिको घनत्व कम रहेको छ। प्रस्तावित आयोजनाले त्यस क्षेत्रको वन क्षेत्रको बाझो तथा न्यून वन घनत्व भएको क्षेत्रमा वृक्षारोपण

कार्यक्रम गरिनेछ। वृक्षारोपण गर्दा स्थानीय समुदाय र डिभिजन वन कार्यालय, रसुवा सँगको समन्वयमा स्थानीय प्रजाति रोपण गरिने छ। प्रस्तावित विद्युत प्रसारण लाइन आयोजनाको क्षेत्राधिकार भित्र स-साना विरूवा रोप्दा हरियाली बढनुका साथै भुस्थिरताको अवस्था कायम रहनेछ। वृक्षारोपण कार्यक्रम स्थानीय समुदायको सहयोगमा सम्पन्न गरिनेछ। वृक्षारोपण कार्यक्रमका लागि अनुमानित लागत ने.रू. १५,००,००० छुट्याइएको छ। यसका लागि आयोजनाले वृक्षारोपण कार्य गरि सकेको छ।

८.१.३ सामुदायिक वन उपभोक्ता समुहलाई सहयोगः

प्रस्तावित विद्युत प्रसारण लाइन आयोजनाले पाँचवटा सामुदायिक वन उपभोक्ता समूहहरूलाई प्रभावित गर्दछ। यस आयोजनाले प्रभावित सामुदायिक वन उपभोक्ता समूहहरूलाई डिभिजन वन कार्यालय, रसुवाको समन्वयमा सहयोग गर्नेछ। यस सहयोग कार्यक्रम अन्तर्गत, सामुदायिक वन उपभोक्ता समूहहरूलाई समुहको कार्यलयमा आवश्यक फर्निचर र स्टेशनरीमा सहयोग गर्नेछ। सामुदायिक वन उपभोक्ता समूहहरूलाई सहयोगका लागि ने.रू. ५,००,०००.०० छुट्याइएको छ, जुन अद्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण गर्दा ने.रू.२५०००.००ले वृद्धि गरेको छ।

८.१.४ स्थानीय सेवा सुविधामा सहयोगः

आयोजना क्षेत्रको शिक्षा, स्वास्थ्य र सरसफाइको अवस्था अपेक्षाकृत कमजोर रहेको छ। प्रभावित गाउँहरूका प्रसारण लाईनको क्षेत्राधिकारको २ किलोमिटर दूरी भित्र रहेका विद्यालयहरू र स्वास्थ्य चौकीहरूलाई आधारभूत सुविधाहरूका लागि सहयोग गरिनेछ। यसका अतिरिक्त, प्रसारण लाईनको क्षेत्राधिकारको २ किलोमिटर दूरी भित्र रहेका घरहरूलाई शौचालयहरूको निर्माणका लागि सहयोग प्रदान गरिनेछ। आयोजना प्रभावित घरधुरी र नजिकका बस्तीहरू डाल्फेदी), थुमान, पाजुन, मन्दोलाई प्राथमिकता दिइनेछ। (यस कार्यका लागि अनुमानित लागत ने.रू.१०,००,००० छुट्याइएको छ। यसका लागि विद्यालयलाई ४ जना शिक्षक र स्वास्थ्य केन्द्रलाई ३ जना अ.हे.व. सहयोग गरेको छ।

८.१.५ अनुकूल प्रभाव अभिवृद्धिका लागि लागत

आयोजनाको अनुकूल प्रभाव अभिवृद्धिका लागि अनुमान गरिएको लागत **तालिकाः ८-२** मा गरिएको छ ।

तालिकाः ८-२ अनुकूल प्रभाव अभिवृद्धिका लागि अनुमानित लागतको सारांश

क्र.सं.	वातावरणीय अभिवृद्धिका उपाय	प्रा.वा.प. मा लागत (ने.रू.)	अ.प्रा.वा.प. मा लागत (ने.रू.)
१	वृक्षारोपण कार्यक्रम	१०,००,०००/-	१५,००,०००/-
२	सिप विकास तालिम	१०,००,०००/-	१५,००,०००/-

३	सामुदायिक वन उपभोक्ता समूहलाई सहयोग	२,५०,०००/-	५,००,०००/-
४	स्थानीय सेवा सुविधामा सहयोग	१०,००,०००/-	१०,००,०००/-
कुल		३२,५०००/-	४५,००,०००/-

८.२ प्रतिकूल प्रभाव न्यूनीकरणका उपायः

८.२.१ भौतिक वातावरणः

८.२.१.१ निर्माण अविधः

क) भू-उपयोगमा प्रभावः

टावर फाउन्डेशन र क्षेत्राधिकारमा, विशेष गरी वन क्षेत्रको जग्गामा भूउपयोगमा परिवर्तन अवशिष्ट हुनेछ। क्षेत्राधिकार भित्र पर्ने नीजि जग्गाको हकमा स्थानीय जनता र प्रत्यक्ष प्रभावितसँगको सल्लाहमा निम्नलिखित उपायहरू मार्फत सुधार गरिनेछः

- आयोजनाको क्षेत्राधिकार भित्र पर्ने निजी जग्गामा कृषि कार्यमा कुनै प्रतिबन्ध लगाइने छैन।
- वन क्षेत्रको जग्गामा क्षेत्राधिकार भित्र घाँस रोपण/उपयुक्त NTFP रोपणमा कुनै प्रतिबन्ध लगाइने छैन।
- क्षेत्राधिकार अन्तर्गत सुधार गरिएको कृषि र सुधारिएको घाँस प्रजातिहरू र उपयुक्त NTFP रोपण गर्ने परिवारहरूलाई यस्ता प्रयासहरूको प्रमाणीकरणपछि त्यसका लागि व्यहोरिएका लागतहरूको मुआब्जा दिइनेछ।

मुआब्जाका लागि अनुमानित रकम ने.रू. १०,००,०००.०० छुट्याइएको छ।

ख) भुस्खलन तथा भुक्षयबाट पर्ने प्रभावः

निर्माण क्रियाकलापहरूको कारणले भू- अस्थिरता र माटो कटानको जोखिमलाई न्यून गर्नका लागि तलका न्यूनीकरण उपायहरू लागू गरिनेछन्:

- सम्भव भएसम्म, क्षेत्राधिकार र टावर फाउन्डेसन स्थलमा सामग्री यातायातका लागि विद्यमान बाटोहरू प्रयोग गरिने छन्। यदि नयाँ बाटो खोल्नु आवश्यक परेमा, कटान, निर्माण र भूस्खलनबाट जोगिन सबैभन्दा स्थिर भागको चयन गरिनेछ।
- AP2 र AP3 बीच विशेष सुरक्षा (ग्याबियन र म्यासनरी) लागू गरिनेछ र भूस्खलनका जोखिम न्यून गर्न जैविक इन्जिनियरिङ प्रविधि प्रयोग गरिनेछ।
- फाउन्डेसन निर्माण कार्य आवश्यक गहिराईसम्म मात्र सीमित गरिनेछ।
- उत्सर्जन भएको मक सुरक्षित रूपमा राखिनेछ र पछि ब्याकफिलिंगका लागि प्रयोग गरिनेछ।

- फाउन्डेसन कार्य पछि अतिरिक्त मकलाई फाउन्डेसन स्थल वरिपरि ल्यान्डस्केपिङ मार्फत व्यवस्थापन गरिनेछ।
- फाउन्डेसन स्थलको आसपासको भूदृश्यलाई स्थानीय घाँस प्रजाति रोपिनेछ र फाउन्डेसन निर्माण पछि ल्यान्डस्केपको सुरक्षा गर्न जैविक-इन्जिनियरिङ प्रविधि लागू गरिनेछ।
- फाउन्डेसन स्थल वरिपरि सतही पानीको बहावलाई पर्याप्त निकासी प्रणाली मार्फत नजिकको प्राकृतिक नालीमा जाने व्यवस्था गरिनेछ।
- क्षेत्राधिकार केलियरेन्स गर्दा वनस्पति र रुखहरूको पूर्ण नहटाइ काटछाट गरिने छ अधिकतम ३ मिटरको उचाइमा माथिका वनस्पतिहरू मात्र काटछाट गरिनेछ।

ग्याबियन र म्यासनरी वाल निर्माणका लागि भूस्खलन सुरक्षा गर्न थप ने.रू.१०,००,०००.०० छुट्याइएको छ। यसका लागि ग्याबियन वाल र मेसनरी वाल निर्माण गरेको छ।

ग) पानीको गुणस्तरमा पर्ने प्रभावः

निर्माण गतिविधिहरूले जल गुणस्तरमा पर्ने प्रभावलाई न्यूनतम बनाउनका लागि निम्न लिखित उपायहरू कार्यान्वयन गरिनेछन्:

- निर्माण स्थलहरूमा पर्याप्त पिट शौचालयको व्यवस्था गरिनेछ र निर्माण कामदारहरूले यी शौचालयहरूको प्रयोग गर्न अनिवार्य गर्नेछ, जसले खुल्ला शौच गर्ने कामलाई निरुत्साहित गर्नेछ या प्रतिबन्ध लगाउनेछ।
- निर्माणजन्य वा क्याम्पबाट उत्सर्जन हुने फोहोरहरू पानीका स्रोतमा फाल्न प्रतिबन्ध लागइने छ।
- तेल, मोबिल र रसायनहरू र तिनीहरूको कन्टेनरहरू सङ्कलन गरी इन्जिनियरहरूको निर्देशन अनुसार व्यवस्थापन गरिनेछन्।
- निर्माण/क्याम्प स्थलमा उत्पादित सबै ठोस फोहोर सङ्कलन गरी यसको विशेषता अनुसार पुनः प्रयोग, पुनःचक्रण, आदि गर्नका लागि वर्गीकरण गरिनेछ र सुरक्षित स्थानमा राखी इन्जिनियरको निर्देशन अनुसार सुरक्षित रूपमा नष्ट गरिनेछ।

माथिका उपायहरूका लागी आवश्यक लागतहरू निर्माण व्यवसायी सम्झौतामा समावेश छन्। अतिरिक्त लागतको आवश्यकता पर्दैन, तर कडा निगरानी र निरीक्षणको आवश्यकता पर्छ।

घ) वायु प्रदूषणबाट पर्ने प्रभावः

निर्माण स्थलहरूमा र वरपरको वायुको गुणस्तरमा पर्ने प्रभावलाई न्यूनतम बनाउनका लागि निम्न लिखित उपायहरू कार्यान्वयन गरिने छन्:

- टावर निर्माण गर्दा उत्खनन् कार्यलाई आवश्यक मात्र गरिने छ जसले गर्दा धुलोको उत्सर्जन कम गर्न सकिन्छ।

- उत्खनन गरिएको माटोलाई सुरक्षित तरिकाले भण्डारण गरिनेछ जसले गर्दा धुलोको उत्सर्जन कम हुनेछ।
- क्याम्प स्थल र टावर निर्माण स्थलमा कुनै पनि ठोस फोहोर जलाउन प्रतिबन्ध गरिनेछ।
- निर्माण क्याम्पहरूमा खाना पकाउन दाउराको प्रयोगमा प्रतिबन्ध लगाइनेछ।
- क्याम्प स्थलहरूमा इन्धनको रूपमा काठको सट्टा ग्याँसको प्रयोग गरिनेछ।
- टावर निर्माण स्थलमा धुलोको उत्सर्जनलाई कम गर्नका लागि नियमित रूपमा पानी छर्किनेछ।

माथिका उपायहरूका लागी आवश्यक लागत निर्माण व्यवसायी सम्झौतामा समावेश छन्। अतिरिक्त लागतको आवश्यकता पर्दैन, तर कडा निगरानी र निरीक्षणको आवश्यकता पर्छ।

ङ) ध्वनि प्रदूषणको प्रभावः

निर्माणको दौरान ध्वनि प्रदूषणका प्रभावलाई न्यूनतम बनाउनका लागि निम्न लिखित उपायहरू कार्यान्वयन गरिने छन्:

- टावर निर्माण गर्दा ध्वनि उत्पादन हुने कार्यहरू दिनको समयमा मात्र गरिने छन्।
- क्याम्प स्थलहरूमा मानवजन्य ध्वनिहरूलाई कम गर्नका लागि विशेष निर्देशन दिइनेछ।
- निर्माण स्थल र क्याम्प स्थलहरूमा silent DG प्रयोग गरिनेछ।

च) मक/स्पोइल उत्सर्जनबाट पर्ने प्रभावः

निर्माणका क्रममा मक तथा स्पोइलबाट सिर्जना हुने प्रभावलाई न्यूनतम बनाउनका लागि निम्न लिखित उपायहरू कार्यान्वयन गरिनेछन्:

- टावर निर्माणका लागि उत्खनन कार्यलाई आवश्यक गहिराइसम्म मात्र सीमित गरिनेछ।
- उत्खनन गरिएको सामग्रीको साइड कास्टिंगलाई उपयुक्त उपायहरूद्वारा न्यूनतम बनाइनेछ।
- उत्खनन गरिएको मकलाई सुरक्षित स्थानमा राखी पछि ब्यक फिलिङ्ग कामका लागि संरक्षित गरिनेछ।
- टावर निर्माण पश्चात् ब्याक फिलिङ्ग कार्यपछि अतिरिक्त उत्खनन सामग्रीलाई टावर आसपासको क्षेत्रमा वृक्षारोपण गरि व्यवस्थापन गरिनेछ।

छ) ठोस तथा तरल फोहोरमैलाबाट पर्ने प्रभावः

निम्नलिखित उपायहरू निर्माण सम्बन्धी गतिविधिहरूसँग सम्बन्धित ठोस र तरल फोहोरबाट पर्ने प्रभाव नयूनीकरणका लागि कार्यान्वयन गरिनेछः

- निर्माण स्थलहरूमा पर्याप्त पिट शौचालयको सुविधाहरू स्थापना गरिने छन् र निर्माण कामदारहरूले यी शौचालयहरूको प्रयोग गर्न अनिवार्य बनाइनेछ, जसले खुला शौचलाई हतोत्साहित गर्नेछ र रोकथाम गर्नेछ।

- निर्माण स्थल वा शिविर स्थलमा उत्पादन भएको सबै ठोस फोहोर सङ्कलन गरिनेछ र यसको विशेषता अनुसार पुनः प्रयोग, पुनः चक्रण, आदि गर्नका लागि पृथकिकरण गरिनेछ। यस फोहोरलाई सुरक्षित स्थानमा राखेर इञ्जिनियरको निर्देशनअनुसार सुरक्षित रूपमा विसर्जन गरिनेछ।
- तेल, ल्युब्रिकेन्ट र अन्य रसायनहरूलाई सावधानीपूर्वक ड्रमहरूमा सङ्कलन गरिनेछ र इञ्जिनियरको सल्लाह अनुसार सुरक्षित रूपमा निस्तारण गरिनेछ।

८.२.१.२ सञ्चालन अवधिः

क) ध्वनि प्रदूषणको प्रभावः

प्रस्तावित विद्युत प्रसारण लाइन सञ्चालन अवधिमा मुख्यगरि, कोरोना डिस्चार्जले ध्वनि प्रदूषण हुने गर्दछ। सञ्चालन चरणमा ध्वनि प्रदूषणलाई कम गर्नका लागि निम्न लिखित उपायहरू कार्यान्वयन गरिनेछः

- केबल स्ट्रिङ्ग र मर्मतका क्रममा कन्डक्टरमा हुने क्षतिको स्तरलाई न्यूनतम बनाउने प्रयास गरिनेछ, जसले ध्वनिको स्तरलाई कम गर्न मद्दत पुर्याउनेछ।
- मर्मत कार्यमा संलग्न कामदारहरूलाई वरपरको क्षेत्रमा ध्वनि उत्पन्न गर्ने गतिविधिहरूलाई न्यूनतम बनाउने बारे निर्देशन दिइनेछ।

ख) वायु प्रदूषणबाट पर्ने प्रभावः

विद्युत प्रसारण लाईन डिजाईनले वायु गुणस्तरमा पर्ने प्रभावहरूलाई कम गर्न उचित ध्यान दिएको छ। कोरोना डिस्चार्ज र सम्बन्धित ओजोन र नाइट्रोजन अक्साइड उत्सर्जनलाई कम गर्न निम्न लिखित उपायहरू अपनाइएका छन्:

- विद्युत प्रसारण लाईन फेज बीचमा उपयुक्त Clearance Spacing राखेर कोरोना डिस्चार्जलाई कम गरिन्छ, जसले वायुको गुणस्तरमा नकरात्मक प्रभावलाई घटाउँछ।
- Bundled conductor को प्रयोग गरेर कोरोना डिस्चार्जको जोखिम घटाइन्छ, जसले ध्वनि र वायु प्रदूषणलाई कम गर्नमा मद्दत पुर्याउँछ।
- Conductor को व्यासको सही चयनले कोरोना प्रभाव र त्यससँग सम्बन्धित प्रदूषणलाई न्यूनतम बनाउँछ।

ग) इलेक्ट्रोम्याग्नेटिक फिल्डबाट पर्ने प्रभावः

प्रस्तावित विद्युत प्रसारण लाइन डिजाईनले प्रसारण लाईनसँग सम्बन्धित इलेक्ट्रोम्याग्नेटिक क्षेत्र (EMF) का प्रभावलाई कम गर्नका लागि पहिले नै विभिन्न उपायहरू लागू गरेको छ, जस्तैः ग्राउन्ड क्लियरेंस स्तर, कन्डक्टरहरूको ठाडो व्यवस्था, टावरको उचाइ, रोड राइट अफ वे (ROW) को चौडाइ, र सबै पाइलन संरचनामा राम्रो पृथकता प्रदान गर्नु।

यस डिजाईनले अनुमान गरिएको EMF प्रभावलाई परियोजनाको अवशिष्ट प्रभावको रूपमा परिभाषित गर्दछ। समुदायहरूको सुरक्षाका लागि EMF को जोखिम बारे निम्नलिखित उपाय कार्यान्वयन गरिनेछः

- क्षेत्राधिकार वरिपरिका समुदायहरूलाई EMF जोखिमहरूको बारेमा सचेत गराउन सुरक्षा सम्बन्धी सचेतना निर्माण कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

सुरक्षा सम्बन्धी सचेतना निर्माण कार्यक्रमहरूका लागि ने.रू. ३००००.०० (IEE रिपोर्टमा नेरू. १५००००.००) को रकम अनुमान गरिएको छ। यसका लागि सुरक्षा सम्बन्धी तालिम र संकेत बोर्डहरू राखिएको छ।

८.२.२ जैविक वातावरणः

८.२.२.१ निर्माण अवधिः

क) वन क्षेत्र प्रयोग गर्दा वनस्पतिमा पर्ने प्रभावः

विद्युत प्रसारण लाईनको क्षेत्राधिकार (ROW) को सफा गर्नु जैविक वातावरणमा मुख्य प्रभाव हो। वनस्पतिको क्षति कम गर्नका लागि निम्न लिखित उपायहरू कार्यान्वयन गरिनेछः

- वनस्पतिको पूर्ण रूपले कटाइ नगर्ने नीति लिइने छ।
- भूसतहबाट अधिकतम ३ मिटर भन्दा माथिका रूखहरू मात्र हटाइने छन् ।
- राष्ट्रिय वन क्षेत्रको प्रयोगका लागि कार्यविधि अनुसार मुआब्जा, वृक्षारोपण कार्यक्रम कार्यान्वयन गरिनेछ।
- प्रत्येक हानि भएको बिरुवाको १:२५ का दरले बिरुवा रोप्ने र पाँच वर्षसम्म हेरचाह गर्ने) गरि कुल ३२२५ (१२९*२५) बिरुवाका रोपिनेछन्, वन विभाग कार्यालय र स्थानीय समुदायसँग परामर्श गरेर र पाँच वर्षसम्म संरक्षित गरिने छन्। स्वाले सामुदायिक वनको वन प्रयोगकर्ता समूहलाई यस्ता रोपण र संरक्षण कार्यमा समावेश गरिनेछ।

क्षतिपुरक वृक्षारोपण, पाँच वर्षसम्म स्याहारसम्भारका लागि अनुमानित लागत ने.रु. ९,६१,२५०.०० छुट्याइएको छ। वृक्षारोपण कार्य र वन हेरालुको व्यवस्था गरेको छ।

तालिकाः ८-३ क्षतिपुरक वृक्षारोपण कार्यक्रमका लागि अनुमानित लागत

क्र.सं.	विवरण	प्रा.वा.प (कुल रकम)	अ.प्रा.वा.प (कुल रकम)
१	क्षतिपूरक वृक्षारोपण	२२५००.०० (४५० रूख@ ५०)	१६१२५०.०० (१२९*२५=३२२५रूख@ ५०)
२	ढुवानी तथा श्रमशक्तिको लागत	१००००.००	१००००.००
३	पाँच वर्ष सम्म स्याहारसम्भार	३००००.०० (प्रतिवर्ष ५०००*१२*५)	६००००.०० (प्रतिवर्ष १००००*१२*५)

४	अन्य खर्च, औजार तथा सामग्री	३२५००.००	१००००००.००
कुल		**४०५०००.००**	**९,६१,२५०.००**

ख) वन्यजन्तुको वासस्थानमा प्रभावः

वन्यजन्तुको वासस्थानमा हुने प्रभाव न्यूनीकरणका लागि निम्न लिखित उपायहरू कार्यान्वयन गरिने छन्:

- भूमिको सतहबाट अधिकतम ३ मिटर माथि रूखहरू मात्र काटिने छन्।
- निर्माण कार्यलाई दिनको समयमा मात्र सीमित गरिनेछ।
- निर्माण कार्यमा संलग्न जनक्तिलाई आयोजना स्थलको वन्यजन्तु शिकारमा संलग्न पाइएमा कानुन बमोजिम सजाय गर्न सहयोग गरिने छ।

८.२.२.२ सञ्चालन अवधिः

क) चराहरू तारमा ठोक्किन सक्ने सम्भावना

प्रस्तावित विद्युत प्रसारण लाईनले पक्षीहरूमा पर्ने प्रभावलाई कम गर्नका लागि निम्न लिखित उपायहरू कार्यान्वयन गरिनेछन्:

- उपयुक्त स्थानमा वर्ड फ्लाइट डाइभर्टरहरू राखिने छन् जसले आकाशमा रहेका तारहरूको दृश्यता पक्षी प्रजातिहरूको लागि बढाउँछ।

ख) वन्यजन्तुमा पर्ने प्रभावः

प्रस्तावित विद्युत प्रसारण लाईनले वन्यजन्तुमा पार्ने प्रभाव कम गर्न निम्नलिखित उपायहरू कार्यान्वयन गरिने छन्:

- टावरको फाउन्डेशन साइटको चारैतिर उपयुक्त संरचनाहरू स्थापना गरि वन्यजन्तु चढ्नबाट रोकिनेछ।
- वन्यजन्तुलाई टावर चढन् रोक्नका लागि टावरको तलको आधा भागमा काँटेदार तार राखिनेछ।

ग) वन क्षेत्रमा हुने आगलागिको प्रभावः

वन क्षेत्रमा हुन सक्ने आगलागिको प्रभावलाई कम गर्नका लागि निम्न लिखित उपायहरू कार्यान्वयन गरिनेछन्:

- विद्युतिय प्रसारण लाईनमा तारहरु सर्किट भई आगलागीबाट जोगिन सर्किट ब्रेकर तथा सर्ज अरिसटर राखिने छ।
- यदि कुनै कारण सर्किटमा फल्ट हुँदा स्वचालित करेन्ट बग्न रोकिने छ।
- वनमा आगलागि हुनबाट जोगाउन जनचेतना मूलक कार्यक्रमहरू सञ्चालन गर्ने।
- जनचेतना मूलक होर्डिङ बोर्डहरू राखिने छन् ।

८.२.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणः

८.२.३.१ निर्माण अविधः

क) नीजि जग्गा क्षति तथा क्षेत्राधिकारभित्र भौतिक संरचना निर्माणमा रोकावट

प्रस्तावित आयोजनाबाट ७४ घरपरिवारहरू प्रभावित हुने देखिएका छन्। प्रभावको प्रकृति हेर्दा आयोजनाले पुर्नस्थापना र पुनर्वास योजना अनिवार्य छैन। आयोजनाले नीजि जग्गा क्षतिबाट पर्ने प्रभावलाई न्यूनीकरणका लागि निम्न लिखित उपायहरू गर्नेछः

<u>निजी जग्गा अधिग्रहणः</u>

- अधिग्रहण गरिने कुल निजी जग्गाको उचित मुआब्जा दिइने छ।
- आयोजनाको क्षेत्राधिकार भित्र कृषि कार्य गर्न दिइने छ।
- आयोजनाले स्थायी रूपमा अधिग्रहण गरेका जग्गामा हटाइने रूखहरूको क्षतिपूर्ति डिभिजन वनको मापदण्ड अनुसार गरिनेछ।
- आयोजना प्रभावित घरपरिवारलाई खडा बालीनाली काट्नका लागि समय दिइनेछ। यदि आयोजनाले बालीनाली काट्नका लागि समय उपलब्ध गराउन सक्दैन भने, उभिएका बालीनालीको क्षतिपूर्ति जिल्ला कृषि कार्यालयको मापदण्ड अनुसार गरिनेछ।
- दलितहरू, आदिवासी/जनजाति र महिलाका नेतृत्व गरेका घरपरिवारलाई जीवनयापनको पुनर्स्थापना हेतु क्षतिपूर्ति लागतको २% अतिरिक्त प्रस्ताव गरिनेछ।
- आयोजना प्रभावित घरपरिवारका कम्तिमा एक सदस्यलाई आयोजनासँग सम्बन्धित सीप विकास तालिम प्रदान गरिनेछ, जसले जीवनयापनको पुनर्स्थापना सुनिश्चित गर्ने उद्देश्य राख्छ।
- आयोजनाबाट प्रत्यक्ष प्रभावित घरपरिवारका कम्तिमा एक सदस्यलाई आयोजना निर्माण/सञ्चालनसँग सम्बन्धित काममा प्राथमिकता दिइनेछ। निजी जग्गाको मुआब्जा वितरण भैसकेको छ।

<u>क्षेत्राधिकारको जग्गामा रोकावटः</u>

- आयोजना प्रत्यक्ष प्रभावित घरपरिवारहरूलाई क्षेत्राधिकार भित्रको जग्गामा कृषि गतिविधिहरू गर्नमा कुनै प्रतिबन्ध हुनेछैन। तथापि, अग्ला प्रजातिका रुखहरूको रोपण गर्न र आवासीय/व्यावसायिक भवनहरू, गोठ, शौचालयहरू वा कुनै अन्य संरचनाहरू, जुन ओभरहेडिंग गरिएको विद्युत् तारहरूका लागि असुरक्षित मानिन्छ, निर्माण गर्नमा प्रतिबन्ध हुनेछ।
- क्षेत्राधिकार प्रतिबन्धबाट भूमिमा मूल्यह्रास भएको कारण प्रभावित घरपरिवारहरूलाई नगद क्षतिपूर्ति प्रदान गरिनेछ। नगद क्षतिपूर्ति जग्गाको कुल लागतको १५% भन्दा कम नहुने गरि दिइने छ र घर परेमा २५% भन्दा कम नहुने गरि गरिनेछ।

- आयोजनाले क्षेत्राधिकार भित्रको जग्गाबाट हटाइने रूखहरूको क्षतिपूर्ति डिभिजन वनको मापदण्ड अनुसार गरिनेछ।
- आयोजना प्रत्यक्ष प्रभावित घरपरिवारलाई खडा बालीनाली काट्नका लागि समय दिइनेछ। यदि आयोजनाले बालीनाली काट्नका लागि समय उपलब्ध गराउन सक्दैन भने, खडा बालीनालीको नगद क्षतिपूर्ति जिल्ला कृषि कार्यालयको मापदण्ड अनुसार गरिनेछ।
- दलितहरू, आदिवासी/जनजाति र महिलाका नेतृत्व गरेका प्रत्यक्ष प्रभावित घरपरिवारलाई आयोजनाका निर्माण र सञ्चालन सम्बन्धी रोजगारमा प्राथमिकता दिइनेछ।

<u>अस्थायी जग्गा प्रयोग सम्बन्धमा:</u>

- अस्थायी संरचना निर्माणका लागि निजी जग्गा भाडामा लिइने छ।
- जग्गा धनिसँग भाडा सम्बन्धी शर्तहरूमा पूर्व-सम्झौताहरू गरिने छन्।
- भाडा शुल्क जग्गाको वार्षिक कृषि उत्पादनभन्दा कम नहुने गरि दिइने छ।
- भाडामा लिइएको जग्गाको पूर्व-स्थितिमा पुनःस्थापना गर्ने गरि सम्झौता गरिनेछ।

ख) खडा बालीनाली क्षतिबाट पर्ने प्रभाव

- केबलको स्ट्रिङ्ग सकेसम्म शुख्खा मौसममा गरिनेछ। यदि कुनै पनि बालीनालीको क्षति वा नष्ट भयो भने, ती बालीनालीको क्षतिपूर्ति जिल्ला कृषि कार्यालयको मापदण्ड अनुसार गरिनेछ।
- निर्माण कार्यमा संलग्न श्रमिकलाई आवश्यक बाहेक खडा बालीनालीलाई नष्ट नगर्नको लागि निर्देशन दिइनेछ।
- बालीनालीको क्षति हुनसक्ने सम्भावनाबारे बालीनाली मालिकलाई पूर्व सूचना दिइनेछ र यस्तो क्षति भएमा जिल्ला कृषि कार्यालयको मापदण्ड अनुसार क्षति भएको बालीनालीको क्षतिपूर्ति सुनिश्चित गरिनेछ। खडा बालीनालीको क्षति प्रदान गरिसकेको छ।

ग) पेसागत सुरक्षा र स्वास्थ्यः

प्रस्तावित आयोजनाले अनुमानित नकारात्मक प्रभावहरूलाई न्यूनीकरण गर्न निम्न लिखित उपायहरू कार्यान्वयन गर्ने सुनिश्चित गरेका छन्:

- निर्माण कार्यसँग सम्बन्धित स्वास्थ्य र सुरक्षा मुद्दामा निर्माण श्रमिकलाई नियमित रूपमा निर्देशन दिने।
- निर्माण कार्यमा संलग्न सबै श्रमिकलाई सुरक्षा उपकरणहरू जस्तै बुट, पञ्जा, हेलमेट र मास्क प्रदान गर्ने।
- निर्माण स्थलहरूमा First Aid को व्यवस्था गर्ने र यसको प्रयोगका लागि निर्देशन दिने।
- निर्माणको सम्पूर्ण अवधिका लागि निर्माण श्रमिकहरूको स्वास्थ्य र सुरक्षा सुनिश्चित गर्न स्वास्थ्य र सुरक्षा योजना तयार गरी सञ्चालनमा ल्याइनेछ, जसमा दुर्घटना भएमा

उद्धारको प्रावधान पनि रहनेछ। यसका लागि सुरक्षाका उपकरणहरू प्रदान गर्ने तथा कार्य अवधिका लागि बीमाको व्यवस्था गरेको छ।

घ) समुदायको स्वास्थ्य र सुरक्षामा प्रभावः

प्रस्तावित विद्युत प्रसारण लाईन निर्माण चरणमा सामुदायिक स्वास्थ्यमा पर्ने प्रभाव न्यूनीकरणका लागि निम्न लिखित उपायहरू लागू गरिने छन्:

- उच्च जोखिम भएका निर्माण स्थलहरूलाई सुरक्षा घेराबन्दी गर्ने र दुर्घटनाबाट बच्नका लागि संकेत बोर्डहरू राख्ने।
- समुदायको स्वास्थ्य र सरसफाइमा निर्माण सम्बन्धी जोखिमहरूको बारेमा रेडियो र एफएम मार्फत सचेतना कार्यक्रम सञ्चालन गर्ने।
- क्याम्पहरूको सरसफाइ अवस्था जस्तै शौचालय, पानी आपूर्ति, ठोस र तरल फोहोरको व्यवस्थापन विशेष सरसफाइ कार्यक्रमहरू सुरु गरेर गर्ने।

स्थानीय एफएम/रेडियोमा सचेतना अभियानका लागि अनुमानित लागत ने.रू. ५०,०००.०० छुट्याइको छ। सुरक्षा सम्बन्धी सचेतना कार्यक्रम गरिएको छ। साथै निर्माण अवधिमा प्रत्येक वर्ष यस्ता कार्यक्रम गरिने छ।

ङ) आदिवासी, जनजाती र लोपोन्मुख समुदायमा पर्ने प्रभावः

लिङ्ग, आदिवासी, जातीय र लोपोन्मुख समूहहरूको जोखिमलाई न्यूनिकरण गर्न निम्न लिखित उपायहरू कार्यान्वयन गरिने छन्:

- लिङ्ग, आदिवासी, जातीय र कमजोर समूहहरूको भेदभाव निषेध गरिनेछ र यस्ता समूहलाई निर्माण कार्यमा रोजगार दिन प्राथमिकता दिइनेछ, जसमा समान कार्य प्रकारको आधारमा अन्य कामकाजी सदस्यहरूसँग समान तलब भुक्तानी गरिनेछ।
- काम गर्ने स्थानमा आपत्तिजनक भाषा प्रयोग नगर्न उत्साहित गरिनेछ।
- निर्माण कार्यमा संलग्न सबै श्रमिकलाई महिला सदस्यहरूलाई आदर दिने, साथै आदिवासी, जातीय र कमजोर समूहका सदस्यहरूलाई आदर दिने निर्देशन दिइनेछ।
- स्थानीय संस्कृति, परम्परा र भाषा प्रति आदर प्रकट गरिनेछ।

च) स्थानीय कानुन तथा व्यवस्थाः

स्थानीय कानूनी र व्यवस्था कायम गर्नका लागि निम्न लिखित उपायहरू कार्यान्वयन गरिने छन्:

- स्थानीय मानिसहरूलाई अधिकतम रोजगारीका अवसरहरू प्रदान गरिनेछ।
- बाह्य श्रमिकलाई स्थानीय मानिसहरू, संस्कृति र परम्पराको सम्मान गर्न र स्थानीय समुदायका सदस्यहरूसँग द्वन्द्वमा नपर्न निर्देशन दिइनेछ।
- स्थानीय सुरक्षा निकायहरूसँग समन्वय गरिनेछ।
- समुदायको सुरक्षा र सुरक्षा उल्लङ्घन गर्ने कर्मचारीहरूलाई कामबाट निकालिनेछ।

- स्थानीय समुदायका नेता र स्थानीय सरकारी अधिकारीहरूसँग नियमित बैठकहरू आयोजना गरेर आयोजना जानकारी दिइनेछ।
- शिविर र नजिकका बस्तीहरूमा मदिरा सेवन, जुवा, वेश्यावृत्ति, देह व्यापार र झगडाका जोखिमहरूका बारेमा जानकारी दिने पोस्टरहरू राखिनेछन् र यसको कानूनी सजाय पनि प्रकट गरिनेछ।
- स्थानीय सरोकारवालासँग बैठकहरू आयोजना गर्ने र परियोजना क्षेत्रमा होर्डिङ बोर्ड राख्ने उपायहरूको लागि निर्माण अवधिमा कुल ने.रू. २५०,०००.०० विनियोजन गरिएको छ।

८.२.३.२ सञ्चालन अवधिः

क) सम्पतिको मूल्यमा गिरावटको प्रभावः

- आयोजना प्रत्यक्ष प्रभावित घरपरिवारहरूलाई क्षेत्राधिकार भित्रको जग्गामा कृषि गतिविधिहरू गर्नमा कुनै प्रतिबन्ध हुनेछैन। तथापि, अग्ला प्रजातिका रुखहरूको रोपण गर्न र आवासीय/व्यावसायिक भवनहरू, गोठ, शौचालयहरू वा कुनै अन्य संरचनाहरू, जुन ओभरहेडिंग गरिएको विद्युत् तारहरूका लागि असुरक्षित मानिन्छ, निर्माण गर्नमा प्रतिबन्ध हुनेछ।
- क्षेत्राधिकार प्रतिबन्धबाट भूमिमा मूल्यह्रास भएको कारण प्रभावित घरपरिवारहरूलाई नगद क्षतिपूर्ति प्रदान गरिनेछ। नगद क्षतिपूर्ति जग्गाको कुल लागतको १५% भन्दा कम नहुने गरि दिइने छ र घर परेमा २५% भन्दा कम नहुने गरि गरिनेछ।

ख) रेडियो, टेलिभिजन मोबाइल तथा अन्य इलेक्ट्रिकल समानमा प्रभाव

विद्युत प्रसारण लाइनमा इलेक्ट्रोमैग्नेटिक वेभ्स र इलेक्ट्रोमैग्नेटिक रेडियेशनको प्रभाव रेडियो, टेलिभिजन, मोबाइल सिग्नल र अन्य इलेक्ट्रोनिक उपकरणहरूमा पर्न सक्छ। यो प्रभाव आयोजनाको अवशिष्ट प्रभाव हो। स्थानीय समुदायलाई यसका प्रभावहरूबाट जोगाउन निम्न लिखित उपायहरू कार्यान्वयन गरिने छन्:

- क्षेत्राधिकार र आसपासका क्षेत्रमा रहेका स्थानीय जनतालाई इलेक्ट्रोमैग्नेटिक क्षेत्रहरूको जोखिम र यसको रेडियो, टेलिफोन सिग्नल र इलेक्ट्रोनिक मेडिकल उपकरण प्रयोगकर्ताहरूमा पर्ने प्रभावको बारेमा जनचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछन्।
- क्षेत्राधिकारको सिमाना वरिपरिका महत्त्वपूर्ण स्थानहरूमा इलेक्ट्रोमैग्नेटिक रेडियेशनबाट जोगिनका लागि निर्देशन सहित होर्डिङ बोर्डहरू राखिनेछन्।

ग) पेसागत सुरक्षा र स्वास्थ्यमा प्रभावः

मर्मतसम्भारमा स्लग्न जनशक्तिको स्वास्थ्यमा पर्ने असरलाई न्यूनतम बनाउनका लागि निम्न लिखित कार्यहरू लागू गरिनेछ:

- मर्मतसम्भारमा संलग्न कामदारलाई प्रसारण लाइनको कामसँग सम्बन्धित स्वास्थ्य र सुरक्षा समस्याबारे नियमित निर्देशन र प्रशिक्षण दिइने छ।
- मर्मतसम्भारमा संलग्न जनशक्तिका लागि सुरक्षा उपकरणको व्यवस्था तथा र अनिवार्य प्रयोग सुनिश्चित गरिने छ।
- सुरक्षा उपकरणहरूको प्रयोगबारे प्रशिक्षण र अभिमूखिकरणको व्यवस्था गिरिने छ।
- तालिम प्राप्त र प्रमाणित कामदारहरूलाई इलेक्ट्रिकल उपकरणको मर्मतसम्भार वा मर्मत गर्ने अनुमति दिइनेछ।

८.२.४ वातावरणीय न्यूनीकरण लागतको सारांशः

आयोजनाको कुल वातावरणीय न्यूनीकरण लागत ने.रू. २७,८,६६,०५३.०० रहेको छ। जुन अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा ने.रू. ४,७२,२४,०३१.०० ले वृद्धि भएको छ। तुलनात्मक वातावरणीय न्यूनीकरण लागत **तालिकाः ८-४** मा वर्णन गरिएको ।

तालिकाः ८-४ वातावरणीय न्यूनीकरण लागतको सारांश

क्र.सं.	न्यूनीकरणका उपाय	अवधि	न्यूनीकरण लागत (ने.रू.) प्रा.वा.प.	न्यूनीकरण लागत (ने.रू.) अ.प्रा.वा.प.
भौतिक वातावरणः				
१	क्षेत्राधिकार अन्तर्गत सुधारिएको कृषि र सुधारिएको घाँस प्रजातिहरू र उपयुक्त गैर काठ आधारित वन उत्पादन NTFP को रोपणका लागि प्रयास गर्ने घरपरिवारलाई यी गतिविधिहरूमा भएको खर्चको भुक्तानी एकपटक ती प्रयासहरूको प्रमाणीकरणपछि गरिनेछ।	निर्माण अवधि	१०,००,०००.००	१०,००,०००.००
२	प्रसारण मार्गको सम्भावित क्षेत्रमा भूस्खलनको जोखिमलाई न्यूनतम बनाउनका लागि बायोइन्जिनियरिङ् प्रविधिको माध्यमबाट भू-स्खलन संरक्षण कार्य गरिने छ।	निर्माण अवधि	०	१०,००,०००.००
कुल (क)				**२०,००,०००.००**
जैविक वातावरणः				
१	क्षतिपुरक वृक्षारोपण कार्यक्रम	निर्माण	४,०५,०००.००	४,०७,६००.००

		अवधि		
कुल (ख)				**९,६१,२५०.००**
सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणः				
१	आयोजना प्रभावित घरपरिवारको जीवनस्तर उकास्ने कार्यक्रम	निर्माण अवधि	२,५९,३१,८०३.००	४,३६,१२,७८१.००
२	जनचेतना कार्यक्रम	निर्माण अवधि	५०,०००.००	५०,०००.००
३	स्थानीय तह, जनता तथा सरोकारवालासँग समन्वय तथा छलफल	निर्माण अवधि	२,५०,०००.००	२,५०,०००.००
४	समुदायहरूमा इलेक्ट्रोम्याग्नेटिक क्षेत्र EMF जोखिमहरूका सुरक्षा सचेतना कार्यक्रम सञ्चालन, EMF को सम्भावित जोखिम र त्यसबाट बच्ने उपायहरूको बारेमा जानकारी।	सञ्चालन अवधि	१,५०,०००.००	३,००,०००.००
५	स्थानीय जनतालाई EMF जोखिमहरूको बारेमा सचेतना कार्यक्रम गर्ने।	सञ्चालन अवधि	५०,०००.००	५०,०००.००
कुल (ग)			**२,६४,६१,०५३.००**	**४,४२,६२,७८१.००**
कुल (क+ख+ग)			**२७,८,६६,०५३.००**	**४,७२,२४,०३१.००**

८.३ रसुवागढि जलविद्युत आयोजनाको १३२ के.भी.प्रसारण लाईनको २५० मि.खण्ड परिवर्तनबाट पर्ने प्रभावको न्यूनीकरणका उपायः

प्रस्तावित आयोजनाको परिवर्तित खण्ड २५० मि. कार्यान्वयनले थप पर्ने प्रभावहरूको अनुकूल प्रभाव अभिवृद्धि तथा प्रतिकूल प्रभाव न्यूनीकरण गर्नका लागि वातावरणीय योजना तयार पारिएको छ।

वातावरण संरक्षण नियमावली, २०७७ बमोजिमको ढाचाँमा वातावरणीय व्यवस्थापन योजना तयार पारिएको छ। यस योजनामा के गर्ने, कहाँ गर्ने, कसरी गर्ने, कहिले गर्ने, कसले गर्ने, अनुमानित बजेट, मानव संसाधन, आवश्यक समय र अनुगमन जिम्मेवारी सहितको अनुकूलन प्रभाव अभिवृद्धिका उपायहरू र प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरू समावेश छन्।

प्रस्तावित आयोजना कार्यान्वयनले वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई हटाउन वा न्यूनीकरण गर्न र अनुकूल प्रभावलाई अधिकतम अभिवृद्धि गर्न वातावरणीय व्यवस्थापन योजना निर्माण गरिएको छ। यस आयोजनाको कार्यान्वयनबाट पर्न सक्ने महत्त्वपूर्ण प्रतिकूल प्रभावलाई

हटाउन वा न्यूनीकरण गर्न प्रस्तावित उपायहरूलाई क्षतिपूर्ति, सुधारात्मक वा रोकथामका उपायहरू अनुसार तीन प्रकारमा वर्गीकरण गरिएको छ।

क्षतिपूर्ति उपायहरूको अवलम्बनमा कम गर्न वा हटाउन नसकिने प्रभावको लागि क्षतिपूर्ति गर्ने उपायहरू समावेश छन्। यस्तो प्रभाव प्रभावित व्यक्तिलाई क्षतिपूर्ति, क्षतिग्रस्त प्राकृतिक स्रोतहरूको पुनर्स्थापना, आदि हुनेछ। सुधारात्मक उपायहरू अवलम्बन गर्दै प्रतिकूल प्रभावलाई कम गरी स्वीकार्य तहमा ल्याउन सुधारात्मक उपायहरू समावेश गरिएको छ। रोकथाम/पूर्व सावधानीका उपायहरूको प्रयोगले महत्त्वपूर्ण प्रभाव हुनु अघि प्रभावलाई कम गर्ने वा हटाउने कुरा समावेश गर्दछ। प्रस्तावित आयोजना कार्यान्वयनले वातावरणमा पर्ने अनुकूल प्रभाव अभिवृद्धि तथा प्रतिकूल प्रभाव न्यूनीकरणको लागि वातावरणीय व्यवस्थापन योजना तलको म्याट्रिक्समा दिएको छ।

आयोजना प्रभावित क्षेत्रका स्थानीय तथा अन्य सरोकारवाला व्यक्ति, संघ, संस्था तथा सरोकारवाला निकायलाई आयोजना कार्यान्वयनले पर्ने वातावरणीय प्रभावको बारेमा आफ्ना रायसुझाव व्यक्त गर्न आयोजना गरिएको सार्वजनिक सुनुवाई कार्यक्रममा सङ्कलन गरिएका रायसुझावहरू तथा वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन सहमतिमा दिएका शर्तहरू क्रमशः **तालिकाः ८-५** र **तालिकाः ८-६** मा प्रस्तूत गरिएका छन;

तालिकाः ८-५ सार्वजनिक सुनुवाइमा सरोकारवालाले उठाएका सवालहरू

क्र.सं.	सार्वजनिक सुनुवाईका क्रममा प्राप्त भएका रायसुझावहरू	कहाँ सम्बोधन गरियो
१	वन्यजन्तुको वासस्थानलाई कुनै पनि किसिमले क्षति नपुऱ्याइ प्रसारण लाइन निर्माण गर्नुपर्ने।	तालिका ८-८, पाना ९५
२	जैविक विविधतालाई कुनै पनि असर नपुऱ्याइ प्रसारण लाइन निर्माण गर्नुपर्ने तथा वातावरणीय अध्ययन प्रतिवेदनले तोकेको मापदण्ड पुरा गरि प्रसारण लाइन सञ्चालन गर्नुपर्ने।	तालिका ८-७, पाना ९४
३	तातोपानी संरक्षणमा सहयोग गर्नुपर्ने।	तालिका ८-७ पाना ९२
४	दालफेदी सडकको सुरू बिन्दुमा वाल तथा नाली निर्माण गरि ढलान गर्नुपर्ने।	तालिका ८.४ पाना ८९

तालिकाः ८-६ वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन सहमतिका शर्तहरू

क्र.सं.	वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन सहमतिका शर्तहरू	कहाँ सम्बोधन गरियो
१	अध्ययन टोलीमा लामटाङ राष्ट्रिय निकुञ्जका अधिकृतस्तरका प्राविधिक कर्मचारी, वन्यजन्तु विज्ञ, वन तथा वातावरण विज्ञलाई अनिवार्य सहभागिता गराउने साथै कार्यालय कर्मचारी, परिषद्का पदाधिकारीहरू र स्थानीय	तालिका १-१ र अनुसूची-६

क्र.सं.	वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन सहमतिका शर्तहरू	कहाँ सम्बोधन गरियो
	सरोकारवालाहरूसँग अनिवार्य अन्तरक्रिया गरि प्राप्त रायसुझाव प्रतिवेदनमा समावेस गर्नुपर्ने।	
२	आयोजना निर्माणबाट रैथाने एवं बसाइसराईं गरि आउने वन्यजन्तुहरूलाई कस्तो नकारात्मक प्रभाव पर्ने हो र त्यसका न्यूनीकरणका उपाय र विकल्पका उपायहरू सम्बन्धी विस्तृत अध्ययन गरि यथार्थ परक र मापनयोग्य तथा प्रतिफलमूलक कार्यक्रम र बजेट प्रस्ताव गर्ने व्यवस्था हुन।	तालिका ८-७ र तालिका ८-८
३	प्रस्तावित निर्माणस्थलको नजिकमा अन्य कुनै जलविद्युत आयोजनाको प्रसारण लाइन निर्माण वा निर्माणाधिन वा प्रस्ताव भएका भए सो को विवरण प्रतिवेदनमा उल्लेख हुनुपर्ने, एकिकृत विद्युत प्रसारण लाईन समेतको सम्भावना अध्ययन गरि प्रतिवेदनमा उल्लेख गर्नुपर्ने।	खण्ड २.४.१, पाना ५
४	वन, वन्यजन्तु, वनस्पति, स्थानीय वातावरण र प्राकृतिक सौन्दर्यता साथै सो क्षेत्रको आर्थिक, सामाजिक, धार्मिक र पुरातात्विक महत्वका सम्पदामा आयोजना निर्माण कार्यबाट कम भन्दा कम प्रभाव पर्ने बारे विकल्पहरूको अध्ययन भएको हुनुपर्ने।	परिच्छेद-६
५	वातावरणीय अध्ययन गर्दा स्वीकृत alignment मा फेरबदल गरि राष्ट्रिय निकुञ्ज नै प्रयोग गर्नुपर्ने विषयमा अध्ययन गरि तथ्य र तथ्याङ्कको आधारमा जैविक विविधता र समग्र वातावरणमा न्यून नकारात्मक प्रभाव पुऱ्याउने विकल्पको छनौट गरि अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ।	खण्ड २.१, पाना ४
६	वातावरण प्रभाव मूल्याङ्कन प्रतिवेदनको महत्वपूर्ण भाग वातावरण व्यवस्थापन योजनामा नकारात्मक प्रभाव न्यूनीकरण गर्न गरिने उपायहरू तथा गतिविधिहरू मापनयोग्य परिणात्मक रूपमा उल्लेख गर्नुपर्ने।	तालिका ८-७ र ८-८
७	अध्ययनका क्रममा उठाइएका आर्थिक, सामाजिक, जैविक प्रभावका सम्बन्धमा स्थानीय जनताले उठाइएका सवालहरको सम्बोधन हुने व्यवस्था गरि प्रतिवेदनमा समेटनु पर्ने।	तालिका ८-५, पाना ८७

८.४ संस्थागत सामाजिक उत्तरदायित्व (CSR) क्रियाकलापः

यस अन्तर्गत आयोजनाले टावर नं. १ बाट टावर नं. ३ हुँदै दालफेदी जाने सडक निर्माण आयोजनाले आफ्नै लागतमा सम्पन्न गरिसकेको छ भने सो बाटोको शुरूको बिन्दुमा नाली तथा कजवे निर्माण गरिने छ। उक्त कार्यका लागि आयोजनाले ने.रू. बीस लाख (२०,००,०००/-) रकम छुट्याएको छ। यसका साथै टावर नं. २ नजिकै रहेको तातोपानी क्षेत्रलाई नदी कटानबाट रोकथाम गर्न सुरक्षा पर्खालहरू निर्माण गरिनेछ र सो कार्यका लागि आयोजनाले ने.रू. अठ्ठाइस लाख (२८,००,०००/-) रकम छुट्याएको छ।

तालिकाः ८-७ निर्माण अवधिको वातावरणीय व्यवस्थापन योजना

विषयगत क्षेत्र	प्रभावहरु	के के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित बजेट (ने. रू.)	अनुगमन तथा मूल्याङ्कन
प्रतिकूल प्रभावः								
सामाजिक -आर्थिक तथा सांस्कृतिक वातावरण	कामदारहरु को पेसागत सुरक्षा र स्वास्थ्यको प्रभाव	• सुरक्षित निर्माण अभ्यास सम्बन्धी कृयाकलापहरू ग्रहण गरी दुर्घटना न्यूनीकरण गरिने छ। • कामदारहरूलाई पेसागत सुरक्षा र स्वास्थ्यका उपकरणहरू जस्तै मास्क, बुट, हेलमेट प्रदान गरिने छ। • प्राथमिक उपचारका साधनहरू जस्तै सामान्य चोटपटक लाग्दा आवश्यक पर्ने औषधी, पट्टी आदिको व्यवस्था गरिने छ। • आकश्मिक दुर्घटना न्यूनीकरण सम्बन्धी योजना लागू गरिने छ। • कामदारका लागि दुर्घटना बीमा योजना लागू गरिने छ।	आयोजना प्रभावित क्षेत्र/कार्य स्थल	सुरक्षाका उपकरणहरु प्रदान गर्ने तथा बीमा योजना लागू गर्ने	निर्माण अवधिमा	निर्माण व्यवसायी	५०,०००/-	प्रस्तावक/ वन तथा वातावरण मन्त्रालय ऊ.ज.सिं मन्त्रालय/ वि. वि. वि./स्थानीय तह
	निजी जग्गा अधिग्रहणबाट पर्ने प्रभाव	अधिग्रहण गरिने कुल ०.०३६ हे. जग्गाको उचित मुआब्जा दिइने छ।	आयोजना प्रभावित परिवार	प्रभावित घरधुरीसँग आपसी समन्वयमा	निर्माण पूर्व	प्रस्तावक	मुल्य निर्धारण गरेर	प्रस्तावक/ऊ.ज.सिं मन्त्रालय/ वि. वि. वि./वन तथा वातावरण मन्त्रालय

विषयगत क्षेत्र	प्रभावहरु	के के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित बजेट (ने. रू.)	अनुगमन तथा मूल्याङ्कन
	बालश्रमको प्रयोगबाट पर्ने प्रभाव	• आयोजनाले बालश्रम प्रयोग निषेध गर्नेछ। साथै बालश्रम प्रयोग नगर्ने बारे निर्माण व्यवसायी सम्झौतामा उल्लेख गरिने छ।	आयोजना प्रभावित क्षेत्र/कार्य स्थल	बालश्रम प्रयोग निषेध गरेर	निर्माण अवधिमा	निर्माण व्यवसायी	अतिरिक्त खर्च नलाग्ने	प्रस्तावक/ऊ.ज.सिं मन्त्रालय/ वि. वि. वि./वन मन्त्रालय/स्थानीय तह
	लैंगिक विभेदीकरण का प्रभावहरु	• कामदारहरू छनौट गर्दा महिला पुरुष दूबैलाई समान अवसर प्रदान गरिने छ। • समान कामको लागि समान ज्याला प्रदान गरिने छ। • कार्यस्थलमा महिला हिंसा हुन दिइने छैन साथै त्यस सम्बन्धी विवरण प्राप्त भएमा कानूनी उपचार पाउन सकिने छ। • कामदारहरूलाई कार्यस्थलमा हुने यौनजन्य हिंसाको बारेमा सचेतना मूलक अभिमूखीकरण कार्यक्रम गरिने छ।	कार्यस्थल	महिला र पुरूष दुबैलाई समान ज्याला लिने र अभिमुखिकरण तालिम दिने	निर्माण अवधिमा	प्रस्तावक	५०,०००/-	प्रस्तावक/ऊ.ज.सिं मन्त्रालय/ वि. वि. वि./वन तथा वातावरण मन्त्रालय/ स्थानीय तह

विषयगत क्षेत्र	प्रभावहरु	के के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित बजेट (ने. रू.)	अनुगमन तथा मूल्याङ्कन
	टिमुरे तातोपानी कुण्डमा पर्ने प्रभाव	आयोजनाले टिमुरे स्थित तातोपानी संरक्षणका लागि सहयोग गर्नेछ।	आयोजना प्रभावित क्षेत्रमा	टिमुरे तातोपानी संरक्षणका कार्यक्रम गर्ने	निर्माण अवधि	प्रस्तावक	संस्थागत सामाजिक उत्तरदायित्वमा समावेस गरिएको।	प्रस्तावक/ऊ.ज.सिं मन्त्रालय/ वि.वि.वि./वन तथा वातावरण मन्त्रालय/स्थानीय तह
भौतिक वातावरण	वायु तथा ध्वनिको गुणस्तरमा पर्ने प्रभाव	• ढूवानीमा प्रयोग गरिने सवारी साधन नियमित मर्मत गरिने छन्। • नेपाल सरकारले तोकेको मापदण्ड अनुरुपका सवारी साधन प्रयोग गरिने छन्।	आयोजना क्षेत्रमा	नियमित मर्मत सम्भार गर्ने	निर्माण अवधिमा	निर्माण व्यवसायी	अतिरिक्त खर्च नलाग्ने	प्रस्तावक/ऊ.ज.सिं मन्त्रालय/ वि.वि.वि./वन तथा वातावरण मन्त्रालय
जैविक वातावरण	लामटाङ राष्ट्रिय निकुञ्जको जग्गा भोगाधिकार सम्बन्धमा	संरक्षित क्षेत्रमा पूर्वाधार निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८० बमोजिम ला. रा. नि. कुल ०.३६० हे.जग्गा भोगाधिकार लिइने छ।	लामटाङ राष्ट्रिय निकुञ्ज	लामटाङ राष्ट्रिय निकुञ्ज कानुन बमोजिम समन्वय गर्ने	निर्माण पूर्व	प्रस्तावक	कानून बमोजिम	वन तथा वातावरण मन्त्रालय/ला. रा. नि.

विषयगत क्षेत्र	प्रभावहरु	के के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित बजेट (ने. रू.)	अनुगमन तथा मूल्याङ्कन
		आयोजनाले ला. रा. नि. कुल ०.३६० हे. जग्गा प्रयोग गरे वापत प्रतिहेक्टर १६०० का दरले कुल ५७६ बिरूवा रोपण गरि पाँच वर्षसम्म स्याहार-सुहार तथा हुर्काएर ला.रा.नि. लाई हस्तान्तरण गरिने छ ।	लामटाङ राष्ट्रिय निकुञ्ज	बृक्षारोपण तथा स्याहार-सुहार गरेर	निर्माण/ सञ्चालन	प्रस्तावक	५७६@१००=५७६०० र ५ वर्ष स्याहार-सुहारका लागि ५००००० गरि कुल ५,५७,६००/-	वन तथा वातावरण मन्त्रालय/ला. रा. नि.
	वन क्षेत्रमा आगलागिले पर्ने प्रभाव	• आगलागी गर्न सक्ने सम्भावित साधनहरूको पूर्व सावधानी अपनाइनेछ। • वन क्षेत्रमा चुरोट, बिडी तथा सलाइका काटीहरू जथाभावी फ्याँक्न प्रतिबन्ध लगाइनेछ। • कामदारले प्रयोग गर्ने ग्याँस तथा अन्य विद्युतिय सामग्री चेकजाँच गरिने छ।	आयोजना क्षेत्र	सूचना पाटी, होर्डिङ्ग बोर्ड, सचेतना मूलक कार्यक्रम, कानूनको पालना तथा पूर्व सावधानी अपनाएर	निर्माण अवधिमा	निर्माण व्यवसायी	१,००,०००/-	प्रस्तावक/ऊ.ज.सिं मन्त्रालय/वि.वि.वि. /वन तथा वातावरण मन्त्रालय/ला. रा. नि.
	मानव वन्यजन्तु द्वन्द्वको प्रभाव	• रातिको समयमा निर्माण आवास भन्दा बाहिर ननिष्किने। • कादारहरूलाई वन्यजन्तुबाट बच्ने उपायका बारेमा जानकारी प्रदान गरिनेछ।	आयोजना प्रभावित क्षेत्र	कामदारहरू लाई वन्यजन्तुको बारेमा जानकारी	निर्माण अविध	निर्माण व्यवसायी	अतिरिक्त खर्च नलाग्ने	प्रस्तावक/ऊ.ज.सिं मन्त्रालय/ वि. वि. वि./वन तथा वातावरण मन्त्रालय/ला. रा.

विषयगत क्षेत्र	प्रभावहरु	के के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित बजेट (ने. रू.)	अनुगमन तथा मूल्याङ्कन
				गराउने				नि.
	लामटाङ राष्ट्रिय निकुञ्जको जैविक विविधतामा पर्ने प्रभाव	लामटाङ राष्ट्रिय निकुञ्जसँग समन्वयमा जैविक विविधता सम्बन्धी जनचेतना मूलक कार्यक्रम गरिने छ।	आयोजना प्रभावित क्षेत्र	जनचेतना सम्बन्धी कार्यक्रम गरेर	निर्माण अविध	प्रस्तावक	५०,०००/-	प्रस्तावक/ऊ.ज.सिं मन्त्रालय/ वि. वि. वि./वन तथा वातावरण मन्त्रालय/ला. रा. नि.
	वन्यजन्तु चोरी शिकार	• कामदारहरूका लागि वन्यजन्तु शिकार गर्न नपाइने कुरा उल्लेख गरि आचार संहिता निर्माण गरिने छ। • कुनै कामदार वन्यजन्तु चोरी शिकारमा संग्लन पाइएका कामबाट हटाइ कानुनी कारबाहीको लागि प्रक्रिया अगाडि बढाइने छ।	आयोजना प्रभावित क्षेत्र	कामदारहरू को लागि आचार संहिता लागू गरेर	निर्माण अविध	प्रस्तावक	अतिरिक्त खर्च नलाग्ने	प्रस्तावक/ऊ.ज.सिं मन्त्रालय/ वि. वि. वि./वन तथा वातावरण मन्त्रालय/ला. रा. नि.
	कुल वातावरणीय खर्च						८,०७,६००/-	

तालिकाः ८-८ सञ्चालन अवधिको वातावरणीय व्यवस्थापन योजना

विषयगत क्षेत्र	प्रभावहरु	के के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मूल्याङ्कन
प्रतिकूल प्रभावहरुः								
जैविक वातावरण	वन्यजन्तुमा पर्ने प्रभाव	• वन्यजन्तु इलेक्ट्रोक्युसनबाट जोगाउनलाई (Arboreal) वन्यजन्तुहरू टावरमा चडन नसकुन भन्ने हेतुले टावर वरपर (anticlimbing structure) काँडे तारबारले घेरिने छ। • विद्युत प्रसारण लाईनमा केही कारणले फल्ट देखिएमा विद्युत प्रवाह स्वचालित बन्द हुने प्रविधिको व्यवस्था गरिने छ।	(Pylon) टावर	काँडे तारवार निर्माण गर्ने	सञ्चालन	प्रस्तावक	आयोजना लागतमा समावेस	ऊ.ज.तथा सिं मन्त्रालय/ वि. वि. वि./ वन तथा वातावरण मन्त्रालय
	चराहरूमा पर्ने प्रभाव	• इलेक्ट्रिकल कन्डक्टर/फेज र ग्राउण्डको बिचमा फराकिलो ठाउँ राखिनेछ। जसबाट चराहरुमा इलेक्ट्रोक्यूसन हुनबाट रोक्नेछ। • कन्डक्टर र इन्सुलेटरको बिचमा दूरी कायम गरी इलेक्ट्रोक्यूसन हुनबाट	टावर र परिवर्तित विद्युत प्रसारण लाईन/GW	इन्सुलेटर र color ball प्रयोग गर्ने	सञ्चालन	प्रस्तावक	आयोजना लागतमा समावेस	ऊ.ज.तथा सिं मन्त्रालय/ वि. वि. वि. / वन तथा वातावरण मन्त्रालय ऊ.ज.तथा सिं

विषयगत क्षेत्र	प्रभावहरु	के के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मूल्याङ्कन
		रोक्नेछ। • उपयुक्त ठाउँमा इन्सुलेटर प्रयोग गरिनेछ। • चराहरूले विद्युत प्रसारण लाइनलाई देख्न सकुन भनेर overhead electricity cables मा कलर बल राखिने गरि डिजाइन गरिने छ। जसले चराहरूको उडनमा हुने समस्या कम गर्नको लागि मद्दत गर्नेछ।						मन्त्रालय/ वि. वि. वि. / वन तथा वातावरण मन्त्रालय
	वनजंगलमा हुने आगलागिबाट पर्ने प्रभाव	• विद्युतिय प्रसारण लाईनमा तारहरु सर्किट भई आगलागीबाट जोगिन सर्किट ब्रेकर तथा सर्ज अरिसटर राखिने छ। • यदि कुनै कारण सर्किटमा फल्ट हुँदा स्वचालित करेन्ट बग्न रोकिने छ। • वनमा आगलागि हुनबाट जोगाउन जनचेतना मूलक	विद्युत प्रसारण लाईन/आयोजना क्षेत्र	जनचेतना मूलक कार्यक्रमहरू सञ्चालन तथा सर्ज अरिसटर जडान गर्ने	सञ्चालन	प्रस्तावक	२,००,०००/-	ऊ.ज.तथा सिं मन्त्रालय/ वि. वि. वि. / वन तथा वातावरण मन्त्रालय

विषयगत क्षेत्र	प्रभावहरु	के के गर्ने	कहाँ गर्ने	कसरी गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मूल्याङ्कन
		कार्यक्रमहरू सञ्चालन गर्ने। • जनचेतना मूलक होर्डिङ बोर्डहरू राखिने छन् ।						
सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरण	स्थानीय जनतालाई करेन्ट/चट्याङ बाट हुने दुर्घटना	• विद्युत प्रसारण लाईनमा इन्सुलेटर जडान/भूयोजन (अर्थिङ) गरी करेन्ट तथा चट्याङबाट जोगाउने उपाय गरिने छ। • टावरमा चडन नसकुन भन्ने हेतुले टावर वरपर काँडे तारबारले घेरिने छ।	विद्युत प्रसारण लाईन/टावर	अर्थिङ/काँडे तारवार निर्माण गर्ने	सञ्चालन	प्रस्तावक	आयोजना लागतमा समावेस	ऊ.ज.तथा सिं मन्त्रालय/ वि. वि. वि. / वन तथा वातावरण मन्त्रालय
भौतिक वातावरण	भू-क्षय तथा पहिरोबाट पर्ने प्रभाव	• अस्थिर स्थानमा बायोइन्जिनियरिङ्ग विधि मार्फत स्थिरता कायम गरिने छ।	आयोजना क्षेत्र/अस्थिर स्थान	बायोइन्जिनियरिङ्ग विधि मार्फत	सञ्चालन	प्रस्तावक	आयोजना लागतमा समावेस	ऊ.ज.तथा सिं मन्त्रालय/ वि. वि. वि. / वन तथा वातावरण मन्त्रालय
	कुल वातावरणीय खर्च						२,००,०००/-	

परिच्छेद-९ वातावरणीय अनुगमन योजना

कुनै पनि प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावहरूको अनुगमन निम्न उद्देश्य प्राप्तिका लागि गरिन्छ।

- कानुनले तोकेको सिमाभन्दा बढी मात्रामा प्रभाव पर्न नदिन
- वातावरणीय प्रभाव कम गर्न अपनाइएका उपायहरू वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भए अनुसार कार्यान्वयन भए नभएको भन्ने जाँच्न
- सम्भावित वातावरणीय क्षति बारे समयमै सचेत गराउन
- पहिचान गरिएका तथा आंकलित प्रभाव वास्तविकतासँग कति नजिक छन् भन्ने जानकारी लिन।

प्रस्ताव कार्यान्वयन गर्दा ३ प्रकारको अनुगमन गरिनेछ जसमा प्रारम्भिक अवस्थाको अनुगमन, प्रभाव अनुगमन र नियमपालना अनुगमन गरिनेछ।

९.१ आधाररेखा अनुगमनः

प्रस्तावित प्रस्तावको निर्माण कार्य शुरु हुनुभन्दा अगावै निर्माण स्थल र वरपरका आधारभूत वातावरणीय पक्षहरूको सर्वेक्षण गरिनेछ। जसले गर्दा अनुगमनको सिलसिलामा प्रारम्भिक अवस्थाको तुलनामा वातावरणीय पक्षमा भएको परिवर्तन थाहा पाउन सकिन्छ।

९.२ प्रभाव अनुगमनः

प्रस्ताव कार्यान्वयनबाट भएका वातावरणीय परिवर्तनहरू पत्ता लगाउन आयोजना निर्माण र सञ्चालनका क्रममा त्यस क्षेत्रको जनस्वास्थ्य लगायत पर्यावरणीय, सामाजिक र आर्थिक अवस्थाहरूका सूचकहरूको मूल्याङ्कन गरिन्छ।

९.३ नियमपालना अनुगमनः

यस अन्तर्गत वातावरण संरक्षण सम्बन्धी निर्धारित मापदण्डहरूको पालना गरेको छ भन्ने कुरा सुनिश्चित गर्न वातावरणीय गुणस्तर विशेष सूचकहरू वा प्रदूषणको अवस्था बारेमा आवधिक वा लगातार रुपमा अनुगमन गरी अभिलेख राखिन्छ।

९.४ वातावरणीय अनुगमनका सूचकहरुः

प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको आधारभूत तथ्याङ्क, पहिचान तथा आकलन गरिएका अनुकूल वा प्रतिकूल प्रभाव एवं वातावरण संरक्षणका उपायहरूलाई ध्यान दिई प्रस्तावकले पालना गर्नुपर्ने र वातावरणीय प्रभावको प्रभावकारिताको अनुगमन गर्न सूचकहरू प्रतिवेदनमा उल्लेख गरिएका छन्।

९.५ अनुगमन गर्ने निकायः

वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ मा उल्लेख भए अनुसार वातावरणीय अनुगमनको लागि सम्बन्धित निकाय वा मन्त्रालय वा विभाग जिम्मेवार हुनेछ। यस प्रस्तावको लागि ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, वन तथा वातावरण मन्त्रालयले अनुगमन गर्नेछ। साथै वातावरण संरक्षण ऐन २०७७ को दफा ३९ (२) बमोजिम प्रदेश सरकार वा स्थानीय तहले पनि मापदण्डको कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछ। प्रस्तावक आफैले पनि कुनै न कुनै सूचक अनुगमन गर्नेछ जसले गर्दा कुनै प्रतिकूल प्रभावलाई तुरुन्तै हटाउन वा न्यून गर्न सकिने छ। वातावरण संरक्षण नियमावली, २०७७ (१) अनुसार प्रस्तावकले प्रस्तावको निर्माण तथा सञ्चालन गर्ने अवधिमा सोबाट वातावरणमा परेको प्रभावको विषयमा प्रत्येक छ महिनामा स्वःअनुगमन गरी सोको प्रतिवेदन सम्बन्धित निकाय वा विभागमा पेश गर्नेछ।



चित्र १ प्रस्तावित आयोजनाको वातावरणीय अनुगमनमा संलग्न हुने निकायहरू

९.६ अनुगमन विधिः

उल्लेखित अनुगमनका प्रत्येक सूचकलाई कुन विधि/तरिकाबाट अनुगमन गर्ने हो प्रतिवेदनमा खुलाईएको छ।

९.७ अनुगमनका लागि समय तालिकाः

आयोजना निर्माण र सञ्चालनका बिभिन्न अवस्थामा अनुगमन गर्नुपर्ने भएकाले सूचकको प्रकृति हेरी वातावरणीय अनुगमन गर्ने समय तालिका प्रतिवेदनमा उल्लेख गरिएको छ।

तालिकाः ९-१ वातावरणीय अनुगमन योजना

अनुगमन प्यारामिटर	अनुगमनका सूचक	अनुगमनको विधि	स्थान	समय	अनुगमन गर्ने निकाय
प्रारम्भिक अवस्थाको अनुगमन					
भौतिक वातावरणः					
वायुको गुणस्तर	$PM_{2.5}$, PM_{10}	स्थलगत अध्ययन/ नापजाँच	विद्युत प्रसारण लाइन मार्ग मुख्य बस्ती	निर्माण पूर्व	प्रस्तावक
ध्वनिको गुणस्तर	ध्वनि तह dBA	स्थलगत अध्ययन/ नाप/जाँच	विद्युत प्रसारण लाइन मार्ग मुख्य बस्ती	निर्माण पूर्व	प्रस्तावक
भू–क्षय तथा भूस्खलन	भूक्षय तथा भूस्खलन स्थानहरू पत्ता लगाइ नक्सामा कोर्ने	स्थलगत अवलोकन/ नक्साको प्रयोग	विद्युत प्रसारण लाइन मार्गको क्षेत्राधिकार	निर्माण पूर्व	प्रस्तावक
जैविक वातावरणः					
वन्यजन्तुको इलेक्ट्रोक्यूसनको अवस्था	इटेक्ट्रोक्युसनका घटना	स्थलगत अध्ययन/अवलोकन, मुख्य जानकार व्यक्तिसँग अन्तर्वार्ता तथा दस्तावेजहरूको पुनरावलोकन	आयोजना प्रभावित क्षेत्र	निर्माण पूर्व	प्रस्तावक
मानव वन्यजन्तु द्वन्द्व	वन्यजन्तु र मानवबिच द्वन्द्वका	निर्माण व्यवसायी	आयोजना	निर्माण पूर्व	प्रस्तावक

अनुगमन प्यारामिटर	अनुगमनका सूचक	अनुगमनको विधि	स्थान	समय	अनुगमन गर्ने निकाय
	घटना	कागजात/स्थानीय स्वास्थ्य चौकी रेकर्ड	प्रभावित क्षेत्र		
सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणः					
पेसागत सुरक्षा र स्वास्थ्य	कामदारहरूलाई प्रदान गरिएको सुरक्षाका उपकरण तथा चोटपटकको विवरण	कामदारहरूसँग छलफल तथा ठेकेदारसँग अन्तर्वार्ता	कामदार आवास तथा ठेकेदार आवास	निर्माण अवधिमा	प्रस्तावक
टिमुरे तातोपानी कुण्डमा परेको प्रभाव	तातोपानी कुण्डको अवस्था	स्थलगत अवलोकन	तातोपानी कुण्ड	निर्माण पूर्व	प्रस्तावक
नियमपालन अनुगमन					
भौतिक वातावरणः					
वातावरणीय व्यवस्थापन योजना न्यूनीकरणका उपाय	वातावरणीय व्यवस्थापन योजनाले समावेश गरेका सम्पूर्ण न्यूनीकरणका उपाय निर्माण तथा सञ्चालन अवधिमा लागू गरिएको	प्रत्यक्ष अवलोकन, प्रतिवेदन अध्ययन तथा छलफल तथा परामर्श	सम्पूर्ण संरचना निर्माण स्थल र वरिपरिको क्षेत्र	निर्माण तथा सञ्चालन अवधिमा	ऊ.ज.सिँ. मन्त्रालय/वन मन्त्रालय/ वि. वि. वि./प्रदेश सरकार/विद्युत नियमन आयोग
निर्माण उपकरण, ढुवानी र गाडीबाट हुने ध्वनि प्रदूषण	ध्वनि तह dBA	स्थलगत अध्ययन/ नाप/जाँच गरी ध्वनिको मापदण्डसँग तुलना गर्ने	आयोजना प्रभावित क्षेत्र	निर्माण तथा सञ्चालन अवधिमा	ऊ.ज.सिँ मन्त्रालय/वन मन्त्रालय/ वि. वि. वि.
वायु प्रदूषण	सवारी साधनबाट उत्सर्जन हुने धुलोको कण $PM_{2.5}$, PM_{10}	वायुको गुणस्तर मापन गरी वायु गुणस्तर मापदण्डसँग	आयोजना प्रभावित क्षेत्र	निर्माण तथा सञ्चालन	ऊ.ज.सिँ मन्त्रालय/वन मन्त्रालय/ वि. वि. वि.

अनुगमन प्यारामिटर	अनुगमनका सूचक	अनुगमनको विधि	स्थान	समय	अनुगमन गर्ने निकाय
		तुलना गर्ने		अवधिमा	/प्रदेश सरकार/विद्युत नियमन आयोग
भू–क्षय तथा भूस्खलन	भू–क्षय तथा भूस्खलन स्थानहरू को स्थलगत अध्ययन	स्थलगत अवलोकन/ नक्साको प्रयोग	टावर/विद्युत प्रसारण लाइन मार्गको क्षेत्राधिकार	निर्माण तथा सञ्चालन अवधिमा	ऊ.ज.सिँ. मन्त्रालय/ वि. वि. वि. /वन तथा वातावरण मन्त्रालय/प्रदेश सरकार/विद्युत नियमन आयोग
जैविक वातावरणः					
वन्यजन्तुको इलेक्ट्रोक्यूसनको अवस्था	इटेक्ट्रोक्युसनका घटना	स्थलगत अध्ययन/अवलोकन, मुख्य जानकार व्यक्तिसँग अन्तर्वार्ता तथा दस्तावेजहरूको पुनरावलोकन	आयोजना प्रभावित क्षेत्र	निर्माण तथा सञ्चालन अवधिमा	ऊ.ज.सिँ मन्त्रालय/ वि. वि. वि. /वन तथा वातावरण मन्त्रालय/ला. रा. नि. /प्रदेश सरकार/विद्युत नियमन आयोग
लामटाङ राष्ट्रिय निकुञ्जको जग्गाको भोगाधिकार सम्बन्धमा	आयोजना कार्यालयको रेकर्ड	आयोजना र ला. रा.नि. बिच भएको सम्झौता पत्र	ला. रा. नि. प्रभावित क्षेत्र	निर्माण पूर्व	वन तथा वातावरण मन्त्रालय/ ला. रा. नि. /प्रदेश सरकार/विद्युत नियमन आयोग
सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणः					
जग्गा प्राप्ति तथा क्षतिपूर्ति	लगत कट्टा/क्षतिपूर्ति	छलफल तथा परामर्श र अन्तर्वार्ता	आयोजना प्रभावित घरधुरी	निर्माण तथा सञ्चालन	ऊ.ज.सिँ मन्त्रालय/ वि. वि. वि. /वन तथा

अनुगमन प्यारामिटर	अनुगमनका सूचक	अनुगमनको विधि	स्थान	समय	अनुगमन गर्ने निकाय
				अवधिमा	वातावरण मन्त्रालय/प्रदेश सरकार/विद्युत नियमन आयोग/स्थानीय तह
कामदारको पेसागत स्वास्थ्य तथा सुरक्षा	कामदारहरूलाई प्रदान गरिएको सुरक्षाका उपकरण तथा चोटपटकको विवरण	कामदारहरूसँग छलफल तथा ठेकेदारसँग अन्तर्वार्ता	कामदार आवास तथा ठेकेदार आवास	निर्माण अवधिमा	ऊ.ज.सिँ. मन्त्रालय/ वि. वि. वि. /वन तथा वातावरण मन्त्रालय/प्रदेश सरकार/विद्युत नियमन आयोग/स्थानीय तह
प्रभाव अनुगमन					
भौतिक वातावरणः					
भू-क्षय तथा भूस्खलन	भू-क्षय तथा भूस्खलन स्थानहरू लाई नक्सामा कोर्ने	स्थलगत अवलोकन/ नक्साको प्रयोग	टावर/विद्युत प्रसारण लाइन मार्गको क्षेत्राधिकार	वर्षमा २ चोटि	ऊ.ज.सिँ. मन्त्रालय/ वि. वि. वि. /वन तथा वातावरण मन्त्रालय/प्रदेश सरकार/विद्युत नियमन आयोग
वायुको गुणस्तर	TSP, $PM_{2.5}$ र PM_{10}	स्थलगत अध्ययन नाप/जाँच	प्रसारण लाइन मार्गको मुख्य बस्ती	प्रत्येक हप्ता	ऊ.ज.सिँ. मन्त्रालय/ वि. वि. वि. /वन तथा वातावरण मन्त्रालय/प्रदेश सरकार/विद्युत नियमन आयोग

अनुगमन प्यारामिटर	अनुगमनका सूचक	अनुगमनको विधि	स्थान	समय	अनुगमन गर्ने निकाय
ध्वनिको तह	ध्वनि तह dBA	स्थलगत अध्ययन/ नाप/जाँच	प्रसारण लाइन मार्गको मुख्य बस्ती	दैनिक	ऊ.ज.सिँ. मन्त्रालय/ वि. वि. वि. /वन तथा वातावरण मन्त्रालय/प्रदेश सरकार/विद्युत नियमन आयोग
जैविक वातावरणः					
वनजंगलको प्रकार तथा मुख्य वनस्पतिहरू	वनजंगलको अवस्था र प्रमुख वनस्पतिको प्रजाति	स्थलगत अध्ययन/अवलोकन तथा नापजाँच	आयोजना प्रभावित क्षेत्र	वर्षमा २ चोटि	ऊ.ज.सिँ. मन्त्रालय/ वि. वि. वि. /वन तथा वातावरण मन्त्रालय/ ला. रा. नि. /प्रदेश सरकार/विद्युत नियमन आयोग
वन्यजन्तुको इलेक्ट्रोक्यूसनको अवस्था	इटेक्ट्रोक्युसनका घटना	स्थलगत अध्ययन/अवलोकन, मुख्य जानकार व्यक्तिसँग अन्तर्वार्ता तथा दस्तावेजहरूको पुनरावलोकन	आयोजना प्रभावित क्षेत्र	वर्षमा २ चोटि	ऊ.ज.सिँ. मन्त्रालय/ वि. वि. वि. /वन तथा वातावरण मन्त्रालय/ ला. रा. नि. /प्रदेश सरकार/विद्युत नियमन आयोग
लामटाङ रा. नि. को जैविक विविधतामा	वनस्पति/वन्यजन्तुको अवस्था	स्थलगत अवलोकन/ रा. नि. कार्यालय सँग अन्तर्वार्ता	आयोजना क्षेत्र	निर्माण/सञ्चालन अवधि	ऊ.ज.सिँ. मन्त्रालय/ वि. वि. वि. /वन तथा

अनुगमन प्यारामिटर	अनुगमनका सूचक	अनुगमनको विधि	स्थान	समय	अनुगमन गर्ने निकाय
परेको प्रभाव					वातावरण मन्त्रालय/ला. रा.नि./प्रदेश सरकार/विद्युत नियमन आयोग
सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणः					
प्रभावित घरधुरी	क्षतिपूर्ति तथा पुर्नस्थापना	छलफल तथा परामर्श र अन्तर्वार्ता	आयोजना प्रभावित घरधुरी	वर्षमा २ चोटि	ऊ.ज.सिँ. मन्त्रालय/ वि. वि. वि. /वन तथा वातावरण मन्त्रालय/प्रदेश सरकार/विद्युत नियमन आयोग/स्थानीय तह
प्रभावित व्यक्तिको आर्थिक अवस्था	आर्थिक कृयाकलाप र गतिविधि	छलफल तथा परामर्श र अन्तर्वार्ता	आयोजना प्रभावित घरधुरी	वर्षमा २ चोटि	ऊ.ज.सिँ. मन्त्रालय/ वि. वि. वि. /वन तथा वातावरण मन्त्रालय/प्रदेश सरकार/विद्युत नियमन आयोग/स्थानीय तह
स्थानीयलाई रोजगारी	आर्थिक अवस्था	अवलोकन, अन्तर्वार्ता	आयोजन प्रभावित क्षेत्र	मासिक	ऊ.ज.सिँ. मन्त्रालय/ वि. वि. वि. /वन तथा वातावरण मन्त्रालय/प्रदेश सरकार/विद्युत नियमन आयोग/स्थानीय तह

परिच्छेद-१० वातावरणीय परीक्षण

प्रस्तावित आयोजनाको वातावरणीय परीक्षण मन्त्रालय वा तोकिएको निकायले प्रस्तावको कार्यान्वयन शुरु गरी सेवा वा वस्तु उत्पादन वा वितरण शुरु गरेको दुई वर्ष भुक्तान भएको मितिले छ महिनाभित्र गर्नेछ। त्यसबाहेक मन्त्रालय वा तोकिएको निकायले प्रस्तावको कार्यान्वयनबाट वातावरणमा परेको प्रतिकूल प्रभाव, त्यस्ता प्रभावलाई कम गर्न अपनाएको उपाय तथा त्यस्तो उपायको प्रभावकारिता र न्यूनीकरण हुन नसकेको वा आंकलन नै नभएको प्रतिकूल प्रभाव उत्पन्न भएकोमा सो समेतको विश्लेषण गरी वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्नेछ।

१०.१ वातावरणीय परीक्षण

वातावरणीय परीक्षणका किसिम देहाय बमोजिमका हुनेछन् :

- निर्णय तहको परीक्षण,
- कार्यान्वयन परीक्षण,
- कार्यको प्रभावकारिता परीक्षण,
- आयोजना प्रभाव परीक्षण,
- आँकलन गरिएको प्रविधि परीक्षण,
- वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रिया परीक्षण ।

१०.२ वातावरणीय परीक्षणमा संलग्न हुने पक्ष

- परीक्षक,
- परीक्षित पक्ष (प्रस्तावसँग सरोकार भएको)
- तेस्रो पक्ष ।

१०.३ वातावरणीय परीक्षणको प्रकार :

- आन्तरिक परीक्षण,
- बाह्य परीक्षण,
- बाध्यकारी परीक्षण,
- स्वैच्छिक परीक्षण ।

१०.४ वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचाः

प्रस्तावित आयोजनाको वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचा **तालिकाः १०-१** बमोजिमको हुनेछ भने वातावरणीय परीक्षणका लागि चेकलिष्ट **तालिकाः १०-२** बमोजिम रहेको छ ।

तालिकाः १०-१ वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचा

अध्याय १	यस अध्यायमा वातावरणीय परीक्षण प्रतिवेदनको भित्र मुख्य मुख्य कुराहरु समावेश गरी प्रतिवेदनको कार्यकारी सारांश लेख्नु पर्नेछ।
अध्याय २	यस अध्यायमा परीक्षण प्रशासनिक तथा परीक्षण कार्यको विवरण, आयोजना स्थलमा गरिएका अन्तर्वार्ता, परीक्षण गर्ने पक्ष तथा परीक्षणका क्षेत्र र विधि समावेश गर्नु पर्नेछ। साथै वातावरणीय अनुगमन, परीक्षणसँग सम्बन्धित तथ्याङ्क तथा विवरण पनि समावेश गर्नु पर्नेछ।
अध्याय ३	यस अध्यायमा परीक्षणको पूर्ण विवरण समावेश गर्नु पर्नेछ।
अध्याय ४	यस अध्यायमा आयोजना सम्बन्धमा पालना गर्नु पर्ने सुझाब तथा सुधारात्मक कार्य समावेश गर्नु पर्नेछ।
अनुसूची	अनुसूचीमा तथ्याङ्क र विवरण समावेश गर्नु पर्नेछ।
परीक्षण गर्ने समूहमा समावेश हुनु पर्ने जनशक्ति	वातावरणीय परीक्षण प्रतिवेदनको तयारीको क्रममा प्रस्तावसँग विषय मिल्ने विज्ञ जस्तै वातावरण विज्ञ, सामाजिक, आर्थिक, सांस्कृतिक विज्ञ, फोहरमैला व्यवस्थापन विज्ञ आदि समावेश गर्नु पर्नेछ।

तालिकाः १०-२ वातावरणीय परीक्षणको लागि चेकलिष्ट

१भौतिक पक्षः								
क्र.सं.	**विवरण**	**आयोजनाको क्रियाकलाप**	**अनुमान गरिएको प्रभाव**	**खास प्रभाव**	**न्यूनीकरणका उपाय**	**प्रभावकारीता**	**सूचना**	**तथ्याङ्कको स्रोत**
१.	वायुको गुणस्तर	सवारी साधनबाट उत्सर्जन हुने (PM $_{10}$/$PM_{2.5}$ Sox, NOx)	वायु प्रदूषण हुने	वायु प्रदूषण भई श्वासप्रश्वास सम्बन्धी समस्या उत्पन्न हुने	मापदण्ड बमोजिमका सवारी साधनको प्रयोग	महत्वपूर्ण	वातावरणीय व्यवस्थापन एकाइ	अभिलेख, प्रत्यक्ष अवलोकन
२.	ध्वनिको मात्रा	जेनेरेटर, सवारी साधन सञ्चालन र विष्फोटनको कारण	ध्वनिको तहमा ह्रास	ध्वनि प्रदूषणबाट कान सम्बन्धी समस्या	मापदण्ड बमोजिमका सवारी साधनको प्रयोग	उल्लेखनीय	वातावरणीय व्यवस्थापन एकाइ	अभिलेख, अनुगमन प्रतिवेदन
२. जैविक पक्ष								
क्र.सं.	**विवरण**	**आयोजनको क्रियाकलाप**	**अनुमान गरिएको प्रभाव**	**खास प्रभाव**	**न्यूनीकरणका उपाय**	**प्रभावकारिता**	**सूचना**	**तथ्याङ्कको स्रोत**
१.	वन्यजन्तु	वन क्षेत्रको प्रयोग	वन्यजन्तुको वासस्थानमा चाप	वन्यजन्तुमा आहारबिहारमा खलल पुग्ने	रातिको समय निर्माण कार्य नगर्ने	महत्वपूर्ण	वातावरणीय व्यवस्थापन एकाइ	अभिलेखअनुगमन / प्रतिवेदन
२.	दुर्लभ तथा संकटापन्न प्रजाति	वन क्षेत्रको प्रयोग	दुर्लभ तथा संकटापन्न प्रजातिमा प्रभाव	लोप हुने खतरा	दुर्लभ तथा संकटापन्न प्रजाति संरक्षणमा जोड दिनेस्थानीयलाई सो /	महत्वपूर्ण	वातावरणीय व्यवस्थापन एकाइ	अभिलेखअनुगमन / प्रतिवेदन

					सम्बन्धी जनचेतना कार्यक्रम गर्ने			
३. सामाजिक आर्थिक तथा सांस्कृतिक पक्ष								
क्र.सं.	**विवरण**	**आयोजनाको क्रियाकलाप**	**अनुमान गरिएको प्रभाव**	**खास प्रभाव**	**न्यूनीकरणका उपाय**	**प्रभावकारिता**	**सूचना**	**तथ्याङ्कको स्रोत**
१.	स्वास्थ्य र सरसफाई	आयोजनाबाट हुने वायु तथा ध्वनिफोहरमैला / प्रदूषण	जनस्वास्थ्यमा प्रतिकूल प्रभाव	रोग लाग्ने, चोटपटक लाग्ने	व्यक्तिगत सुरक्षाका उपकरण प्रदान गर्नेसरसफाई कायम गर्ने/	उल्लेखनीय	वातावरणीय व्यवस्थापन एकाइ	अभिलेख
२.	वातावरणीय सौन्दर्यता	प्रसारण लाइनले हुने प्राकृतिक सौन्दर्यतामा ह्रास	प्राकृतिक परिदृश्यमा ह्रास	सौन्दर्यतामा असर	प्राकृतिक स्वरुपलाई कम खलल पुग्ने गरी निर्माण कार्य गरिने	उल्लेखनीय	वातावरणीय व्यवस्थापन एकाइ	अभिलेख

परिच्छेद-११ निष्कर्षः

रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के.भी. विद्युत प्रसारण लाईन आयोजनाको स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले पहिचान गरेका प्रभावहरू तथा अनुकूलन प्रभाव अभिवृद्धि र प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरू यस परिवर्तित २५० मि. प्रसारण लाइन खण्डको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनले पनि अवलम्बन गर्ने साथै थप पहिचान गरिएका प्रभावहरू र तिनलाइ न्यूनीकरण गर्न सुझाएका उपायहरू अवलम्बन गरी आयोजना कार्यान्वयनले पर्ने प्रभावहरूलाई स्वीकारयोग्य तहसम्म पुऱ्याउने सकिन्छ।

33	2.5.1, Construction materials: as mentioned here "It will be sourced from the nearly local..... without impacting the ecology" better to mention the req. construction material like Sand, aggregates etc will be purchased from local vendors.	Sec-2.5.1, pp-12	Mentioned as per suggestion
34	2.5.3 As mentioned here "Only in the area where such trails are not available 0.5 m... transport" better to specify the area where foot trail need to be made.	Sec-2.5.3, pp-12	Specified
35	There should be National EIA guidelines instead of EIA guideline in whole report.	Sec.- 4.5.1, pp.-23	Edited
36	यो रिपोर्टमा सबै कुरा पुरानै भयो अप्डेट खासै भएन । यो रेपोर्टमा पहिलाको साथै हाल अप्डेट भएका कुराहरु पनि समावेश गरी प्रतिवेदन बनाउनु होला र प्रायः पहिला भन्दा फरक रहेका चिजहरुको Comparative Chart दिनु होला । Better to update the report.	Whole report	Comparative Chart has been giv where necessary
37	आयोजनाको मुख्य विशेषताहरु नेपाली कार्यकारी सारांशमा आएन । पहिलो IEE कहिले भएको हो? र किन IEE Update गर्नु पर्‍यो? नेपाली सरांशमा आएन, आउनु पर्‍यो । परिवर्तित विवरण्हरु नेपाली कार्यकारी सारांशमा आउनु पर्‍यो ।	Executive Summary, Sec-2, pp-i. कार्यकारी सारांश, Sec-2, pp-i	कार्यकारी सारांश र Executi Summary राखिएको छ ।
38	संविधान, निति, ऐन, नियम, कार्यविधि, निर्देशीका, मापदण्ड क्रमशः उल्लेख गर्नु पर्ने, भएन ।	Ch-4, pp-18	राय वमोजिम संशोधन गरिएको छ ।
93	त्रि-वर्षिय योजना, Nepal Biodiversity Strategy पुरानो भयो नयाँ राख्ने, National Conservation Strategy, 2071 राख्ने,	Ch-4, pp-19 & 20	राय वमोजिम राखिएको छ ।
40	स्थानिय स्वायत्व शासन ऐन हटाई, स्थानिय सरकार संचालन ऐन, २०७४ राख्ने ।	Ch-4, pp-21	थानिय सरकार संचालन ऐन, २०७४ राखिएको छ ।
41	श्रम ऐन, २०७४, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४, नियमावली २०७५, सामाजिक सुरक्षा संचालन कार्यविधि, २०७५ समावेश गरी प्रतिवद्दता जनाउने ।	Ch-4, pp-21, 22, 24	समावेश गरिएको छ ।
42	जग्गाको हदवन्दी छुट दिने सम्बन्धी आदेश, २०७४, राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका लागि राष्ट्रिय वन प्रयोग गर्ने सम्बन्धी कार्यविधि, २०७४, विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ समावेश गर्ने ।	Ch-4, pp-24,	राय वमोजिम राखिएको छ ।
43	ध्वनी, हावा, पानीका मापदण्डहरु उल्लेख गर्ने	Sec-10.2, pp-77	उल्लेख गरिएको छ ।
44	आयोजना कार्यान्वयनका लागि सिफारिस हुनु पर्ने (UIEE) स्विकृतीका लागि लिएको मिलेन, गोसाईकुण्ड गा. पा. को सिफारिश समेत सामेल गर्नु पर्ने ।	Annex	आयोजना प्रभावित वडाहरु सिफारिश सामेल गरिएको छ ।
45	Community Forest को Information आएन ।	Sec-6.2.1.2, pp-35 & 36	सामेल गरिएको छ ।

अनूसूची २ स्वीकृत कार्यसूची

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
EX: पो.ब.न ३९८७
सिंहदरबार, काठमाण्डौ

(वातावरण तथा जैविक विविधता महाशाखा)

पत्र संख्या -
चलानी नं. - ६७३
प्राप्त पत्र संख्या र मिति -

मितिः २०७९/११/१९

रसुवागढी हाइड्रोपावर कं. लि.
दर्ता नं.: ३२९
मिति २०७९/११/२१

श्री ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषयः-क्षेत्र निर्धारण प्रतिवेदन तथा कार्यसूची स्वीकृत गरिएको वारे।

तहाँ मन्त्रालयको प.सं. ०७९/०८० च.नं.१५२ मिति २०७९/०५/१३ को पत्रसाथ प्राप्त रसुवागढी हाईड्रोपावर कम्पनी लिमिटेड महाराजगञ्ज काठमाण्डौ, प्रस्तावक रहेको वागमती प्रदेश रसुवा जिल्लाको गोसाईकुण्ड गाउँपालिका वार्ड नम्वर १ र २ तथा आमाछोदिङमो गाउँपालिका वार्ड नम्वर ४ र ५ मा आयोजनाको स्वीचयार्ड (टावर नं. १) बाट टावर नम्वर ३ सम्म २५० मिटर प्रसारण लाईन निर्माणका लागी वातावरणीय प्रभाव अध्ययन गर्न तयार गरिएको क्षेत्र निर्धारण प्रतिवेदन तथा कार्यसूची उपर कारवाही हुँदा प्रस्तावकवाट प्राप्त क्षेत्र निर्धारण प्रतिवेदन तथा कार्यसूची (मंसिर, २०७९) प्रचलित कानूनको विपरित नहुनेगरी प्रस्तुत वातावरणीय प्रभाव अध्ययन गर्दा पालना गर्ने भनी प्रतिवद्धता जनाइएका विषयहरु र वातावरण संरक्षण ऐन, २०७६ तथा नियमावली, २०७७ को अधिनमा रही वातावरणीय प्रभाव मुल्याङ्कन अध्ययन प्रतिवेदन तयार गर्नेगरी तपसिलका शर्तसहित वातावरण संरक्षण ऐन, २०७६ को दफा ५ को उपदफा (१) र वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४ को उपनियम (७) वमोजिम क्षेत्र निर्धारण प्रतिवेदन तथा नियम ५ को उपनियम (५) वमोजिम कार्यसूची नेपाल सरकार (सम्मानिय प्रधानमन्त्री एवम् वन तथा वातावरण मन्त्रीस्तर) को मिति २०७९ फाल्गुन १६ गतेको निर्णयानुसार स्वीकृत गरिएको व्यहोरा अनुरोध छ ।

सर्तहरु:

१. वातावरणीय प्रभाव अध्ययनको क्रममा कुनै नयाँ थप सवाल पहिचान हुन आएमा तिनलाई समेत वातावरणीय प्रभाव अध्ययन प्रतिवेदनमा सम्वोधन गर्नु पर्नेछ।
२. प्रस्ताव कार्यान्वयन तथा सञ्चालनको सन्दर्भमा वातावरणसँग सम्वन्धित तथा सम्वन्धित क्षेत्रसँग सम्बन्धित ऐन, नियम, निर्देशिका, मापदण्ड तथा परिपत्रहरुको पूर्ण रुपमा पालना गर्नुपर्नेछ।
३. वातावरण व्यवस्थापन योजनामा सकारात्मक प्रभाव अभिवृद्धि र नकारात्मक प्रभाव न्यूनिकरणका उपायहरु के, कहाँ, कसरी, कसले र कहिले गर्नेवारे स्पष्ट उल्लेख भएको हुनु पर्नेछ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
EX: पो.ब.न ३९८७
सिंहदरबार, काठमाण्डौ

(वातावरण तथा जैविक विविधता महाशाखा)

पत्र संख्या :-
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

४. प्रस्तावित आयोजना निर्माण तथा सञ्चालनको क्रममा निस्कने ठोस तथा तरल काम नलाग्ने चिजहरुको व्यवस्थापन कसरी र कसले गर्ने भन्ने कुरा वातावरणीय प्रभाव अध्ययन प्रतिवेदनमा स्पष्ट रुपमा उल्लेख हुनु पर्नेछ।

५. वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन तयारीको क्रममा गरिने सार्वजनिक सुनुवाईमा स्थानीय निकायका प्रतिनिधि एवम् अल्पसंख्यक तथा आयोजना प्रभावित समुदायका प्रतिनिधिसमेतको सहभागी गराएको सम्पुष्टी हुने कागजात संलग्न गर्नु पर्नेछ।

६. आयोजना प्रभावित सबै स्थानीय तहमा सार्वजनिक सुनुवाइ गरी सार्वजनिक सुनुवाइमा उठेका सवालहरुलाई माईन्युटिङ्ग गरी सरोकारवालाहरुको हस्ताक्षर सहित प्रतिवेदनमा समावेश गर्नुपर्ने छ र ती सवालहरुको सम्वोधन हुनुपर्ने तथा यदी सम्वोधन नगरीने भएमा के कति कारणले सम्वोधन नहुने हो सो को उल्लेख गरिनु पर्नेछ ।

७. प्रस्तावकले वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन वातावरण सरंक्षण ऐन, २०७६, वातावरण सरंक्षण नियमावली, २०७७ मा भएका कानूनी व्यवस्थाको पुर्ण पालना गरी तयार गर्नु पर्नेछ।

८. स्थानीय निकायको सिफारिश संलग्न गर्दा सार्वजनिक सुनुवाईको मिति पश्चातको हुनु पर्नेछ।

९. वन तथा वातावरण मन्त्रालयको च.नं. ६६४ मिति २०७८/१०/२४ को पत्रमार्फत प्रदान गरिएको अध्ययन सहमतिपत्रमा उल्लेखित शर्तहरु वातावरणीय प्रभाव अध्ययन अध्ययनकोमा क्रममा सम्वोधन गरि प्रतिवेदन तयार गर्नु पर्नेछ।

अमर बहादुर ओली
समाजशास्त्री

बोधार्थः-
श्री रसुवागढी हाईड्रोपावर कम्पनी लिमिटेड, महाराजगञ्ज, काठमाडौं।

श्री आयोजना प्रमुख	१	श्री कम्पनी सचिव	
श्री योजना तथा करार प्रशासन महाशाखा		श्री प्रशासन महाशाखा	
श्री सिभिल कन्स्ट्रक्सन महाशाखा		श्री वित्त महाशाखा	
श्री इलिक्ट्रिकल तथा डिजाइन महाशाखा		श्री खरिद तथा जिन्सी व्यवस्थापन महाशाखा	
श्री इलेक्ट्रोमेकानिकल महाशाखा		श्री.....	
१) आ.का.नमें २) टि ने ३) रुख पेश्न नमें ४) घुलफाल नमें ५) परिपत्र नमें ६) फाइल नमें ७) जानकारीको लागी ८).....		सहि: मिति: २०७८/११/२१	

रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के. भी. विद्युत प्रसारण लाईन आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनको कार्यसूची

बागमती प्रदेश, रसुवा जिल्ला, गोसाँइकुण्ड गाउँपालिका वडा नं. १ र २



प्रतिवेदन पेश गरिएको निकायः

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

सिंहदरवार, काठमाडौं

मार्फतः

नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

विद्युत विकास विभाग, सानोगौचरण, काठमाडौं

प्रस्तावकः

रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड

महाराजगंज, काठमाडौं, नेपाल

मंसिर, २०७९

विषयसूची

विषयसूची i
तालिका सूची v
अनुसूची vi
प्रतिवेदनमा प्रयोग गरिएका छोटकरी शब्दहरु vii
परिच्छेद-१ पृष्ठभूमी १
१.१ प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगानाः १
१.२ भूमिकाः १
१.३ प्रस्तावकः १
१.४ परामर्शदाताः २
१.५ कार्यसूचीको उद्देश्यः २
१.६ वातावरणीय प्रभाव मूल्याङ्कनको उद्देश्यः २
१.७ वातावरणीय प्रभाव मूल्याङ्कनको कानूनी औचित्यताः ३
१.८ अध्ययनको सीमाः ३
परिच्छेद-२ प्रस्तावको बारेमा जानकारी ४
२.१ प्रस्तावको सामान्य परिचयः ४
२.२ प्रस्तावको सान्दर्भिकताः ४
२.३ अवस्थिति र पहुँचः ५
२.४ प्रकृति/किसिमः ६
२.५ संरचनाको जानकारी र अवयवः ६
२.६ प्रस्ताव/आयोजना सम्बन्धी क्रियाकलापः ९
२.७ निर्माण योजनाः ९
२.७.१ आवश्यक जग्गाको क्षेत्रफलः ९
२.८ प्रस्ताव/आयोजनाको लागि आवश्यकताः १०
२.८.१ आवश्यक जनशक्तिः १०
२.८.२ निर्माण सामाग्री, परिमाण र स्रोतः १०
२.८.३ निर्माण तालिकाः ११
२.८.४ प्रयोग हुने ऊर्जा किसिम, स्रोत, खपत हुने परिमाणः ११

२.८.५ आयोजनाका अन्य आवश्यक सहायक संरचनाः १२

परिच्छेद-३ तथ्याङ्क सङ्कलन १३

३.१ प्रतिवेदन तयार गर्दा आवश्यक पर्ने तथ्याङ्कः १३

३.१.१ भौतिक तथा रासायनिक वातावरणः १३

३.१.२ जैविक वातावरणः १३

३.१.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणः १३

३.२ तथ्याङ्क सङ्कलन गर्न अपनाइने विधिः १३

३.२.१ सन्दर्भ सामग्रीको पुनरावलोकनः १३

३.२.२ स्थलगत अध्ययनः १४

३.३ सार्वजनिक सुनुवाईः १७

३.४ सूचना प्रकाशनः १७

३.५ सिफारिस पत्र सङ्कलनः १७

३.६ तथ्याङ्क विश्लेषणः १८

३.६.१ भौतिक वातावरण १८

३.६.२ जैविक वातावरणः १८

३.६.३ सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणः १८

३.७ वातावरणीय प्रभावहरुको पहिचान, आँकलन तथा प्रभावको मूल्याङ्कन विधिः १९

३.८ वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन लेखन १९

परिच्छेद-४ प्रतिवेदन तयार गर्दा अध्ययन गर्नु पर्ने नीति, ऐन, नियम, निर्देशिका, कार्यविधि र अन्तर्राष्ट्रिय सन्धि सम्झौताः २०

४.१ संविधानः..... २०
४.२ नीति र रणनीतिः..... २०
४.३ आवधिक योजनाः..... २०
४.४ ऐनः..... २०
४.५ नियमावलीः..... २१
४.६ निर्देशिका/कार्यविधि/कार्यनीतिः..... २१
४.७ मापदण्डः..... २२
४.८ अन्तर्राष्ट्रिय सन्धि, सम्झौताः..... २२
परिच्छेद-५ प्रतिवेदन तयार गर्दा लाग्ने अवधि, बजेट तथा समयः..... २३
५.१ समयः..... २३
५.२ अनुमानित बजेटः..... २३
५.३ अध्ययनमा सहभागी हुने विज्ञ जनशक्तिः..... २३
परिच्छेद-६ प्राथमिकिकरण गरिएका सवालहरूः..... २५
६.१ स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लिखित प्रभावहरू..... २५
६.१.१ सकारात्मक सवालहरुः..... २५
६.१.२ नकारात्मक सवालहरुः..... २५
६.२.१ सरोकारवालाले उठाएका सवालहरुः..... २७
६.२.२ अध्ययन टोलीले पहिचान गरेका सवालहरुः..... २७
६.३ वातावरणीय प्रतिवेदन तयार गर्न प्राथमिकिकरण गरिएका सवालहरु..... २९
परिच्छेद-७ विश्लेषणः..... ३१
७.१ प्रभाव पहिचान, आँकलन, तह निर्धारण र उल्लेखनीयताको मूल्याङ्कन गर्ने विधि तथा औजारः..... ३१
७.२ प्रभाव पहिचान, आँकलन, तह निर्धारण र उल्लेखनीयताको मूल्याङ्कनः..... ३२
परिच्छेद-८ विकल्पः..... ३५
परिच्छेद-९ वातावरणीय प्रभाव नियन्त्रण तथा व्यवस्थापन..... ३६
९.१ प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने अनुकूल प्रभाव बढोत्तरी तथा प्रतिकूल प्रभाव हटाउने उपायः..... ३६
परिच्छेद-१० वातावरणीय व्यवस्थापन योजना..... ३८

परिच्छेद-११ अनुगमन योजना ४०
परिच्छेद-१२ वातावरणीय परीक्षण ४२

तालिका सूची

तालिकाः १ आयोजना स्थल पहुँच सम्बन्धी विवरण..... ६
तालिकाः २ आयोजनाको मुख्य विशेषता..... ७
तालिकाः ३ आयोजनालाई आवश्यक पर्ने जग्गाको क्षेत्रफल र प्रकार.....१०
तालिकाः ४ आवश्यक जनशक्तिको वर्गीकरण.....१०
तालिकाः ५ आवश्यक निर्माण समाग्री र परिमाण.....११
तालिकाः ६ प्रसारण लाईनको निर्माण तालिका.....११
तालिकाः ७ भौतिक वातावरण सम्बन्धी तथ्याङ्क सङ्कलन विधि..... १४
तालिकाः ८ जैविक वातावरण सम्बन्धी तथ्याङ्क सङ्कलन विधि.....१५
तालिकाः ९ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण सम्बन्धी तथ्याङ्क सङ्कलन विधि.....१६
तालिकाः १० प्रभावको तह आँकलन गर्ने आधार.....१९
तालिकाः ११ वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्न लाग्ने समय तालिका..... २३
तालिकाः १२ अध्ययनमा संलग्न विज्ञहरु..... २४
तालिकाः १३ प्राथमिकिकरण गरिएका सवालहरु..... २९
तालिकाः १४ प्रभावको तह निर्धारण गर्ने तरिका..... ३१
तालिकाः १५ प्रभाव पहिचान, आँकलन, तह निर्धारण र उल्लेखनीयताको मूल्याङ्कन गर्न प्रयोग गरिने तालिका..... ३२
तालिकाः १६ अनुकूल प्रभाव बढोत्तरी तथा प्रतिकूल प्रभाव न्यूनीकरण गर्ने उपाय कार्यान्वयन तथा लागत र जिम्मेवारीको ढाँचा..... ३७
तालिकाः १७ वातावरणीय व्यवस्थापन योजनाको ढाँचा..... ३८
तालिकाः १८ वातावरणीय अनुगमनको ढाँचा..... ४१

अनुसूची

अनुसूची १ निर्माण अनुमति पत्र र अध्ययन सहमति पत्र

अनुसूची २ आयोजना क्षेत्रका टोपो नक्सा, गुगल नक्सा, भू–उपयोग नक्सा

अनुसूची ३ चेकलिष्ट तथा प्रश्नावली

अनुसूची ४ अध्ययन टोलीको बायोडाटा र स्व–घोषणा पत्र

प्रतिवेदनमा प्रयोग गरिएका छोटकरी शब्दहरु

°से.	डिग्री सेल्सियस
कि. ग्रा.	किलोग्राम
कि. मि.	किलोमिटर
के. भि. ए.	किलोभोल्ट एम्पियर
के. भी.	किलोभोल्ट
क्यू. मि.	क्यूबिक मिटर
नं.	नम्बर
ने. वि. प्रा.	नेपाल विद्युत प्राधिकरण
प्रा. लि.	प्राइभेट लिमिटेड
मि.	मिटर
मि. मि.	मिलिमिटर
मे. वा.	मेगावाट
वि. वि.वि.	विद्युत विकास विभाग
हे.	हेक्टर

परिच्छेद–१ पृष्ठभूमी

१.१ प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगानाः

रसुवागढी (भोटेकोशी–त्रिशुली) जलविद्युत आयोजनाको १३२ के. भी. विद्युत प्रसारण लाईनको प्रस्तावक रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड हो। चिलिमे जलविद्युत् कम्पनीको सहायक कम्पनीका रूपमा रहेको रसुवागढी जलविद्युत् कम्पनी लिमिटेड सन् २०११ को अगष्टबाट पब्लिक कम्पनीका रूपमा सञ्चालनमा रहेको छ।

१.२ भूमिकाः

कुनै पनि जलविद्युत आयोजनाबाट उत्पादित विद्युतिय ऊर्जालाई सबस्टेशनसम्म पुऱ्याएर राष्ट्रिय प्रसारण लाईनमा जोड्नको लागि विद्युत प्रसारण लाईनको आवश्यकता पर्दछ। रसुवागढी (भोटेकोशी–त्रिशुली) जलविद्युत आयोजनाको १३२ के. भी. विद्युत प्रसारण लाईन आयोजनाको मुख्य उद्देश्य रसुवागढी जलविद्युत आयोजनाबाट उत्पादित १११ मे. वा. विद्युतिय ऊर्जालाई चिलिमे हब सबस्टेशन सम्म पुऱ्याउनु रहेको छ।

रसुवागढी जलविद्युत (१११ मे. वा.) आयोजनाको १३२ के. भी. विद्युत प्रसारण लाइन आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तत्कालिन ऊर्जा मन्त्रालयबाट मिति २०७२/०७/१८ मा स्वीकृत भएको थियो भने उक्त प्रतिवेदनलाई अध्यावधिक गरी अध्यावधिक वातावरणीय परीक्षण प्रतिवेदन ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट मिति २०७६/०२/६ मा स्वीकृत भएको थियो। विद्युत प्रसारण लाइन मार्ग अन्तर्गत टावर नं २ नजिक पहिरो तथा ढुङ्गा खस्ने भएको र उक्त स्थलमा टावर निर्माण गर्न नसकिने साथै मोनो टावर पनि निर्माण गर्न नसकिने अवस्था भएको कारणले आयोजनाको टावर नं २ लाङटाङ राष्ट्रिय निकुञ्ज भित्रको स्थानीयको निजी जग्गामा निर्माण गर्नुपर्ने देखिएको छ।

रसुवागढी (भोटेकोशी–त्रिशुली) जलविद्युत आयोजनाको १३२ के. भी. डबल सर्किट विद्युत प्रसारण लाईन आयोजनाको निर्माण अनुमतिपत्र (अनुमतिपत्र संख्याः **वि. वि. वि. ०७३/७४, वि. प्र. ७६**) श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय अन्तर्गतका विद्युत विकास विभाग द्वारा रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडलाई मिति २०७३/०८/२२ मा प्रदान गरिएको हो। उक्त अनुमतिपत्रको वहाल रहने मिति २०९८/०८/१६ सम्म रहेको छ।

१.३ प्रस्तावकः

नामः रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड
ठेगानाः कपन मार्ग–३, महाराजगञ्ज काठमाडौं, नेपाल
टेलिफोनः +९७७–१–४३७१७४४, ४३७१७९४
इमेलः info@rghpcl.com.np
वेब साइटः www.rghpcl.com.np

१.४ परामर्शदाता:

नाम: ग्रीन हेराल्ड कन्सल्टेन्सी प्रा. लि.

ठेगाना: वानेश्वर, काठमाडौं नेपाल

टेलिफोन: +९७७-१-४४१९४६९

इमेल: greenherald5@gmail.com

१.५ कार्यसूचीको उद्देश्य:

वातावरणीय प्रभाव मूल्याङ्कनको कार्यसूचीको मुख्य उद्देश्यहरु निम्न बमोजिम छन्;

- वातावरणीय प्रभाव मूल्याङ्कनको क्रममा आवश्यक पर्ने आधार रेखिय तथ्याङ्कहरु प्रस्तुत गर्नु,
- वातावरणीय प्रभाव मूल्याङ्कनको क्रममा अपनाईने विधिहरु प्रस्तुत गर्नु,
- आयोजना कार्यान्वयनबाट पर्ने सम्भावित असरहरु पहिचान गर्नु,
- प्रतिवेदन तयार गर्दा विचार गर्नुपर्ने नीति, ऐन, नियम, निर्देशिका तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरु सुचीकृत गर्नु,
- वातावरणीय अध्ययनको लागि चाहिने आवश्यक समय तालिका स्पष्ट पार्नु,
- वैकल्पिक विश्लेषण अध्ययनको लागि विभिन्न विकल्पहरु बुदाँगत रुपमा प्रस्तुत गर्नु,
- वातावरणीय प्रभाव मूल्याङ्कनको लागि मार्ग दर्शन गर्नु,

१.६ वातावरणीय प्रभाव मूल्याङ्कनको उद्देश्य:

वातावरणीय प्रभाव मूल्याङ्कनको उद्देश्यहरु तल दिइए बमोजिम रहेका छन्।

- प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको विद्यमान भौतिक, जैविक र सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणीय तथ्याङ्कहरु सङ्कलन गर्नु।
- आयोजना कार्यान्वयन हुँदा पर्ने थप सम्भावित असरहरुको आँकलन तथा विश्लेषण गर्नु।
- सकारात्मक प्रभावहरु अभिवृद्धि तथा नकारात्मक प्रभावहरु न्यूनीकरणका उपायहरु प्रस्तुत गर्नु।
- प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा स्थानीय जनता, सरोकारवाला निकाय तथा अन्य संघ, संस्थाहरुलाई प्रस्ताव सम्बन्धी जानकारी दिन सार्वजनिक सुनुवाई गरी त्यस सम्बन्धी रायसुझाव सङ्कलन गर्नु।
- वातावरणीय व्यवस्थापन, अनुगमन कार्ययोजना, वातावरणीय परीक्षण योजना तयार गर्नु।

१.७ वातावरणीय प्रभाव मूल्याङ्कनको कानूनी औचित्यता:

प्रस्तावित विद्युत प्रसारण लाइन आयोजनाको टावर नं. २ लाङटाङ राष्ट्रिय निकुञ्ज भित्रको स्थानीयको निजी जग्गामा निर्माण गर्नुपर्ने तथा स्वीचयार्ड बाट (टावर नं. १) बाट टावर नं ३ सम्मको २५० मिटर खण्ड लाङटाङ राष्ट्रिय निकुञ्ज भित्र पर्ने भएकोले वातावरण संरक्षण नियमावली, २०७७ को अनुसूची ३ (क) १२ बमोजिम राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष क्षेत्र भित्र कुनै पनि प्रस्ताव कार्यान्वयन गर्नुपूर्व वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नुपर्ने भएकोले प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन गरिएको हो। प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्नको लागि वन तथा वातावरण मन्त्रालयले मिति २०७८/१०/२३ मा सहमति प्रदान गरिएको छ।

यद्दपी यस आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन ऊर्जा मन्त्रालयबाट मिति २०७२/०७/१८ मा स्वीकृत भएको थियो साथै सोको अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन पनि ऊर्जा जलश्रोत तथा सिंचाई मन्त्रालयबाट मिति २०७६/०२/०६ मा स्वीकृत भएको थियो।

१.८ अध्ययनको सीमा:

प्रस्तावित आयोजनाको अध्ययनको सीमा भित्र रसुवागढी जलविद्युत आयोजनाको स्वीचयार्ड (टावर नं. १) बाट टावर नं ३ सम्म २५० मिटर लम्बाइको विद्युत प्रसारण लाइन खण्डको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन रहेको छ। त्यसबाहेकको ९.८ कि. मि. विद्युत प्रसारण लाइन खण्ड स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण बमोजिम निर्माण कार्य भैरहेको छ।

परिच्छेद–२ प्रस्तावको बारेमा जानकारी

२.१ प्रस्तावको सामान्य परिचयः

रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के. भी. डबल सर्किट विद्युत प्रसारण लाईन बागमती प्रदेश, रसुवा जिल्लाको गोसाँइकुण्ड गाउँपालिका वडा नं. १ र २ तथा आमाछोदिङमो गाउँपालिका वडा नं. ४ र ५ मा अवस्थित रहेको छ। रसुवागढी १११ मे. वा. जलविद्युत आयोजनाको कुल लम्बाइ १० कि. मि. रहेको छ। जसमध्ये ९.८ कि. मि. विद्युत प्रसारण लाइन खण्ड स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण बगोजिम निर्माण कार्य भैरहेको छ भने आयोजनाको स्वीचयार्ड बाट (टावर नं. १) बाट टावर नं ३ सम्म २५० मिटर विद्युत प्रसारण लाइन खण्ड लाडटाङ राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र पर्ने भएकोले थप अध्ययन गर्नुपर्ने देखिएको छ। हालको अध्ययनले रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के. भी. डबल सर्किट प्रसारण लाईनको स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले पहिचान गरिएका वातावरणीय प्रभाव, तिन्का न्यूनीकरणका उपायहरू साथै अनुगमन योजनालाई यस प्रतिवेदनको अभिन्न अंग मान्दै २५० मिटर प्रसारण लाइन खण्ड परिवर्तनले गर्दा पर्ने थप वातावरणीय सवालहरू पहिचान गर्नु रहेको छ।

रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के. भी. डबल सर्किट विद्युत प्रसारण लाईन आयोजनाको मार्गाधिकारको बिचबाट दुबैतर्फ ९/९ मिटर गरी १८ मिटरको हुनेछ। यस आयोजनाले कुल ३२ वटा टावर निर्माण गर्नेछ। टावरहरुको उचाइ ३० मिटर रहेको छ भने न्यूनतम टावर स्पान १५९ मिटर र अधिकतम टावर स्पान ५३० मिटर रहेको छ। यस जलविद्युत आयोजनाको भूँई देखी बिजुलीको तार सम्मको दुरी ७ मिटरको हुनेछ। प्रस्तावित आयोजनाले १२ स्थानमा खोल्सि, १० स्थानमा पैदल मार्ग र ३ स्थानमा नदी क्रस गरेको छ।

२.२ प्रस्तावको सान्दर्भिकताः

रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको मुख्य उद्देश्य रसुवागढी (१११ मे. वा.) जलविद्युत आयोजनाबाट उत्पादन हुने विद्युतलाई १३२ के. भि. डबल सर्किट लाईन मार्फत चिलिमे हब सबस्टेशनमा लगेर राष्ट्रिय प्रसारण लाईनमा जोड्नु रहेको छ। प्रस्तावित प्रसारण लाईनले रसुवागढी जलविद्युत आयोजना (१११ मे. वा.) बाट उत्पादन हुने विद्युत ऊर्जालाई राष्ट्रिय प्रसारण लाईनमा जोडेर विद्युतिय ऊर्जा थप गर्न मद्दत गर्ने भएकोले प्रस्तावित विद्युत प्रसारण लाईन आयोजना निर्माण गर्न आवश्यक देखिन्छ।

२.३ अवस्थिति र पहुँचः

रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत प्रसारण लाईन वागमती प्रदेश, रसुवा जिल्लाको गोसाँइकुण्ड गाउँपालिका वडा नं. १ र २ तथा आमाछोदिङमो गाउँपालिका वडा नं. ४ र ५ मा अवस्थित छ। प्रस्तावित विद्युत प्रसारण लाईन आयोजना रसुवागढी जलविद्युत आयोजना (१११ मे. वा.) को स्वीचयार्डबाट सुरु भई आमाछोदिङमो गाउँपालिका वडा नं. ४ मा अवस्थित चिलिमे हब सवस्टेशन सम्म १० कि. मि. हुनेछ। रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के. भी. जलविद्युत प्रसारण लाइन मार्गको टावर नं १ पछि नदि पार गरी टावर नं २ लाङटाङ राष्ट्रिय निकुञ्ज भित्रको स्थानीय व्यक्तिको निजी जग्गामा निर्माण गरी पुनः पुरानै मार्गमा जोडिने भएकोले करिब २५० मिटर जलविद्युत प्रसारण मार्ग मात्र परिवर्तन भएको छ। विद्युत प्रसारण मार्ग तलको नक्सामा दिइएको छ;



नक्सा १ प्रस्तावित प्रसारण लाईन आयोजनाको अवस्थिति



नक्सा २ प्रस्तावित विद्युत प्रसारण लाइन मार्गको गुगल इमेज आयोजनाको

प्रस्तावित आयोजनासम्म पुग्न पहुँचको लागि काठमाडौंबाट १६७ कि. मि. दुरी रहेको छ। आयोजना पहुँचको विस्तृत विवरण तलको तालिकामा दिइएको छ;

तालिकाः १ आयोजना स्थल पहुँच सम्बन्धी विवरण

स्थान	राजमार्गहरु	दुरी (किलोमिटर)
काठमाडौं देखि त्रिशुली	काठमाडौं–त्रिशुली	७८
त्रिशुली देखि स्याप्रुवेशी	पासाङ ल्हामु	७२
स्याप्रुवेशी–रसुवागढी	स्थानीय	१७
कुल		१६७

स्रोतः रसुवागढी जलविद्युत प्रसारण लाईन आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन, २०१८

२.४ प्रकृति/किसिमः

रसुवागढी (भोटेकोशी–त्रिशुली) जलविद्युत प्रसारण लाईन आयोजना (Linear Infrastructure) प्रकृतिको आयोजना हो। रसुवागढी जलविद्युत आयोजना (१११ मे. वा.) को विद्युत ऊर्जालाई प्रसारण गर्न प्रस्तावित १३२ के. भी. क्षमताको यो विद्युत प्रसारण लाईन आयोजना निर्माण गरिने छ।

२.५ संरचनाको जानकारी र अवयवः

रसुवागढी (भोटेकोशी–त्रिशुली) जलविद्युत आयोजनाको संरचनागत जानकारी तलको तालिकामा प्रस्तुत गरिए बमोजिम रहेको छ;

तालिकाः २ आयोजनाको मुख्य विशेषता

अवयवहरु		विशेषताहरु			
आयोजनाको नाम		रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के. भी. विद्युत प्रसारण लाईन आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन			
प्रसारण लाईनको क्षमता		१३२ के. भी.			
आयोजनाको भौगोलिक अवस्थिति		**प्रदेश**	**जिल्ला**	**गा. पा**	**वडा नं.**
		बागमती	रसुवा	गोसाँइकुण्ड	१ र २
				आमाछोदिडमो	४ र ५
सुरु स्थान		रसुवागढी जलविद्युत आयोजनाको स्वीचयार्ड			
अन्त्य स्थान		चिलिमे हब सबस्टेशन			
क्रसिङ्ग		खोला/खोल्सी–१२, नदी– ३, पैदल मार्ग–१०, सडक-५			
कुल लम्बाई		१० कि. मि.			
सिस्टम नोमिनल भोल्टेज		१३२ के. भी.			
सिस्टम मेक्सिमम भोल्टेज		१४५ के. भी.			
सिस्टम नोमिनल फ्रिक्वन्सी		५० हर्ज			
सर्किट		डबल			
क्षेत्राधिकार (RoW)		१८ मि.			
टावरको संख्या		३२			
सस्पेन्सन टावरको संख्या		१०			
एलाईनमेन्टको उच्चतम् बिन्दु		समुन्द्र सतहबाट २२८६ मि.			
एलाईनमेन्टको न्यूनतम बिन्दु		समुन्द्र सतहबाट १६४३ मि.			
कृषि सडक क्रसिङ्ग		३ स्थान			
पैदल मार्ग क्रसिङ्ग		१० स्थानमा			
खोला/खोल्सी क्रसिङ्ग		१२ स्थानमा			
नदी क्रसिङ्ग		३			
प्रसारण लाईन क्रसिङ्ग		छैन			
क्षेत्राधिकार भित्र पर्ने भौतिक पूर्वाधार		छैन			
प्रसारण लाईन नजिक पर्ने गाउँबस्ती		दालफेदी, थुमन, पुज्जन, मेन्डो आदि			
क्लियरेन्स	न्युनतम	७ मि. ६५° से.			
	पेडेस्ट्रियन	७ मि.			
	रेसिडेन्सियल	७ मि.			

अवयवहरु		विशेषताहरु
	सडक तथा गल्ली	८ मि.
	राजमार्ग	८ मि.
	मेटल/ रुफ्ड ब्युल्डिङ्ग	५ मि.
	पावर लाईन	३.५ मि.
	टेलिकमुनिकेसन लाईन	३.५ मि.
	फेज स्पेसिङ्ग	३.७५ मि.
टावरको उचाइ		३० मि.
फाउन्डेसन क्षेत्रफल		औसत १०*१० मिटर प्रत्येक टावर फाउन्डेसन
टावरको न्यूनतम स्पान		१५९ मि.
टावरको अधिकतम स्पान		५३० मि.
कन्डक्टर स्पेसिफिकेसनः		
कन्डक्टरको आकार		३२६ वर्ग मिमि
कन्डक्टरको प्रकार		ACSR (Bear)
कन्डक्टरको व्यास		२३.४५ मिमि
अल्टिमेट स्ट्रेन्थ		११३४० कि. ग्रा.
मोडुलस अफ इलास्टिसिटी		८२०० कि. ग्रा. वर्ग मिमि
कोफिसेन्ट अफ लिनियर इक्सपान्सन		१७.८*१०$^{-६}$
स्टेन्डर मास अफ कन्डक्टर		१२१४ कि. ग्रा. प्रति किलोमिटर
Electrical D.C. resistance at 20 °C (ohm/km)		०.१०९३
Standard unjointed length on reel (m)		२०००
Every day stress (N/ mm^2)		६०
डिजाइन डाटाः		
तापक्रमः		
Maximum ambient temperature °C		४५
Minimum ambient temperature °C		०
Maximum temperature of conductor °C		८०
Everyday temperature of conductor °C		३२
वाइण्ड लोडः		
Wind pressure on the whole projected area of conductors kg/m^2		७५
Wind pressure on the whole projected area of steel angle		१२१

अवयवहरु	विशेषताहरु
members kg/m^2	
Wind pressure on 1.71 times projected area of steel angle face of structure kg/m^2	२०७

स्रोतः रसुवागढी जलविद्युत प्रसारण लाईन आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन, २०१८

२.६ प्रस्ताव/आयोजना सम्बन्धी क्रियाकलापः

प्रस्ताव कार्यान्वयनको दौरान निम्न बमोजिमका क्रियाकलापहरु अवलम्बन गरिने छन्;

निर्माणपूर्वः

प्रस्तावित आयोजनाले निर्माणपूर्व सर्वे, वातावरणीय अध्ययन, लाङटाङ राष्ट्रिय निकुञ्जको स्वीकृति, विद्युत प्रसारण लाइन मार्ग परिवर्तन भएको स्थानीय तहको सिफारिस प्राप्त गर्ने, ग्राउण्ड क्लियरेन्स, जग्गा प्राप्ति आदि क्रियाकलापहरु गर्नेछ।

निर्माण अवधिः

निर्माण समयमा गरिने क्रियाकलापहरुमा निर्माण सामग्रीहरुको ढुवानी, भण्डारण, टावर फाउन्डेसन तथा टावर निर्माण, तार तान्ने काम, अस्थायी संरचनाहरु स्थापना गर्ने आदि कार्य गरिने छन्।

सञ्चालन अवधिः

आयोजनाले सञ्चालन अवधिमा नियमित मर्मत सम्भार तथा क्षेत्राधिकार क्लियरेन्सको कार्य गर्नेछ।

२.७ निर्माण योजनाः

रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको परिवर्तित विद्युत प्रसारण मार्ग (२५० मि.) निर्माण सम्पन्न गर्नका लागि तीन चरणमा कार्य गरिने छ जस अन्तर्गत जग्गा प्राप्ती, सिभिल वर्क्स अन्तर्गत फाउन्डेसन निर्माण कार्य, टावर निर्माण कार्य र तारहरु तान्ने कार्य पर्दछन्। आयोजनाको परिवर्तित विद्युत प्रसारण मार्ग (२५० मि.) निर्माण सम्पन्न गर्नका लागि जम्मा ४२ दिन समय लाग्ने अनुमान गरिएको छ।

२.७.१ आवश्यक जग्गाको क्षेत्रफलः

रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको परिवर्तित विद्युत प्रसारण लाइन (१३२ के. भी.) को क्षेत्राधिकार १८ मि. कायम भए अनुसार २५० मि. लम्बाइको प्रसारण लाईनको लागि कुल ०.४५ हे. लाङटाङ राष्ट्रिय निकुञ्जको जग्गा प्रसारण लाइनको क्षेत्राधिकार भित्र पर्दछ भने टावर नं. २ निर्माणको लागि ०.००६८ हे. राष्ट्रिय निकुञ्जभित्रको

स्थानीय व्यक्तिको निजी जग्गा रहेको छ. त्यस वाहेक निर्माण सामग्री भण्डारण तथा निर्माण शिविरको लागि स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन वमोजिम हुनेछ। परिवर्तित विद्युत प्रसारण लाइन खण्डको लागि आवश्यक जग्गाको क्षेत्रफल र प्रकार तलको तालिकामा प्रस्तुत गरिए वमोजिम रहेको छ;

तालिकाः ३ आयोजनालाई आवश्यक पर्ने जग्गाको क्षेत्रफल र प्रकार

आयोजनाको अवयवहरु	जग्गाको प्रकार (हे.) मा		कुल जग्गा (हे.)
	लाङटाङ रा. नि. को वन क्षेत्र	निजी	
क्षेत्राधिकार	०.४५	-	०.४५
टावर निर्माणको लागि	-	०.००६८	०.००६८

स्रोतः रसुवागढी जलविद्युत प्रसारण लाईन आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन, २०१८

२.८ प्रस्ताव/आयोजनाको लागि आवश्यकताः

२.८.१ आवश्यक जनशक्तिः

रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको परिवर्तित विद्युत प्रसारण लाइन आयोजना निर्माणको लागि कुल ६६ मेनमन्थ कामदारहरु आवश्यक पर्ने देखिन्छ। आयोजनाको लागि ३ मेनमन्थ दक्ष, २६ मेनमन्थ अर्धदक्ष र ३६ मेनमन्थ अदक्ष जनशक्तिको आवश्यकता पर्नेछ।

तालिकाः ४ आवश्यक जनशक्तिको वर्गीकरण

क्र.सं.	आवश्यक जनशक्तिको	
	वर्गीकरण	मेनमन्थ
१	दक्ष	३
२	अर्ददक्ष	२६
४	अदक्ष	३६

स्रोतः आयोजना सम्भाव्यता अध्ययन प्रतिवेदन, २०१८

२.८.२ निर्माण सामाग्री, परिमाण र स्रोतः

रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको परिवर्तित विद्युत प्रसारण लाइन आयोजना निर्माण गर्नको लागि आवश्यक सामाग्रीहरुमा सिमेन्ट, ढुङ्गा, गिट्टी, बालुवा फलामको छड, स्टील प्लेट, ईन्धन तथा लुब्रिकेन्ट आदि पर्दछन्। आवश्यक निर्माण सामाग्री, तिनको परिमाण र स्रोत तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिकाः ५ आवश्यक निर्माण समाग्री र परिमाण

क्र. सं	सामग्री	एकाइ	परिमाण	स्रोत
१	एग्रिगेट्स	क्यू. मि.	१७.३२	आयोजनाको क्सर
२	बालुवा	क्यू. मि.	९.८४	आयोजनाको क्सर
३	सिमेन्ट	क्यू. मि.	५.९३	नवलपरासी
४	फलाम छड	टन	१.४०	नवलपरासी
५	टावरको लागि स्टिल	टन	१३.२१	नवलपरासी
६	कन्डक्टर	के. जी.	६२२.७५ (OPGW) र ५४६५ (DCL)	विराटनगर

स्रोतः आयोजना सम्भाव्यता अध्ययन प्रतिवेदन, २०१८, स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन २०७६

२.८.३ निर्माण तालिकाः

रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको परिवर्तित विद्युत प्रसारण लाइन आयोजना निर्माण सम्पन्न गर्नका लागि तीन चरणमा कार्य गरिने छ जस अन्तर्गत जग्गा प्राप्ती, सहायक संरचनाहरु निर्माण, सिभिल वर्क्स अन्तर्गत फाउन्डेसन निर्माण कार्य, टावर संरचना निर्माण कार्य र तारहरु तान्ने कार्य पर्दछन्। यस आयोजना निर्माण गर्न जम्मा ४२ दिन समय लाग्ने अनुमान गरिएको छ।

तालिकाः ६ प्रसारण लाईनको निर्माण तालिका

क्र. सं	निर्माण सम्बन्धि अवयवहरु	हप्ता					
		१	२	३	४	५	६
१	ठेक्का प्रकृया	■	■				
२	टावरको जग निर्माण तथा टावर निर्माण			■	■	■	
३	मार्गाधिकार खाली गर्नु					■	
४	तार तान्नु					■	■
५	विद्युत प्रवाह परिक्षण						■

२.८.४ प्रयोग हुने ऊर्जा किसिम, स्रोत, खपत हुने परिमाणः

प्रस्तावित आयोजना निर्माण सम्पन्न गर्नका लागि ११ के. भी. प्रसारण लाईनबाट ऊर्जा प्राप्त गरिने छ। यस बाहेक १० के. भी. ए. क्षमताको मोबाइल डिजेल जेनेरेटर पनि प्रयोग गरिने छ।

२.८.५ आयोजनाका अन्य आवश्यक सहायक संरचनाः

२.८.५.१ आवास क्षेत्रः

निर्माण कार्यको स्थलगत निरिक्षण तथा अनुगमन गर्न प्रस्तावकले रसुवागढी जलविद्युत आयोजनाले हाल प्रयोगमा रहेको टिमुरे स्थित कार्यालय भवन नै प्रयोग गर्नेछ। प्रस्तावित आयोजना निर्माणको गर्न ठेकेदार कम्पनीले आवश्यक पर्ने आवासको लागि निर्माण स्थल नजिकै व्यक्तिगत घर भडामा लिनेछ। साथै टावरहरु निर्माण कार्य सञ्चालन गर्ने क्रममा निर्माण स्थल नजिकै अस्थायी क्याम्पहरु निर्माण गरिनेछ।

२.८.५.२ निर्माण सामाग्री भण्डारण स्थलः

निर्माण सामाग्री भण्डारणको लागि अस्थायी रुपमा जग्गा भाडामा लिइने छ। उक्त कार्यको लागि बाझो जग्गा प्रयोग गरिने छ।

२.८.५.३ बिग्रन व्यवस्थापन स्थलः

प्रस्तावित आयोजनाबाट उत्सर्जन हुने सम्पूर्ण बिग्रन (Muck/Spoil) लाई टावरको फाउन्डेसन पुनर भरणको लागि प्रयोग गरिने छ।

परिच्छेद–३ तथ्याङ्क सङ्कलन

३.१ प्रतिवेदन तयार गर्दा आवश्यक पर्ने तथ्याङ्कः

३.१.१ भौतिक तथा रासायनिक वातावरणः

- भौगोलिक अवस्था
- भू–उपयोग
- जलवायु
- भूगर्भ
- वायुको गुणस्तर (PM2.5 &PM10)
- ध्वनिको स्तर (Leq.)
- Temperature/wind speed

३.१.२ जैविक वातावरणः

- वन तथा वनस्पति (वनको प्रकार, वनस्पतिका प्रजाति, मुख्य गैह्रकाष्ठ वनपैदावार, जडिबुटी, स्थानिक प्रजाति आदि)
- वनजंगलको व्यवस्थापन (राष्ट्रिय वन, सामुदायिक, संरक्षित आदि)
- वन्यजन्तु (स्तनधारी, चरा, सरिसृप, आदिको प्रजाति र संरक्षणको अवस्था, वासस्थान र विचरण)

३.१.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणः

- जनसाङ्ख्यिक विवरण (जनसंख्या, उमेर समुह, परिवारको आकार, जातिगत संरचना, सिमान्तकृत समुह आदि)
- शिक्षा (विद्यालय संख्या, प्रकार, साक्षरता)
- स्वास्थ्य र सरसफाई (साधारण स्वास्थ्य अवस्था, सरुवा रोग, शौचालय, खानेपानी)
- भौतिक सामुदायिक पूर्वाधार (सडकको अवस्था, टेलिफोन, खानेपानी वितरण, वित्तिय संस्था, धार्मिक स्थल, आदि)
- आर्थिक (आयस्रोतको साधन, खर्च गर्ने क्षमता, रोजगारी, भुमिको स्वामित्व, पशुपालन, सम्पति)
- संस्कृति (भाषा, चाडवाड, रीतिरीवाज, स्थानीय ज्ञान, धार्मिक तथा सांस्कृतिक क्षेत्र, मठमन्दिर, तथा अन्य प्रथा)

३.२ तथ्याङ्क सङ्कलन गर्न अपनाइने विधिः

३.२.१ सन्दर्भ सामग्रीको पुनरावलोकनः

यस अध्ययन अन्तर्गत आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदनको अध्ययन, प्रस्ताव क्षेत्रको भूवनोट, भू–उपयोग आदिसँग सम्वन्धित नक्साको अध्ययन, गोसाँइकुण्ड गाउँपालिका वस्तु विवरण, २०७१ र आमाछिदिङ्मो गाउँपालिका वस्तु विवरण, २०७५ अध्ययन, रसुवागढी

जलविद्युत आयोजनाको १३२ के. भी. प्रसारण लाइनको अद्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, २०१९, लाङटाङ राष्ट्रिय निकुञ्ज मध्यवर्ति व्यवस्थापन योजना, २०७७/७८-८१/८२, जल तथा मौसम सम्बन्धी तथ्याङ्कको लागि जल तथा मौसम पुर्वानुमान माहाशाखाबाट प्रकाशित तथ्याङ्कको अध्ययनका साथै प्रस्तावसँग आर्कषित हुने कानूनी दस्तावेजको अध्ययन, प्रश्नावली निर्माण आदि कार्य गरिने छन्।

३.२.२ स्थलगत अध्ययनः

यस अन्तर्गत विषयगत विज्ञको टोलीले प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा स्थलगत भ्रमण गरी आवश्यक भौतिक, जैविक र सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणीय तथ्याङ्कहरु सङ्कलन गर्नेछ।

आयोजनाको प्रभाव क्षेत्र निर्धारणः

आयोजनाले कार्यान्वयनबाट पर्ने प्रभावहरुको अध्ययनको लागि आयोजना क्षेत्रलाई प्रत्यक्ष प्रभाव क्षेत्र र अप्रत्यक्ष प्रभाव क्षेत्रमा विभाजन गरिएको छ।

प्रत्यक्ष प्रभाव क्षेत्रः

प्रत्यक्ष प्रभाव क्षेत्र विद्युत प्रसारण लाईनको क्षेत्राधिकार १८ मि. वरिपिरको (Buffer Boundary) क्षेत्रलाई निर्धारण गरिएको छ। यस क्षेत्रमा आयोजना निर्माणका कारणले वातावरणीय अवयवहरुमा प्रत्यक्ष रुपमा प्रभाव पर्नेछ।

अप्रत्यक्ष प्रभाव क्षेत्रः

रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको परिवर्तित विद्युत प्रसारण लाइन निर्माण हुने गोसाँइकुण्ड गाउँपालिका वडा नं १ र २ लाई अप्रत्यक्ष प्रभाव क्षेत्रमा निर्धारण गरिएको छ यस क्षेत्रमा प्रस्तावित आयोजना निर्माण गर्दा अप्रत्यक्ष प्रभाव पर्नेछ।

३.२.२.१ भौतिक वातावरणः

भौतिक वातावरण सम्बन्धी तथ्याङ्कहरु सङ्कलन गर्नको लागि तलको तालिकामा दिइए बमोजिम विधिहरु प्रयोग गरिने छन;

तालिकाः ७ भौतिक वातावरण सम्बन्धी तथ्याङ्क सङ्कलन विधि

क्षेत्र	विधि
भूक्षय तथा भुस्खलन र प्राकृतिक जोखिम	Landslide hazard map, geotechnical investigation map अध्ययन गरिने छ।

भौगोलिक अवस्था, भूउपयोग र धरातलिय अवस्था	Land use map, GIS, Google map द्वारा गरिनेछ।
जलवायु (तापक्रम, वर्षा)	DHM बाट तथ्याङ्क सङ्कलन गरिनेछ।
भूगर्भ (चट्टान, माटोको प्रकार, geological structures etc.)	भौगर्भिक नक्सा अध्ययन गरिनेछ।
वायुको गुणस्तर (PM2.5 &PM10)	Air Visual Pro मार्फत २४ घन्टाको वायुको गुणस्तर मापन गरिनेछ।
ध्वनिको स्तर (Leq.)	ध्वनि मापन यन्त्रबाट ध्वनिको स्तर मापन गरि equivalent sound level निकालिने छ।

३.२.२.२ जैविक वातावरणः

जैविक वातावरण सम्बन्धी तथ्याङ्कहरु सङ्कलन गर्दा निम्न विधिहरु अपनाइने छन;

तालिकाः ८ जैविक वातावरण सम्बन्धी तथ्याङ्क सङ्कलन विधि

क्षेत्र	विधि
वन तथा वनस्पति (वनको प्रकार, वनस्पतिका प्रजाति, मुख्य गैहकाष्ठ वनपैदावार, जडिबुटी, स्थानिक प्रजाति आदि)	• वनजंगल तथा वनस्पतिको प्रकार तथा प्रजाति सम्बन्धी तथ्याङ्कको लागि प्रत्यक्ष अवलोकन तथा Walkthrough Survey द्वारा गरिनेछ। • क्षति हुने प्रत्येक रुख तथा बोटबिरुवाको कुल गणना गरिनेछ। साथै कटान हुने रुख र बल्लाबल्ली प्रत्येकको लाइटाङ राष्ट्रिय निकुञ्ज कार्यालयको रोहवरमा नाप र प्रमाणित गरि लगत अनुसूचीमा राखिने छ। • गैहकाष्ठ वनपैदावार, जडिबुटी सम्बन्धी तथ्याङ्कको लागि मुख्य जानकार व्यक्तिसँग अन्तर्वार्ता गरिनेछ।
वनजंगलको व्यवस्थापन (राष्ट्रिय वन, सामुदायिक, संरक्षित आदि)	• मुख्य जानकार व्यक्तिसँग अन्तर्वार्ता, लाइटाङ राष्ट्रिय निकुञ्ज कार्यालयबाट तथ्याङ्क सङ्कलन गरिने छ।
वन्यजन्तु (स्तनधारी, चरा, उभयचर तथा सरिसृप, जलिय जीव माछा आदिको प्रजाति र संरक्षणको अवस्था, वासस्थान	वन्यजन्तुको अध्ययनको लागि प्रत्यक्ष अवलोकन तथा अप्रत्यक्ष विधिहरू अपनाइने छन। प्रत्यक्ष अवलोकन गरी फोटोग्राफहरू खिचिने छ भने अप्रत्यक्ष विधि अन्तर्गत चिन्ह (sign) पहिचान मार्फत गरिने छ। वन्यजन्तु अध्ययनको लागि

र विचरण)	अपनाइने विधिहरूमा निम्न रहने छन;
	• अप्रत्यक्ष विधि अन्तर्गत स्तनधारी जनावरहरू pugmark, Scat र Pellet को माध्यमबाट पहिचान गरिने छन।
	• चरा अध्ययनको लागि २०० मिटरमा Line Transect बनाइ दुरबिनको प्रयोग द्वारा प्रत्यक्ष अवलोकन, फोटोग्राफी, आवाज पहिचान आदिबाट गरिनेछ।
	• उभयचर तथा सरिसृपको लागि प्रत्यक्ष अवलोकन, स्थानीयसँग छलफल तथा लाइटाङ राष्ट्रिय निकुञ्ज कार्यालयबाट तथ्याङ्क सङ्कलन गरिनेछ।

३.२.२.३ सामाजिक, आर्थिक र सांस्कृतिक वातावरण:

सामाजिक, आर्थिक र सांस्कृतिक वातावरण सम्बन्धी तथ्याङ्कहरु सङ्कलन गर्दा निम्न विधिहरु अपनाइने छ;

तालिका: ९ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण सम्बन्धी तथ्याङ्क सङ्कलन विधि

क्षेत्र	विधि
जनसाङ्ख्यिक विवरण (जनसंख्या, उमेर समुह, परिवारको आकार, जातिगत संरचना, सिमान्तकृत समुह आदि)	आयोजना प्रभावित परिवार सम्बन्धी विवरण सङ्कलन गर्दा केडेस्ट्रल मेप (Cadastral Map) तयार गरी आयोजनाले अधिग्रहण गर्ने जग्गा निर्धारण गरिने छ। प्रत्यक्ष प्रभावित घरधूरीहरूको घरधूरी सर्वेक्षण गरि सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणीय विवरण सङ्कलन गरिने छ।
शिक्षा (विद्यालय संख्या, प्रकार, साक्षरता)	सहभागिता मूलक प्रत्यक्ष अवलोकन गरी प्रभावित क्षेत्रको विद्यालय, तथ्याङ्क सङ्कलन गरिनेछ।
स्वास्थ्य र सरसफाई (साधारण स्वास्थ्य अवस्था, सरुवा रोग, शौचालय, खानेपानी)	मुख्य जानकार व्यक्तिसँग अन्तर्वार्ता गरी प्रभावित क्षेत्रको स्वास्थ्य र सरसफाई सम्बन्धी तथ्याङ्क सङ्कलन गरिने छ।
भौतिक सामुदायिक पूर्वाधार (सडकको अवस्था, टेलिफोन, खानेपानी वितरण, वित्तिय संस्था, धार्मिक स्थल, पानी घट्ट	सहभागिता मूलक प्रत्यक्ष अवलोकन गरी प्रभावित क्षेत्रको भौतिक सामुदायिक पूर्वाधार सम्बन्धी तथ्याङ्क सङ्कलन गरिने छ।

आदि)	
आर्थिक (आयस्रोतको साधन, खर्च गर्ने क्षमता, रोजगारी, भुमिको स्वामित्व, पशुपालन, सम्पति)	प्रश्नावली निर्माण गरि सर्वेक्षण गरि आर्थिक अवस्था सम्बन्धी तथ्याङ्कहरू सङ्कलन गरिने छन्।
संस्कृति (भाषा, चाडवाड, रीतिरीवाज, स्थानीय ज्ञान, धार्मिक तथा सांस्कृतिक क्षेत्र, मठमन्दिर, तथा अन्य प्रथा)	सहभागिता मूलक प्रत्यक्ष अवलोकन गरी प्रभावित क्षेत्रको विद्यालय, स्वास्थ्य चौकी, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदा, खानेपानी तथा सिंचाइ सम्बन्धी तथ्याङ्क सङ्कलन गरिने छ।

३.३ सार्वजनिक सुनुवाईः

वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ बमोजिम प्रस्ताव कार्यान्वयनबाट प्रभावित हुने क्षेत्रमा प्रस्तावको बारेमा सार्वजनिक सुनुवाई आयोजना गरी रायसुझाव सङ्कलन गरिने छ। सार्वजनिक सुनुवाई गर्ने प्रयोजनका लागि प्रस्तावकले सोको मिति, समय, स्थान र आयोजनाको सम्बन्धमा प्रचार प्रसार गर्नको लागि स्थानीय पत्रिकामा सो सम्बन्धी सूचना प्रकाशन गर्नेछ। प्रस्तावित आयोजनाको लागि परिवर्तित टावर नं. २ को निर्माण स्थल प्रभावित गोसाँइकुण्ड गाउँपालिका-१ टिमुरेमा सार्वजनिक सुनुवाई आयोजना गरिनेछ।

३.४ सूचना प्रकाशनः

वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ उपनियम २ बमोजिम प्रस्ताव कार्यान्वयन हुने स्थानीय तह तथा त्यस क्षेत्रमा रहेका सम्बन्धित सरोकारवाला निकाय, व्यक्ति वा संस्थालाई सो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको सम्बन्धमा सात दिन भित्र लिखत रायसुझाव उपलब्ध गराउन अनुसूची-९ बमोजिमको ढाँचामा प्रभावित क्षेत्रको स्थानीय तहको कार्यालय, सो क्षेत्रमा रहेको शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा कुनै सार्वजनिक स्थलमा सूचना टाँस गरी मुचुल्का तयार गरिनेछ र सोही बमोजिमको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा समेत प्रकाशित गरिने छ।

३.५ सिफारिस पत्र सङ्कलनः

वातावरण संरक्षण नियमावली २०७७ को नियम ८ को उपनियम (९) र (१०) सँग सम्बन्धित अनुसूची-१४ बमोजिमको ढाँचामा प्रस्ताव कार्यान्वयन हुने स्थानीय तह र विषयगत कार्यालयबाट सिफारिस पत्र सङ्कलन गरिनेछ। उक्त सिफारिसको लागि प्रस्तावकले सम्बन्धित

स्थानीय तह र सम्बन्धित विषयगत कार्यालय समक्ष १५ दिनभित्र रायसुझाव सहित सिफारिस उपलब्ध गराउन निवेदन दिनेछ।

३.६ तथ्याङ्क विश्लेषणः

३.६.१ भौतिक वातावरण

भौतिक वातावरणसँग सम्बन्धित तथ्याङ्कहरू जस्तै वायुको २४ घण्टाको तथ्याङ्कलाई वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ सँग तुलना गरि विश्लेषण गरिने छ। त्यस्तै ध्वनिको तह विष्लेषणको लागि $Leq.=10\log_{10} \sum^{n}_{i=1}\{(10^{Li}/10)\}*t$ प्रयोग गरी औसत ध्वनिको तह निकालिने छ। जसमा, n=total number of sample taken, i=noise level in sample and t=time fraction, where, time fraction= sample time duration/total duration of time.

३.६.२ जैविक वातावरणः

जैविक वातावरणीय तथ्याङ्कहरू विश्लेषणको लागि क्षति हुने रुखहरूको आयतन निकालिने छ। क्षति हुने रुखको आयतन निकाल्दा वन नियमावली, २०७९ मा उल्लेख गरिए बमोजिमको Volume equations and Biomass Predictions of Forest trees of Nepal, Sharma and Pukla, 1990 बमोजिम गरिने छ। जस अनुसार,

काठको आयतन (V)= EXP[a+b*Ln (d)+c*Ln (h)]/1000 m^3, जहाँ, V भन्नाले stem volume र a, b, c भन्नाले रुखको प्रजाति अनुसार मान, d भनेको डायमिटर र h भन्नाले रुखको उँचाइ हुन्छ। त्यस्तै हागाको आयतनको लागि, हाँगाको अनुपात (R-value)*काण्डको आयतन गरि निकालिने छ।

वन्यजन्तु तथा वनस्पतिहरुको संरक्षणको अवस्था पहिचान लागि नेपाल सरकारको संरक्षित वन्यजन्तु तथा वनस्पति, अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघको रातो किताबको सूची र संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण सम्बन्धी महासन्धिका अनुसूचीहरुमा समावेश गरिएका वन्यजन्तु तथा वनस्पति बमोजिम गरिने छ।

३.६.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणः

सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणका तथ्याङ्कलाई पनि परिणात्मक तथा वर्णनात्मक रूपमा विश्लेषण गरिनेछ र आयोजना क्षेत्रको सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणको अवस्था चित्रण गरिनेछ।

घरधुरी सर्वेक्षणबाट प्राप्त प्राथमिक तथ्याङ्कहरुलाई excel sheet मा भरी प्रभावित घरधुरीको जनसाँख्यिकिय विवरण लगायत अन्य तथ्याङ्कहरु विश्लेषण गरिने छ। ती तथ्याङ्कलाई सरल तरिकाले प्रस्तुत गर्न चार्ट र ग्राफ प्रयोग गरिनेछ।

३.७ वातावरणीय प्रभावहरुको पहिचान, आँकलन तथा प्रभावको मूल्याङ्कन विधिः

प्रस्तावबाट वातावरणमा पर्न सक्ने प्रभावको परिमाण, सीमा र समयावधि राष्ट्रिय वातावरणीय प्रभावको मूल्याङ्कन निर्देशिका, २०५० मा उल्लेख भए अनुसार वर्गीकरण गरिने छ। तलको तालिकामा प्रभावको तह तथा उल्लेखनीयता आँकलन गर्ने आधार उल्लेख गरिएको छ।

तालिकाः १० प्रभावको तह आँकलन गर्ने आधार

परिमाण	मान	सिमा	मान	अवधि	मान	प्रकार
उच्च	६०	क्षेत्रिय	६०	दीर्घकालीन	२०	प्रत्यक्ष
मध्यम	२०	स्थानीय	२०	मध्यकालीन	१०	अप्रत्यक्ष
न्यून	१०	स्थान निर्दिष्ट	१०	अल्पकालीन	०५	

स्रोतः राष्ट्रिय वातावरणीय प्रभावको मूल्याङ्कन निर्देशिका, २०५०

यसरी प्रभावको परिमाण, सीमा, समयावधिहरुको मान जोड्दा आउने मान अनुसार प्रभावको महत्व निक्यौंल गरिने छ।

जम्मा मान	प्रभावको महत्व	कैफियत
<४५	न्यून महत्वपूर्ण	
४५–७५	मध्यम महत्वपूर्ण	
>७५	उच्च महत्वपूर्ण	

३.८ वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन लेखन

वातावरण संरक्षण नियमावली २०७७ को अनुसूची १२ बमोजिमको ढाँचामा प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गरिने छ।

परिच्छेद–४ प्रतिवेदन तयार गर्दा अध्ययन गर्नु पर्ने नीति, ऐन, नियम, निर्देशिका, कार्यविधि र अन्तर्राष्ट्रिय सन्धि सम्झौताः

रसुवागढी (भोटेकोशी–त्रिशुली) जलविद्युत आयोजनाको १३२ के. भी. विद्युत प्रसारण लाइन आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्दा स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लिखित कानूनी दस्तावेजका साथै थप प्रचलित कानूनी दस्तावेजहरू पुनरावलोकन गरिने छन। पुनरावलोकन गरिने कानुनी दस्तावेजहरू तल दिइए बमोजिम हुनेछन;

४.१ संविधानः

- नेपालको संविधान

४.२ नीति र रणनीतिः

- फोहरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९
- राष्ट्रिय वातावरण नीति, २०७६
- राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६
- राष्ट्रिय भूमि नीति, २०७५
- राष्ट्रिय वन नीति, २०७५
- राष्ट्रिय ऊर्जा सङ्कट निवारण तथा विद्युत विकास दशक सम्बन्धी अवधारणा पत्र, २०७२
- पूर्वाधार विकास आयोजनाको लागि जग्गा प्राप्ति, पुनर्वास तथा पुर्नस्थापना नीति, २०७१
- राष्ट्रिय जैविक विविधता रणनीति र कार्ययोजना, (२०७०/०७१–२०७७/०७८)
- राष्ट्रिय सिमसार नीति, २०६९
- जलविद्युत विकास नीति, २०५८
- राष्ट्रिय जलस्रोत रणनीति, २०५८

४.३ आवधिक योजनाः

- पन्ध्रौं योजना, (२०७६/७७–२०८०/८१)
- राष्ट्रिय जल योजना, २०५९–२०६४

४.४ ऐनः

- वातावरण संरक्षण ऐन, २०७६
- वन ऐन, २०७६
- भूउपयोग ऐन, २०७६
- उपभोक्ता संरक्षण ऐन, २०७५
- बालबालिका सम्बन्धी ऐन, २०७५

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- श्रम ऐन, २०७४
- योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४
- विद्युत नियमन आयोग ऐन, २०७४
- मुलुकी देवानी (संहिता) ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३
- फोहरमैला व्यवस्थापन ऐन, २०६८
- जलस्रोत ऐन, २०४९
- विद्युत ऐन, २०४९
- भू तथा जलाधार संरक्षण ऐन, २०३९
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९
- जलचर संरक्षण ऐन, २०१७

४.५ नियमावली:

- वातावरण संरक्षण नियमावली, २०७७
- संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६
- श्रम नियमावली, २०७५
- विद्युत नियमन आयोग नियमावली, २०७५
- योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५
- विद्युत नियमन आयोग नियमावली, २०७५
- फोहरमैला व्यवस्थापन नियमावली, २०७०
- वन नियमावली, २०७९
- जलस्रोत नियमावली, २०५०
- भू तथा जलाधार संरक्षण ऐन, २०४२
- हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०

४.६ निर्देशिका/कार्यविधि/कार्यनीति:

- वन्यजन्तुमैत्री पूर्वाधार निर्माण निर्देशिका, २०७८
- विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५
- सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७५
- वन उत्पादन संकलन, बिक्री र वितरण निर्देशिका, २०७३

- संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधार निर्माण एवं सञ्चालन सम्बन्धी कार्यनीति, २०६५
- राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५०

४.७ मापदण्डः

- वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९
- ध्वनिको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९
- डिजेल जेनेरेटरबाट निश्काशन भई हावामा जाने धुँवा सम्बन्धी मापदण्ड, २०६९
- नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९
- राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६९

४.८ अन्तर्राष्ट्रिय सन्धि, सम्झौताः

- जैविक विविधता सम्बन्धी महासन्धि, २०४९
- संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण सम्बन्धी महासन्धि, २०३२
- जनजाति सम्बन्धी महासन्धि, १९८९

परिच्छेद-५ प्रतिवेदन तयार गर्दा लाग्ने अवधि, बजेट तथा समयः

५.१ समयः

प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्न आठ महिना समय लाग्ने अनुमान गरिएको छ। त्यस सम्बन्धी अनुमानित समय र कृयाकलाप तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिकाः ११ वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्न लाग्ने समय तालिका

कृयाकलाप	समय (महिना)							
	१	२	३	४	५	६	७	८
डेस्क अध्ययन तथा पुनरावलोकन								
क्षेत्र निर्धारणको लागि सार्वजनिक सूचना प्रकाशन मुचुल्का संकलन र स्थलगत अध्ययन								
क्षेत्र निर्धारण र कार्यसूची प्रतिवेदन तयारी								
क्षेत्र निर्धारण र कार्यसूची प्रतिवेदन सम्बन्धित निकायमा पेश तथा स्वीकृती प्रक्रिया								
EIA अध्ययन तथा Draft प्रतिवेदन तयारी गर्ने								
सार्वजनिक सुनुवाई कार्यक्रम तथा रायसुझाव सङ्कलन								
वातावरणीय अध्ययनको लागि सूचना प्रकाशन, मुचुल्का सङ्कलन तथा स्थलगत अध्ययन								
प्राप्त रायसुझाव, स्थलगत तथ्याङ्क समावेस गरी अन्तिम प्रतिवेदन तयारी								
अन्तिम मस्यौदा प्रतिवेदन सम्बन्धित निकायमा पेश								
स्वीकृती प्रकृया								→

५.२ अनुमानित बजेटः

यस अध्ययनको लागि जम्मा ने. रु. १५,००,०००/- (पन्ध्र लाख मात्र) बजेट अनुमानित गरेको छ।

५.३ अध्ययनमा सहभागी हुने विज्ञ जनशक्तिः

प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनमा सहभागी हुने विज्ञको विवरण निम्न बमोजिम रहने छ;

तालिकाः १२ अध्ययनमा संलग्न विज्ञहरु

नाम र पद	शैक्षिक योग्यता	अध्ययन क्षेत्र	IEE/EIA मा संलग्न सङ्ख्या
मातृका प्रशाद जोशी (टोली प्रमुख)	वातावरण विज्ञानमा स्नातकोत्तर	वातावरण क्षेत्र	IEE १५ वटा र EIA ५ वटा
हरिश प्र. भट्ट (टोली सदस्य)	सामाजशास्त्रमा स्नातकोत्तर	सामाजिक–आर्थिक वातावरण	IEE २ वटा र EIA ३ वटा
जय राज मिश्रा (टोली सदस्य)	वन विज्ञानमा स्नातकोत्तर	जैविक वातावरण	IEE ४ वटा र EIA ८ वटा
हरेन्द्र राज कलौनी (टोली सदस्य)	जियो–टेक इन्जिनियरिङमा स्नातकोत्तर	जियो–टेक क्षेत्र	IEE २ वटा र EIA ३ वटा
ओजश्वी बहादुर लाखे (टोली सदस्य)	इलेक्ट्रिकल इन्जिनियरिङमा स्नातकोत्तर	इलेक्ट्रिक क्षेत्र	IEE २ वटा र EIA ३ वटा

परिच्छेद–६ प्राथमिकिकरण गरिएका सवालहरूः

रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के. भी. विद्युत प्रसारण लाइन आयोजना कार्यान्वयनले वातावरणमा पर्ने सवालहरू पहिचान गरि प्राथमिकिकरण गरिएका छन। वातावरण सवालहरू पहिचान तथा प्राथमिकिकरण गर्दा स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख गरिएका प्रभावहरू, आयोजनाको परिवर्तित (२५० मि.) विद्युत प्रसारण लाइन खण्ड निर्माणले गर्दा पर्ने सवालहरू पहिचान गरिएका छन। सवालहरू पहिचान गर्दा सरोकारवालाले उठाएका सवालहरू तथा अध्ययन टोलीले पहिचान गरेका सवालहरू गरि सुचिकरण गरिएका छन।

६.१ स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लिखित प्रभावहरू

६.१.१ सकारात्मक सवालहरुः

क) निर्माण अवधिः

- स्थानीय जनतालाई रोजगारी सिर्जना हुने
- आर्थिक क्रियाकलापमा बढोत्तरी
- व्यापार व्यवसायमा वृद्धि
- स्थानीय जनताको सिपमा अभिवृद्धि

ख) सञ्चालन चरणः

- स्थानीय जनतालाई रोजगारी सिर्जना हुने
- वन अग्नि रेखा निर्माणबाट आगलागि न्यूनीकरण
- पारिस्थितिक निच क्षेत्र निर्माण हुने

६.१.२ नकारात्मक सवालहरुः

निर्माण अवधिः

क) भौतिक र रासायनिक वातावरणः

- टावर निर्माणले गर्दा ०.३२ हे. जग्गाको भूउपयोगमा आउने परिवर्तन सम्बन्धी सवालहरु
- भूक्षय तथा पहिरो सम्बन्धी सवालहरु
- भूअस्थिरता सम्बन्धी सवालहरु
- निर्माण सामाग्री भण्डारण सम्बन्धीका सवालहरु
- कामदार आवास निर्माण सम्बन्धीका सवालहरु

- फोहरमैला उत्सर्जन र तिनका व्यवस्थापन सम्बन्धीका सवालहरु
- तरल फोहर उत्सर्जन सम्बन्धीका सवालहरु
- बिग्रन (Muck) उत्सर्जन र व्यवस्थापनका सवालहरू
- ध्वनि प्रदूषण सम्बन्धीका सवालहरु
- वायुको गुणस्तर सम्बन्धी सवालहरु
- पानीको गुणस्तर सम्बन्धी सवालहरु

ख) जैविक वातावरण:

- आयोजना निर्माणले गर्दा वनक्षेत्र तथा वनस्पति क्षति सम्बन्धीका सवालहरु
- वनमा आगलागी सम्बन्धीका सवालहरु
- संरक्षित वन्यजन्तुको वासस्थान र विचरणमा खलल सम्बन्धीका सवालहरु
- NTFPs सङ्कलन सम्बन्धीका सवालहरु

ग) सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण:

- निजी जग्गा अधिग्रहण र क्षतिपुर्ति सम्बन्धीका सवालहरु
- सार्वजनिक सम्पतिहरु क्षति/पुर्नस्थापना सम्बन्धी सवालहरु
- निजी जग्गा प्रसारण लाइनको क्षेत्राधिकार भित्र पर्ने सवालहरू
- निजी जग्गामा रहेको बालीनाली क्षति सम्बन्धी सवालहरु
- कामदारको पेसागत स्वास्थ्य र सुरक्षा सम्बन्धी सवालहरु
- कामदारहरुको आगमनले हुने द्वन्द्वका सवालहरु
- स्थानीय सामाजिक मुल्यमान्यता र धार्मिक रीतिरीवाजमा पर्ने प्रभावहरू
- स्थानीय समाजमा कानुन र व्यवस्थामा हुने खलल सम्बन्धी सवालहरु
- व्यक्तिगत स्वास्थ्य र सरसफाईमा सम्बन्धीका सवालहरु

सञ्चालन अवधिः

क) भौतिक र रसायनिक वातावरण:

- उच्च भोल्टेज विद्युतिय प्रसारण लाईनबाट कोरोना इफेक्टका सवालहरु
- इलेक्ट्रोम्याग्नेटिक इफेक्टका सवालहरु
- स्थानीय क्षेत्रको परिदृश्यमा आउने ह्रासका सवालहरु
- सर्ट सर्किटबाट हुने आगलागिका सवालहरु
- भूअस्थिरताका सवालहरु

- अस्थायी संरचनाहरुको पुर्नस्थापनाका सवालहरु

ख) जैविक वातावरणः

- प्रसारण लाईनको कारणले चराहरुमा हुने इलेक्ट्रोक्युसनको सवालहरु
- चराहरुको उडानमा अवरोधबाट पर्ने सवालहरु
- वन्यजन्तुलाई करेन्ट लाग्न सक्ने सम्भावना र सोबाट पर्ने सवालहरु
- करेन्ट शर्ट भई वनजंगलमा आगलागिबाट पर्ने सवालहरु
- क्षेत्राधिकार क्लियरेन्सबाट पर्ने सवालहरु
- प्रसारण लाईनको कारणले प्राकृतिक सौन्दर्यमा पर्ने सवालहरु

ग) सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणः

- क्षेत्राधिकार भित्रको जग्गाको मूल्य गिरावटका सवालहरु
- इलेक्ट्रिक र इलेक्ट्रोम्याग्नेटिक फिल्डको सवालहरु
- रेडियो, टेलिभिजन, टेलिफोन र मेडिकल डिभाइसमा पर्ने सवालहरु
- पेसागत सुरक्षा र स्वास्थ्यका सवालहरु

६.२ परिवर्तित विद्युत प्रसारण लाइन खण्डको क्षेत्र निर्धारण अध्ययनमा पहिचान गरिएका सवालहरूः

६.२.१ सरोकारवालाले उठाएका सवालहरुः

- टिमुरे तातोपानी कुण्डलाई आयोजना निर्माण गर्दा प्रभाव नपर्ने गरि निर्माण गर्नु पर्ने। साथै, उक्त तातोपानी संरक्षणमा सहयोग गर्नु पर्ने।
